# आवधिक नगर विकास योजना

## २०८०/०८१-२०८४/०८५




**अर्जुनधारा नगरपालिका**

**झापा**

**कोशी प्रदेश**



पुर्वधारको विकास गरिबीको अन्त्य

समृद्ध अर्जुनधारा सवैको गन्तव्य

# अर्जुनधारा नगरपालिका

# आवधिक  नगर विकास योजना

## २०८०/०८१-२०८४/०८५

तयार गर्ने

**केशवराज ढुंगेल**

अध्यक्ष कन्चनजंघा परामर्श सेवा प्रालि

स्वकीय सचिव सम्माननीय सभामुख प्रतिनिधि सभा

देवराज घिमिरे
सभामुख

संघीय संसद
# प्रतिनिधि सभा

फोनः ०१-४२००१५९/४२००१३०
सिंहदरवार काठमाडौ, नेपाल

## शुभकामना

विकास प्रकृयालाई सरल, सहज, सशक्त र शिलशिलेवार वनाउनकालागि तयार भएको अर्जुनधारा नगरपालिका- झापाको **आवधिक नगरविकास योजना ०८०/०८१ - ०८४/८५** अध्ययन गर्न पाउँदा अत्यन्तै खुशी लागेकोछ ।

मुलुकमा संघीयता कार्यान्वयन संगै स्थानीय तहहरुवाट आफ्नो अधिकार क्षेत्रका विषयमा आवधिक, वार्षिक, रणनैतिक योजना वनाई कार्यान्वयन गर्ने लहर नै चल्यो तर जुन अपेक्षा र भरोसाका साथ योजनाहरु वने सो अनुरुप कार्यान्वयन हुन सकेन। पहिलो निर्वाचित सरकारले आफ्नो कार्यालय तथा कानून कार्यविधिहरु निर्माण गरेर योजना कार्यान्वयनमा जान नपाउदै कोभिड १९ को सामना गर्नु पर्यो । पाँचबर्षे कार्यकालको आधाभन्दा वढी समय कोभिड-१९ ले प्रभावित गरेपछि वाँकि समयमा एकैपटक आएका जनताका अनगिन्ती मागहरुलाई प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्न नसक्दा अपेक्षाकृत उपलव्धी हासील हुन सकेन ।

अर्जनुधारा नगरपालिका, मेरो निर्वाचन क्षेत्रभित्रको नगरपालिका हो भने म स्वयम यो नगरपालिकाको मतदाता हुँ । यही नगरको नागरिकको हैसियतले सु स्पस्ट दीर्घकालीन सोच र ध्येय सहितको योजना निर्माण तथा कार्यान्वयनका वारेमा हरेक सार्वजानिक फोरमहरुमा विषय उठाइरहेको अवस्थामा मेरो चाहानालाई सम्बोधन गर्नेगरी मेरै स्वकीय सचिवले अत्यन्तै मेहेनतका साथ लामो समय सुक्ष्म विश्लेषण गरी निशुल्क रुपमा यो आवधिक नगर विकास योजना तयार गरेर नगरपालिकालाई हस्तान्तरण गर्न पाउँदा अत्यन्त खुशी लागेको छ ।

अन्त्यमा अहोरात्र खटेर यो आवधिक योजना तयार गर्ने मेरा स्वकीय सचिव एवम योजना तर्जुमा विज्ञ केशवराज ढुंगेललाई हार्दिक धन्यवाद दिन चाहान्छु भने यसको तयारीमा साथ दिनुहुने नगरपालिकाका सम्पुर्ण जनप्रतिनिधिहरु कर्मचारीहरु लगायत विभिन्न विषयका विज्ञ, जस्ले निशुल्क रुपमा अमुल्य योगदान दिनुभयो -सवैलाई हार्दिक धन्यवाद दिदै यसको सफल कार्यान्वयन को अपेक्षा राख्दछु ।

**देवराज घिमिरे**

# अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिका कार्यालय

## शनिस्चरे

### कोशी प्रदेश नेपाल

### २०७३

## मेरो भनाइ



अर्जुनधारा नगरपालिकाको प्रथम आवधिक योजना (२०८०/८१-२०८४/८५) नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेका जिम्मेवारी, नेपाल सरकारले तय गरेका दीर्घकालीन लक्ष्य "समृद्ध नेपाल, सुखी नेपाली" कोशी प्रदेश सरकारको "स्वच्छ सुखी र समुन्नत प्रदेश" को दीर्घकालीन सोच, अन्तर्राष्ट्रिय स्तरमा नेपालले जनाएका प्रतिबद्धता, दिगो विकास लक्ष्य, नेपाल पक्ष भएका अन्य अन्तर्राष्ट्रिय सन्धि सम्झौता, नागरिकका विकास चाहना, जनप्रतिनिधि, कर्मचारीहरु तथा विभिन्न सरोकारवालाले दिएका सुझाव र नगरपालिकाले विगत वर्षमा लिएका नीति तथा कार्यक्रमको निरन्तरता समेतलाई आधार मानेर तयार गरिएको छ ।

"पुर्वधारको विकास गरिबीको अन्त्य, समृद्ध अर्जुनधारा सवैको गन्तव्य" भन्ने मुल सपनालाई आत्मामा राखेर हरेक वर्षका नीति कार्यक्रम हरु निर्माण गरिनेछ र भावी पुस्ताले उल्लेखित सपनाको स्वाद ग्रहण गर्न पाउनेछन भन्ने विश्वास लिएकोछु । यसमा दीर्घकालीन सोच अनुरुप लक्ष्य, नतिजा, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरू तय गरिएको छ । हरेक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट यसै आवधिक योजनामा आधारित हुनेछ । यो योजना कार्यान्वयनका लागि राजनैतिक आग्रह पुर्वाग्रहवाट माथि उठेर यो नगरपालिका वासी सवै दाजुभाइ तथा दिदिबहिनीहरुको पूर्णरुपमा सहयोग प्राप्त गर्नेछु भन्ने विश्वास लिएकोछु ।

अन्तमा अर्जुनधारा नगरपालिकाको आवधिक योजना ( आ.व. २०८०/०८१- २०८४/०८५) बनाउन विभिन्न कारणले अवरोध भइरहेको अवस्थामा निशुल्क रुपमा तयार गरिदिने कञ्चनजंघा परामर्श सेवा प्रालिका अध्यक्ष, प्रतिनिधि सभाका सम्माननीय सभामुखका स्वकीय सचिव, योजना तर्जुमा विशेषज्ञ एवम यसै अर्जुनधारा नगरपालिका वडा नं ७ निवासी मेरा अनन्य मित्र केशव ढुंगेल ज्यू लाई हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दछु ।योजना तर्जुमामा आ आफ्नो क्षेत्रवाट सहयोग गर्नुहुने सवै राजनीति कर्मी कर्मचारी लगायत सवै सरोकारवाला प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

बलदेव सिंह गोम्देन तामाङ
नगर प्रमुख

# अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिका कार्यालय

## शनिस्चरे

### कोशी प्रदेश नेपाल

### २०७३

## मेरो भनाई



नगरपालिकाको विकास र समृद्धिको लागि सहभागितात्मक प्रक्रियाबाट आवधिक योजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवको अनुभूति भएको छ । योजना तर्जुमा गर्दा संविधान र स्थानीय सरकार सञ्चालन ऐनलाई मूल आधारको रुपमा लिइएको छ । योजना तर्जुमामा राष्टिय योजना आयोगबाट तयार गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ द्धारा निर्दिष्ट प्रकृया अवलम्बन गरिएको छ

अर्जुनधारा नगरपालिकाले "पुर्वाधारको विकास,गरिबीको अन्त्यः समृद्ध अर्जुनधारा सवैको गन्तव्य" भन्ने दीर्घकालिन सोच सहित आर्थिक वर्ष २०८०/८१ देखि २०८४/८५ सम्मकालागि यो आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।यसको सफल कार्यान्वयनका लागि जिम्मेवार ढंगेले प्रस्तुत हुने प्रतिवद्धता सहित सवै अर्जुनधाराबासी हरुको गुणात्मक सहयोगको अपेक्षा गर्दछु ।

संघीयता पछिको पहिलो कार्यकालमा पनि म यो नगरपालिकामा जनप्रतिनिधिको रुपमा निर्वाचित भएकी थिए । न्यायिक समितिको सदस्यको रुपमा काम गर्दा यो नगरका प्रमुख मुद्धाहरुलाई नजिकवाट हेर्न र समाधान गर्न पाएको मौकाले सिकाएको पाठ ऐलेको मेरो प्रमुख अस्त्र हुनेछ । यो आवधिक योजना कार्यान्वयनका लागि आवश्यक रणनीति तयार गरी अगाडी वढ्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

विगतमा पनि यो आवधिक योजना वनाउनका लागि बजेट विनियोजन नभएको हैन तर प्राविधिक रुपमा ढिलो हुने बजेट अभाव हुने आदि कारणले वनाउन नसकिरहेको अवस्थामा यति ठुलो काम निशुल्क रुपमा गरेर कञ्चनजंघा परामर्श सेवा प्रालिका अध्यक्ष,सम्माननीय सभामुख देवराज घिमिरेका स्वकीय सचिव मेरा आदरणीय काका केशवराज ढुंगेलले यो नगरलाई जुन गुन लागउनु भएको छ त्यसको लागि हृदय देखि नै धन्यवाद दिनै सफल कार्यान्वयन गरि गुण तिर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु .

खड्गमाया पराजुली

नगर उपप्रमुख

# अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिका कार्यालय

## शनिस्चरे

### कोशी प्रदेश नेपाल

### २०७३

## दुई शव्द



नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आ आफ्नो क्षेत्रको बार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसैको सिलसिलामा अर्जुनधारा नगरपालिकाले राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ लाई आधार मानी पाँच वर्ष भित्र यस नगरपालिकाको समग्र विकाशको प्राथमिकता क्षेत्र, लक्ष, उदेश्य, सम्भावना र चुनौतीहरुको विश्लेषण गरी पाच वर्षे आवधिक योजना तयार गरिएको छ ।

यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास तथा सुशासनका क्षेत्रको विकासको लागि नगरपालिका भित्र सञ्चालन गरिनु पर्ने कार्यक्रम तथा आयोजनाहरूलाई व्यवस्थित एवं तर्कबद्ध ढंगबाट प्रस्तुती आवश्यक थियो जुन यस आवधिक योजनाले पुरा गर्नेछ ।

नगरपालिकाको समग्र नेतृत्व, राजनीतिक दलहरू, नीजि क्षेत्र तथा समग्र सरोकारवालाको सहभागितामा यो आवधिक योजना तयार गरिएको हो । यस आवधिक योजनाले यस नगर क्षेत्रको समग्र विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु ।

म मेरो सरकारी सेवा अवधिको अन्तिम क्षणमा आइपुगेको छु ।अन्तिम क्षणमा भएपनि नगरपालिकाको आवधिक योजना हस्तान्तरण गरेर हिड्न पाउँदा गौरवान्वित महसुस भएको छु । यो योजना कार्यान्वयनका लागि मेरो प्रत्यक्ष भूमिका नरहेपनि यस आवधिक योजनाले यस नगरलाई सम्बृद्धि नगर निर्माण गर्न सकोस भन्दै सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु । म यसै नगरपालिकाको वासिन्दा भएको हुनाले लाभग्राहीको रुपमा मेरो अप्रत्यक्ष सहयोग रहने प्रतिवद्धता व्यक्त गर्दछु ।

अन्त्यमा, यो आवधिक नगर विकास योजना तयारीमा सम्पूर्ण रुपमा खटेर निशुल्क रुपमा नगरलाई हस्तान्तरण गर्ने परामर्शदाता एवम योजना तर्जुमा विशेषज्ञ केशवराज ढुंगेल सहित यो कार्यमा लाग्ने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद सहित आभार ब्यक्त गर्न चाहान्छु ।

गीताकुमारी राई

प्रमुख प्रशासकीय अधिकृत

# अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिका कार्यालय

## शनिस्चरे

### कोशी प्रदेश नेपाल

### २०७३

## दुई शव्द



संघीय शासन व्यवस्थामा स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकारको रुपमा हेरिएको हुन्छ तसर्थ राजनीतिक र अवधारणागत रुपमा पनि स्थानीय सरकारसंग जनताको अपेक्षा बढी नै हुने गर्दछ ।सवल र नागरिक प्रति जवाफदेही स्थानीय सरकारवाट मात्रै जनताका चाहानाहरु संवोधन हुन सक्दछ । सीमित साधन र श्रोत अनि असीमित जनआकांक्षा र आवश्यकता वीच तालमेल गरी धेरै भन्दा धेरै विकासका प्रतिफलहरु विभिन्न क्षेत्र र वर्गका जनता वीच पुर्याउने नगरपालिकाको प्रमुख जिम्मेवारी हो ।

यो नगरपालिकाको "पुर्वाधारको विकास,गरिबीको अन्त्यः समृद्ध अर्जुनधारा सवैको गन्तव्य" भन्ने दीर्घकालीन सोचलाई मुर्तरुप दिन आवधिक विकास योजना,विषय क्षेत्रगत रणनीतिक तथा गुरु योजना र वार्षिक वजेट तथा कार्यक्रम विचमा अन्तर सम्वन्ध स्थापित गर्ने प्रयास गरिएको छ । शासन सञ्चालन, सेवा प्रवाह र विकास प्रयासलाई सहभागितामुलक समावेशी पारदर्शी,योजनावद्ध तथा व्यवस्थित र जवाफदेही तवरले अगाडी वढाउन प्रशासनिक व्यवस्थालाई सहजता प्रदान गर्न र संस्थागत विकासको लगि यो आवधिक नगर विकास योजनाले विषयगत सवल तथा कमजोर क्षेत्र पहिचान गरेको छ र सो अनुसार क्षमता विकासको क्षेत्र र कार्यक्रम तय गरी कार्यान्वयनमा लैजान सिफारिस गरेकोछ ।

यो आवधिक योजना तयारीको चरणमा म यो नगरपालिकामा आईसकेको थिइन,तत्कालिन प्रमुख प्रशासकीय अधिकृत गिता कुमारी राई को पालामा तयारी भएको यो योजनाको कार्यान्वयन मेरो नेतृत्वमा हुनेछ जसलाई म इमान्दारिताका साथ कार्यान्वयनमा लैजाने प्रतिवद्धता व्यक्त गर्दछु । नगरपालिकाको आवधिक योजना निशुल्क रुपमा तयार गरेर नगरपालिकालाई हस्तान्तरण गर्नुहुने कञ्चनजंघा परामर्श सेवा प्रालि काठमाडौ का अध्यक्ष, प्रतिनिधि सभाका सम्मानीय सभामुख देवराज घिमिरेका स्वकीय सचिव,मेरा मित्र  तथा योजना तर्जुमा विशेषज्ञ केशवराज ढुंगेल सहित यो कार्यमा संलग्न सवैलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

तिलोचन रिमाल

प्रमुख प्रशासकीय अधिकृत

म्पनी रजिस्टारको कार्यालय दर्ता नं १९३०६१।०७४।०७५ मु अ क द नं ६०६६६५५०२

# कन्चनजंघा परामर्श सेवा प्रा.लि.

**Kanchanjangha Paramarsha Sewa,Pvt.Ltd**

**Putalisadak Kathmandu**

**पुतली सडक, काठमाडौ**

## मेरा कुरा



अर्जुनधारा नगरपालिका तत्कालिन अर्जुनधारा गाविसमा तेह्रथुम जिल्लाको आठराई वाट वसाई सरी आएर स्थायी वसोवास गरेको २६ वर्ष भयो भने यो नगरपालिका संग सम्वन्ध जोडिएको ३३ वर्ष भयो । मैले देखेको ३३ वर्षमा यो नगरपालिका क्षेत्रमा बजार विस्तार भयो जनसंख्या वढ्यो भौतिक प्रगती प्रसस्त भयो संचार प्रविधि क्षेत्रमा फड्को मार्यो भने केहि परम्परागत पहिचानहरु सुर्ती वजार ,खसी वजार ,ठेकि वजार हरु हराउदै गए।कृषिमा प्रविधिको प्रयोग वढ्दै गयो भने ऐलेको अन्तिम पुस्ता कृषिको पनि अन्तिम पुस्ता हो कि जस्तो आभाष हुन थाल्यो ।

अर्जुनधारा नगरपालिकामा भौतिक पुर्वाधारको विकास लाई व्यवस्थित गर्न,रोजगारीका अवसरहरु सृजना गर्न र कृषिलाई सम्मानित र मुख्य पेशाको रुपमा रुपान्तरण गर्न वृहत, दीर्घकालिन र व्यवस्थित योजना तर्जुमाको खाँचो थियो ,विकासका लागि मरिहत्ते गर्ने नगरप्रमुख लगायत जनप्रतिनिधिहरु को मनोकांक्षालाई कुनै न कुनै विधिवाट संवोधन गर्ने मेरो उत्कट चाहाना पहिले देखि नै थियो । नगरपालिकाले विगत २/३ वर्ष देखि हरेक वर्ष वजेट विनियोजन पनि गरेको थियो तर काम हुन सकेको थिएन ।

२०७९ को माघ महिना वाट म सम्मानीय सभामुख देवराज घिमिरेको सचिवालयमा काम गर्न सुरु गरें ,त्यो भन्दा अगाडी पारिवारिक रुपमा सभामुख संग म कहिल्यै वसेको थिइन २०७९ सालको चुनावको वेला नै पहिलो पटक देवराज घिमिरे ले मलाई देख्नु र चिन्नु भएको हो । म चाहि उहाँलाई २०५१ सालवाट नै चिन्थे र पढ्थे । जव म उहाँ संग जोडिए उहाँको सरल जीविकोपार्जन शैली इमान्दारिता र विकास प्रतिको मोहले मलाई एति धेरै उत्साहित वनायो कि मैले उहाँको प्रेरणा देखिने गरी केही न केही गर्नै पर्छ ,त्यसैले मैले यो काम जसलाई नगरपालिकाले ४० लाख रुपैया विनियोजन गरेको थियो निशुल्क गर्ने निर्णय गरे र छ महिनाको अथक प्रसायले आज हजुरहरुको सामुमा छ । पूर्ण रुपमा यो योजनाको श्रेय सम्मानीय सभामुख देवराज घिमिरेलाई समर्पित गर्न चाहान्छु ।

अन्त्यमा मलाइ यो काममा सदैव हौसला प्रदान गर्ने र सवै क्षेत्रमा सहयोग गर्ने नगरप्रमुख वलदेव सिंह गोम्देन तामाङ ,भाञ्जाहरु नन्दु र गजु , दिनरात झकझकाइरहने श्रीमती समिता पराजुली, वुवा मेदनी प्रसाद ढुंगेल,नगरवाट तथ्याङ्क उपलव्ध गराउन आवश्यक समन्वय गर्ने प्रशासन सहायक सौजन कटुवाल,विषयगत शाखा प्रमुखहरु लगायत सम्पूर्ण महानुभावहरु ज-जसले प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुभयो सवैलाई हार्दिक धन्यवाद ।

केशवराज ढुंगेल

अध्यक्ष

# विषय सूची

## परिच्छेद - १


परिचय.......... १

१.१.पृष्टभूमि.......... १

१.२ आवधिक योजनाको उद्देश्य.......... २

१.३ आवधिक योजना तर्जुमा प्रक्रिया.......... २

१.३.१ निर्देशक समिति तथा विषयगत समितिहरुसंग छलफल.......... ३

१.३.२ नगरपालिका स्तरीय गोष्ठी.......... ३

१.३.३ पार्श्वचित्रको पुनरावलोकन तथा विश्लेषण.......... ३

१.३.४ अन्य प्रकाशनहरुको अध्ययन तथा विश्लेषण.......... ४

१.३.५ स्रोत व्यक्तिहरुसंग छलफल.......... ४

१.३.६ प्रदेश तथा संघीय संसदका सांसदहरू छलफल तथा परामर्श.......... ४

१.३.७ स्थलगत सर्वेक्षण.......... ४

१.३.८ वस्तुस्थिति विश्लेषण, वस्तुस्थिति विवरण एवम् अद्यावधीकरण.......... ४

क. तथ्याङ्क सङ्कलन,प्रशोधन र विश्लेषण.......... ४

ख. आधार नक्सा(BASE MAP) तयारी.......... ५

ग. वस्तुस्थिती विश्लेषण.......... ५

१.३.९ विगतका विकास योजनाहरुको पुनरावलोकन.......... ६

१.३.१० आवधिक योजनाको दस्तावेजको मस्यौदा तयारी.......... ६

१.३.११ मस्यौदा प्रस्तुति तथा सुझाव सङ्कलन.......... ६

१.३.१२ अन्तिम दस्तावेज तयारी र पेश.......... ६

१.४ सीमाहरु.......... ६

परिच्छेद-२

नगरपालिकाको बस्तुस्थिति........................................................८
२.१. नगरपालिकाको परिचय........................................................८
२.१.१ पृष्ठभूमी........................................................८
२.१.२. नामाकरण........................................................९
२.१.३.भौगोलिक स्वरुप तथा सिमाना........................................................१०
२.१.४. भू वनावट........................................................१०
२.१.५. भू उपयोग........................................................११
२.१.६. भूमि क्षमता........................................................१३
२.१.७. नदीनाला तथा तालपोखरी........................................................१८
२.२. जनसांख्यिक अवस्था........................................................२०
२.३. खानेपानीको श्रोत सम्वन्धि विवरण........................................................२६
२.४. कोलागि उज्यालो बत्तिप्रयोग सम्वन्धी विवरण........................................................२७
२.५. खाना पकाउने इन्धन सम्वन्धी विवरण........................................................२८
२.६. घरको स्वामित्व सम्वन्धी विवरण........................................................२९
२.७. घरको जग सम्वन्धी विवरण........................................................३०
२.८. घरको पर्खाल सम्वन्धी विवरण........................................................३१
२.९. घरको छानो सम्वन्धी विवरण........................................................३२
२.१०. घरको उपलव्ध सेवा सुविधा सम्वन्धी विवरण........................................................३३
२.११. आर्थिक विकास अवस्था........................................................३६
२.७. वार्षिक उत्पादन सम्वन्धी विवरण........................................................३९
२.८. वार्षिक उत्पादनको खपत सम्वन्धी विवरण........................................................४०
२.९. वार्षिक आम्दानी सम्वन्धी विवरण........................................................४२

२.१०. वार्षिक खर्च सम्वन्धी विवरण ........ ४३
२.११. जीविकोपार्जन सम्वन्धी विवरण ........ ४६
२.१२. पर्यटन तथा संस्कृति ........ ४६
२.१३. उद्योग व्यापार व्यवसाय सम्वन्धी विवरण ........ ४९
२.१४. आम्दानी रोजगारी तथा वित्तीय सेवा ........ ५६
२.१५. सामाजिक विकासको अवस्था ........ ५७
२.१६. स्वास्थ्य संस्था सम्वन्धी विवरण ........ ५७
२.१७.शैक्षिक विकास ........ ५९
२.१८.शैचालय प्रयोगको अवस्था ........ ६३
२.१९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ ६४
२.२०. पूर्वाधार तथा सहरी विकासको अवस्था ........ ६५
२.२१. बस्ती आवास भवन तथा सार्वजनिक निर्माण ........ ६६
२.२२. सडक पुल तथा यातायात ........ ६६
२.२३. सूचना संचार तथा प्रविधि ........ ६७
२.२४.वन, वाताबरण तथा विपद जोखिम न्युनिकरण र ब्यबस्थापनको अवस्था ........ ६७
२.२५. वन्य जन्तु तथा चराचुरुङ्गी सम्वन्धी विवरण ........ ६७
२.२६. रुख तथा जडिवुटी सम्वन्धी विवरण ........ ६८
२.२७. भू संवेदनशिल क्षेत्र सम्वन्धी विवरण ........ ६९
२.२८.जल सम्पदा सम्वन्धी विवरण ........ ६९
२.२९.वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन ........ ७०
२.३०.प्राकृतिक प्रकोप सम्वन्धी विवरण ........ ७०
२.३१.सुशासन तथा संस्थागत व्यवस्था ........ ७१
२.३१.१.स्थानीय नीति ऐन कानुन र सुशासन ........ ७१

२.३१.२. संगठनात्मक विकास ........ ७३
२.३२. श्रोत परिचालन ........ ७४
२.३३. योजना व्यवस्थापन ........ ७५

परिच्छेद ३

सोच तथा विकासको अवधारणा ........ ७६
३.१. पृष्ठभूमि ........ ७६
३.२. प्रमुख समस्या तथा चुनौती ........ ७६
३.३. प्रमुख संभावना तथा अवसर ........ ७८
३.४. निर्देशक सिद्धान्त ........ ७९
३.५. दीर्घकालीन सोच ........ ८२
३.६. समष्टिगत लक्ष्य ........ ८३
३.७. विषय क्षेत्रगत वृहत उदेश्य ........ ८३
३.८. परिमाणात्मक लक्ष ........ ८४
३.९. रणनीति तथा प्राथमिकता ........ ८८
३.१०. एकीकृत परिमाणात्मक लक्ष र नतिजा ........ ९०

परिच्छेद ४

आर्थिक विकास ........ ९४
४.१. पृष्ठभूमि ........ ९४
४.२. बर्तमान अवस्था ........ ९५
४.३. आर्थिक विकास क्षेत्रको उदेश्य ........ ९६
४.४. आर्थिक विकास क्षेत्रको प्रमुख रणनीति ........ ९६
४.५. विषयगत उपक्षेत्रहरु ........ ९६
४.५.१. कृषि विकास ........ ९७

४.५.१.१. संभावन,अवसर तथा चुनौतीहरु ........ ९७
४.५.१.२.उदेश्य ........ ९८
४.५.१.३.रणनीतिहरु ........ ९८
४.५.१.४.कार्यनीतिहरु ........ ९८
४.५.१.५.कृषि विकास परिमाणात्मक लक्ष तथा पूर्वानुमान ........ १०३
४.५.१.६.कृषि विकास सम्वन्धि कार्यक्रमहरु ........ १०५
४.५.२. पशुपंक्षी विकास ........ १०६
४.५.२.१. संभावना तथा अवसरहरु र समस्या चुनौती ........ १०६
४.५.२.२.उदेश्य ........ १०६
४.५.२.३.रणनीतिहरु ........ १०७
४.५.२.४.कार्यनीतिहरु ........ १०७
४.५.२.५. पशु पंक्षी विकास परिमाणात्मक लक्ष तथा पूर्वानुमान ........ १११
४.५.२.६.पशुपंक्षी विकास सम्वन्धि कार्यक्रमहरु ........ ११२
४.५.३. पर्यटन संस्कृति तथा संपदा विकास ........ ११२
४.५.३.१. संभावना तथा अवसरहरु र समस्या चुनौती ........ ११२
४.५.३.२.उदेश्य ........ ११३
४.५.३.३.रणनीतिहरु ........ ११३
४.५.३.४.कार्यनीतिहरु ........ ११३
४.५.३.५.पर्यटन विकास परिमाणात्मक लक्ष तथा पूर्वानुमान ........ ११६
४.५.३.६.पर्यटन विकास सम्वन्धि कार्यक्रमहरु ........ ११७
४.५.४. उद्योग व्यापार र व्यवसाय र आपुर्ती ........ ११७
४.५.४.१. संभावना तथा अवसरहरु र समस्या चुनौती ........ ११७
४.५.४.२.उदेश्य ........ ११८

४.५.४.३.रणनीतिहरु ...... ११८

४.५.४.४.कार्यनीतिहरु ...... ११९

४.५.४.५. उद्योग व्यापार व्यवासय विकास सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान ...... १२१

४.५.४.६.उद्योग व्यापार व्यवसाय सम्वन्धि कार्यक्रमहरु ...... १२२

४.५.५.बैक वित्तीय संस्था तथा सहकारी विकास ...... १२२

४.५.५.१.संभावना तथा अवसरहरु र समस्या चुनौती ...... १२२

४.५.५.२.उदेश्य ...... १२३

४.५.५.३.रणनीतिहरु ...... १२३

४.५.५.४.कार्यनीतिहरु ...... १२४

४.५.५.५. बैक वित्तीय संस्था र सहकारी सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान ...... १२७

४.५.५.६.बैक वित्तीय संस्था तथा सहकारी विकास सम्वन्धि कार्यक्रमहरु ...... १२८

४.५.६.श्रम रोजगारी तथा सामाजिक सुरक्षा ...... १२८

४.५.६.१. संभावना तथा अवसरहरु र समस्या चुनौती ...... १२८

४.५.६.२.उदेश्य ...... १२९

४.५.६.३.रणनीतिहरु ...... १२९

४.५.६.४.कार्यनीतिहरु ...... १२९

४.५.६.५. श्रम रोजगारी र सामाजिक सूरक्षा सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान ...... १३१

४.५.६.६.श्रम रोजगारी र सामाजिक सुरक्षा सम्वन्धि कार्यक्रमहरु ...... १३२

परिच्छेद ५

सामाजिक विकास ...... १३३

५.१. पृष्ठभूमि ...... १३३

५.२. बर्तमान अवस्था ...... १३४

५.३.सामाजिक विकास क्षेत्रका उदेश्य ...... १३६

५.४.सामाजिक विकास क्षेत्रका प्रमुख रणनीतिहरु ........ १३७
५.५.विषयगत उपक्षेत्रहरु ........ १३७
५.५.१.शिक्षा विकास ........ १३७
५.५.१.१. संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु ........ १३७
५.५.१.२.उदेश्य ........ १३८
५.५.१.३.रणनीतिहरु ........ १३८
५.५.१.४.कार्यनीतिहरु ........ १३८
५.५.१.५. शिक्षा विकास सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान ........ १४२
५.५.१.६.शिक्षा सम्वन्धी कार्यक्रमहरु ........ १४५
५.५.२.आधारभूत स्वास्थ्य तथा पोषण ........ १४५
५.५.२.१. संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु ........ १४५
५.५.२.२. उदेश्य ........ १४६
५.५.२.३. रणनीतिहरु ........ १४६
५.५.२.४. कार्यनीतिहरु ........ १४७
५.५.२.५.आधारभूत स्वास्थ्य सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान ........ १५१
५.५.२.६. स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु ........ १५३
५.५.३.खानेपानी तथा सरसफाई ........ १५३
५.५.३.१. संभावना तथा अवसर र समस्या चुनौती ........ १५३
५.५.३.२. उदेश्य ........ १५४
५.५.३.३. रणनीतिहरु ........ १५४
५.५.३.४. कार्यनीतिहरु ........ १५४
५.५.३.५. खानेपानी तथा सरसफाई सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान ........ १५६
५.५.३.६. खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रमहरु ........ १५७

५.५.४.लक्षित वर्ग तथा सामाजिक समावेशीकरण ........................................................................१५७
५.५.४.१. संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु ..........................................................१५७
५.५.४.२. उदेश्य.......................................................................................................................... १५९
५.५.४.३. रणनीति ....................................................................................................................... १५९
५.५.४.४. कार्यनीतिहरु ................................................................................................................ १५९
५.५.४.५. लक्षित वर्ग तथा सामाजिक समावेशीकरणसम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान.१६३
५.५.४.६. लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्वन्धि कार्यक्रमहरु ...............................१६७
५.५.५.कला भाषा साहित्य र संपदा ........................................................................................ १६८
५.५.५.१. संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु .......................................................... १६८
५.५.५.२. उदेश्य...........................................................................................................................१६९
५.५.५.३. रणनीतिहरु ...................................................................................................................१६९
५.५.५.४. कार्यनीति .....................................................................................................................१६९
५.५.५.५. तर्कसंगत खाका ........................................................................................................... १७०
५.५.५.६. भाषा कला साहित्य र संपदा संरक्षण संग सम्वन्धि कार्यक्रमहरु ............................... १७०
५.५.६.युवा तथा खेलकुद ........................................................................................................ १७०
५.५.६.१.संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु ............................................................ १७०
५.५.६.२.उदेश्य.............................................................................................................................१७१
५.५.६.३.रणनीतिहरु .....................................................................................................................१७१
५.५.६.४.कार्यनीतिहरु ...................................................................................................................१७१
५.५.६.५. यूवा तथा खेलकुद सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान.................................१७३
५.५.६.६.युवा तथा खेलकुद संग सम्वन्धि कार्यक्रमहरु ............................................................ १७४

परिच्छेद ६

पूर्वाधार विकास.................................................................................................................१७५

६.१.पृष्ठभूमि........................................................................................................................१७५
६.२.बर्तमान अवस्था..............................................................................................................१७६
६.३.पूर्वाधार विकास क्षेत्रको उदेश्य .....................................................................................१७६
६.४.पूर्वाधार विकास क्षेत्रको प्रमुख रणनीतिहरु .....................................................................१७६
६.५.विषयगत उपक्षेत्रहरु........................................................................................................१७६
६.५.१.सडक पुल तथा यातायात..............................................................................................१७७
६.५.१.१.संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु ...........................................................१७७
६.५.१.२. उदेश्य........................................................................................................................१७७
६.५.१.३. रणनीतिहरु.................................................................................................................१७८
६.५.१.४.कार्यनीतिहरु.................................................................................................................१७८
६.५.१.५.सडक पुल तथा यातायात सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान........................१७९
६.५.१.६.सडक यातायात सम्वन्धी कृयाकलापहरु .....................................................................१८०
६.५.२.आवास वस्ती विकास तथा सार्वजनिक निर्माण ...............................................................१८१
६.५.२.१.संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु ...........................................................१८१
६.५.२.२. उदेश्य........................................................................................................................१८१
६.५.२.३. रणनीतिहरु.................................................................................................................१८२
६.५.२.४.कार्यनीतिहरु.................................................................................................................१८२
६.५.२.५.आवास वस्ती विकासतथा सार्वजानिकनिर्माण सम्वन्धी परिमाणात्मक लक्षतथा पूर्वानुमान ..........................................................................................................................................१८४
६.५.२.६.आवास वस्ती विकास तथा सार्वजनिक निर्माण सम्वन्धी कृयाकलापहरु........................१८५
६.५.३. सिंचाई...........................................................................................................................१८५
६.५.३.१.संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु ...........................................................१८५
६.५.३.२. उदेश्य........................................................................................................................१८६

६.५.३.३. रणनीतिहरु ........ १८६

६.५.३.४.कार्यनीतिहरु ........ १८६

६.५.३.५. सिंचाई सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान ........ १८८

६.५.३.६. सिंचाई सम्वन्धी कृयाकलापहरु ........ १८८

६.५.४. विद्युत तथा वैकल्पिक उर्जा ........ १८९

६.५.४.१.संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु ........ १८९

६.५.४.२. उदेश्य ........ १८९

६.५.४.३. रणनीतिहरु ........ १८९

६.५.४.४.कार्यनीतिहरु ........ १९०

६.५.४.५. विद्युत तथा बैकल्पिक उर्जा सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान ........ १९१

६.५.४.६. विद्युत तथा बैकल्पिक उर्जा सम्वन्धी कृयाकलापहरु ........ १९२

६.५.५. सुचना तथा संचार प्रविधि ........ १९२

६.५.५.१.संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु ........ १९२

६.५.५.२. उदेश्य ........ १९३

६.५.५.३. रणनीतिहरु ........ १९३

६.५.५.४.कार्यनीतिहरु ........ १९३

६.५.५.५.सूचना तथा संचार प्रविधि सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान ........ १९४

६.५.५.६. सुचना तथा संचार प्रविधि सम्वन्धी कृयाकलापहरु ........ १९५

परिच्छेद ७

वन वातावरण तथा विपद व्यवस्थापन ........ १९६

७.१.पृष्ठभूमि ........ १९६

७.२. बर्तमान अवस्था ........ १९७

७.३. वन वातावरण र विपद व्यवस्थापनको उदेश्य ........ १९७

७.४. वन वातावरण र विपद व्यवस्थापनको  प्रमुख रणनीतिहरु ..............................................१९७
७.५. बिषयगत उपक्षेत्रहरु..............................................................................................१९८
७.५.१. वन तथा जैविक विविधता.....................................................................................१९८
७.५.१.१. संभावना तथा अवसरहरु र समस्या चुनौती ...............................................................१९८
७.५.१.२. उदेश्य..........................................................................................................१९८
७.५.१.३. रणनीतिहरु.....................................................................................................१९९
७.५.१.४.कार्यनीतिहरु....................................................................................................१९९
७.५.१.५. वन तथा जैविक विविधता सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान...................... २०१
७.५.१.६. वन तथा जैविक विविधता सम्वन्धी कृयाकलापहरु.................................................... २०२
७.५.२. वातावरण तथा फोहोरमैला व्यवस्थापन........................................................................ २०२
७.५.२.१. संभावना तथा अवसरहरु र समस्या चुनौती ............................................................... २०२
७.५.२.२. उदेश्य..........................................................................................................२०३
७.५.२.३. रणनीतिहरु.....................................................................................................२०३
७.५.२.४.कार्यनीतिहरु....................................................................................................२०३
७.५.२.५. वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान..२०५
७.५.२.६.वातावरण तथा फोहोर मैला व्यवस्थापन सम्वन्धी कृयाकलापहरु................................ २०६
७.५.३.  भू तथा जलाधार व्यवस्थापन ................................................................................ २०६
७.५.३.१. संभावना तथा अवसरहरु र समस्या चुनौती ............................................................... २०६
७.५.३.२. उदेश्य.......................................................................................................... २०६
७.५.३.३. रणनीतिहरु..................................................................................................... २०७
७.५.३.४.कार्यनीतिहरु.................................................................................................... २०७
७.५.३.५. भू तथा जलाधार व्यवस्थापन सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान.................२०८
७.५.३.६.  भू तथा जलाधार व्यवस्थापन सम्वन्धी कृयाकलापहरु...............................................२०८

७.५.४. विपद व्यवस्थापन तथा जलवायु उत्थानशिलता ........ २०९

७.५.४.१. संभावना तथा अवसरहरु र समस्या चुनौती ........ २०९

७.५.४.२. उदेश्य ........ २०९

७.५.४.३. रणनीतिहरु ........ २०९

७.५.४.४.कार्यनीतिहरु ........ २०९

७.५.४.५.विपदव्यवस्थापनतथा जलवायु उत्थानशिलता सम्वन्धी परिमाणात्मक लक्षतथा पूर्वानुमान २११

७.५.४.६.विपद व्यवस्थापन तथा जलवायु उत्थानशीलता सम्वन्धी कृयाकलापहरु ........ २१२

परिच्छेद ८

सुशासन तथा संस्थागत विकास ........ २१३

८.१.पृष्ठभूमि ........ २१३

८.२.वर्तमान अवस्था ........ २१३

८.३.सुशासन तथा संस्थागत क्षेत्र विकासको उदेश्य ........ २१४

८.४.सुशासन तथा संस्थागत क्षेत्र विकासको प्रमुख रणनीति ........ २१४

८.५. विषयगत उपक्षेत्रहरु ........ २१४

८.५.१. सुशासन तथा संस्थागत विकास ........ २१४

७.५.१.१. संभावना तथा अवसरहरु र समस्या चुनौती ........ २१४

८.५.१.२. उदेश्य ........ २१५

८.५.१.३. रणनीतिहरु ........ २१५

८.५.१.४.कार्यनीतिहरु ........ २१६

८.५.१.५. सुशासन तथा संस्थागत विकास सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान ........ २१८

८.५.१.६. सशासन तथा संस्थागत विकासि सम्वन्धी कृयाकलापहरु ........ २१९

परिच्छेद ९

कार्यान्वयन व्यवस्था ........ २२०

९.१.पृष्ठभूमि ............ २२०
९.२. संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ............ २२०
९.३. विषय क्षेत्र अनुसार अनुमानित बजेट ............ २२१
९.४. श्रोत अनुमान तथा प्रक्षेपण ............ २२३
९.५. स्रोत परिचालन रणनीति ............ २२७
९.६. कार्यान्वयन योजना ............ २२८
९.६.१. पृष्ठभूमि ............ २२८
९.६.२. बर्तमान अवस्था ............ २२९
९.६.३. कार्यान्वयन कार्ययोजना ............ २२९
९.६.४. मार्गदर्शन तयारी ............ २२९
९.६.५. कार्यान्वयन विधिको छनौट ............ २३०
९.६.६. अख्तियारी ............ २३०
९.६.७. अनुमगन प्रतिवेदन र समीक्षा ............ २३०
९.६.८. वार्षिक कार्यान्वयन योजना ............ २३१
९.७.अनुगमन तथा मूल्याङ्कन योजना ............ २३१
९.७.१. अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ............ २३१
९.७.१.१. वर्तमान अवस्था ............ २३१
९.७.१.२. अवसर तथा चुनौती ............ २३२
९.७.१.३. उदेश्य ............ २३२
९.७.१.४. रणनीति ............ २३३
९.७.१.५.कार्यक्रम ............ २३३
९.७.२. अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार निकाय ............ २३४
९.७.३. आवधिक योजनाको अनुगमन तथा मूल्याङक्न प्रकिया ............ २३४

## तालिका सूची

तालिका १ भू उपयोगका क्षेत्रहरु ..... ११
तालिका २ भूमि क्षमताको वर्गिकरण अर्जुनधारा गाउपालिका ..... १५
तालिका ३ जनसांख्यिक अवस्था ..... २०
तालिका ४ उमेर समुहका आधारमा जनसंख्या अवस्था ..... २१
तालिका ५ उमेर समुह तथा लिङ्गका आधारमा जनसंख्या अवस्था ..... २३
तालिका ६ जातीय आधारमा घरधुरी विवरण ..... २४
तालिका ७ जातीय आधारमा जनसंख्या विवरण ..... २४
तालिका ८ अपाङ्गताका आधारमा जनसंख्या विवरण ..... २६
तालिका ९ खानेपानीको श्रोतको आधारमा घरधुरी विवरण ..... २७
तालिका १० उज्यालोको श्रोतको आधारमा घरधुरी विवरण ..... २८
तालिका ११ खाना पकाउने इन्धनको आधारमा घरधुरी विवरण ..... २९
तालिका १२ घरको स्वामित्व सम्वन्धी विवरण ..... ३०
तालिका १३ घरको जग सम्वन्धी विवरण ..... ३१
तालिका १४ घरको पर्खाल सम्वन्धी विवरण ..... ३२
तालिका १५ घरको छानो सम्वन्धी विवरण ..... ३३
तालिका १६ घरमा उपलव्ध सेवा सुविधा सम्वन्धी विवरण ..... ३५
तालिका १७ आर्थिक गतिविधिमा संलग्नता सम्वन्धी विवरण ..... ३६
तालिका १८ कृषिजन्य बार्षिक उत्पादन सम्वन्धी विवरण ..... ३९
तालिका १९ पशुजन्य बार्षिक उत्पादन सम्वन्धी विवरण ..... ४०
तालिका २० कृषि तथा पशुजन्य उत्पादनको वार्षिक खपत सम्वन्धी विवरण ..... ४०
तालिका २१ बार्षिक आम्दानी सम्वन्धी विवरण ..... ४२
तालिका २२ बार्षिक खर्च सम्वन्धी विवरण ..... ४४
तालिका २३ पर्यटकीय स्थलहरुको विवरण ..... ४७
तालिका २४ उद्योग व्यापार व्यवसाय सम्वन्धी विवरण ..... ५०
तालिका २५ अर्जुनधारा नगरपालिकाका स्वास्थ निकाय सम्वन्धी विवरण ..... ५८
तालिका २६ नजिकको स्वास्थ्य संस्थामा पुग्न लाग्ने समयका आधारमा घरधुरी विवरण ..... ५८

तालिका २७ नगरपालिकामा विद्यमान शैक्षिक संस्थाको विवरण ...................................................५९
तालिका २८ नगरपालिकामा विद्यमान सरकारी शैक्षिक संस्थाको नम.............................................६०
तालिका २९ नगरपालिकामा विद्यमान निजी शैक्षिक संस्थाको नम................................................ ६१
तालिका ३० शौचालय प्रयोगको अवस्था सम्वन्धी विवरण.......................................................... ६३
तालिका ३१ अर्जुनधारा नगरपालिकामा पाइने प्रमुख चराचुरुङ्गीहरु...............................................६७
तालिका ३२ अर्जुनधारा नगरपालिकामा पाइने प्रमुख बन्यजन्तुहरु................................................. ६८
तालिका ३३ अर्जुनधारा नगरपालिकामा पाइने प्रमुख रुखजन्य वनस्पतीको विवरण....................... ६८
तालिका ३४ अर्जुनधारा नगरपालिकाका प्रमुख जलसम्पदाको विवरण............................................६९
तालिका ३५ नगरपालिकाले वनाएका ऐन नीयम कानुन कार्यविधि................................................७१
तालिका ३६ नगरकार्यपालिका अन्तरगत रहेका विभिन्न शाखाहरु .................................................७३
तालिका ३७ एकीकृत नगरविकास परिमाणात्मक लक्ष योजना तर्कवद्ध खाका ..............................९१
तालिका ३८ कृषि विकासका संभावना अवसर तथा चुनौतीहरु.......................................................९७
तालिका ३९ कृषि विकास परिमाणात्मक लक्ष तथा पूर्वानुमान .......................................................१०३
तालिका ४० कृषि विकास सम्वन्धी कार्यक्रमहरु ..........................................................................१०५
तालिका ४१ पशुपंक्षीपालनः संभावना अवसर तथा समस्या र चुनौती.........................................१०६
तालिका ४२ पशु पंक्षी विकास परिमाणात्मक लक्ष तथा पूर्वानुमान...............................................१११
तालिका ४३ पशुपंक्षी विकास सम्वन्धी कार्यक्रमहरु ....................................................................११२
तालिका ४४ पर्यटन विकासः संभावना अवसर तथा समस्या र चुनौती .........................................११३
तालिका ४५ पर्यटन विकास परिमाणात्मक लक्ष तथा पूर्वानुमान ..................................................११६
तालिका ४६ पर्यटन विकास सम्वन्धि कार्यक्रमहरु .......................................................................११७
तालिका ४७ उद्योग व्यापार तथा व्यवसायः संभावना अवसर तथा समस्या र चुनौती..................११८
तालिका ४८ उद्योग व्यापार व्यवासय विकास सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान..........१२१
तालिका ४९ उद्योग व्यापार व्यवसाय सम्वन्धि कार्यक्रमहरु ........................................................१२२
तालिका ५० बैक वित्तीय संस्था तथा सहकारी विकासः संभावना अवसर तथा समस्या र चुनौती..१२३
तालिका ५१ बैक वित्तीय संस्था र सहकारी सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान.............१२७
तालिका ५२ बैक वित्तीय संस्था तथा सहकारी विकास सम्वन्धी कार्यक्रमहरु..............................१२८
तालिका ५३ सुरक्षित आप्रवासन तथा बैदेशिक रोजगारः संभावना अवसर तथा समस्या र चुनौती१२८
तालिका ५४ श्रम रोजगारी र सामाजिक सूरक्षा सम्बन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान........१३१
तालिका ५५ श्रम रोजगारी र सामाजिक सुरक्षा सम्वन्धी कार्यक्रमहरु .........................................१३२

तालिका ५६  उमेर समुहका आधारमा महिला पुरुषको वैवाहिक अवस्था....................................१३६
तालिका ५७ शिक्षाः संभावना अवसर तथा समस्या र चुनौती........................................................१३७
तालिका ५८ शिक्षा विकास सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान.....................................१४२
तालिका ५९ शिक्षा सम्बन्धी कार्यक्रमहरु..........................................................................१४५
तालिका ६० आधारभूत स्वास्थ्यः संभावना अवसर तथा समस्या र चुनौती.................................१४५
तालिका ६१ आधारभूत स्वास्थ्य सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमा..............................१५१
तालिका ६२ स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु..........................................................................१५३
तालिका ६३ खानेपानी तथा सरसफाईः संभावना अवसर तथा समस्या र चुनौती..........................१५३
तालिका ६४ खानेपानी तथा सरसफाइ सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान.....................१५६
तालिका ६५ खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रमहरु.......................................................१५७
तालिका ६६ लक्षित वर्ग तथा सामाजिक समावेशीकरणःसंभावना अवसर तथा समस्या र चुनौती.१५७
तालिका ६७ लक्षित वर्गतथा सामाजिक समावेशीकरण सम्वन्धी  लक्ष तथा पूर्वानुमान................१६३
तालिका ६८ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण  सम्वन्धी कार्यक्रमहरु..........................१६७
तालिका ६९ भाषाकला साहित्य संपदा संरक्षण संभावना अवसर तथा समस्या र चुनौती.............१६८
तालिका ७० भाषा कला साहित्य र संपदा संरक्षण संग  सम्वन्धी कार्यक्रमहरु..........................१७०
तालिका ७१ युवा तथा खेलकुद संभावना अवसर तथा समस्या र चुनौती..................................१७०
तालिका ७२ युवा तथा खेलकुद सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान.............................१७३
तालिका ७३ युवा तथा खेलकुद संग  सम्वन्धी कार्यक्रमहरु.....................................................१७४
तालिका ७४ सडक पुल तथा यातायातः संभावना अवसर तथा समस्या र चुनौती.........................१७७
तालिका ७५ सडक पुल तथा यातायात सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान.................१७९
तालिका ७६ सडक यातायात सम्वन्धी कृयाकलापहरु...............................................................१८०
तालिका ७७ आवास बस्ती विकास सार्वजनिक निर्माणः संभावना अवसर तथा समस्या र चुनौती.१८१
तालिका ७८ आवास तथा सार्वजानिक निर्माण सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान........१८४
तालिका ७९ आवास वस्ती विकास तथा सार्वजनिक निर्माण सम्वन्धी कृयाकलापहरु.................१८५
तालिका ८० सिंचाईः संभावना अवसर तथा समस्या र चुनौती...................................................१८५
तालिका ८१ सिंचाई सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान................................................१८८
तालिका ८२ सिंचाई सम्वन्धी कृयाकलापहरु.............................................................................१८८
तालिका ८३ विद्युत तथा बैकल्पिक उर्जाः संभावना अवसर तथा समस्या र चुनौती....................१८९
तालिका ८४ विद्युत तथा बैकल्पिक उर्जा सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान...............१९१

तालिका ८५ विद्युत तथा बैकल्पिक उर्जा सम्वन्धी कृयाकलापहरु ..............................................१९२
तालिका ८६ सुचना तथा संचार प्रविधिः संभावना अवसर तथा समस्या र चुनौती ........................१९२
तालिका ८७ सूचना तथा संचार प्रविधि सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान..................१९४
तालिका ८८ वन तथा जैविक विविधताः संभावना अवसर तथा समस्या र चुनौती ......................१९८
तालिका ८९ वन तथा जैविक विविधता सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान................. २०१
तालिका ९० बन तथा जैविक विविधता सम्वन्धी कृयाकलापहरु................................................ २०२
तालिका ९१ वातावरण तथा फोहोरमैला व्यवस्थापनः संभावना अवसर तथा समस्या र चुनौती... २०२
तालिका ९२ वातावरण,फोहोर मैला व्यवस्थापन सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान..... २०५
तालिका ९३ वातावरण तथा फोहोर मैला व्यवस्थापन सम्वन्धी कृयाकलापहरु.......................... २०६
तालिका ९४ भू तथा जलाधार व्यवस्थापनः संभावना अवसर तथा समस्या र चुनौती.................. २०६
तालिका ९५ भू तथा जलाधार व्यवस्थापन सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान ............२०८
तालिका ९६ भू तथा जलाधार व्यवस्थापन सम्वन्धी कृयाकलापहरु ...........................................२०८
तालिका ९७ विपद व्यवस्थापनतथा जलवायु उत्थानशिलताः संभावना अवसर समस्या र चुनौती. २०९
तालिका ९८ विपद व्यवस्थापनतथा जलवायु उत्थानशिलताः परिमाणात्मक लक्ष तथा पूर्वानुमान.. २११
तालिका ९९ विपद व्यवस्थापन तथा जलवायु उत्थानशिलता सम्वन्धी कृयाकलापहरु.................२१२
तालिका १०० सुशासन तथा संस्थागत विकासः संभावना अवसर तथा समस्या र चुनौती........... २१४
तालिका १०१ सुशासन तथा संस्थागत विकास सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान....... २१८
तालिका १०२ सशासन तथा संस्थागत विकासि सम्वन्धी कृयाकलापहरु.....................................२१९
तालिका १०३ विषय क्षेत्र अनुसार अनुमानित बजेट विवरण........................................................२२२
तालिका १०४ आव ०७९/८० को यथार्थ आन्तरिक आय.......................................................२२४
तालिका १०४ बजेट वाह्य श्रोत प्रक्षेपण ................................................................................ २२५
तालिका १०५ कुल प्रक्षेपित अनुमानित आय ..........................................................................२२६
तालिका १०६ कुल आयमा वास्तविका विकास खर्च ................................................................. २२७
तालिका १०७ आवधिक योजनाको अनुगमन तथा मुल्याङ्कन प्रक्रिया.......................................... २३४

# परिच्छेद – १
# परिचय

## १.१.पृष्टभूमि

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम स्थानीय तहले आफ्नो कार्य सञ्चालन गर्दै आइरहेका छन्। स्थानीयतहवाट उक्त ऐनको दफा ११ को उपदफा २ (छ) बमोजिम स्थानीय स्तरको विकास निर्माण सम्बन्धी आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने व्यवस्था छ।

योजनावद्ध विकास सन्तुलित, दिगो र समन्यायिक विकासको आधार हो । आवधिक योजनाले स्थानीय तहको विकास प्रयासहरुलाई निर्दिष्ट दिशा प्रदान गर्ने व्यवस्थित रुपरेखा तयार गर्दछ । स्थानीय आवद्यिक योजनाले स्थानीय जनता र स्थानीय स्तरको आर्थिक,सामाजिक, भौगोलिक परिवेशबीचमा अन्तर सम्बन्ध कायम गरी नागरिकको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्दछ । यस्तो योजना स्थानीय तहको विकास र समृद्धिको रुपरेखा मात्र नभएर उक्त क्षेत्रको सुन्दरता,प्रकृतिको संरक्षण तथा मानव र प्रकृतिबीचको तालमेलको रुपरेखा पनि हो । राष्ट्रिय एवम् प्रादेशिक विकास लक्ष्य हासिल गर्न तथा स्थानीय विकासका सरोकारवालाहरुको साझा प्रतिबद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्वपूर्ण हुन्छ ।

अर्जुनधारा नगरपालिकाका यो पहिलो आवधिक योजना तर्जूमाको सन्दर्भमा संविधानले प्रदान गरेका अधिकारको सूची र स्थानीय सरकार संचालन ऐनले निर्दिष्ट गरेका काम,कर्तव्य,अधिकार र जिम्मेवारीलाई केन्दमा राखी राजनीतिक प्रकृया अन्तर्गत राजनीतिक दल लगायत अन्य सरोकारवालाहरुको व्यापक सहाभागीतामा समावेशी प्रकृयावाट सम्पन्न गर्ने कार्ययोजना अनुरुप नगरपालिकाका विद्यमान संभावना,अवसर,समस्या र चुनौतीहरुको विश्लेषणका आधारमा योजना तर्जुमा गरिएकोछ ।

नगरपालिकाको विद्यमान अवस्थाको समग्र अध्ययन,वस्तुस्थिति विश्लेषण,प्रदेश तथा संघ सरकारको दीर्घकालीन सोच,लक्षलाई दृष्टिगत गरी अर्जुनधारा नगरपालिकाको आगामी २५ वर्षका लागि दीर्घकालिन सोच, पाँच वर्षको समष्टिगत लक्ष विषय क्षेत्रगत उदेश्य,रणनीति एवम कार्यनीतिहरु साथै प्रमुख कार्यक्रमहरु सहित प्रथम एकीकृत नगर विकास योजना ०७९/८०-०८४/०८५ तर्जुमा गरिएको छ ।यो एकीकृत आवधिक नगर विकास योजना नगरपालिकाको समग्र विकासको रणनीतिक विकास

योजनाको मार्गचित्र (Strategic and indicative planning Framework) को रुपमा एक मार्ग दर्शक दस्तावेजको रुपमा उपयोग हुने विश्वास गरिएकोछ ।

## १.२ आवधिक योजनाको उद्देश्य

नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी निर्देशिका, मापदण्ड र ढाँचा बमोजिम नेपाल सरकार को चालु १५औं आवधिक योजना र प्रदेश सरकारको प्रथम पञ्च वर्षिय आवधिक योजना, दीर्घकालिन सोच, नीति तथा योजना र दिगो विकासका लक्ष्यसँग तादाम्यता कायम हुने गरी यो अर्जनुधारा नगरपालिकाको आवधिक योजना निर्माण गर्ने मुख्य निर्दिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन :

- नगरपालिका, प्रदेश, संघ तथा अन्य निकाय संग सम्वन्धित प्राथमिक तथा द्वितीय श्रोतबाट प्राप्त हुने सूचना तथ्याङ्कका आधारमा नगरपालिकाको विद्यमान संभावना अवसर समस्या र चुनौतीहरु विश्लेषण गर्न र सोही आधारमा संघ प्रदेशको दीर्घकालीन सोच आवाधिक लक्ष दिगो विकास लक्ष,विषय क्षेत्रगत उदेश्य,रणनीति संग मेल खाने गरी नगरपालिकाको दीर्घकालीन सोच, आवधिक लक्ष, विषयक्षेत्रगत उदेश्य,रणनीति एवम कार्यक्रमहरु र प्राथमिकता निर्धारण सहितको एकीकृत विकासको खाका तयार गर्ने ।
- नगरपालिकाको दीर्घकालीन सोच,स्थानीय आवश्यकता,प्राथमिकता र विकासका संभावनाहरूका आधारमा एकीकृत विकास/आवधिक योजना तयार गर्ने ।
- अर्जुनधारा नगरपालिकामा योजनावद्ध विकास पद्धतिलाई संस्थागत गरी दिगो विकासलाई प्रबर्द्धन गर्ने
- नगरपालिकाको वार्षिक नीति,कार्यक्रम तथा बजेट तर्जुमा गर्दा दीर्घकालीन सोच, आवधिक लक्ष, विषयक्षेत्रगत उदेश्य, आधार सूचक र लक्ष परिमाणका आधारमा रणनीति एवम कार्यक्रममा आधारित वनाउन सहज वनाउने ।

## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम स्थानीय तहले आफ्नो कार्य सञ्चालन गर्दै आइरहेका छन्। स्थानीय तहबाट उक्त ऐनको दफा ११ को उपदफा (२) बमोजिम स्थानीय स्तरको विकास निर्माण सम्बन्धी आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वियन गर्ने व्यवस्था छ।

स्थानीय तहमा उपलब्ध स्रोत साधन र अवसरहरूलाई अधिकतम परिचालन गर्दै नेपाल सरकारले परिकल्पना गरेको "**समृद्ध नेपाल, सुखी नेपाली**" र कोशी प्रदेश सरकारले तय गरेको **"स्वच्छ सुखी**

**र समुन्नत प्रदेश"** दीर्घकालीन सोच तथा दिगो विकासका लक्ष्य हासिल गर्न स्थानीय आवश्यकता , प्राथमिकता र विकासको सम्भावनाहरुमा आधारित भई स्थानीय तहमा समेत योजनाबद्ध विकासको पद्धति अवलम्वन गर्नु पर्ने आवश्यकता देखिएकोछ।

नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी निर्देशिका, मापदण्ड र ढाँचा बमोजिम नेपाल सरकारको चालु १५औ आवधिक योजना र कोशी प्रदेश सरकारको प्रथम पञ्च वर्षीय योजना, दीर्घकालिन सोच, नीति तथा योजना र दिगो विकासका लक्ष्यसँग तादाम्यता कायम हुने गरी कञ्चनजंघा परामर्श सेवा प्रालिका अध्यक्ष एवम योजना तर्जुमा विशेषज्ञ केशवराज ढुंगेलले अर्जुनधारा नगरपालिकाको प्रत्यक्ष सुपरीवेक्षण र समन्वयमा सहाभागीतामूलक विधिको अवलम्वन गरी एकीकृत विकास/आवधिक योजना तर्जुमा गर्न निम्न विधि र प्रकृया अवलम्बन गर्नुभएकोछ |

### १.३.१ निर्देशक समिति तथा विषयगत समितिहरुसंग छलफल

झापा जिल्लाको अर्जुनधारा नगरपालिकाको आवधिक योजना बनाउन सर्वप्रथम नगरपालिकाका प्रमुखको संयोजकत्वमा रहेको निर्देशक समिति विषयगत समितिहरुः आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधा विकास समिति, वातावरण तथा विपद व्यवस्थापन समिति र सुशासन समितिसंग २०८० बैसाख ८ गते छलफल तथा बैठक गरी आवधिक योजनाको विषयगत खाका तयार गर्न विस्तृत रुपमा छलफल गरिएकोछ।

### १.३.२ नगरपालिका स्तरीय गोष्ठी

नगरपालिकाका प्रमुख उपप्रमुद सहित जनप्रतिनिधिहरु कर्मचारी, तथ्यांक सङ्कलकहरु समेतको सहाभागीतामा २०८० बैसाख ९ देखि १० सम्म नगरपालिका स्तरीय गोष्ठीको आयोजना गरिएको थियो | जसमा नगरपालिकाको वर्तमान अवस्था, अवसरहरु तथा सम्भावनाहरु नगरपालिकाको दूरदृष्टि, लक्ष्य, उद्देश्यहरु, रणनीतिहरु, कार्यक्रमहरु, कार्यनीतिहरु एवं क्रियाकलापहरु बारे छलफल गरी खाका तयार गरिएकोछ |

### १.३.३ पार्श्वचित्रको पुनरावलोकन तथा विश्लेषण

अर्जुनधारा नगरपालिकाको वर्तमान अवस्था विश्लेषणको सन्दर्भामा मुख्य दस्तावेजको रुपमा २०७८ सालको राष्ट्रिय तथ्याङ्क विभागले गरेको जनगरणनाको प्रतिवेदनको अध्ययन तथा विश्लेषण गरेर आवश्यक तथ्यांक तथा सूचनाहरु छनौट गरिएकोछ । यो नगरपालिकाको प्रोफाइल हाल सम्म तयार नभएको हुनाले विभिन्न शाखागत प्रतिवेदनहरु स्थलगत अद्ययन र विषय विज्ञ संग गरेको छलफलका आधारमा संकलित तथ्याङ्कहरुलाई आवधिक योजनाको आधारवर्षमा प्रयोग गरिएकोछ ।

### १.३.४ अन्य प्रकाशनहरुको अध्ययन तथा विश्लेषण

अर्जुनधारा नगरपालिकाको आवधिक योजना निर्माणका सन्दर्भमा १५औं राष्ट्रिय योजना तथा कोशी प्रदेशको तहको प्रथम पञ्च वर्षिय आवधिक योजना, स्थानीय सरकार संचालन ऐन २०७४,स्थानीय तहको योजना तर्जुमा सम्वन्धी नमुना दिग्दर्शन २०७५,दिगो विकास लक्ष, राजनैतिकदल का अघिल्लो चुनावी घोषणा पत्रमा गरेका प्रतिवद्धताहरु,अन्तर सरकारी बित्तीय हस्तान्तरण ऐन २०७४, नगरपालिकाका वार्षिक प्रगती प्रतिवेदन,नीति तथा कार्यक्रमहरु लगायत नगरपालिका ले प्रकाशन गरेका कानुन कार्यविधिहरु अध्ययन तथा विश्लेषण गरिएकोछ ।

### १.३.५ स्रोत व्यक्तिहरुसंग छलफल

अर्जुनधारा नगरपालिकामा लामो समय देखि विभिन्न क्षेत्रमा योगदान दिँदै आउनु भएका व्यक्तिहरुसंग प्रत्यक्ष भेटघाट गरी नगरपालिकाको विकासका अवसर तथा सम्भावना बारे छलफल गरी सल्लाह तथा सुझाव संकलन गरिएकोछ । आवधिक योजना निर्माणकर्ता केशवराज ढुंगेल स्वयम यही नगरपालिकाको वासिन्दा भएको हुनाले सम्वन्धित क्षेत्रका विशेषज्ञ ,जनप्रतिनिधिहरु,विषयगत शाखाका प्रमुखहरु संग छलफल तथा सुझाव संकलन गर्नु भएको थियो ।

### १.३.६ प्रदेश तथा संघीय संसदका सांसदहरू छलफल तथा परामर्श

अर्जुनधारा नगरपालिका आवधिक योजना तर्जुमाका लागि यो जिल्लाका प्रदेश सभा सदस्य चिलचन पाठक तथा प्रतिनिधि सभा सदस्य एवम सम्माननीय सभामुख देवराज घिमिरे संग छलफल गरी उहांहरुको सल्लाह तथा सुझाव समेत संकलन गरिएकोछ |

### १.३.७ स्थलगत सर्वेक्षण

आवधिक योजनाको लागि आवश्यक तथ्याङ्क संकलन फारामको निर्माण गरिएकोछ| स्थानीय स्तरका आवश्यक योजनाहरु कुनैपनि नछुटुन भनेर सबै वडाकार्यालयमा सरोकारवालाहरुको उपस्थितिमा छलफल तथा प्राथमिकता निर्धारण गरिएकोछ । नगरपालिकाको संभावित श्रोतहरुको समेत पहिचान गरि बजेट परिधि भित्र रहेर ११ वटै वडाका प्राथमिकता प्राप्त योजनाहरु कार्यक्रममा समावेश गरी बाँकी रहेका योजनाहरु योजना बैकको अनुसूचीमा राख्ने गरि संकलन गरिएकोछ |


### १.३.८ वस्तुस्थिति विश्लेषण, वस्तुस्थिति विवरण एवम् अद्यावधीकरण

#### क. तथ्याङ्क सङ्कलन,प्रशोधन र विश्लेषण

अर्जुनधारा नगरपालिकाको भौगोलिक अवस्था र विषयगत अवस्था झल्कने वस्तुस्थिति विवरण तयारी तथा अद्यावधिकरण कार्यका लागि नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि, २०७५ अनुसारको ढाँचामा स्थानीय विशिष्टता तथा आवश्यकता अनुरूप प्राथमिक तथा द्वितीय श्रोतबाट तथ्याङ्क सङ्कलन गरिएकोछ।जस अनुसार प्राथमिक श्रोतबाट तथ्याङ्क सङ्कलनका लागि घरपरिवार सर्भेक्षण,

सहाभागीतामूलक छलफल, नक्साङ्कन तथा जानकार व्यक्ति अन्तरवार्ता आदि विधि को उपयोग गरिएकोछ भने द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलनका लागि संस्थागत सर्भेक्षण तथा दस्तावेज अध्ययन जस्ता विधिको अवलम्बन गरिएकोछ | तथ्याङ्क सङ्कलन गर्दा विपदबाट हुन सक्ने क्षति, जलवायु परिवर्तनको असर, ऐतिहासिक तथ्य तथा विवरण र क्षमता लगायत विपद् तथा जलवायु जोखिमसँग सम्बन्धित विषयहरू समेत समावेश गरिएकोछ | तथ्याङ्क सङ्कलन सम्बन्धी औजारमा लैङ्गिक तथा सामाजिक रूपले खण्डीकृत तथ्याङ्क उपलब्ध हुने सूचक समावेश गरिएकोछ |

**ख. आधार नक्सा(Base Map) तयारी**




अर्जुनधारा नगरपालिकाको आवधिक योजना तर्जुमाका लागि वर्तमान अवस्था विश्लेषणको लागि टोपोग्राफिकल नक्सा तथा गुगल नक्सा प्रयोग गरी सहाभागीतामूलक नक्साङ्कन प्रक्रिया अनुसार सार्वजनिक तथा सामुदायिक स्रोत, पूर्वाधार, सम्पत्ति जस्तैः वनजङ्गल, नदीनाला, पोखरी, बजार क्षेत्र, सडक बाटो तथा पुल, सार्वजनिक स्थल, भूउपयोग, औद्योगिक तथा जोखिम संवेदनशील क्षेत्रको अवस्थिति, पहिचान र विवरण सङ्कलन गरिएकोछ । सहाभागीतामूलक नक्साङ्कन प्रक्रियाबाट सङ्कलित सूचना तथा विवरणको आधारमा भौगोलिक सूचना प्रणालीमा आधारित नक्सा तयार गरी सोको आधारमा वस्तुस्थिति विश्लेषण, आयोजना तथा कार्यक्रम स्थानगत अवस्थिति निर्धारण र स्थानगत नक्साङ्कन गरिएकोछ ।

**ग. वस्तुस्थिती विश्लेषण**

वस्तुस्थिति विवरण तथा सहाभागितामूलक छलफलका माध्यमबाट विषयगत रूपमा विद्यमान संभावना तथा अवसर र समस्या तथा चुनौतीको विश्लेषण गरी प्रस्तुत गरिएकोछ ।यसरी वस्तुस्थिति विश्लेषण

गर्दा विषयगत क्षेत्रभित्रका उपक्षेत्रको अवस्था स्पष्ट हुने कुरालाई ध्यान दिइएकोछ। वस्तुस्थिति विवरणले दर्शाएको अवस्थालाई सहाभागितामूलक छलफल गरी विश्लेषणको निष्कर्ष निकालिएकोछ। स्थितिपत्रमा प्रस्तुत आधाररेखा सूचना र सहाभागितामूलक कार्यशालाको छलफलको निष्कर्षको आधारमा विषय क्षेत्र तथा उपक्षेत्रगत रूपमा विद्यमान अवस्था, सम्भावना, समस्या तथा चुनौती एवम् चाल्नुपर्ने कदमको विवरण तयार गरिएको छ ।

### १.३.९ विगतका विकास योजनाहरुको पुनरावलोकन

नगरपालिकाको आवधिक योजना तयारीका सन्दर्भमा अर्जुनधारा नगरपालिकाका विगत तीन वर्षका नीति तथा कार्यक्रम, वित्तीय श्रोत, कोशी प्रदेश सरकार तथा नेपाल सरकारका नीति, कार्यक्रम तथा विकास योजनाहरु तथा दिगो विकास लक्ष्यहरुको पुनरावलोकन गरिएकोछ साथै नगरपालिकाको आन्तरिक स्रोत/ राजश्व वृद्धिका सम्भावना तथा क्षेत्रहरु पनि पुनरावलोकन गरिएकोछ |

### १.३.१० आवधिक योजनाको दस्तावेजको मस्यौदा तयारी

वस्तुस्थिति विवरण र अन्य स्रोतबाट प्राप्त आधार सूचना, योजना तर्जुमा कार्यशाला गोष्ठीको नतिजा, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त निष्कर्षलाई तर्कबद्ध रूपमा लिपिबद्ध गरी आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरिएकोछ । आवधिक योजना दस्तावेज तयार गर्दा सन्दर्भ सामग्रीको रूपमा प्रदेश आवधिक योजना लाई उपयोग गरिएकोछ, योजनाविद्, विषयविज्ञ तथा सरोकारवालाको समेत सुझाव लिई योजनाको मस्यौदा दस्तावेज तयार गरिएकोछ |

### १.३.११ मस्यौदा प्रस्तुति तथा सुझाव सङ्कलन

आवधिक योजनाको मस्यौदा दस्तावेजलाई सरोकारवाला माझ प्रस्तुत गरी सुझाव सङ्कलन गरिएकोछ। यो अर्जुनधारा नगरपालिकाको आवधिक योजना तर्जुमा सम्वन्धी बैठकमा नगरपालिका प्रमुख वलदेव सिंह गोम्देन तामाङले अध्यक्षता गर्नु भएको थियो। कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी, कार्यपालिका कार्यालय तथा विषयगत शाखाका कर्मचारी, र सरोकारवालाहरूबाट सुझाव सङ्कलन गरिएकोछ।

### १.३.१२ अन्तिम दस्तावेज तयारी र पेश

आवधिक योजना तर्जुमा निर्देशक समितिको निर्देशन,अर्जुनधारा नगरपालिका पदाधिकारीहरु तथा अन्य सरोकारवालाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा आवधिक योजनाको मस्यौदालाई परिमार्जन गरी आवधिक योजनाको दस्तावेजलाई अन्तिम रूप प्रदान गरी सम्वन्धित निकायमा पेश गरिएकोछ

## १.४ सीमाहरु

यो एकीकृत / आवधिक नगर विकास योजना तर्जुमाका सीमाहरु निम्न बमोजिम रहेकाछनः

- आवधिक योजना तर्जुमाका लागि अर्जुनधारा नगरपालिकाको वस्तुगत विवरण तथा राष्ट्रिय जनगणना २०७८ मा उपलव्ध तथ्याङ्क तथा सूचनालाई मुख्य आधार वनाइएकोछ । विवादास्पद एवम् उपलव्ध हुन नसकेका सूचना तथा तथ्याङ्कको हकमा कार्यपालिकाको निर्णयको आधारमा कार्यशाला मार्फत सहमती वनाई सोहीलाई आधार मानी विश्लेषण गरिएकोछ ।केन्द्र, प्रदेश तथा अन्य निकायहरुमा उपलव्ध सूचना तथ्याङ्कलाइ समेत आधार वनाइएकोछ ।
- योजना तर्जुमाको क्रममा विभिन्न विषय क्षेत्रसंग सम्वन्धित आधार सूचकहरु पालिका स्तरको नभेटिएको वा व्याख्या नभएको खणडमा जिल्ला प्रदेश तथा संघीय विवरणलाई समेत समावेश गरी तथ्याङ्कमा एकरुपता ल्याउन प्रयास गरिएको छ ।
- आवधिक नगर विकास योजना राजनैतिक प्रकृयावाट तर्जुमा गरिएको रणनीतिक मार्गदर्शक योजनाको खाका भएकोले नगरपालिकाको दीर्घकालीन सोच,आवधिक लक्ष,विषयक्षेत्रगत उदेश्य,रणनीति र प्रमुख कार्यक्रम तह सम्म केन्द्रितछ । खानेपानी सिंचाइ सडक जस्ता पूर्वाधारका विषयहरु भने वडा स्तरीय परियोजनाहरु समावेश गरिएकोछ ।
- स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार नगरपालिका क्षेत्रमा क्रियशील गैह्र सरकारी संस्था,सामुदायिक संघ संस्था र निजी क्षेत्रका कार्यक्रमहरु गाउँसभावाट पारित गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएकोछ। यस सन्दर्भमा उपरोक्त संघ संस्थाहरुका कार्यक्रमहरु योजना तर्जूमाको विभिन्न चरणमा सहभागी भएका प्रतिनिधिहरु मार्फत प्राप्त कार्यक्रमलाई यसै आवधिक योजनमा समावेश गरिएकोछ ।

# परिच्छेद-२
# नगरपालिकाको बस्तुस्थिति

## २.१. नगरपालिकाको परिचय

### २.१.१ पृष्ठभूमी

नेपालको कोशी प्रदेश अन्तर्गत झापा जिल्लाका आठ नगरपालिका र सात गाउँपालिका मध्ये अर्जुनधारा नगरपालिका झापा जिल्ला निवाचन क्षेत्र नं. २ मा पर्दछ ।यो नगरपालिकाको पूर्वमा झापा जिल्लाकै बुद्धशान्ति गाउँपालिका तथा मेचीनगर नगरपालिका, पश्चिममा कन्काई नगरपालिका तथा इलाम जिल्लाको माइ नगरपालिका, उत्तरमा इलाम जिल्लाको माइ नगरपालिका तथा रोङ गाउँपालिका र दक्षिणमा झापा जिल्लाकै विर्तामोड नगरपालिका पर्दछ ।अर्जुनधारा नगरपालिका प्राकृतिक तथा सांस्कृतिक सम्पदा, साधन श्रोतमा तलनात्मक रुपमा सम्पन्न रहेको छ ।यो अर्जुनधारा नगरपालिकामा साविक शनिश्चरे, अर्जुनधारा र खुदुनावारी गाविसहरु समावेश गरिएकाछन। यस नगरपालिकाको जम्मा क्षेत्रफल १०९.८६ वर्ग किलोमिटर छ भने राष्ट्रिय जनगणना २०७८ अनुसार जम्मा जनसंख्या ८४०१८ रहेको छ भने जम्मा घरधुरी २०९३५ रहेकाछन । बसोवासका हिसावले यस नगरपालिकामा विभिन्न जात जातिहरु रहेको छन् जसमाः व्राम्हण,क्षेत्री लिम्वु, कामी,राई तामाङ मगर दमाई नेवार तथा सन्यासी आदि पर्दछन ।पहाडी भुभाग संग जोडिएको यो नगरपालिका पुर्ण रुपमा पुर्वपश्चिम राजमार्गको उत्तरमा पर्दछ । यो नगरपालिकाको उत्तरी क्षेत्रमा रहेको वनजंगलका कारण पानीका प्रशस्त श्रोतहरु रहेकाछन, यो नगरापलिका वडा नं २ खानेपानीको मुख्य श्रोतको रुपमा परिचित सहकाले झरना पर्यटकीय हिसावले पनि उत्तिकै महत्वपूर्ण रहेकोछ ।चिया सुपारी नरिवल मरिच तथा रवर जस्ता नगदेवाली को व्यवसायिक रुपमा खेति गर्ने यो नगरपालिकामा पशुपालन तथा विभिन्न तरकारी खेतीको पनि प्रशस्त सम्भावना रहेको छ । यस नगरपालिकाको मध्ये भागमा विभिन्न खाद्यवाली जस्तै धान, गहुँ, मकै, एवम तरकारी खेतीको प्रशस्त संभावना रहेको छ ।

यो नगरपालिकामा बाह्रै महिना वगिरहने विरीङ टाङटिङ नेते सुखानी जस्ता खोलाहरु रहेकाछन यी खोलावाट ढुंगा गिट्टि वालुवा विक्रि गरेर नगरपालिकाले करोडौ आम्दानी गरिरहेको छ भने यसलाई केहि व्यवस्थित गर्न सके यो आम्दानी दोव्वर हुने अवस्था छ । यीनै खोलाले एकातर्फ आम्दानी गरिरहेको छ भने अर्को तर्फ तटवन्ध नभएको क्षेत्रमा कटान गरी व्यापक रुपमा क्षती पनि पुर्याएकोछ यो क्षेत्रको तटवन्ध लाई व्यवस्थित गर्न सके खोलावाट नै धेरै आम्दानी गर्न सकिने अवस्थाछ । सुगम क्षेत्र, राम्रो हावापानी,पहाड र तराइको संगम,प्रसस्त पर्टकीय स्थलहरु भएका कारण यो

नगरपालिका मा व्यवसायिक संभावनाहरु धेरै छन । यो क्षेत्रमा कृषि तथा पशुपालनको पकेट क्षेत्रको रुपमा विकास गरी अधिकतम आम्दानी गर्न सकिन्छ ।

**२.१.२. नामाकरण**

नेपालको पूर्वमा रहेको झापा जिल्लालाई चिनाउने ऐतिहासिक स्थल मध्येका झापाको खुदुनाबारीमा अवस्थित सहिद शाहदत स्थल (सुखानी), ऐतिहासिक शनिश्चरे बजार (झापा जिल्लाकै सवैभन्दा पुरानो वजार) र हिन्दु धार्मिक आस्थाको केन्द्र पूर्वको पशुपतिनाथले परिचित अर्जुनधारा यी तिनै स्थान पूर्व गाउँ विकास समितिका नामले परिचित थिए भने स्थानीय तहको पुनरसंरचना पछि पहिलो चरणमा शनिश्चरे र अर्जुनधारालाई समेटि २०७१ बैसाख २५ गतेको सरकारको निर्णय अनुसार शनिअर्जुन नगरपालिका र २०७३ चैत्र २७ गतेको स्थानीय पूनर्संरचना पछि खुदुनाबारी गाविसलाई समेत समेटेर यस क्षेत्रको पवित्र धार्मिक स्थलको नाममा यस नगरपालिकाको नामाकरण गरिएको हो ।





नगरपालिकाको नाम अर्जुनधारा त ऐतिहासिक धार्मिक स्थल अर्जुनधारा जलेश्वर धामका नाम वाट राखियो अव स्वभाविक प्रश्न उठ्छ कि जलेश्वर धामकै नाम चाहि किन अर्जुनधारा रह्यो ? यो ऐतिहासिक स्थलको नामाकरणको सम्वन्ध द्वापर युगको महाभारत कालीन कथा संग जोडिन्छ । महाभारत कथाका अनुसार पाँच पाण्डवहरु गुप्तवास वस्न विराट राजाकोमा गएका थिए त्यही अवस्थामा कौरव सेनाहरुले विराट राजाका गाईहरु हरण गरेर लगेपछि वृहन्नला (नर्तकी) को भेषमा वसेका अर्जुनले विराट राजकुमार उत्तरको सारथी भएर गएका तर उक्त समयमा उनीहरुको गुप्तवास सकिएको हुनाले र उत्तर कुमार युद्ध गर्न डराएर भागेपछि बृहन्नला (अर्जुन) ले उत्तरलाई सारथी वनाई कौरवहरु संग

युद्ध गरेर जितेपछी गाइहरु सहित विराट राज्य तर्फ फर्कदै गर्दा यो स्थानमा आएपछि गाइहरु तिर्खाले ढल्न थाले । कहि कतै पानीको श्रोत नभएको ले अर्जुनले धर्तीमा वाँड हाँनी पानी निकालेर गाइलाई खुवाएका थिए ।अर्जुन विराट राज्यमा फर्किसकेपनि यो क्षेत्रको पानी सुकेन र स्थानीयले त्यसलाई संरक्षण गरि उपयोग गर्न थाले र त्यसलाइ सवैले चिन्ने गरि अर्जुनधारा नामाकरण गरे त्यही क्षेत्रमा ऐले ५ वटा धाराहरु निर्माण गरिएको छ र जलेश्वर धाम स्थापना गरिएको छ ।यही नामले आज सम्म यो पुण्य भूमि परिचित रहेकोछ ।

**२.१.३.भौगोलिक स्वरुप तथा सिमाना**

अर्जुनधारा नगरपालिका समुन्द्री सतहवाट ११८.८३ मिटर उचाईवाट सुरु भएर ४२८ मिटर सम्म फैलिएकोछ । क्षेत्रफलको आधारमा यो नगरपालिका झापा जिल्लाका कुल १५ वटा स्थानीय तह मध्ये अर्जुनधारा नगरपालिका पाँचौ ठूलो स्थानीय तह हो । यो नगरपालिकाले जिल्लाको ६.७८% भु भाग अर्थात जिल्लको कुल १४८५.५७ वर्ग किलोमिटर मध्ये १०९.८६ वर्ग किलोमिटर क्षेत्र ओगटेकोछ । यो नगरपालिका मुख्य रुपमा दक्षिण पश्चिम मोहोडा फर्काएर उत्तर पूर्व तर्फ फैलिएको छ । यो नगरपालिकाको पूर्वमा झापा जिल्लाकै बुद्धशान्ति गाउँपालिका तथा मेचीनगर नगरपालिका, पश्चिममा कन्काई नगरपालिका तथा इलाम जिल्लाको माइ नगरपालिका, उत्तरमा इलाम जिल्लाको माइ नगरपालिका तथा रोङ गाउँपालिका र दक्षिणमा झापा जिल्लाकै विर्तामोड नगरपालिका पर्दछ । यो नगरपालिका इलाम जिल्लाको २ र झापा जिल्लाका ४ वटा स्थानीय तहसंग जोडिएकोछ ।

**२.१.४. भू वनावट**

अर्जुनधारा नगरपालिका तराई क्षेत्र भएको र संगै पहाड संग पनि जोडिएको हुनाले यहाँको भु वनावट पनि फरक फरक खालको रहेको छ । कतै जंगल कतै भिरालो पाटो र धेरै ठाँउँ सम्म भएकोले बलौटे कालो तथा दोमट माटो पाइन्छ । यस नगरपालिकामा रहेको माटोको वर्गीकरण USDA soil taxonomy को वर्गीकरणमा आधारित रहेर गरिएको छ जस अन्तर्गत अल्फिसोल (२.५१%) एन्टिसोल (२४.९९%) र इनसेप्टिसोल (५८.५४%) र water body (13.96%) छन्। माटोको पोषण तत्वलाइ हेर्दा यस नगरपालिकामा रहेको माटोमा कुल नाइट्रोजन मात्रा अधिक छ भने प्रांगारिक पदार्थको मात्रा मध्यम रहेको छ। प्राकृतिक र कृत्रिम स्रोतबाट पोषण आपूर्ति कम मात्रामा यहाको माटोमा निरन्तर खेती र जैविक पदार्थको अभावका कारणले माटोको पोषण तत्व कम स्तरमा पुऱ्याएको छ । pH मानलाइ हेर्दा अम्लियपाना देखिएको छ । माटोको विशेषताहरूको विश्लेषणले के देखाउँदछ भने नगरपालिकामा अधिकांश जमिनमा उपयुक्त सिंचाइ र माटो व्यवस्थापनमा ध्यान दिन सके वर्षभरि उत्पादन अनाज र तरकारी बालीका लागि उपयुक्त छ ।

### २.१.५. भू उपयोग


अर्जुनधारा नगरपालिका को भू उपयोगको अवस्था हेर्दा दुई तिहाई भन्दा वढी कृषि क्षेत्र रहेकोछ ।यो नगरपालिकाको कुल १०९.८६ बर्ग किलोमिटर क्षेत्रफल मध्ये ७६.७८ बर्गकिमि कृषि क्षेत्रले ओगटेकोछ ।यहाँ आवासीय क्षेत्रले १०.५१ प्रतिशत अर्थात ११.५५ बर्ग किमि क्षेत्रफल ओगटेकोछ भू उपयोगको विवरण निम्नानुसार प्रस्तुत गरिएकोछः

**तालिका १ भू उपयोगका क्षेत्रहरु**


| क्र स | भू उपयोग क्षेत्रहरु | क्षेत्रफल | | प्रतिशत |
|---|---|---|---|---|
| | | हेक्टर | बर्ग किमि | |
| १ | कृषि क्षेत्र | ७६७५.२२ | ७६.७८ | ६९.८९% |
| २ | आवासीय क्षेत्र | ११५४.४५ | ११.५५ | १०.५१% |
| ३ | व्यवसायिक क्षेत्र | २३.८४ | ०.२४ | ०.२२% |
| ४ | औधोगिक क्षेत्र | ५.७४ | ०.०६ | ०.०५% |
| ५ | जंगल क्षेत्र | ५५३.२७ | ५.५३ | ५.०४% |
| ६ | सार्वजानिक सेवा क्षेत्र | ६८८.६७ | ६.८९ | ६.२७% |
| ९ | ताल तलैया तथा जल क्षेत्र | ८८०.४१ | ८.८१ | ८.०२% |
| | **जम्मा** | **१०९८१.६१** | **१०९.८६** | **१००** |

श्रोतः नेपाल सरकार नापि विभाग २०८०

माथि उल्लेखित विवरणलाई स्तम्भचित्र मार्फत निम्नानुसार प्रस्तुत गरिएकोछ ।



# अर्जुनधारा नगरपालिका भू उपयोग नक्सा




### २.१.६. भूमि क्षमता

जसरी हरेक मानिसमा एकै प्रकारको क्षमता हुदैन त्यसैगरि भूमिको पनि एकै प्रकारको क्षमता हुदैन,क्षमता अनुसार भूमिको प्रयोग गरिएन भने क्षमताविहिन मानिसलाई जिम्मेवारी दिए जत्तिकै हुन्छ । त्यसैले भूमिको क्षमता के कस्तो छ भनेर पहिचान गर्नु पर्दछ । भूमि क्षमता मापन गर्दा माटोको प्रकार, ढलान तथा बाक्लोपना त्यसैगरी मौसम,जलवायु,प्रकोप आदिको सुक्ष्म विश्लेषण गरिन्छ ।यसरी मापन गर्दा मुख्य रुपमा ८ प्रकारको भूमि पहिचान गरिन्छ । जसको विवरण निम्नानुसार रहेकोछ ।

१. कालो तथा वाक्लो र मलिलो माटो ,अधिकतम १ डिग्रि सम्म ढलान भएको,सिंचाइको सुनिश्चितता भएको र बाढी तथा खडेरीको प्रकोप नभएको ।
२. कालो बाक्लो र मलिलो माटो ,१ देखि ५ डिग्री सम्म ढलान भएको,सिंचाइको सुनिश्चितता भएको,केहि भिरालो भएकोले माटो बगेर जान सक्ने,खडेरी तथा बाढीको संभावना रहेको ।
३. भिरालो तथा सुक्खा खालको माटो, ५ देखि ३० डिग्रि सम्म ढलान भएको, भूक्षयको संभावना अधिक रहेको (माटो बगेर जाने ) मल तथा पानीको अति कम आवश्यकता हुने खालका वाली लगाउन सकिने,बाढी तथा खडेरिको अधिकतम जोखीम रहेको
४. पातलो तथा रुखो माटो,३० डिग्री भन्दा वढी ढलान भएको,माटो वगेर जाने अधिक संभावना भएको , वाढी तथा खडेरीको उच्च जोखीम रहेको भूमी। यस्तो क्षेत्रमा पनि खेती गर्न सकिन्छ
५. माटो अति कडा वा अति गिलो,घाँसे मैदानहरु,चरन क्षेत्रका लागि उपयुक्त,वन विकासका लागि उपयुक्त यो क्षेत्रमा खेतीवालीको संभावना रहदैन ।
६. वन्य जन्तु संरक्षणका लागि उपयुक्त माटो अति पातलो हुन्छ भूमि ढलान धेरै ठाडो हुन्छ,यसमा बाली लगाउन सकिदैन। लामो समय लगाएर हुर्किएका रुखहरु हुने भएकोले प्राकृतिक रुपमा वन्यजन्तु संरक्षणका लागि उपयुक्त मानिन्छ । यो भूमिमा बाली लगाउन सकिदैन ।
७. माटो सकिदै गएको ठूला ठूला रुखहरु समेत नहुने झाडी वुटयानहरु मात्र भएको धेरै भिरालो खालको भूमि,सिमित वन्यजन्तुहरको वासस्थान का लागि उपयुक्त ।
८. अत्यन्तै उवडखावड भएको भूमि,बन तथा वन्यजन्तुका लागि पनि अनुपयुक्त हिमाली क्षेत्रहरु,साना तिना वाहेक बनस्पतीहरु समेत नभएको क्षेत्र

माथि उल्लेखित ८ प्रकारका भूमि क्षमताका आधारमा अर्जुनधारा नगरपालिकाको विस्तृत अध्ययन गरि विश्लेषण गरिएको छ । उल्लेखित ८ मध्ये १ देखि ४ सम्मका भूमिहरु कृषिका लागि उपयुक्त मानिन्छन तथापि ३ र ४ नं मा परेका भूमिहरुमा विशेष खालका वालिहरु छनौट गरि खेति गर्नुपर्ने हुन्छ ।अर्जुनधारा नगरपालिकाको हकमा माथि उल्लेखित मध्ये पहिलो दोश्रो तेश्रो प्रकारका भूमिहरु रहेकाछन । यसका आधारमा हेर्दा अर्जुनधारा नगरपालिकाको सवै भूमी खेतीका लागि उपयुक्त छ ।


अर्जुनधारा नगरपालिका भूमि क्षमतानक्सा
Legend
Land Capability Class
I
II
III
IV
V
VI
VII
Non Arable (5/6)
Canal
Flood Plain
Khola
Plantation
Pond
Residential
Road
Sandbar

माथि उल्लेखित नक्साका आधारमा अर्जुनधारा नगरपालिका मुख्य रुपमा ६ प्रकारको भूमि क्षमता वर्गिकरणमा रहेकोछ ।


**तालिका २ भूमि क्षमताको वर्गिकरण अर्जुनधारा नगरपालिका**

| क्र स | भूमि क्षमता वर्गिकरण | क्षेत्रफल | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | हेक्टर | वर्गकिमि | | |
| १ | IAH/1 | २३०७.७४ | २३.१ | २१.०% | उपोष्ण कटी वंधीय खेतीको लागि अत्यन्तै उपयुक्त |
| २ | IAH/1R | १३२९.५५ | १३.३ | १२.१% | उपोष्ण कटी वंधीय धान खेतीको लागि अत्यन्तै उपयुक्त २ वाली लगाउन सकिने |
| ३ | IAH/2R | ५२१.०३ | ५.२ | ४.७% | धान खेतीका लागि उपयुक्त |
| ४ | IAH/2 | २१५.५७ | २.२ | २.०% | उपोष्ण कटी वंधीय खेतीको लागि अत्यन्तै उपयुक्त |
| ५ | IAH/2s | ७३१.१३ | ७.३ | ६.७% | मौसमी विपत्ती आउने तथापी कृषिका लागि उपयुक्त |
| ६ | IIAH/1e | १४७.८ | १.५ | १.३% | उपोष्ण कटी वंधीय खेतीको लागि अत्यन्तै उपयुक्त माटो वगेर जाने संभावना कम |
| ७ | IIAH/1R | ५३.४४ | ०.५ | ०.५% | खेतीका लागि मद्यम सिंचाइको अभाव हुने |
| ८ | IIAH/2R | १०४१.१४ | १०.४ | ९.५% | पातलो माटो सिंचाइको व्यवस्था हुँदा २ वाली धान लगाउन सकिने |
| ९ | IIAH/2s | ५०७.१४ | ५.१ | ४.६% | वन व्यवस्थापनका लागि उपयुक्त |
| १० | III AH/1R | ७.३ | ०.१ | ०.१% | खेतीका लागि मद्यम सिंचाइको अभाव हुने |
| ११ | III AH/1se | ९.४ | ०.१ | ०.१% | खेतीका लागि मद्यम सिंचाइको अभाव हुने माटो क्षयीकरणको संभावना |
| १२ | III AH/1t | २४.८७ | ०.२ | ०.२% | खेतीका लागि मद्यम सिंचाइको अभाव हुने माटो क्षयीकरणको संभावना टोपोग्राफिको कमी |
| १३ | III AH/2 | २९१.५६ | २.९ | २.७% | खेतीका लागि मद्यम सिंचाइको अभाव हुने |
| १४ | IAH/5 | २२७०.०३ | २२.७ | २०.७% | खेतीका लागि उपयुक्त भएर पनि आवासीय क्षेत्र तथा जंगल भएका कारण खेती नगरिएको |
| १५ | IAH/6 | ६९०.४१ | ६.९ | ६.३% | |


| क्र स | भूमि क्षमता वर्गिकरण | क्षेत्रफल | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | हेक्टर | वर्गकिमि | | |
| १६ | IIAH/5st | २०२.०५ | २.० | १.८% | वन व्यवस्थापनका लागि उपयुक्त |
| १७ | IIAH/5t | १६६.०९ | १.७ | १.५% | चिसो क्षेत्र |
| १८ | VAh | २०२.७१ | २.० | १.८% | |
| १९ | River chanal | २६२.६६ | २.६ | २.४% | |
| | जम्मा | १०९८१.६१ | १०९.८६ | १००% | |


श्रोतः नापी विभाग मिन भवन काठमाडौं २०८०

माथि उल्लेखित विवरणलाई स्तम्भ चित्र मार्फत देखाइएकोछ ।




# अर्जुनधारा नगरपालिका भूमि क्षमता उपयोग नक्शा
## वडा नं १, २ र ३





अर्जुनधारा नगरपालिका भूमि क्षमता उपयोग नक्शा
वडा नं ४, ५,६ र ७
Legend
River Channel
IAh/1
IAh/1R
IAh/2R
IAh/2s
IIAh/2R
IIAh/2s
IIAh/5st
IIAh/5t
VAh
Sisne Madanpur
Gadhi
Hattikilla
Bhanbari
Narayanchok
Ramailobasti
Parakhop
Bhittigaun
Ratekhal
Mildanda
Arjundhara
Kyampa
Kakwaligaun
Kanchanbari
Dahijhoda
Baghedagi
Phulbari
Baisabari
Pandavpur
Phulbari
Panikal
Bhittabari
Tallo Baghedagi

## अर्जुनधारा नगरपालिका भूमि क्षमता उपयोग नक्शा
## वडा नं ८, ९,१० र ११



### २.१.७. नदीनाला तथा तालपोखरी

अर्जुनधारा नगरपालिकामा  केहि उल्लेखनीय खोलाहरु रहेकाछन जसमध्ये केहि वाह्रै महिना वगिरहन्छन भने केही वर्षायाममा मात्र वग्ने गर्दछन । यो नगरपालिकामा रहेका खोला हरुमा विरिङ,टाङटिङ सुखानी, नेते, अदुवा, फुलमती,रेखा आदी वाह्रै महिना वगिरहने खोला हुन यी खोलाहरुमा वर्षा याममा वा पानी परेको समयमा वाढी आउने र अरु वेला खोला (पानी) वाटै तर्न सकिने हुन्छन । विरिङ तथा टाङटिङ खोला अर्जुनधाराको आम्दानीको प्रमुख श्रोत पनि हो, वालुवा तथा गिट्टि विक्रि गरेर नगरपालिकाले वर्षेनी करोडौ आम्दानी गर्ने गरेकोछ ।  अन्य पोखरीहरुमा सुखानी झिल अर्जुनधारा जलेश्वर धाम भिमसेन पोखरी लगायत रहेकाछन ।

### २.२. जनसांख्यिक अवस्था

अर्जुनधारा नगरपालिकाको जनसंख्याको अवस्थालाई हेर्दा राष्ट्रिय जनगणना २०७८ अनुसार १८३०१ रहेको छ । जनगणना प्रतिवेदन अनुसार यो नगरपालिकामा महिलाको संख्या पुरुषको भन्दा २.४१ रहेकोछ । कुल जनसंख्या १८३०१ मध्ये महिलाको संख्या ९३७१ र पुरुषको संख्या ८९३० रहेको छ । यो नगरपालिकाको जनघनत्व २०७.४४ प्रति घनमिटर रहेकोछ ।घरधुरी तथा जनसंख्या सम्वन्धी विवरण तल प्रस्तुत गरिएकोछ

**तालिका ३ जनसांख्यिक अवस्था**

| वडा नं | घर परिवार संख्या | जनसंख्या | | | औषत परिवार संख्या | महिला पुरुष अनुपात | जनघनत्व | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | | |
| १ | १६५० | ३४४२ | ३१६२ | ६६०४ | ४. | ०.९२ | ३५४.१ | १८.६५ |
| २ | १३९७ | २८७५ | २६४८ | ५५२३ | ३.९५ | ०.९२ | ३५०.४४ | १५.७६ |
| ३ | १६७० | ३५०० | ३१७६ | ६६७६ | ४. | ०.९१ | ३९६.२ | १६.८५ |
| ४ | १५६४ | ३३३२ | ३०४४ | ६३७६ | ४.०८ | ०.९१ | ५०४.८३ | १२.६३ |
| ५ | २४१३ | ५११५ | ४७०३ | ९८१८ | ४.०७ | ०.९२ | ९१६.७१ | १०.७१ |
| ६ | २८९५ | ५९२० | ५४३३ | ११३५३ | ३.९२ | ०.९२ | १९०४.८७ | ५.९६ |
| ७ | ११६१ | २३८४ | २३३८ | ४७२२ | ४.०७ | ०.९८ | १४९४.३ | ३.१६ |
| ८ | १५८८ | ३३५८ | ३१५२ | ६५१० | ४.१ | ०.९४ | १८४४.१९ | ३.५३ |
| ९ | १९८३ | ४०९४ | ३८०३ | ७८९७ | ३.९८ | ०.९३ | ११४९.४९ | ६.८७ |
| १० | १६५६ | ३६३२ | ३२६६ | ६८९८ | ४.१७ | ०.९ | १०९४.९२ | ६.३० |

| वडा नं | घर परिवार संख्या | जनसंख्या | | | औषत परिवार संख्या | महिला पुरुष अनुपात | जनघनत्व | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | | |
| ११ | २९५८ | ६१८६ | ५४५५ | ११६४१ | ३.९४ | ०.८८ | १२३३.१६ | ९.४४ |
| जम्मा | २०९३५ | ४३८३८ | ४०१८० | ८४०१८ | ४.०१ | ०.९२ | ७६४.७७ | १०९.८६ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

उल्लेखित विवरणका आधारमा हेर्दा जनसंख्याका आधारमा सवैभन्दा ठुलो वार्ड ११ नं हो भने सवैभन्दा सानो वार्ड ७ हो त्यसैगरी भूगोलका आधारमा हेर्दा वडा नं १ नै सवैभन्दा ठूलो  र वडा नं ७ सवैभन्दा सानो वार्ड हो ।सवै ११ वटै वडामा २ पुरुषको भन्दा महिलाको जनसंख्या वढी रहेको छ ।समग्रमा यो नगरपालिकामा पुरुषको संख्या ४७.८२% र महिलाको संख्या ५२.१८% रहेकोछ ।यो जनसंख्या २०६८ सालको जनसंख्या ६०२०४ भन्दा २३८१४ ले वढी हो ।

जनगणना २०७८ का अनुसार अर्जनुधारा नगरपालिकाको वार्षिक जनसंख्या वृद्धिदर ३.९६% रहेकोछ । यो राष्ट्रिय वृद्धिदर (०.९२%) भन्दा ३.०४% ले वढी हो ।जनसंख्या वृद्धिमा यहाँको जन्म भन्दा पनि वसाइसराइ प्रमुख रहेको देखिन्छ ।यो नगरपालिकामा विशेष गरेर ताप्लेजुङ पाँचथर इलाम तथा तेह्रथुम जिल्लावाट वसाइ सरी आउने गरेको पाइन्छ ।

अर्जुनधारा नगरपालिका तराइको जिल्ला भएर पनि यहाँको करीव ९९% जनसंख्या पहाडे समुदायको रहेकोछ त्यसले गर्दा पनि पहाड वाट यो नगरपालिकामा वसाई सरी आउने संख्या अधिक हुने गरेको पाइएकोछ ।मुख्य गरी व्राम्हण क्षेत्री दलित तथा मगर तामाङ हरुको वसोवास रहेको छ ।

अर्जुनधारा नगरपालिकाको उल्लेखित जनसंख्यालाई विभिन्न उमेर समहुमा समेत विभाजन गरेर हेरिएको छ उत्पादनशील जनसंख्या र आश्रित जनसंख्या पहिचान गरेर मात्र विकासका मोडलहरु प्रस्तुत गर्न सकिने भएकोले गर्दा यहाँको जनसंख्यालाई विभिन्न उमेर समूहमा लैङ्गिक अवस्था समेत छुट्टिने गरी विश्लेषण गरिएको छ जसको विवरण तल प्रस्तुत गरिएकोछ ।

**तालिका ४  उमेर समुहका आधारमा जनसंख्या अवस्था**

| क्र स | उमेर समुह (वर्ष) | कुल जम्मा | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | ००-०४ वर्ष | ३२२५ | २९३७ | ६१६२ |
| २ | ०५-०९ बर्ष | ३८१९ | ३५६१ | ७३८० |

| क स | उमेर समुह (वर्ष) | कुल जम्मा | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| ३ | १०-१४ बर्ष | ३६९० | ३५४६ | ७२३६ |
| ४ | १५-१९ बर्ष | ३८४१ | ३८३३ | ७६७४ |
| ५ | २०- २४ बर्ष | ३०६० | ३७९० | ६८५० |
| ६ | २५-२९ बर्ष | २८४३ | ३९९३ | ६८३६ |
| ७ | ३०-३४ बर्ष | २९३७ | ४००४ | ६९४१ |
| ८ | ३५- ३९ बर्ष | ३०५८ | ३७११ | ६७६९ |
| ९ | ४०-४४ बर्ष | २८५१ | ३०९६ | ५९४७ |
| १० | ४५-४९ बर्ष | २२१२ | २३६९ | ४५८१ |
| ११ | ५०-५४ बर्ष | २२३७ | २३२० | ४५५७ |
| १२ | ५५-५९ बर्ष | १६६६ | १७९८ | ३४६४ |
| १३ | ६०-६४ बर्ष | १४७५ | १५८२ | ३०५७ |
| १४ | ६५-६९ बर्ष | १२०६ | १२३३ | २४३९ |
| १५ | ७०-७४ बर्ष | ८६७ | ८६६ | १७३३ |
| १६ | ७५-७९ बर्ष | ६०८ | ५९३ | १२०१ |
| १७ | ८०-८४ बर्ष | ३२५ | ३२९ | ६५४ |
| १८ | ८५-८९ बर्ष | १६८ | १८७ | ३५५ |
| १९ | ९०-९४ बर्ष | ६४ | ६२ | १२६ |
| २० | ९५+ | २८ | २८ | ५६ |
| | जम्मा | ४०१८० | ४३८३८ | ८४०१८ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

## तालिका ५ उमेर समुह तथा लिङ्गका आधारमा जनसंख्या अवस्था

| वडा नं | लिंग | उमेर समुह | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ००-०४ | ०५-०९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४५-४९ | ५०-५४ | ५५-५९ | ६०-६४ | ६५-६९ | ७०-७४ | ७५-७९ | ८०-८४ | ८५-९० | ९०-९४ | 95+ | जम्मा |
| एक | पु | २६८ | ३१० | २८८ | २९० | २३७ | २३९ | २१७ | २२५ | १९९ | १६० | १९५ | १२६ | १२९ | ९० | ८२ | ५६ | २९ | १४ | ६ | २ | ३१६२ |
| | म | २७१ | २६५ | २७२ | ३२० | ३०९ | ३११ | २७९ | २७६ | २३१ | १९९ | १९३ | १४२ | ११० | ९९ | ८१ | ४१ | २१ | १२ | ८ | २ | ३४४२ |
| दुई | पु | २०२ | २५० | २१७ | २२८ | १९२ | १९२ | २०५ | २०५ | २०४ | १३९ | १४६ | १२९ | ११२ | ८० | ६४ | ४२ | २६ | ९ | ४ | २ | २६४८ |
| | म | २०३ | २४२ | २२६ | २४६ | २६९ | २४८ | २३९ | २२८ | १९७ | १५२ | १७८ | १४० | ११० | ७२ | ५२ | ३५ | २१ | १४ | १ | २ | २८७५ |
| तीन | पु | २५२ | २८७ | २६८ | ३१३ | २५५ | २१२ | २२८ | २४४ | २१२ | १८८ | १८४ | १४६ | १०३ | १०२ | ६७ | ५३ | २६ | १८ | ७ | २ | ३१६७ |
| | म | २२० | २९४ | २८१ | ३३१ | ३१० | ३०० | ३०२ | २७४ | २६५ | १८५ | १७५ | १५२ | १४१ | १०५ | ६४ | ६३ | ३० | १३ | ३ | १ | ३५०९ |
| चार | पु | २४७ | २९१ | २८२ | ३०४ | २०७ | २१४ | २०१ | २२४ | १९८ | १७२ | १७२ | १३७ | ११२ | १०८ | ८४ | ४९ | २२ | १४ | ३ | ३ | ३०४४ |
| | म | २२८ | २९५ | २८० | २८८ | २८७ | ३१८ | २६३ | २६० | २०६ | १७८ | १८२ | १४२ | १५० | १०९ | ६९ | ४१ | २१ | १२ | १ | २ | ३३३२ |
| पाँच | पु | ३७४ | ४१६ | ४३२ | ४४५ | ३६२ | २९८ | ३२५ | ३५१ | ३३८ | २४५ | ३०८ | २०० | १९९ | १४९ | १०५ | ७४ | ५१ | २२ | ५ | ४ | ४७०३ |
| | म | ३४५ | ३९० | ४३२ | ४२९ | ४२४ | ४३८ | ४५० | ४३५ | ३६१ | २८६ | २९९ | २२२ | १८७ | १५१ | १०९ | ७८ | ४३ | २७ | ३ | ६ | ५११५ |
| छ | पु | ४४१ | ५८८ | ४८४ | ५५१ | ३९३ | ४०३ | ४२२ | ४६८ | ४२७ | २८४ | २७० | २०६ | १७६ | १३२ | ८५ | ५२ | २६ | १५ | ७ | ३ | ५४३३ |
| | म | ३९७ | ४९५ | ४६३ | ५२४ | ५११ | ६२५ | ६०१ | ५५४ | ४२२ | ३०८ | २८७ | १९९ | १९२ | १४० | ७९ | ५८ | ४४ | १० | ९ | २ | ५९२० |
| सात | पु | १५८ | १९८ | २२८ | २२७ | १९३ | १६५ | १६५ | १६२ | १७५ | १३७ | १३३ | १२२ | ७६ | ७४ | ५० | ३८ | १६ | १० | ७ | ४ | २३३८ |
| | म | १३३ | १५४ | २०४ | २१८ | १९२ | १८९ | २०० | २०२ | १९१ | १३५ | १३६ | ११४ | १०२ | ७० | ६२ | ३९ | २० | १४ | ८ | १ | २३८४ |
| आठ | पु | २५९ | २८० | ३३६ | ३१० | २३९ | २३९ | २२६ | २५३ | २३८ | १८५ | १४८ | १०४ | १०८ | ९२ | ६० | ३८ | २२ | ८ | ४ | ३ | ३१५२ |
| | म | २०५ | २६५ | २७० | ३१७ | ३०२ | २८७ | ३२४ | ३१६ | २४१ | १६३ | १६५ | १४३ | ११५ | ९९ | ६३ | ४९ | १८ | १३ | ० | ३ | ३३५८ |
| नौ | पु | २८९ | ३४२ | ३६१ | ३३० | २६६ | २६२ | २७२ | २८७ | २६० | २३१ | २१५ | १६२ | १६१ | १२१ | १०५ | ७९ | ३८ | १८ | ३ | १ | ३८०३ |
| | म | २८२ | ३१६ | ३०३ | ३१४ | ३१६ | ३५७ | ३८६ | ३५१ | २९० | २२६ | २१२ | १८७ | १५५ | १४० | ८८ | ८३ | ४९ | २५ | १० | ४ | ४०९४ |
| दश | पु | २३९ | ३२२ | २७४ | ३३३ | २४९ | २१० | २४५ | २१९ | २१६ | १८८ | १८४ | १५० | १३९ | ११५ | ७६ | ४६ | ३७ | १२ | ८ | ४ | ३२६६ |
| | म | २४० | ३१९ | २८३ | ३०६ | ३१७ | ३११ | ३१७ | २९७ | २५३ | २०५ | १८६ | १४६ | १४३ | ११५ | ८४ | ५० | २६ | २३ | ९ | २ | ३६३२ |
| एघार | पु | ४९६ | ५३५ | ५२० | ५१० | ४६७ | ४०९ | ४३१ | ४२० | ३८४ | २८३ | २८२ | १८४ | १६० | १४३ | ८९ | ७१ | ३२ | २८ | १० | १ | ५४५५ |
| | म | ४१३ | ५२६ | ५३२ | ५४० | ५५३ | ६०९ | ६४३ | ५१८ | ४३९ | ३३२ | ३०७ | २११ | १७७ | १३३ | ११५ | ६६ | ३६ | २३ | १० | ३ | ६१८६ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

### तालिका ६ जातीय आधारमा घरधुरी विवरण

| क्रस | जातजाती | घरधुरी | जम्मा जनसंख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | पहाडी बाम्हण | ५८४७ | २३४६४ | २७.९३% | |
| २ | क्षेत्री | ४३१२ | १७३०७ | २०.६०% | |
| ३ | लिम्वु | १६३० | ६५४० | ७.७८% | |
| ४ | कामी | ११२१ | ४५०० | ५.३६% | |
| ५ | राई | १०७४ | ४३१२ | ५.१३% | |
| ६ | तामाङ | ९५५ | ३८३१ | ४.५६% | |
| ७ | मगर | ६७७ | २७१६ | ३.२३% | |
| ८ | दमाइ | ६१२ | २४५६ | २.९२% | |
| ९ | नेवार | ५७८ | २३१९ | २.७६% | |
| १० | दसानमी सन्यासी | ४८१ | १९३१ | २.३०% | |
| ११ | राजवंसी | ३३० | १३२६ | १.५८% | |
| १२ | थारु | २४९ | ९९९ | १.१९% | |
| १३ | मधेशी | २२६ | ९०८ | १.०८% | |
| १४ | दनुवार | २०७ | ८२९ | ०.९९% | |
| १५ | अन्य | २६३६ | १०५८० | १२.५९% | |
| | जम्मा | २०९३५ | ८४०१८ | १००% | |

श्रोतः राष्ट्रिय जनगणना २०७८

जातीय आधारमा हेर्दा यो नगरपालिकामा सवै भन्दा धेरै २७.९३ प्रतिशत घरधुरी पहाडे बाहुनको रहेको छ भने तुलानात्मक रुपमा दलित जातीको संख्या राष्ट्रिय औषत भन्दा कम रहेकोछ । यो नगरपालिकामा दलित जातिको ८.२८ फ्रतिशत घरधुरी रहेकोछ ।


### तालिका ७ जातीय आधारमा जनसंख्या विवरण

| क्रस | जातजाती | लिङ्ग | | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | |
| १ | पहाडी वाहुन | १२१७० | ११२९४ | २३४६४ | २७.९३% | |
| २ | क्षेत्री | ९०७५ | ८२३२ | १७३०७ | २०.६०% | |
| ३ | लिम्वु | ३४५७ | ३०८३ | ६५४० | ७.७८% | |
| ४ | कामी | २३७६ | २१२४ | ४५०० | ५.३६% | |

| क्रस | जातजाती | लिङ्ग | | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | |
| ५ | राई | २२८९ | २०२३ | ४३१२ | ५.१३% | |
| ६ | तामाङ | २०११ | १८२० | ३८३१ | ४.५६% | |
| ७ | मगर | १४४३ | १२७३ | २७१६ | ३.२३% | |
| ८ | दमाइ | १३०७ | ११४९ | २४५६ | २.९२% | |
| ९ | नेवार | १२०१ | १११८ | २३१९ | २.७६% | |
| १० | दसानमी सन्यासी | १०३६ | ८९५ | १९३१ | २.३०% | |
| ११ | राजवंसी | ६८४ | ६४२ | १३२६ | १.५८% | |
| १२ | थारु | ५२० | ४७९ | ९९९ | १.१९% | |
| १३ | मधेशी | ४४५ | ४६३ | ९०८ | १.०८% | |
| १४ | दनुवार | ४१९ | ४१० | ८२९ | ०.९९% | |
| १५ | अन्य | ५४०५ | ५१७५ | १०५८० | १२.५९% | |
| | जम्मा | ४३८३८ | ४०१८० | ८४०१८ | १००% | |

श्रोतः राष्ट्रिय जनगणना २०७८

माथि उल्लेखित विवरणलाई स्तम्भ चित्र मार्फत निम्नानुसार देखाउन सकिन्छ



अपाङ्ग शव्दको अर्थ कुनैपनि अंग विकृत भएको भन्ने हुन्छ । कतिपय अवस्थामा यो अंग भंग भएको वा विग्रिएको वा भाँचिएको हुन्छ भने कतिपय अवस्थामा हेर्दा भंग नभएको तर काम चाहि नगर्ने वा कम गर्ने हुन्छ । त्यसैले अपाङ्ग शव्द लाई काम संग जोडेर हेर्नु उपयुक्त हुन्छ । नियमित रुपमा समान्य अवस्थामा भन्दा अंग विग्रिएका कारणले काम गर्न नसक्ने अवस्थालाई अपाङ्ग भन्नु पर्छ । जस्तो हात खुट्टा भाँचिएको, नभएको, जलेको आँखा नभएको वा नदेख्ने जस्ता कुराहरु प्रत्यक्ष रुपमा नै विकृत भएका हुन्छन । तर कान नसुन्ने (वहिरा) प्रत्यक्ष रुपमा हेर्दा अपाङ्ग देखिदैन तर उनीहरु पनि यो परिभाषा भित्र पर्दछन

**तालिका ८ अपाङ्गताका आधारमा जनसंख्या विवरण**

| क्रस | विवरण | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | शारिरिक अपाङ्गता | ४२६ | ३५६ | ७८२ | |
| २ | न्युन दृष्टि | १२५ | १०१ | २२६ | |
| ३ | दृष्टि विहिन | ३७ | ४५ | ८२ | |
| ४ | बहिरोपन | ७३ | ८४ | १५७ | |
| ५ | मनोसामाजिक अपाङ्गता | ५१ | ५८ | १०९ | |
| ६ | न्युन श्रवण शक्ति | १०५ | ९३ | १९८ | |
| ७ | बहिरोपन एवम दृष्टि विहिन | ११ | ८ | १९ | |
| ८ | मानसिक मनोसामाजिक | ८४ | ८१ | १६५ | |
| ९ | बौद्धिक अपाङ्गता | १६ | १२ | २८ | |
| १० | अनुवंसीय रक्त श्राव (हेमोफेलिया) | १४ | १९ | ३३ | |
| ११ | अटिजम | १० | ७ | १७ | |
| १२ | बहु अपाङ्गता | १११ | ८९ | २०० | |
| | जम्मा | १०६३ | ९५३ | २०१६ | |

श्रोतः राष्ट्रिय जनगणना २०७८

## २.३. खानेपानीको श्रोत सम्वन्धि विवरण

अर्जुनधारा नगरपालिकाका २०९३५ घरधुरीमा खानेपानीको मुख्य श्रोत ट्यूवेलबाट आउने पानी हो । यो नगरपालिकाका ६३.५५% अर्थात १३३०४ घरधुरीको खानेपानीको श्रोत भनेको ट्यूवेल हो भने २९.४६% अर्थात ६१६० घरधुरीमा पाइपबाट पानी आउने गर्दछ । वाँकी रहेका मध्ये ५.२% अर्थात १०८८ घरधुरी खानेपानीको लागि इनार उपयोग गरिरहेका छन । मुल पानी खाने घरधुरीको

संख्या १.४३% अर्थात २९९  रहेको छ भने खोलाको पानी खाने घरधुरीको संख्या ०.०६% अर्थात १३  रहेको छ, **जार तथा वोतलको पानी किनेर खाने परिवारको संख्या १७ अर्थात ०.०८ % रहेको छ भने** खानेपानीको निश्चित श्रोत नभएका घरधुरी पनि यस नगरपालिकामा ५४ अर्थात ०.२६% रहेकाछन । अर्जुनधारा नगरपालिकाको खानेपानीको श्रोतको आधारमा वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछ ।

**तालिका ९ खानेपानीको श्रोतको आधारमा घरधुरी विवरण**

| वडा | कम्पाउण्ड भित्रै धारा | कम्पाउण्ड वाहिर धारा | ट्यूववेल /कल | सुरक्षित इनार | असुरक्षित इनार | मूलका पानी | खोला नदी | जार वोतल | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २४६ | ९२८ | ३०५ | १०० | ५९ | २ | २ | ६ | २ | १६५० |
| २ | ५२ | ५२९ | ५०१ | १२२ | १०६ | ६७ | ८ | १ | ११ | १३९७ |
| ३ | १८७ | ४०६ | ६१० | १९० | २२६ | ४१ | ३ | ४ | ३ | १६७० |
| ४ | १६६ | ५४४ | ७९३ | १५ | २५ | २ | ० | १ | १८ | १५६४ |
| ५ | १०३ | ५५ | २२२९ | ७ | ९ | १ | ० | १ | ८ | २४१३ |
| ६ | ५४१ | ८१ | २२१३ | १ | १२ | ४४ | ० | १ | २ | २८९५ |
| ७ | ३५९ | १७४ | ६१० | ४ | ९ | ० | ० | ० | ५ | ११६१ |
| ८ | ३३६ | १११ | ११२३ | ५ | ९ | १ | ० | ३ | ० | १५८८ |
| ९ | ३१४ | ६१ | १५३५ | ४१ | ३१ | ० | ० | ० | १ | १९८३ |
| १० | १८८ | १२१ | १३०२ | २३ | २० | ० | ० | ० | २ | १६५६ |
| ११ | ३४६ | ३१२ | २०८३ | ४६ | २८ | १४१ | ० | ० | २ | २९५८ |
| जम्मा | २८३८ | ३३२२ | १३३०४ | ५५४ | ५३४ | २९९ | १३ | १७ | ५४ | २०९३५ |
| प्रतिशत | १३.५६% | १५.८७% | ६३.५५% | २.६५% | २.५५% | १.४३% | ०.०६% | ०.०८% | ०.२६% | १००% |

राष्ट्रिय जनगणना २०७८

## २.४. उज्यालोकोलागि बत्तिप्रयोग सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिका, झापा जिल्लाको सुगम नगरपालिकाहो तथापी यो नगरपालिकामा अझैपनि २१९ घरधुरीमा केन्द्रीय विद्युत जोडिएको छैन । हालसम्मको तथ्याङ्क अनुसार यहाँका ९८.९५% अर्थात २०७१६ घरधुरीमा केन्द्रीय विद्युत जोडिएको छ । वाँकी १.०५% घरधुरी मध्ये ०.६८% अर्थात १४२ घरधुरीमा सोलार वत्ती प्रयोग भएको छ भने ०.३७% अर्थात ७७ घरधुरीमा हाल सम्म कुनै

निश्चित श्रोत छैन विद्युत पनि जोडीएको छैन सोलार पनि छैन । अर्जुनधारा नगरपालिकाको उज्यालोको लागि वत्ती प्रयोग सम्वन्धी वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

**तालिका १० उज्यालोको श्रोतको आधारमा घरधुरी विवरण**

| वडा नं | बिजुली | सोलार | मट्टीतेल | बायो ग्याँस | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १६२७ | १७ | ३ | ० | ३ | १६५० |
| २ | १३६२ | २६ | ९ | ० | ० | १३९७ |
| ३ | १६५९ | ४ | ५ | ० | २ | १६७० |
| ४ | १५३६ | १९ | ५ | ० | ४ | १५६४ |
| ५ | २३७८ | २० | ११ | १ | ३ | २४१३ |
| ६ | २८७८ | १४ | २ | ० | १ | २८९५ |
| ७ | ११४९ | १० | २ | ० | ० | ११६१ |
| ८ | १५८३ | १ | ३ | ० | १ | १५८८ |
| ९ | १९७० | ९ | २ | ० | २ | १९८३ |
| १० | १६४७ | ४ | १ | ० | ४ | १६५६ |
| ११ | २९२७ | १८ | ११ | २ | ० | २९५८ |
| जम्मा | २०७१६ | १४२ | ५४ | ३ | २० | २०९३५ |
| प्रतिशत | ९८.९५% | ०.६८% | ०.२६% | ०.०१% | ०.१०% | १००% |

श्रोतः राष्ट्रिय जनगणना २०७८

### २.५. खाना पकाउने इन्धन सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकाका विशेष गरि महिलाहरुको धेरै समय बित्ने भान्सामा कस्तो प्रकारको चुल्हो र इन्धन प्रयोग भइरहेको छ भन्ने प्रमुख विषय हो । यो नगरपालिकाका २०९३५ घरधुरी मध्ये ७३.०८% अर्थात १५२९९ घरधुरीमा एल पी ग्याँस प्रयोग भइरहेकोछ त्यसैले यहाँको इन्धनको प्रमुख श्रोत भनेको एल पी ग्याँस नै हो ।यो नगरपालिकामा दाउराका लागि पनि श्रोत भएकोले २२.९९% अर्थात ४८१२ घरधुरीहरु खाना पकाउन दाउरा प्रयोग गरिरहेकाछन । सामान्यतया यो नगरपालिकामा पशुपालनमा पनि मानिसहरु संलग्न रहेको हुनाले हाल ७१३ घरधुरीमा बायोग्याँस खाना पकाउनको लागि प्रयोग भइरहेको छ जुन यो नगरपालिकाको कुल घरधुरीको ३.४१% हुन आउछ । यो नगरपालिकामा पछिल्लो समय विद्यूतीय चुल्हो समेत प्रयोग हुन थालेको छ । हाल

खानापकाउनको विद्युतीय चुल्हो प्रयोग गर्ने घरधुरी संख्या ८२ रहेको छ र यो वढ्दो दरमा रहेको छ हाल यो नगरपालिकाको २५ घरधुरीले अझैपनि गोवरका गुइठा वालेर खाना पकाउने गरेको पाइएको छ भने खाना पकाउने निश्चित श्रोत नै नभएका ४ घरधुरी रहेकाछन । अर्जुनधारा नगरपालिकामा खाना पकाउने इन्धन को वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

**तालिका ११ खाना पकाउने इन्धनको आधारमा घरधुरी विवरण**

| वार्ड | दाउरा | एल पी ग्याँस | विद्युतीय चुल्हो | गुइठा | वायो ग्यास | मट्टीतेल | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ७८३ | ७८३ | ४ | ० | ७९ | १ | ० | १६५० |
| २ | ६५६ | ६९८ | ५ | १ | ३७ | ० | ० | १३९७ |
| ३ | ७५३ | ८८४ | ११ | ० | २० | ० | २ | १६७० |
| ४ | ५१२ | ९२८ | ८ | २ | ११४ | ० | ० | १५६४ |
| ५ | ३१६ | १९५६ | ६ | ४ | १३१ | ० | ० | २४१३ |
| ६ | १५८ | २६९८ | १९ | ० | २० | ० | ० | २८९५ |
| ७ | १३२ | ९६९ | ४ | २ | ५४ | ० | ० | ११६१ |
| ८ | ३०८ | १२४१ | ० | ८ | ३१ | ० | ० | १५८८ |
| ९ | २४७ | १६३७ | ९ | २ | ८८ | ० | ० | १९८३ |
| १० | ३४४ | १२१६ | ३ | ० | ९३ | ० | ० | १६५६ |
| ११ | ६०३ | २२८९ | १३ | ६ | ४६ | ० | १ | २९५८ |
| जम्मा | ४८१२ | १५२९९ | ८२ | २५ | ७१३ | १ | ३ | २०९३५ |
| प्रतिशत | २२.९९ % | ७३.०८% | ०.३९% | ०.१२ % | ३.४१% | ०.०० % | ०.०१ % | १००% |

श्रोतः राष्ट्रिय जनगणना २०७८

## २.६. घरको स्वामित्व सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकाका २०९३५ परिवार मध्ये ८६% अर्थात १८००३ परिवार आफ्नै घरमा वसेका छन । बाँकी १४ प्रतिशत मध्ये १२.२% अर्थात २५४५ भाडामा वसेका छन भने करीव १% अर्थात १९४ परिवार संस्थागत भवनमा वसोवास गरेकाछन । वाँकी १९३ घरधुरीको वासको टुङ्गो छैन । पहाडवाट वसाइ सरी आउने हरु सुरु सुरुमा डेरामा वस्ने गरेको,व्यवसायिक प्रयोजनका लागि भाडामा वस्ने गरेको आदी कारणले २५०० भन्दा वढी घरधुरी आफ्नो घरमा छैनन । कामको खोजीमा आएका मजदुरहरु समेत भाडामा वसोवास गर्ने गरेकाछन ।

अर्जनुधारा नगरपालिकाका २०९३५ घरधुरीको स्वामित्व सम्वन्धी विवरण निम्नानुसार प्रस्तुत गरिएकोछ

**तालिका १२ घरको स्वामित्व सम्वन्धी विवरण**

| वार्ड | घरको स्वामित्व | | | | जम्मा |
|---|---|---|---|---|---|
| | आफ्नै घर | भाडामा | संस्थागत | अन्य | |
| १ | १५८५ | ५५ | १ | ९ | १६५० |
| २ | १३५४ | ३६ | २ | ५ | १३९७ |
| ३ | १५३७ | १२१ | ६ | ६ | १६७० |
| ४ | १४८९ | ४८ | ८ | १९ | १५६४ |
| ५ | २१५२ | २३१ | १२ | १८ | २४१३ |
| ६ | २०५९ | ७६० | ४ | ७२ | २८९५ |
| ७ | १०७३ | ८२ | ३ | ३ | ११६१ |
| ८ | १२८४ | २८४ | ८ | १२ | १५८८ |
| ९ | १७७७ | १८८ | ६ | १२ | १९८३ |
| १० | १५५७ | ६९ | १ | २९ | १६५६ |
| ११ | २१३६ | ६७१ | १४३ | ८ | २९५८ |
| जम्मा | १८००३ | २५४५ | १९४ | १९३ | २०९३५ |
| प्रतिशत | ८६.०% | १२.२% | ०.९% | ०.९% | १००% |

श्रोतः राष्ट्रिय जनगणना २०७८

## २.७. घरको जग सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकाका २०९३५ परिवारहरु जम्मा १८९९५ घरधुरीमा वसोवास गरेका छन तथापी घरको हिसाव गर्दा एउटा घरधुरीमा २ परिवार वसेका छन र सो घरको जग कंक्रिट छ भने त्यसलाई २ घर नै कंक्रिट जग भएको गणना गरिएको छ (जनगणना प्रतिवेदन अनुसार) ।घरको जगका आधारमा हेर्दा सवैभन्दा वढी ४१.२% अर्थात ८६२६ घरधुरीको जग इटा ढुंगा सिमेन्ट र रडको कंक्रिटले बनेकोछ भने ३७.५% अर्थात ७८५० घरधुरीको जग ईटा ढुंगा सिमेन्ट ले वनेको छ । त्यसैगरी १७% अर्थात ३५६६ घरधुरीमा काठे खाँवाहरु रहेकाछन । ढुंगा वा इटा तथा

माटोले वनेका घरधुरीहरु ४% अर्थात ८३५ रहेकाछन भने ५८ घरधीहरु स्याउला पाल लगायतका सामाग्रीले वनेकोछन । अर्जुनधारा नगरपालिकाको घरको जगको प्रकार सम्वन्धी विवरण तल प्रस्तुत गरिएको छ ।

**तालिका १३ घरको जग सम्वन्धी विवरण**

| वार्ड | घरको जगको प्रकार | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | ढुंगा इटा र माटो ले वनेको | ढुंगा इटा र सिमेन्टले वनेको | रड सहित सिमेन्टले कंक्रिट गरेको पिलर वाल | काठका खाँवाहरु | अन्य | |
| १ | १३८ | २३७ | ८०० | ४७२ | ३ | १६५० |
| २ | ११७ | ५३२ | २०८ | ५३५ | ५ | १३९७ |
| ३ | १४१ | ५१६ | ५४४ | ४६४ | ५ | १६७० |
| ४ | ६५ | ६३५ | ३८७ | ४६४ | १३ | १५६४ |
| ५ | ४० | ८५० | १२२४ | २९८ | १ | २४१३ |
| ६ | ५९ | १०७९ | १५६७ | १७९ | ११ | २८९५ |
| ७ | १३ | ४८९ | ४९३ | १६१ | ५ | ११६१ |
| ८ | ३४ | ४३० | ९६६ | १५८ | ० | १५८८ |
| ९ | ४४ | १०७९ | ६४२ | २११ | ७ | १९८३ |
| १० | १४ | ५९० | ७६८ | २८२ | २ | १६५६ |
| ११ | १७० | १४१३ | १०२७ | ३४२ | ६ | २९५८ |
| जम्मा | ८३५ | ७८५० | ८६२६ | ३५६६ | ५८ | २०९३५ |
| प्रतिशत | ४.०% | ३७.५% | ४१.२% | १७.०% | ०.३% | १००.०% |

श्रोत: राष्ट्रिय जनगणना २०७८

## २.८. घरको पर्खाल सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकाका २०९३५ परिवारहरु जम्मा १८९९५ घरधुरीमा वसोवास गरेका छन तथापी घरको हिसाव गर्दा एउटा घरधुरीमा २ परिवार वसेका छन र सो घरको पर्खाल सिमेन्टेड छ भने त्यसलाई २ घर नै सिमेन्टेड पर्खाल भएको गणना गरिएको छ (जनगणना प्रतिवेदन अनुसार) ।घरको पर्खालको आधारमा हेर्दा सवैभन्दा वढी ७१.६% अर्थात १४९९० घरधुरीको पर्खाल इटा ढुंगा सिमेन्टले बनेकोछ भने १६.७% अर्थात ३४९४ घरधुरीको पर्खाल वाँसले वनेको छ ।

त्यसैगरी ६% अर्थात १२९४ घरधुरीको पर्खाल काठले वनेको छ भने ३.४ % अर्थात ७१६ घरधुरीको पर्खाल टीनले बारेकोछ । बाँकी मध्ये १६ घरधुरीको पर्खाल काँचो इटाले वनेको छ भने ६३ घरधुरीको पर्खाल पाल स्याउला आदी ले वनेकोछ ।अर्जुनधारा नगरपालिकाको घरधुरीको पर्खालको प्रकार सम्वन्धी विवरण निम्नानुसार प्रस्तुत गरिएकोछ ।

**तालिका १४ घरको पर्खाल सम्वन्धी विवरण**

| वार्ड | घरको पर्खाल सम्वन्धी विवरण | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | ढुंगा इटा र माटो ले वनेको | ढुंगा इटा र सिमेन्टले वनेको | काठको | वाँसको | काँचो इटा | टीन | अन्य | |
| १ | २५ | ८१५ | २८४ | ३९४ | १ | १३० | १ | १६५० |
| २ | ३१ | ६०३ | १७५ | ५४१ | ५ | ४२ | ० | १३९७ |
| ३ | ६५ | ९४३ | २३५ | ३६० | २ | ४१ | २४ | १६७० |
| ४ | ३७ | ९१८ | १३८ | ३७६ | १ | ८६ | ८ | १५६४ |
| ५ | २६ | १९१३ | ६५ | ३१७ | १ | ८६ | ५ | २४१३ |
| ६ | ४९ | २५८९ | ३७ | १७२ | ० | ४७ | १ | २८९५ |
| ७ | १६ | ९०७ | ६८ | १४३ | १ | २५ | १ | ११६१ |
| ८ | १२ | १२८६ | ५२ | १८९ | २ | ४६ | १ | १५८८ |
| ९ | १८ | १५७५ | ४३ | ३०२ | १ | २६ | १८ | १९८३ |
| १० | ११ | ११९५ | ४१ | ३०० | १ | १०४ | ४ | १६५६ |
| ११ | १०२ | २२४६ | १२६ | ४०० | १ | ८३ | ० | २९५८ |
| जम्मा | ३९२ | १४९९० | १२६४ | ३४९४ | १६ | ७१६ | ६३ | २०९३५ |
| प्रतिशत | १.९% | ७१.६% | ६.०% | १६.७% | ०.१% | ३.४% | ०.३% | १००% |

श्रोतः राष्ट्रिय जनगणना २०७८

## २.९. घरको छानो सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकाका २०९३५ परिवारहरु जम्मा १८९९५ घरधुरीमा वसोवास गरेका छन तथापी घरको हिसाव गर्दा एउटा घरधुरीमा २ परिवार वसेका छन र सो घरको छानो टीनको छ भने त्यसलाई २ घर नै टीनको छानो भएको गणना गरिएको छ (जनगणना प्रतिवेदन अनुसार) ।घरको छानोको आधारमा हेर्दा यो नगरपालिकामा सर्वैभन्दा वढी टीनको छानो भएका घरधुरीहरु रहेकाछन

। कुल २०९३५ मध्ये ६५.९% अर्थात १३७८६ घरधुरी को छानो टीनको रहेकोछ भने ३३.४ % अर्थात ६९९२ घरधुरीको छानो ढलान गरेको छ । त्यसैगरी ५२ घरधुरीको छानो फुसको ३१ घरधुरीको काठको २७ घरधुरीको टायल र बाँकी ४६ घरधुरीको छानो प्लास्टिक तथा स्याउलाको रहेकोछ । अर्जुनधारा नगरपालिकाको घरधुरीको छानो सम्वन्धी वार्ड स्तरीय विवरण तल प्रस्तुत गरीएकोछ ।

**तालिका १५ घरको छानो सम्वन्धी विवरण**

| वार्ड | घरको छानोको प्रकार | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | जस्ता पाता | सिमेन्ट ढलान | खर/फुस | टायल | काठ | माटो | अन्य | |
| १ | १४३२ | २०९ | ६ | ० | २ | ० | १ | १६५० |
| २ | १२०६ | १७७ | ९ | २ | १ | ० | २ | १३९७ |
| ३ | १२७२ | ३५९ | ८ | ६ | १७ | ० | ८ | १६७० |
| ४ | १३७३ | १७७ | ५ | ५ | १ | ० | ३ | १५६४ |
| ५ | १५२० | ८७७ | ८ | ३ | २ | ० | ३ | २४१३ |
| ६ | १०१२ | १८७० | २ | १ | १ | ० | ९ | २८९५ |
| ७ | ८४२ | ३०८ | ३ | ० | ० | ० | ८ | ११६१ |
| ८ | ८३० | ७४६ | ४ | २ | ४ | ० | २ | १५८८ |
| ९ | १४३० | ५४५ | ३ | २ | ० | ० | ३ | १९८३ |
| १० | १३५६ | २९९ | ० | १ | ० | ० | ० | १६५६ |
| ११ | १५१३ | १४२५ | ४ | ५ | ३ | ० | ७ | २९५८ |
| जम्मा | १३७८६ | ६९९२ | ५२ | २७ | ३१ | ० | ४६ | २०९३५ |
| प्रतिशत | ६५.९% | ३३.४% | ०.२% | ०.१% | ०.१% | ०.०% | ०.२% | १००.०% |

श्रोतः राष्ट्रिय जनगणना २०७८

### २.१०. घरको उपलव्ध सेवा सुविधा सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकाका २०९३५ परिवारहरु मा उपलव्ध सेवा सुविधाहरुको वारेमा विश्लेषण गरिएकोछ ।केहि आवश्यक केहि विलासी सुविधाका सामाग्रीको वारेमा विश्लेषण गर्दा । यो नगरपालिकाका ५३% घरधुरीमा रेडियो,६९.४% घरधुरीमा टेलिभिजन करिव ९८% घरधुरीमा टेलिफोन

६४% घरधुरीमा इन्टरनेट र १५% घरधुरीमा कम्प्यूटर को सुविधा उपलव्ध रहेको छ । यसैगरी यो नगरपालिकामा ३.४% घरधुरीमा चारपाङ्ग्रे गाडी ३८.१ % घरधुरीमा मोटरसाइकल स्कुटर रहेका छन । त्यसैगरी १८८ घरधुरीले AC र ७८७ घरधुरीले वासिङ मेशिन प्रयोग गरिरहेकाछन ।यती हुदा हुदै पनि यो नगरपालिकाका १.५% अर्थात ३२२ घरधुरीमा उल्लेखित सेवा सुविधाका अतिरिक्त साइकल, पंखा समेत कुनै पनि सेवा सुविधा उपलव्ध छैन । अर्जनुधारा नगरपालिकामा उपलव्ध सेवा सुविधा सम्वन्धी विवरण तल प्रस्तुत गरिएकोछ

## तालिका १६ घरमा उपलव्ध सेवा सुविधा सम्वन्धी विवरण

| वार्ड | घरमा भएका सेवा सुविधाहरु | | | | | | | | | | | | | | एउटा पनि सुविधा नभएका घरधुरीहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रेडियो | टेलिभिजन | फोन | | | कम्प्यूटर | इन्टरनेट | कार जिप भ्यान | मोटर साइलक | साइकल | पंखा | फ्रिज | वासिङ मेशिन | AC | |
| | | | ल्याण्ड लाइन | मोवाइल | | | | | | | | | | | |
| | | | | सामान्य | स्मार्ट | | | | | | | | | | |
| १ | ६३५ | १०२२ | ६ | ११३९ | १३९० | १३५ | ८०० | ४३ | ५१८ | ६३० | १३६० | ४७७ | १० | ३ | २८ |
| २ | ८०७ | ८३२ | ७ | ९६५ | १११३ | ९६ | ७५४ | ४४ | ५३१ | ४०८ | १०७० | ४२५ | ९ | २ | २८ |
| ३ | ८८९ | ९१४ | २४ | ११३५ | १४१९ | २०६ | ८७९ | २५ | ६७९ | ६३० | १३१० | ५५० | २२ | ५ | ३३ |
| ४ | ७९६ | ९६३ | ३ | ११२० | १२८६ | ११९ | ९३३ | १८ | ४३५ | १०२६ | १३११ | ५३९ | १० | ३ | २८ |
| ५ | १२५४ | १७७६ | ७२ | १७३६ | १९९५ | ३६२ | १२८४ | ९२ | ९२९ | १४३१ | २१५६ | १२९९ | ११२ | ३१ | ३९ |
| ६ | १७२८ | २२६२ | १२५ | २१५४ | २६८४ | ८३० | २२१२ | १६४ | १३३३ | १२६९ | २६५१ | १७९४ | २२२ | ६० | ३५ |
| ७ | ५०८ | ७२५ | ५१ | ७९२ | ९९८ | १४८ | ६६३ | ३२ | ४७१ | ४७५ | ९३८ | ४९४ | २८ | ४ | ८ |
| ८ | ८३० | १२६८ | ८६ | ९४० | १४६० | २७९ | १११० | ४५ | ६५२ | ७६४ | १४३६ | ८१६ | ९६ | १६ | १८ |
| ९ | १०७४ | १४९३ | ९८ | १३१६ | १७२४ | ३७४ | १५२९ | ८६ | ८७० | १२४३ | १७४२ | १०४४ | १०९ | २० | ३४ |
| १० | १०७१ | १२०७ | ५१ | १२३८ | १३८६ | २२९ | ११४७ | ५४ | ६०९ | ११३१ | १५२० | ७३० | ५५ | ७ | ११ |
| ११ | १५०९ | २०७७ | ७८ | १९१९ | २६०० | ५२९ | २१५२ | १०६ | ९५२ | १६२८ | २६०५ | १५१८ | ११४ | ३७ | ६० |
| जम्मा | १११०१ | १४५३९ | ६०१ | १४४५४ | १८०५५ | ३३०७ | १३४६३ | ७०९ | ७९७९ | १०६३५ | १८०९९ | ९६८६ | ७८७ | १८८ | ३२२ |
| प्रतिशत | ५३.०% | ६९.४% | २.९% | ६९.०% | ८६.२% | १५.८% | ६४.३% | ३.४% | ३८.१% | ५०.८% | ८६.५% | ४६.३% | ३.८% | ०.९% | १.५% |

श्रोतः राष्ट्रिय जनगणना २०७८

## २.११. आर्थिक विकास अवस्था

अर्जुनधारा नगरपालिकाको समग्र आर्थिक अवस्थाको विश्लेषण गर्नका लागि यो क्षेत्रमा कति धेरै रोजगारी सृजना गर्न सकियो भन्ने कुराले प्रभाव पार्दछ । यो नगरपालिकाको रोजगारीको अवस्था हेर्दा यो नगरपालिकामा आर्थिक रुपमा सक्रिय जनसंख्या कति हो र कति समय उ आर्थिक गतिविधिमा संलग्न भयो भन्ने कुराले प्रत्यक्ष रुपमा प्रभाव पार्दछ । अर्जुनधारा नगरपालिकाको १० वर्ष भन्दा माथिको जनसंख्या ७०४७६ रहेको छ । यो जनसंख्या के र कस्ता आर्थिक गतिविधिमा संलग्न छ भन्ने कुरा तल प्रस्तुत गरिएको छ ।


**तालिका १७ आर्थिक गतिविधिमा संलग्नता सम्वन्धी विवरण**

| वार्ड | लिङ्ग | आर्थिक गतिविधिमा संलग्नता | | | | आर्थिक गतिविधि नखुलेको | १० वर्ष माथिको जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| | | आर्थिक गतिविधिमा सक्रिय | | | आर्थिक गतिविधिमा असंलग्न | | |
| | | पुर्ण सकृय | | अपुर्ण सक्रिय | | | |
| | | रोजगार | बेरोजगार | | | | |
| १ | पुरुष | १७०२ | ३५ | ३७७ | ४७० | ० | २५८४ |
| | महिला | १५७८ | ६२ | ६४४ | ६२२ | ० | २९०६ |
| | जम्मा | ३२८० | ९७ | १०२१ | १०९२ | ० | ५४९० |
| २ | पुरुष | १४५१ | ७३ | २४८ | ४२३ | १ | २१९६ |
| | महिला | १२८५ | ६५ | ४७० | ६०८ | २ | २४३० |
| | जम्मा | २७३६ | १३८ | ७१८ | १०३१ | ३ | ४६२६ |
| ३ | पुरुष | १५६१ | ३३ | ३६४ | ६७८ | १ | २६३७ |
| | महिला | १४१९ | ४१ | ५१५ | १०११ | ० | २९८६ |
| | जम्मा | २९८० | ७४ | ८७९ | १६८९ | १ | ५६२३ |
| ४ | पुरुष | १६७५ | ६१ | ३१४ | ४५३ | ३ | २५०६ |
| | महिला | १५६३ | ७० | ५६० | ६१३ | ३ | २८०९ |
| | जम्मा | ३२३८ | १३१ | ८७४ | १०६६ | ६ | ५३१५ |
| ५ | पुरुष | २२९७ | ५४ | ४७७ | १०७९ | ६ | ३९१३ |
| | महिला | १६०० | ५३ | ८७५ | १८४१ | ११ | ४३८० |
| | जम्मा | ३८९७ | १०७ | १३५२ | २९२० | १७ | ८२९३ |

| वार्ड | लिङ्ग | आर्थिक गतिविधिमा संलग्नता | | | | आर्थिक गतिविधि नखुलेको | १० वर्ष माथिको जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| | | आर्थिक गतिविधिमा सक्रिय | | | आर्थिक गतिविधिमा असंलग्न | | |
| | | पुर्ण सकृय | | अपुर्ण सक्रिय | | | |
| | | रोजगार | बेरोजगार | | | | |
| ६ | पुरुष | २४३५ | १३३ | ४९३ | १३२६ | १७ | ४४०४ |
| | महिला | १५२९ | १७७ | १०२५ | २२८४ | १३ | ५०२८ |
| | जम्मा | ३९६४ | ३१० | १५१८ | ३६१० | ३० | ९४३२ |
| ७ | पुरुष | ११२० | ५४ | २१८ | ५८९ | १ | १९८२ |
| | महिला | ६७६ | ३६ | ४६४ | ९१९ | २ | २०९७ |
| | जम्मा | १७९६ | ९० | ६८२ | १५०८ | ३ | ४०७९ |
| ८ | पुरुष | १५३६ | ४७ | २३२ | ७९८ | ० | २६१३ |
| | महिला | १०१५ | ३१ | ५०९ | १३३३ | ० | २८८८ |
| | जम्मा | २५५१ | ७८ | ७४१ | २१३१ | ० | ५५०१ |
| ९ | पुरुष | १९०१ | १४३ | ३०४ | ८२४ | ० | ३१७२ |
| | महिला | १५१८ | १६५ | ५३६ | १२७७ | ० | ३४९६ |
| | जम्मा | ३४१९ | ३०८ | ८४० | २१०१ | ० | ६६६८ |
| १० | पुरुष | १८६४ | ६५ | २७९ | ४९२ | ५ | २७०५ |
| | महिला | १७८९ | ६७ | ४४१ | ७७२ | ४ | ३०७३ |
| | जम्मा | ३६५३ | १३२ | ७२० | १२६४ | ९ | ५७७८ |
| ११ | पुरुष | २४८६ | २७३ | ४९६ | ११५७ | १२ | ४४२४ |
| | महिला | १८७६ | ३०३ | १०५६ | २००५ | ७ | ५२४७ |
| | जम्मा | ४३६२ | ५७६ | १५५२ | ३१६२ | १९ | ९६७१ |
| कुल जम्मा | पुरुष | २००२८ | ९७१ | ३८०२ | ८२८९ | ४६ | ३३१३६ |
| | महिला | १५८४८ | १०७० | ७०९५ | १३२८५ | ४२ | ३७३४० |
| | जम्मा | ३५८७६ | २०४१ | १०८९७ | २१५७४ | ८८ | ७०४७६ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

माथि उल्लेखित तालिकामा आर्थिक गतिविधिमा संलग्नता लाई २ भागमा विभाजन गरिएको छ जसमा आर्थिक गतिविधिमा सक्रिय र आर्थिक गतिविधिमा असंलग्न पर्दछन । आर्थिक गतिविधिमा सक्रिय भन्नाले जसले वर्ष भरिमा रोजगारीको खोजी गर्ने तथा कार्यान्वयन गर्ने गर्दछ त्यो पर्दछ भने आर्थिक गतिविधिमा असंलग्न भन्नाले काम नखोज्ने तथा नगर्ने भन्ने अर्थ राख्दछ । अर्थात यो विवरणमा अर्जुनधारा नगरपालिकामा १० वर्ष भन्दा माथिको हो र विशेष गरि विद्यार्थी तथा जेष्ठ नागरिकहरु यो समुहमा पर्दछन । आर्थिक रुपमा सक्रिय भित्र पुर्ण सक्रिय र अपुर्ण सक्रिय गरी दुइ भाग गरिएको छ पूर्ण सक्रिय भन्नाले त्यो व्यक्ती जो वर्ष भरि रोजगारी खोजी गर्दछ वा खोजी गरेर पाउछ अनि कम्तिमा ६ महिना भन्दा वढी काम गर्दछ । अनि अपूर्ण सक्रिय भन्नाले कामको खोजी गर्छ अनि काम पाउँछ र वढीमा ६ महिना सम्म गर्दछ । पुर्ण सक्रिय भित्र पनि २ भाग छन जसमा रोजगार र वेरोजगार । रोजगार भन्नाले काम खोजेर कम्तिमा ६ महिना भन्दा वढी समय काम गर्दछ र वेरोजगार भन्नाले कामको खोजीमा वाह्रै महिना व्यस्त रहन्छ तर पाउदैन त्यसलाइ जनाउछ । यो नगरपालिकामा ३५८७६ जनाले कम्तिमा ६ महिना भन्दा वढी रोजगारी पाएका छन भने १०८९७ अपुर्ण रोजगारी (६ महिना भन्दा कम) पाएकाछन । त्यसैगरी २०४१ जना वेरोजगार रहेका छन भने २१५७४ जना आर्थिक गतिविधिमा नै संलग्न छैनन । ८८ जनाको भने कुनै सुचना प्राप्त भएको छैन । यो विवरणलाइ वृत्त चित्र मार्फत तल प्रस्तुत गरिएकोछ ।



## २.७. वार्षिक उत्पादन सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकाको कुल क्षेत्रफल मध्ये ६९.८९% अर्थात ७६.७८ बर्गकिलोमिटर क्षेत्र कृषि क्षेत्र रहेकोछ ।कृषिका लागि अत्यन्तै उपयुक्त माटो भएको यो नगरपालिकामा पछिल्लो समयमा कृषियोग्य भूमिलाई प्लटिङ गरेर घडेरी वनाएर विक्रि गर्ने प्रचलनले र युवाहरु वैदेशिक रोजगारमा जाने क्रम वढेका कारण दिन प्रतिदिन उत्पादन घटिरहेको छ । वर्षे र हिउदे गरी ३ वाली पाक्ने यो क्षेत्रमा मुख्य गरी धान मकै गहुँ तरकारी दलहन तेलहन तथा नगदेवाली अन्तरगत मुख्य रुपमा सुपारी तथा चिया उत्पादन हुने गर्दछ । गत आवको उत्पादनको आधारमा हेर्दा धान २४९८० टन,मकै १५६२० टन तथा गहुँ ६२ टन उत्पादन भएकोछ ।यो नगरपालिकामा १५५५० टन तरकारी हुने गर्दछ दलहन ६३ टन तेलहन १६० टन उत्पादन हुने गरेकोछ भने नगदेवाली अन्तरगत चिया १०२ टन र सुपारी (काँचो) १४८९३ टन उत्पादन हुने गर्दछ।पशुजन्य उत्पादन अन्तरगत यो नगरपालिकामा दुध वार्षिक रुपमा ६४ लाख ८० हजार लिटर उत्पादन भइरहेको छ भने मासु वार्षिक रुपमा १ लाख ६४ हजार  केजी,बोइलर ५ लाख ७६ हजार केजी लोकल कुखुराको मासु ७ हजार केजी बंगुरको मासु २ लाख ८० हजार केजी र राँगाको मासु ४० हजार ४०० केजी उत्पादन भइरहेकोछ । माछा वार्षिक २ लाख केजी उत्पादन भइरहेकोछ ।अण्डा ५० लाख ४० हजार गोटा उत्पादान भइरहेकोछ।यो नगरपालिकाको वार्षिक उत्पादन सम्वन्धी विवरण तल प्रस्तुत गरिएकोछ ।

**तालिका १८ कृषिजन्य बार्षिक उत्पादन सम्वन्धी विवरण**

| क्र स | बालीको नाम | बाली लगाएको क्षेत्रफल (हेक्टर) | प्रति हेक्टर औषत उत्पादन | कुल उत्पादन (टन) | कैफियत |
|---|---|---|---|---|---|
| १ | बर्षेधान | ५००० | ४.८ | २४०००. | |
| २ | चैते धान | २०० | ४.९ | ९८०. | |
| ३ | हिउदे मकै | ३०० | ५.४ | १६२०. | |
| ४ | बसन्ते मकै | ४००० | ३.५ | १४०००. | |
| ५ | गहुँ | २० | ३ | ६२. | |
| ६ | हिउँदे तरकारी | ३५० | २० | ७०००. | |
| ७ | वसन्ते तरकारी | ४५० | १९ | ८५५०. | |
| ८ | तेलहन | १०० | १.६ | १६०. | |
| ९ | सुपारी | ५६२ | २६.५ | १४८९३. | |
| १० | चिया | ८० | ७ | ५६० | |

श्रोतः अर्जुनधरा नगरपालिका कृषि शाखा

**तालिका १९ पशुजन्य बार्षिक उत्पादन सम्वन्धी विवरण**

| क्र स | पशुपंक्षीजन्य उत्पादनको विवरण | बार्षिक उत्पादन परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|
| १ | दुध (गाई तथा भैसीको) | ६४ लाख ८० हजार | लिटर | |
| २ | मासु | | | |
| | खसी | १ लाख ६४ हजार | किलोग्राम | |
| | बोइलर कुखरा | ५ लाख ७६ हजार | किलोग्राम | |
| | लोकल कुखुरा | ७ हजार | किलोग्राम | |
| | बंगुर | २ लाख ८० हजार | किलोग्राम | |
| | राँगा | ४० हजार ४०० | किलोग्राम | |
| ३ | माछा | २ लाख | किलोग्राम | |
| ४ | अण्डा | ५० लाख ४० हजार | गोटा | |

श्रोतः अर्जुनधरा नगरपालिका पशुपंक्षी विकास  शाखा

## २.८. वार्षिक उत्पादनको खपत सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकाको वार्षिक रुपमा उत्पादन भएका अन्न तथा नगदेवालीको पालिका स्तरमा हुने खपतको वारेमा विश्लेषण गरिएकोछ । हाल अर्जनुधारामा उत्पादन भइरहेको धान तथा मकै खपत भइ वाँकिरहेको वाह्य विक्रि गर्ने गरिएकोछ ।गहुँ सवै खपत भएर पनि नपुग्ने अवस्थाछ । ताजा तरकारीमा सिजनको वाली चाही खपत भइ नसक्ने देखिन्छ भने वेमौसममा नपुग्ने देखिन्छ । नगदे वालीमा चिया खास यो नगरपालिकामा प्रशोधन नहुने भएकोले सवै विक्रि गर्ने र आवश्यता अनुसार ल्याउने गरेको पाइएकोछ । अर्को नगदेवाली सुपारीको हकमा यो नगरपालिकामा सुपारी सामान्यतया नसाको रुपमा काचै खाने प्रचलन देखिन्छ । व्यवसायिक रुपमा उत्पादन भएपनि प्रशोधनको खास काम हुदैन थियो पछिल्लो वेला प्रशोधनको लागी वोक्रा छोडाउने र सुकाउने गरेर निकासी गर्ने गरेको  पाइएको छ त्यसैले यहाँको खास एकिन खपत विश्लेषण गर्न कठिन छ । मधु गुड्का पानपराग अनि काँचै सुपारी खाने प्रचलनको आधारमा हेर्दा यहाँ निश्चित मात्रा खपत हुने देखिन्छ ।अर्जुनधारा नगरपालिकाको कृषि तथा पशुजन्य खपत तल प्रस्तुत गरिएकोछ ।


**तालिका २० कृषि तथा पशुजन्य उत्पादनको वार्षिक खपत सम्वन्धी विवरण**

| क्र स | बालीको नाम | बार्षिक उत्पादन (टन) | बार्षिक खपत (टन) | कैफियत |
|---|---|---|---|---|
| १ | धान | २४९८०. | ९२००. | |

| क स | बालीको नाम | बार्षिक उत्पादन (टन) | बार्षिक खपत (टन) | कैफियत |
|---|---|---|---|---|
| २ | मकै | १५६२०. | २७६०. | |
| ३ | गहुँ | ६२. | २१४७. | |
| ४ | ताजा तरकारी | १५५५०. | ८५८७. | |
| ५ | तेलहन | १६०. | १५३३. | |
| ६ | सुपारी | १४८९३. | २००. | |
| ७ | चिया | ५६०. | १००. | |

श्रोतः स्थानीय विशेषज्ञ छलफल अर्जुनधारा नगरपालिका २०८०

माथि उल्लेखित विवरणलाई रेखाचित्र मार्फत तल प्रस्तुत गरिएकोछ




माथि उल्लेखित विवरणका आधारमा हेर्दा अर्जुनधारा नगरपालिका धान मकै सिजनल तरकारी हरुमा आत्मनिर्भर देखिन्छ ।यो नगरपालिका गहुँ तेलहन दलहन जस्ता वालीहरुमा परनिर्भर देखिएकोछ । कृषि पेशामा आश्रित परिवारले जीवन निर्वाहका सवै कामहरु अन्नवाली विक्रि गरेर पुरा गर्नु पर्ने भएकोले अपर्याप्त भएको हो । बजारमा ताजा तरकारी किन्नेहरुको भीड देखिने गरेको वाह्य वजार वाट आउने गरेको भएपनि यहाँका किसानहरुले सिजनमा एकमुष्ट विक्रि गरेर वर्षा भरी किनेर खाने गरेको पाइएको छ त्यसैले यो नगरपालिका ताजा तरकारीमा आत्म निर्भर नै देखिएकोछ । ताजातरकारी अन्तरगत नै प्याज लसुन जस्ता मसलाजन्य वालीहरुमा आत्मनिर्भर छैन ।

### २.९. वार्षिक आम्दानी सम्वन्धी विवरण


अर्जुनधारा नगरपालिकाको कुल ग्राहास्थ उत्पादनको आधारमा वार्षिक आम्दानी १३ अर्व ७० करोड ३४ लाख रुपैया रहेकोछ । यहाँको जनसंख्याको आधारमा हेर्दा प्रतिव्यक्ति आम्दानी १ लाख ७१ हजार २५५ रुपैया हुन आउछ जुन आजको अमेरिकि डलरको मुल्यमा १ हजार ३०९ डलर हो । अर्जुनधारा नगरपालिकाको हालको प्रतिव्यक्ति आय राष्ट्रिय औषत भन्दा ९० डलरले कम हो । वार्षिक आम्दानीको प्रमुख श्रोतहरुमा कृषि पशुपालन,व्यापार,उद्योग व्यवसाय,नोकरी,ज्यालादारी तथा वैदेशिक रोजगारी आदी रहेका छन । वार्षिक आम्दानी जुन जुन पेशा व्यवसाय वाट प्राप्त भएको छ त्यसका आधारमा हेर्दा कृषि वाट २०% पशुपालनवाट ७%,व्यापार व्यवसायबाट ३३% सरकारी नोकरीवाट ७% निजि क्षेत्रको नोकरीवाट ५% बैदेशिक रोजगारी वाट २% र श्रम ज्याला बाट २७% आम्दानी हुने गरेकोछ । हाल अर्जुनधारा नगरपालिकाको वार्षिक आम्दानी को विवरण तल प्रस्तुत गरिएकोछः

**तालिका २१ बार्षिक आम्दानी सम्वन्धी विवरण**

| आम्दानी शिर्षक | आम्दानी रु (लाखमा) | प्रतिशत | कैफियत |
|---|---|---|---|
| कृषि | २८२३० | २०% | |
| पशुपालन | ९५०७ | ७% | |
| व्यापार व्यवसाय | ४७८२४ | ३३% | |
| सरकारी नोकरी | ९७०६ | ७% | |
| निजि क्षेत्र नोकरी | ७३७६ | ५% | |
| बैदेशिक रोजगारी | २९७५ | २% | |
| श्रम ज्याला | ३८२६७ | २७% | |
| जम्मा | १४३८८६ | १००% | |

श्रोतः अर्जुनधारा नगरपालिका आर्थिक सर्भेक्षण २०८०

माथि उल्लेखित विवरणका आधारमा हेर्दा यो नगरपालिकाको आम्दानीको सवैभन्दा ठुलो श्रोत भनेको व्यापार व्यवसाय (३३%) हो ।त्यसपछि श्रम तथा ज्याला (२७%) रहेको छ ।कृषि पशुपालन व्यवसाय वाट पनि २७% नै आम्दानी भएको छ । तराइ क्षेत्र भएको ले र पहाड वाट वसाइसरी आउने संख्या अधिक भएका कारण वृहत्तर रुपमा घर निर्माणका कार्यहरु भइरहेकाछन । यी काम ले गर्दा श्रम गर्नका लागि प्रसस्त अवसरहरु प्राप्त भएका छन । दक्ष देखि अदक्ष कामदार सम्मले काम प्रसस्त पाउने भएको हुनाले यो पनि यो नगरपालिकाको आम्दानी को प्रमुख श्रोतमा श्रम तथा ज्याला परेको छ । अर्जनुधारा नगरपालिकाको बार्षिक आम्दानी सम्वन्धी विवरणलाई स्तम्भ चित्र मार्फत तल प्रस्तुत गरिएकोछ ।





## २.१०. वार्षिक खर्च सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकाको वार्षिक खर्च सम्वन्धि विस्तृत अध्ययन गरिएकोछ । जीवन निर्वाहका लागि आवश्यक पर्ने नियमित खर्चका विषयहरुलाई सुक्ष्म रुपमा प्रस्तुत गरिएकोछ ।यो नगरपालिकाका २०९९५ घरधुरी मध्ये २५४५ मात्र भाडामा वसेको हुनाले आवासको खर्च यिनै घरधुरीको मात्र गणना गरिएकोछ । आफ्नै घरमा वस्ने परिवारको लागि आवास खर्च (घर मर्मत लगायतका शिर्षकमा ) भएपनि प्रत्यक्ष र नियमित नभएकाकारण त्यो विषयलाई समावशे नगरिएको हो । समावेश गरिएका विषयहरुमा खाना ,कपडा ,शिक्षा, स्वास्थ्य, चाडपर्व, पशुआहार,पशुस्वास्थ्य, संचार, यातायात, अम्मल, ऋणको व्याज र अन्य गरी १३ वटा शिर्षकमा सुचना संकलन गरिएको थियो । जस अनुसार खानामा ४ अर्व २५ करोड १३ लाख (६०.२%) , आवासमा ५ करोड २७ लाख (०.७५%), लुगाकपडामा ५३ करोड १४ लाख (७.५२%), शिक्षामा २७ करोड २९ लाख (३.७६%) स्वास्थ्यमा ५७ करोड ९७ लाख (८.२१%) , चाडपर्वमा २३ करोड ६७ लाख (३.३५%) ,चन्दा सहयोग २ करोड ९० लाख,पशुआहार तथा स्वास्थ्यमा ६ करोड ५२ लाख खैनी,सुर्ती, गुड्खा लगायत रक्सी (खाजाको रुपमा खाने जाँड यसमा समावेस गरिएको छैन) लगायत अम्मलमा २६ करोड ९ लाख (३.६९%) ,मोवाइल रिचार्ज तथा खरीद तथा मर्मतमा १७ करोड ३९ लाख (२.४६%)यातायातमा ४९ करोड २८ लाख (६.९८%),साहुको ऋणको व्याज तिर्न १० करोड ६३ लाख (१.५%) र अन्यमा ९७ लाख गरी कुल वार्षिक खर्च ७ अर्व ६ करोड २५ लाख रहेकोछ ।अर्जुनधारा नगरपालिकाको वार्षिक खर्च सम्वन्धी वार्ड स्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

## तालिका २२ बार्षिक खर्च सम्वन्धी विवरण

| क्र स | विवरण | नगरपालिकाकाको वडास्तरीय खर्च विवरण (रु लाखमा) | | | | | | | | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एक | दुई | तीन | चार | पाँच | छ | सात | आठ | नौ | दश | एघार | जम्मा | |
| १ | खाना | ३३४२ | २७९५ | ३३७८ | ३२२६ | ४९६८ | ५७४५ | २३८९ | ३२९४ | ३९९६ | ३४९० | ५८९० | ४२५१३ | ६०.२०% |
| २ | आवास | ११ | ७ | २५ | १० | ४८ | १५७ | १७ | ५९ | ३९ | १४ | १३९ | ५२७ | ०.७५% |
| ३ | कपडा | ४१८ | ३४९ | ४२२ | ४०३ | ६२१ | ७१८ | २९९ | ४१२ | ४९९ | ४३६ | ७३६ | ५३१४ | ७.५२% |
| ४ | शिक्षा | १३८ | १३० | २१४ | १३५ | ३६९ | ४५७ | १९१ | २७० | २६६ | १६० | ४०० | २७२९ | ३.८६% |
| ५ | स्वास्थ्य | ४५६ | ३८१ | ४६१ | ४४० | ६७७ | ७८३ | ३२६ | ४४९ | ५४५ | ४७६ | ८०३ | ५७९७ | ८.२१% |
| ६ | चाडपर्व | १८६ | १५६ | १८८ | १८० | २७७ | ३२० | १३३ | १८३ | २२२ | १९४ | ३२८ | २३६७ | ३.३५% |
| ७ | चन्दा | २३ | १९ | २३ | २२ | ३४ | ३९ | १६ | २२ | २७ | २४ | ४० | २९० | ०.४१% |
| ८ | पशु स्वास्थ | ५१ | ४३ | ५२ | ४९ | ७६ | ८८ | ३७ | ५१ | ६१ | ५४ | ९० | ६५२ | ०.९२% |
| ९ | मोवाइल | १३७ | ११४ | १३८ | १३२ | २०३ | २३५ | ९८ | १३५ | १६३ | १४३ | २४१ | १७३९ | २.४६% |
| १० | अम्मल | २०५ | १७१ | २०७ | १९८ | ३०५ | ३५३ | १४७ | २०२ | २४५ | २१४ | ३६१ | २६०९ | ३.६९% |
| ११ | यातायात | ३८७ | ३२४ | ३९२ | ३७४ | ५७६ | ६६६ | २७७ | ३८२ | ४६३ | ४०५ | ६८३ | ४९२८ | ६.९८% |
| १२ | व्याज | ८४ | ७० | ८४ | ८१ | १२४ | १४४ | ६० | ८२ | १०० | ८७ | १४७ | १०६३ | १.५०% |
| १३ | अन्य | ८ | ६ | ८ | ७ | ११ | १३ | ५ | ७ | ९ | ८ | १३ | ९७ | ०.१४% |
| १३ | जम्मा | ५४४५ | ४५६६ | ५५९२ | ५२५७ | ८२९० | ९७१७ | ३९९४ | ५५४८ | ६६३७ | ५७०५ | ९८७३ | ७०६२५ | १००% |

श्रोतः नगरस्तरीय छलफल २०८०



वार्षिक खर्च प्रतिशत
६०.२०%
०.७५%
७.५२%
३.८६%
८.२१%
३.३५%
०.४१%
०.९२%
२.४६%
३.६९%
६.९८%
१.५०%
०.१४%
खाना
आवास
कपडा
शिक्षा
स्वास्थ्य
चाडपर्व
चन्दा
पशु स्वास्थ
मोबाइल
अम्मल
यातायात
ब्याज
अन्य

### २.११. जीविकोपार्जन सम्वन्धी विवरण

कुनैपनि क्षेत्र गाउँ या जिल्लाकै विकासका लागि जीविकोपार्जन मा आत्मनिर्भरता को प्रमुख भूमिका हुने गर्दछ ।खाद्यान्न आत्मनिर्भरता को विषयलाई हेरेर गरीवि नक्सांकन गर्दा सामान्यतया आफ्नो उत्पादनले कति समय सम्म खानपुग्छ भन्ने आधारमा गरिन्छ र त्यसलाई मुख्य ४ खण्डमा विभाजन गरिन्छ जसमा आफ्नो उत्पादनले ३ महिना सम्म खानपुग्ने , ६ महिना सम्म खानपुग्ने , ९ महिना सम्म खान पुग्ने र १२ महिना वा सो भन्दा वढी समय सम्म खानपुग्ने पर्दछन । विकास प्रकृयामा यो उपयुक्त विधि हैन किन भने यतिले मात्र गरीवि मापन गर्दा अधुरो हुन्छ त्यसैले यो नगरपालिकाको हकमा अत्यन्तै सुक्ष्म विश्लेषण गरेर आफ्नो वार्षिक आम्दानीले (सवै क्षेत्रवाट प्राप्त) हरेक घरधुरीको कति समय सम्म जीविको पार्जन हुन्छ ? भन्ने आधारमा विश्लेषण गरिएकोछ । मुख्य रुपमा हरेक सदस्यका लागि आवश्यक पर्ने विभिन्न क्षेत्रहरु खाना, कपडा, शिक्षा,स्वास्थ्य, चाडपर्व, मनोरञ्जन, संचार, अम्मल लगायतका विषयमा हुने खर्चलाई विश्लेषण गरिएकोछ ।

अर्जुनधारा नगरपालिका झापा जिल्लाको सुगम नगरपालिका हो । यो नगरपालिकामा श्रम गर्ने अवसरहरु भएका कारण आफ्नो जीवन निर्वाहको लागि ऋण गर्नु पर्ने अवस्था छैन । यो नगरपालिककाका मानिसहरु अन्य स्थानीय तहमा पनि श्रम गर्न जाने सानातीना व्यवसायहरु गर्ने आदी करणले गर्दा कुन परिवारले कति समय जीवननिर्वाह गर्न पुग्छ भनेर हेरि रहनु पर्दैन किनकि धेरै जनसंख्या, व्यवसायमा संलग्न तथा श्रम ज्यालामा काम गर्ने भएकाले आफ्नो उत्पादनले कति समय पुग्छ भन्ने प्रश्न अपर्याप्त हुन सक्छ । अर्जुनधारा नगरपालिकाको वार्षिक आम्दानी भन्दा वार्षिक खर्च कम भएका कारण यहाँ वार्षिक रुपमा झण्डै ७ अर्व रुपैया वचत हुने देखिन्छ । तथापी यो बचत रकम केही समित परिवार र घरानीयाहरुले उपयोग गरेका कारण आम नगारिक भने ऋणमा डुवेको देखिन्छ । यसको ज्वलन्त प्रमाण भनेको यो नगरपालिका वाट वार्षिक रुपमा १० करोड २३ लाख रुपैया व्याज तिरेको वाट स्पष्ट हुन्छ ।

### २.१२. पर्यटन तथा संस्कृति

अर्जुनधारा नगरपालिकाको संभावना भएको क्षेत्र भनेको पर्यटन विकास पनि हो ।पौराणिक ऐतिहासिकता बोकेको अर्जुनधारा जलेश्वर धाम यो क्षेत्रको प्रमुख पर्यटकीय क्षेत्र हो । हाल यो धामको वार्षिक रुपमा २० लाख भन्दा वढी स्वदेशी तथा विदेशी पर्यटकहरुले अवलोकन गरिरहेकाछन । खासगरी महाशिवरात्रि, बालाचतुर्दशी, कृष्णजन्माष्टमी, माघे सङ्क्रान्ति आदि अनेक पर्वमा अत्यन्त घुइँचो हुन्छ । जाँड रक्सी र धुम्रपान समेत निषेधित गरिएको अर्जुनधारा क्षेत्र परिसर भित्र अर्जुनले वाण हानी पानी निकालेको प्राचीन पोखरी र यसको बीचमा अर्जुनले गाईलाई पानी खुवाइ रहेको मूर्ति

स्थापित गरिएको छ। सातकुने उक्त पोखरीको दक्षिण तर्फ पञ्चधातुबाट निर्मित ५ वटा धाराहरू छन् जसबाट निरन्तर चिसो पानी बगिरहन्छ भने पोखरीभित्र विभिन्न जातका रङ्गी विरङ्गी माछाहरू पाइन्छन्।

२०५५ सालको हुलाक टिकटमा समेत चित्रांकित अर्जुनधारा क्षेत्रमा प्रत्येक वर्ष लाखौं स्वदेशी तथा भारतीय तीर्थ यात्रीहरूले भ्रमण गर्ने गरेको पाइन्छ। यहाँ शिव, गणेश, नाग, हनुमान र सरस्वती आदि देवी देवताका मूर्तिहरूका अतिरिक्त विवाह, कर्मकाण्ड, यज्ञकक्ष, क्रियापुत्री कक्ष, धर्मिक कार्यक्रम वाचन तथा श्रोता कक्ष आदिको स्थापना गरिएको पाइन्छ। यो धाम पूर्वीय दर्शनमा आधारित एवं संस्कृत शिक्षाबाट प्रभावित रहेको छ । यस स्थानमा संस्कृत मा.वि. र वेदविद्यापीठ समेत स्थापना गरीएको छ। कालिका स्थानको गार्गी विद्यापीठ भने गुरुकुल शिक्षा पद्धतिमा आधारित छ । अर्जुनधारा परिसरभित्र संचालित वेद विद्यापीठमा ब्राम्हणका अतिरिक्त दलित जातका विधार्थीहरूलाई समेत पढाउने गरीएको छ ।

अर्जुनधारामा प्रत्येक वर्ष बालाचतुर्दशी र श्रावण महिनाभर मेला लाग्ने गर्दछ, जुन अवसरहरूमा देश भित्रका र भारतबाट समेत भक्तजनहरूआउने गर्दछन । यो संगै महाभारत कालीन कथाहरु संग जोडिएको पाण्डवपुर पनि यहि नगरपालिकामा पर्दछ । तराइ जिल्लामा रहेको सहकाले झर्ना अर्को आकर्षण हो । यो झरनामा जान का लागि सडक व्यवस्थापन अलि जटिल र कठिन छ तथापी पुगेपछि आनन्द आउने प्राकृतिक सौन्दर्य युक्त रहेकोछ ।

त्यसै गरी यो नगरपालिकामा अवस्थित साधुटार, कृष्ण प्रणामी मन्दिर, दुर्गा मन्दिर, शिव मन्दिर, जलकन्या, पञ्चकन्या मन्दिर लगायत विभिन्न गुम्वा तथा माङ्हिमहरु धार्मिक पर्यटनका लागि चर्चित रहेकाछन ।

त्यसै गरी यो क्षेत्रका दहिझोडा, हलुवागढ, हचुमासा, जुकेखाडी लगायतका सामुदायिक वन सुखानी साहदात स्थल सुखानी सहिद स्मृति पार्क लगायत विभिन्न पर्यटकीय स्थलहरु रहेकाछन । यो क्षेत्रका यी लगायत अन्य धेरै पर्यटकीय स्थलहरुमा एकिकृत प्याकेज वनाइ पर्यटकहरुलाई भ्रमण गराउन सकिने भएकोले यसको वृहत्तर गुरुयोजना तयार गरी कार्यक्रम संचालन गर्नु पर्ने अवस्थाछ ।हाल यो नगरपालिकामा रहेका संभावित पर्यटकीय स्थलहरु निम्नानुसार उल्लेख गरिएकोछ ।

**तालिका २३ पर्यटकीय स्थलहरुको विवरण**

| क्र स | पर्यटकीय स्थलको नाम | वार्ड नं | महत्व | कैफियत |
|---|---|---|---|---|
| १ | अर्जुनधारा जलेश्वर धाम | ७ | धार्मिक तथा ऐतिहासिक महत्व वोकेको | वार्षिक रुपमा विसौलाख पर्यटक आउने |
| २ | झापाको पुरानो वजार शनिस्चरे बजार | ८ | ऐतिहासिक महत्वको पुरानो बजार । | केरा सुर्ती तथा खसी वोका आदिका लागि प्रख्यात |

| क स | पर्यटकीय स्थलको नाम | वार्ड नं | महत्व | कैफियत |
|---|---|---|---|---|
| ३ | दुर्गा मन्दिर | ८ | धार्मिक महत्व वोकेको ऐतिहासिक मन्दिर | वार्षिक रुपमा लाखौ पर्यटकले अवलोकन गरेको |
| ४ | कृष्ण प्रणामी मन्दिर | ९ | धार्मिक महत्व वोकेको ऐतिहासिक मन्दिर | राम्रो मन्दिर पर्याप्त ठाउँ भएको । |
| ५ | कालिस्थान बौद्ध गुम्वा | ९ | धार्मिक महत्व वोकेको ऐतिहासिक मन्दिर | " |
| ६ | सनिश्चरे बौद्ध गुम्वा | ८ | धार्मिक महत्व वोकेको ऐतिहासिक मन्दिर | गुम्वा भवन राम्रो गुणस्तर |
| ७ | पाण्डवपुर | ५ | धार्मिक तथा ऐतिहासिक महत्व वोकेको मन्दिर | भौतिक संरचनाको अभाव |
| ८ | साठीमुरे बौद्ध गुम्वा | ३ | धार्मिक महत्व वोकेको ऐतिहासिक मन्दिर | " |
| ९ | साधुटार | १ | ऐतिहासिक तथा धार्मिक महत्वको स्थल | भौतिक संरचनाको अभाव विद्यार्थीहरु गुरुकुल शिक्षा |
| ९ | जलकन्या मन्दिर | १० | धार्मिक महत्व वोकेको ऐतिहासिक मन्दिर | भौतिक संरचनाको अभाव |
| १० | पञ्चकन्या मन्दिर | १० | धार्मिक महत्व वोकेको ऐतिहासिक मन्दिर | " |
| ११ | भिमसेन पोखरी | ११ | धार्मिक तथा ऐतिहासिक महत्व वोकेको पोखरी | " |
| १२ | कालिझोडा | ११ | पर्यटकीय वन क्षेत्र | सेल्फी खिच्ने घरैवाट खानेकुरा लगेर पिकनिक खाने |
| १३ | सहकाले झरना | २ | प्राकृतिक सुन्दरता तराइको झरना | सडक समस्या तथा खानेवस्ने असुविधा |
| १४ | जुकेखाडी सामुदायिक वन | ३ | पर्यटकीय वन क्षेत्र | पानी पर्दा सुरक्षित हुने ठाउँ नभएको |

| क्र स | पर्यटकीय स्थलको नाम | वार्ड नं | महत्व | कैफियत |
|---|---|---|---|---|
| १५ | हचुमासा सामुदायिक वन | १ | पर्यटकीय वन क्षेत्र | पानी पर्दा सुरक्षित हुने ठाउँ नभएको |
| १६ | हलुवागढ सामुदायिक वन | १ | पर्यटकीय वन क्षेत्र | " |
| १७ | दहिझोडा सामुदायिक वन | ४ | पर्यटकीय वन क्षेत्र | " |
| १८ | सुखानी साहदात स्थल | ३ | ऐतिहासिक स्थल | संरक्षण र संवर्द्धनको अभाव |
| १९ | सुखानी सहिद स्मृति पार्क | ९ | सहिदको सम्झना, मनोरञ्जको लागि झील बनभोज स्थल कछुवा संरक्षण | " |
| २० | रमिते डाँडा | ३ | झापा तथा इलाम जिल्लाका विभिन्न स्थान को अवलोकन गर्न सकिने | पद मार्ग तथा विश्राम स्थल निर्माण गर्न आवश्यक |
| २१ | माता मन्दिर | ६ | | " |
| २२ | ........................ | | | " |
| २३ | ........................ | | | " |

श्रोतः नगरपालिका स्तरीय विज्ञ छलफल

## २.१३. उद्योग व्यापार व्यवसाय सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकामा उत्पादनमुलक उद्यमहरु तराइको सुगम जिल्ला हुनुको नाताले तुलनात्मक रुपमा कम छन ।तथापी दैनिक जीवन संग जोडिएका विभिन्न क्षेत्रमा सानो लगानी वाट सुरुवात भएका व्यवसायहरु भने प्रसस्त रहेकाछन। हाल यो नगरपालिकामा १६४ प्रकारका ३०६८ वटा व्यवसायहरु संचालनमा रहेको पाइएकोछ अझै कैयौ व्यवसायहरु गणनामा छुटेको हुन सक्ने संभावना रहेकोछ ।हाल अर्जुनधारा नगरपालिकामा संचालन भइरहेका व्यवसायहरुको गणितीय विवरण तल प्रस्तुत गरिएकोछः

## तालिका २४ उद्योग व्यापार व्यवसाय सम्वन्धी विवरण

| क्रस | व्यवसाय | संखया | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | किराना व्यवसाय | ५४२ | संचालित | |
| २ | होटल व्यवसाय | २८५ | संचालित | |
| ३ | पशुपालन व्यवसाय | १६१ | संचालित | |
| ४ | कुखुरा सम्वन्धी व्यवसाय | ११५ | संचालित | |
| ५ | रेडिमेड कपडा व्यवसाय | ११७ | संचालित | |
| ६ | खाध्यान्न पसल | ११७ | संचालित | |
| ७ | कृषि व्यवसाय | १२१ | संचालित | |
| ८ | वाखा खरिद विक्रि व्यवसाय | १०४ | संचालित | |
| ९ | कृषि तथा पशुपालन व्यवसाय | १०७ | संचालित | |
| १० | वर्कसप | ६८ | संचालित | |
| ११ | कपडा व्यवसाय | ५८ | संचालित | |
| १२ | कस्टमेटिक व्यवसाय | ५७ | संचालित | |
| १३ | व्यूटीपार्लर व्यवसाय | ४६ | संचालित | |
| १४ | ताजा तरकारी व्यवसाय | ४५ | संचालित | |
| १५ | काष्ठ उद्योग | ४४ | संचालित | |
| १६ | औषधी व्यवसाय | ४३ | संचालित | |
| १७ | चिसो पेय सम्वन्धी व्यवसाय | ४३ | संचालित | |
| १८ | ठेक्का पट्टा व्यवसाय | ४३ | संचालित | |
| १९ | जनरल स्टोर | ४२ | संचालित | |
| २० | हार्डवयर व्यवसाय | ४१ | संचालित | |
| २१ | विद्युतीय सामाग्री सम्वन्धी व्यवसाय | ४० | संचालित | |
| २२ | सुपारी व्यवसाय | ३८ | संचालित | |
| २३ | माछा व्यवसाय | ३५ | संचालित | |
| २४ | ग्रील व्यवसाय | ३२ | संचालित | |
| २५ | गहना पसल | ३१ | संचालित | |
| २६ | जुत्ता चप्पल सम्वन्धी व्यवसाय | ३० | संचालित | |

| क्रस | व्यवसाय | संखया | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| २७ | दुधजन्य व्यवसाय | २९ | संचालित | |
| २८ | मदिरा व्यवसाय | २८ | संचालित | |
| २९ | स्टेसनरी व्यवसाय | २८ | संचालित | |
| ३० | फलफुल उत्पादन व्यवसाय | २५ | संचालित | |
| ३१ | कुटानी पिसानी मिल | २३ | संचालित | |
| ३२ | मुडा वनाइ उद्योग | २१ | संचालित | |
| ३३ | वित्तीय व्यवसाय | २१ | संचालित | |
| ३४ | सिलाइ कटाई व्यवसाय | २१ | संचालित | |
| ३५ | मोवाइल व्यवसाय | १९ | संचालित | |
| ३६ | फ्रेस हाउस | १७ | संचालित | |
| ३७ | सैलुन | १६ | संचालित | |
| ३८ | आल्मुनीयम संग सम्वन्धित व्यवसाय | १५ | संचालित | |
| ३९ | चिया नास्ता पसल | १५ | संचालित | |
| ४० | फेन्सी व्यवसाय | १३ | संचालित | |
| ४१ | बचत तथा ऋण व्यवसाय | १२ | संचालित | |
| ४२ | कवाडी व्यवसाय | ११ | संचालित | |
| ४३ | किचन सामाग्री सम्वन्धी व्यवसाय | ११ | संचालित | |
| ४४ | भेटेरीनरी व्यवसाय | ११ | संचालित | |
| ४५ | ग्याँस डिलर | १० | संचालित | |
| ४६ | ढुवानी व्यवसाय | ९ | संचालित | |
| ४७ | नर्सरी व्यवसाय | ९ | संचालित | |
| ४८ | मल व्यवसाय | ९ | संचालित | |
| ४९ | लोकल कुखरा पालन | ९ | संचालित | |
| ५० | गिफ्ट आइटम | ८ | संचालित | |
| ५१ | च्याउ खेती | ८ | संचालित | |
| ५२ | फोटो व्यवसाय | ८ | संचालित | |

| क्रस | व्यवसाय | संखया | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| ५३ | मिठाइ व्यवसाय | ८ | संचालित | |
| ५४ | डेरी उद्योग | ७ | संचालित | |
| ५५ | प्लम्बिङ | ७ | संचालित | |
| ५६ | इलेक्ट्रोनिक्स | ६ | संचालित | |
| ५७ | ढुंगा गिट्टि व्यवसाय | ६ | संचालित | |
| ५८ | थुक्पा व्यवसाय | ६ | संचालित | |
| ५९ | फलाम सामाग्री व्यवसाय | ६ | संचालित | |
| ६० | फुल व्यवसाय | ६ | संचालित | |
| ६१ | वचत ऋण व्यवसाय | ६ | संचालित | |
| ६२ | शिक्षण | ६ | संचालित | |
| ६३ | छपाइ सम्वन्धी व्यवसाय | ५ | संचालित | |
| ६४ | टयाक्टर ढुवानी सेवा | ५ | संचालित | |
| ६५ | परामर्श सेवा | ५ | संचालित | |
| ६६ | प्लासटिक भाडापसल | ५ | संचालित | |
| ६७ | भाँडा पसल | ५ | संचालित | |
| ६८ | साइकल मर्मत गर्ने | ५ | संचालित | |
| ६९ | आलुचिप्स व्यवसाय | ४ | संचालित | |
| ७० | उखु व्यवसाय | ४ | संचालित | |
| ७१ | डालो नाङ्लो | ४ | संचालित | |
| ७२ | पानपसल | ४ | संचालित | |
| ७३ | मौरी पालन व्यवसाय | ४ | संचालित | |
| ७४ | रंग सामाग्री | ४ | संचालित | |
| ७५ | साउण्ड सिस्टम | ४ | संचालित | |
| ७६ | सिसा व्यवसाय | ४ | संचालित | |
| ७७ | सुर्तीजन्य व्यवसाय | ४ | संचालित | |
| ७८ | कागती व्यवसाय | ३ | संचालित | |

| क्रस | व्यवसाय | संखया | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| ७९ | कृषि सामाग्री व्यवसाय | ३ | संचालित | |
| ८० | टायल्स व्यवसाय | ३ | संचालित | |
| ८१ | डान्स सेन्टर | ३ | संचालित | |
| ८२ | ढाका व्यवसाय | ३ | संचालित | |
| ८३ | निर्माण सामाग्री सम्वन्धी व्यवसाय | ३ | संचालित | |
| ८४ | पुजा सामाग्री | ३ | संचालित | |
| ८५ | पेय पदाथ व्यवसाय | ३ | संचालित | |
| ८६ | फार्मेशी | ३ | संचालित | |
| ८७ | बेकरी | ३ | संचालित | |
| ८८ | मसला व्यवसाय | ३ | संचालित | |
| ८९ | लत्ता कपडा व्यवसाय | ३ | संचालित | |
| ९० | सहकारी | ३ | संचालित | |
| ९१ | अलैची व्यवसाय | २ | संचालित | |
| ९२ | आइसक्रिम पार्लर | २ | संचालित | |
| ९३ | कोचिङ सेन्टर | २ | संचालित | |
| ९४ | क्याटरिङ | २ | संचालित | |
| ९५ | क्यामरा विकि | २ | संचालित | |
| ९६ | खाद्यान्न तथा मसला प्याकेजिङ | २ | संचालित | |
| ९७ | चटपटे व्यवसाय | २ | संचालित | |
| ९८ | चमेना गृह | २ | संचालित | |
| ९९ | चस्मा पसल | २ | संचालित | |
| १०० | जडिवुटी व्यवसाय | २ | संचालित | |
| १०१ | नेपाली कागज व्यवसाय | २ | संचालित | |
| १०२ | बालुवा प्रसोधन गर्ने | २ | संचालित | |
| १०३ | वाँसको सामाग्री | २ | संचालित | |
| १०४ | सावुन व्यवसाय | २ | संचालित | |

| क्रस | व्यवसाय | संखया | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १०५ | अनलाइन | १ | संचालित | |
| १०६ | अस्पताल | १ | संचालित | |
| १०७ | आयात निर्यात | १ | संचालित | |
| १०८ | आयुर्वेदिक उपचार | १ | संचालित | |
| १०९ | इटा उद्योग | १ | संचालित | |
| ११० | उपभोक्ता भण्डार | १ | संचालित | |
| १११ | कम्प्यूटर व्यवसाय | १ | संचालित | |
| ११२ | कलर व्यवसाय | १ | संचालित | |
| ११३ | कार्टुन उद्योग | १ | संचालित | |
| ११४ | कृतिम अमिलो व्यवसाय | १ | संचालित | |
| ११५ | केरा व्यवसाय | १ | संचालित | |
| ११६ | क्याफे | १ | संचालित | |
| ११७ | खाध्यान्न प्याकेजिङ | १ | संचालित | |
| ११८ | चर्च | १ | संचालित | |
| ११९ | चाउचाउ उद्योग | १ | संचालित | |
| १२० | चुना उद्योग | १ | संचालित | |
| १२१ | जीवन विमा | १ | संचालित | |
| १२२ | जुस व्यवसाय | १ | संचालित | |
| १२३ | ज्योतिष व्यवसाय | १ | संचालित | |
| १२४ | टर्की तथा वटाई सम्वन्धी व्यवसाय | १ | संचालित | |
| १२५ | टायर व्यवसाय | १ | संचालित | |
| १२६ | टेन्ट हाउस | १ | संचालित | |
| १२७ | टेलिफोन सेवा | १ | संचालित | |
| १२८ | डिपार्टमेन्ट स्टोर | १ | संचालित | |
| १२९ | डेकोरेशन सामाग्री | १ | संचालित | |
| १३० | डोको नाङ्गलो मुढा | १ | संचालित | |

| क्रस | व्यवसाय | संखया | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १३१ | थेरापी व्यवसाय | १ | संचालित | |
| १३२ | दन्त उपचार | १ | संचालित | |
| १३३ | दालमोठ व्यवसाय | १ | संचालित | |
| १३४ | दुना टपरी व्यवसाय | १ | संचालित | |
| १३५ | पशु खाध्यान्न व्यवसाय | १ | संचालित | |
| १३६ | पुजा सामाग्री | १ | संचालित | |
| १३७ | पेट्रोलपम्प | १ | संचालित | |
| १३८ | पेपर प्लेट व्यवसाय | १ | संचालित | |
| १३९ | प्रेस व्यवसाय | १ | संचालित | |
| १४० | फुटसल | १ | संचालित | |
| १४१ | बुटिक व्यवसाय | १ | संचालित | |
| १४२ | बैङ्क तथा वित्तिय संस्था | १ | संचालित | |
| १४३ | मनि ट्रान्सफर | १ | संचालित | |
| १४४ | मल वीउ व्यवसाय | १ | संचालित | |
| १४५ | माटाको भाँडा वनाउने | १ | संचालित | |
| १४६ | मार्केटिङ | १ | संचालित | |
| १४७ | मिनिरल वाटर सप्लायर्स | १ | संचालित | |
| १४८ | लण्ड्री व्यवसाय | १ | संचालित | |
| १४९ | ल्याव | १ | संचालित | |
| १५० | वालुवा प्रसोधन केन्द्र | १ | संचालित | |
| १५१ | विज्ञान सामाग्री व्यवसाय | १ | संचालित | |
| १५२ | वोरा व्यवसाय | १ | संचालित | |
| १५३ | संगित शिक्षा | १ | संचालित | |
| १५४ | संचार व्यवसाय | १ | संचालित | |
| १५५ | सखर व्यवसाय | १ | संचालित | |
| १५६ | सरसफाइ सामाग्री उत्पादन | १ | संचालित | |

| क्रस | व्यवसाय | संखया | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १५७ | सवारी साधन खरिद विक्रि | १ | संचालित | |
| १५८ | साइवर | १ | संचालित | |
| १५९ | सुरक्षण व्यवसाय | १ | संचालित | |
| १६० | सेनीटरी प्याड व्यवसाय | १ | संचालित | |
| १६१ | स्टील सामाग्री | १ | संचालित | |
| १६२ | स्वास्थ्य सेवा | १ | संचालित | |
| १६३ | हाउजिङ | १ | संचालित | |
| १६४ | अदुवा व्यवसाय | १ | संचालित | |
| | **जम्मा** | ३०६८ | | |

श्रोतः नगरपालिका सूचना प्रविधि शाखा २०८०

## २.१४. आम्दानी रोजगारी तथा वित्तीय सेवा

अर्जुनधारा नगरपालिका झापा जिल्लाका सुगम स्थानीय तहमा पर्दछ । यो नगरपालिकाको झण्डै ७० प्रतिशत भूमिमा खेती गरिएकोछ ।समथर भूमि कालो माटो सिंचाइको सुविधा आदि कारणले गर्दा यो पालिकामा धान तथा मकै जस्ता वालीहरुको राम्रो उत्पादन हुने गर्दछ । कृषि सम्वद्ध व्यवसायहरु पनि प्रसस्त फस्टाउने अवस्था छ तर यो क्षेत्रको व्यवसायिक सम्मान नभएका कारण आकर्षण भने कम छ । समयमा मल वीउ नपाउने काम गर्न जाँगर नगर्ने आदी कारणले कृषि व्यवसाय पछि परेकोछ । गाउँमा कृषि पेशामा संलग्न हुनलाई तुलनात्मक रुपमा हेरेर युवाहरु कम आकर्षित भएकाछन । एकातर्फ मेशिन औजारले छोटो समयमा धेरै काम गर्ने भएकोले गर्दा हातले काम गर्न अनिच्छुक हुने र मेशीन ल्याउन महङ्गो हुने भएकोले पनि यो व्यवसाय खतरामा परेकोछ ।

पछिल्लो समयमा मेशिन औजारमा श्रम गर्न इन्छुक युवाहरु शारीरिक श्रम गर्न भने इन्छुक देखिएका छैनन यसको उदाहरण भनेको वैदेशिक रोजगारीमा युवाको आकर्षण हो । विदेशमा युवाहरुले अत्याधिक श्रम गरेका छन तर शारिरिक श्रम नभइ मेशीन औजारमा श्रम गरेका छन त्यसले गर्दा कृषि पेशालाइ सम्मानित वनाएर नगरपालिका भित्र विभिन्न पकेट क्षेत्रहरु निर्माण गरी सामुहिक खेतीको विकास गर्ने हो भने मेशिन औजार परिचालन गर्न सहज र सरल हुन्छ ।

यो नगरपालिकावाट युरोप, जपान, कोरिया लगायतका सम्पन्न राष्ट्रहरुमा समेत युवाहरु गएका छन भने भारतमा जाने चाहि मौसमी कामदारको रुपमा जाने गरेका छन । यसरी मौसमी कामदारको रुपमा गएर पनि जीवन निर्वाहका लागि केहि रकम आर्जन गरेको अवस्था छ ।

यो नगरपालिकामा NIC ASIA, हिमालयन, साङ्ग्रिला, प्राइम कमर्सीयल तथा एक्सेल डेभलपमेन्ट वैकको शाखाहरु रहेको छ ।यहाँ बैक सरह आर्थिक कारोवार गर्ने NMC (नेपाल बहुदेश्यीय सहकारी) तथा सहारा वचत तथा ऋण सहकारी ले व्यापक रुपमा सेवा प्रवाह गरिरहेकाछन । नगरपालिकाले आफ्नो भूमिमा भएका सवै वैकहरुलाई वाँडेर सामाजिक सुरक्षा भत्ता उपलव्ध गराएको छ भने अन्य कारोवार पनि सवै वैकहरुमा गरेकोछ । वैकिङ् सुविधाको लागि यो नगरपालिका अग्र स्थानमा छ । यो नगरपालिकाका कैयौ नागरिकहरुले विर्तामोडमा पनि वैक खाता संचालन गरेका छन । किनकी विर्तामोड वजार सनिश्चरे वजार भन्दा नजिक भएका वस्तीहरु पनि प्रसस्त छन ।

श्रम मुलक रोजगारीको लागि यो नगरपालिकामा खासै समस्या छैन तर अन्य टेवल मा वसेर गर्ने खालका नोकरीहरु भने अत्यन्तै कम छन । तर त्यस्तै नोकरीको खोजिमा मात्र लाग्ने र यदी संभव नभएमा वरु शारिरिक श्रम गर्न वैदेशिक रोजगारी तर्फ जाने परिपाटि विकास भएको छ जुन राम्रो हैन ।व्यवसायिक सफलता कृषि मा आधुनिकिकरण गर्ने र युवाहरुलाइ प्रोत्साहन गरेर अगाडी वढाउदा प्राप्त हुने अवस्था छ ।

## २.१५. सामाजिक विकासको अवस्था

सामाजिक विकासको क्षेत्रमा अर्जुनधारा नगरपालिका समग्रतामा अपेक्षित रुपमा अगाडी वढ्न सकेको छैन । शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ,लक्षित वर्ग र सामाजिक समावेशीकरण ,कलाभाषा साहित्य संपदा संरक्षण संगै युवा तथा खेलकुदका क्षेत्रहरु पर्दछन ।विकासको क्षेत्रमा सवै भन्दा अन्तिम लक्ष भएको नै सामाजिक विकास हो अन्तिम उपलब्धी सामाजिक विकासमा नै गएर टुङ्गिन्छ तर पनि हाम्रो जस्तो अल्प विकसित राष्ट्रमा विकासको प्राथमिकता मा सामाजिक विकास खासै पर्दैन विशेष गरी भौतिक पूर्वाधारका योजनाहरुमा लुछाचुडी हुने गर्दछ ।भौतिक पूर्वाधार साँच्चै नै विकासको पनि पूर्वाधार भएको हुनाले यसमा लगानी हुन पनि जरुरी छ । तर विकासलाई संगै संगै लैजानका लागि सामाजिक विकास पनि छोड्नु हुदैन ।अर्जुनधारा नगरपालिका को सामाजिक विकासको सवै उपक्षेत्रहरु वारे संक्षिप्त विश्लेषण निम्नानुसार गरिएकोछ ।

## २.१६. स्वास्थ्य संस्था सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण संकलन गरिएकोछ । जसअनुसार यो क्षेत्रमा शनिस्चरे अस्पताल ३ वटा आधारभुत स्वास्थ्य इकाई २ वटा स्वास्थ्य चौकी एउटा स्वास्थ्य केन्द्र र एउटा सामुदायिक स्वास्थ्य इकाई र एउटा आयुर्वेदिक अस्पताल सहित जम्मा ९ वटा स्वास्थ्य

संस्थाहरु सरकारी छन भने नीजिमा पनि एउटा शंकर अस्पताल सहित विभिन्न फार्मेशी हरु रहेकाछन ।ऐले अर्जुनधारा नगरपालिका भित्र स्वास्थ्य संस्थाहरु प्रसस्त भएको भएपनि सबैमा स्वास्थ्य उपकरण नहुने कारणले सनिश्चरे अस्पतालमा तुलनात्मक रुपमा भीड लाग्ने गरेको छ । पछिल्लो समय विरामी हुँदा स्वास्थ्य संस्थामा जाने प्रचलन पनि बढेकोछ । एकातर्फ आफै सचेत भएर जाने परिपाटी पनि वढेको छ भने अर्कोतिर स्वास्थ्य बीमाको उपयोग गर्नका लागि पनि स्वास्थ्य संस्थामा जाने प्रचलन बढेको हो । यातायात तथा संचारको सुविधा एम्वुलेन्स सेवा जस्ता सुविधाका कारण स्वास्थ्य संस्थामा उपचार गराउनेको संख्या बढी रहेकोछ । हाल यो नगरपालिकामा भएका स्वास्थ्य संस्था सम्वन्धी विवरण तल प्रस्ततु गरिएकोछः

**तालिका २५ अर्जुनधारा नगरपालिकाका स्वास्थ निकाय सम्वन्धी विवरण**

| क स | स्वास्थ्य संस्थाको नाम | संख्या | क स | स्वास्थ्य संस्थाको नाम | संख्या |
|---|---|---|---|---|---|
| १ | सरकारी अस्पताल | १ | ७ | नीजि अस्पताल | १ |
| २ | प्रसुती गृह | ० | ८ | स्वास्थ्य केन्द्र | १ |
| ३ | स्वास्थ्य चौकी | २ | ९ | आधारभुत स्वास्थ्य इकाई | २ |
| ४ | आयुर्वेद अस्पताल | १ | १० | सामुदायिक स्वास्थ इकाई | १ |
| ५ | प्राकृतिक चिकित्सा | ० | ११ | फार्मेशी | १५ |

श्रोतः फिल्ड अवलोकन २०८०

[नोटःअर्जुनधारा नगरपालिकामा छुट्टै प्रसुती गृह नभएको तर सनिश्चरे अस्पताल खुदुनावारी स्वास्थ्य चौकी तथा संकर अस्पताल (निजी) मा प्रसुती गराउने गरिएकोछ ]

अर्जुनधारा नगरपालिकामा स्वास्थ्य संस्थामा पुग्नको लागि अधिकतम आधा घण्टा लाग्दछ ।प्राथमिक उपचार देखि विशिष्ट उपचार सम्म हुन सक्ने यी स्वास्थ्य संस्थामा दैनिक सयौ मानिसले उपचार गराइरहेकाछन । तर नजिकको तिर्थ हेलाँ भने झै यहाँका कैयौ विरामी हरु विर्तामोड विराटनगर तथा काठमाडौ र भारतका विभिन्न स्थान सम्म जाने गर्दछन । यो नगरपालिकाबाट एकघण्टा गाडीको यात्रा गर्ने हो भने भारतको बागडुक्राका ठुला र सुविधा सम्पन्न अस्पतालहरुमा उपचार गर्न सकिन्छ ।अर्जुनधारा नगरपालिकाको नजिकको स्वास्थ्य संस्था पुग्न लाग्ने समय (साइकल यात्रा) सम्वन्धी वार्डस्तरीय विवरण तल प्रस्तुत गरिएकोछः

**तालिका २६ नजिकको स्वास्थ्य संस्थामा पुग्न लाग्ने समयका आधारमा घरधुरी विवरण**

| वडा नम्बर | १५ मिनेट सम्म | ३० मिनेट सम्म | १ घण्टा वा बढि | २ घण्टा | नखुलाइएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ७७६ | ८७५ | ० | ० | ० | १६५० |

| वडा नम्बर | १५ मिनेट सम्म | ३० मिनेट सम्म | १ घण्टा वा बढि | २ घण्टा | नखुलाइएको | जम्मा |
|---|---|---|---|---|---|---|
| २ | ७८२ | ६१५ | ० | ० | ० | १३९७ |
| ३ | ८१८ | ८५२ | ० | ० | ० | १६७० |
| ४ | ६१० | ९५४ | ० | ० | ० | १५६४ |
| ५ | १५२० | ८९३ | ० | ० | ० | २४१३ |
| ६ | १९४० | ९५५ | ० | ० | ० | २८९५ |
| ७ | ७८९ | ३७२ | ० | ० | ० | ११६१ |
| ८ | १२७० | ३१८ | ० | ० | ० | १५८८ |
| ९ | १४०८ | ५७५ | ० | ० | ० | १९८३ |
| १० | ९९४ | ६६२ | ० | ० | ० | १६५६ |
| ११ | १८६४ | १०९४ | ० | ० | ० | २९५८ |
| **जम्मा** | **१२७७१** | **८१६४** | **०** | **०** | **०** | **२०९३५** |
| प्रतिशत | ६१% | ३९% | ०% | ०% | ०% | १००% |

श्रोतः फिल्ड अवलोकन २०८०

## २.१७. शैक्षिक विकास

अर्जुनधारा नगरपालिकाको कुल साक्षारता दर ८४.४ प्रतिशत रहेको छ । लिङ्गीय आधारमा हेर्दा यहाँको महिला साक्षरता दर ७९.६% र पुरुष साक्षरता दर ८९.७% रहेकोछ । हाल यो नगरपालिकामा कुल ६९ वटा शैक्षिक संस्थाहरु रहेकाछन जसमा ३४ वटा सामुदायिक र ३५ वटा संस्थागत रहेकाछन ।कुल ६९ वटा शैक्षिक संस्था मध्ये एउटा क्याम्पस २३ वटा माद्यमिक (९ वटा सामुदायिक र १४ वटा संस्थागत) ¸२५ वटा प्राथमिक र १२ वटा आधारभुत विद्यालय रहेकाछन । गुरुकुल शैक्षिक संस्था एवम संस्कृत पाठशाला ५ वटा रहेका छ । उल्लेखित शैक्षिक संस्थाहरुको विवरण तल प्रस्तुत गरिएकोछः

**तालिका २७नगरपालिकामा विद्यमान शैक्षिक संस्थाको विवरण**

| क स | विवरण | सामुदायिक | संस्थागत | गुठी | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पुर्व प्राथमिक विद्यलाय | ० | ३ | ० | ३ | |

| क स | विवरण | सामुदायिक | संस्थागत | गुठी | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | प्राथमिक विद्यालय | १३ | १२ | ० | २५ | |
| ३ | आधारभुत विद्यालय | ६ | ६ | ० | १२ | |
| ४ | माध्यमिक विद्यालय | ९ | १४ | ० | २३ | |
| ५ | सनिश्चरे बहुमुखी क्याम्पस | १ | ० | ० | १ | |
| ६ | गुरुकुल /संस्कृत पाठशाला | ५ | ० | ० | ५ | |
| | जम्मा | ३४ | ३५ | ० | ६९ | |

श्रोतः अर्जुनधारा नगरपालिका

माथि उल्लेखित विद्यालयहरुको नाम ठेगाना सहितको विवरण तल प्रस्तुत गरिएकोछ ।

**तालिका २८ नगरपालिकामा विद्यमान सरकारी शैक्षिक संस्थाको नम**

| सि नं | शैक्षिक संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | सिंहदेवी माद्यामिक विद्यालय | अर्जुनधारा १ झापा |
| २ | जनता माद्यामिक विद्यालय | अर्जुनधारा ३ झापा |
| ३ | अर्जुनधारा माद्यामिक विद्यालय | अर्जुनधारा ४ झापा |
| ४ | भानु माद्यामिक विद्यालय | अर्जुनधारा ५ झापा |
| ५ | लक्ष्मी माद्यामिक विद्यालय | अर्जुनधारा‘६, झापा |
| ६ | अर्जुनधारा संस्कृत आदर्श माद्यामिक विद्यालय | अर्जुनधारा‘७, झापा |
| ७ | शनिश्चरे माद्यामिक विद्यालय | अर्जुनधारा‘८, झापा |
| ८ | कालिस्थान माद्यामिक विद्यालय | अर्जुनधारा‘९, झापा |
| ९ | महारानीगञ्ज माद्यामिक विद्यालय | अर्जुनधारा‘११, झापा |
| १० | गणेश आधारभूत विद्यालय | अर्जुनधारा‘१, झापा |
| ११ | भिमले आधारभूत विद्यालय | खुदुनाबारी‘२, झापा |
| १२ | भानु आधारभूत विद्यालय | अर्जुनधारा‘३, झापा |
| १३ | नवदुर्गा आधारभूत विद्यालय | अर्जुनधारा‘४, झापा |
| १४ | आधारभूत विद्यालय कन्चनवारी | अर्जुनधारा‘५, झापा |
| १५ | अरुणोदय आधारभूत विद्यालय | अर्जुनधारा‘७, झापा |
| १६ | सिंहेश्वरी आधारभूत विद्यालय | अर्जुनधारा‘२, झापा |
| १७ | सरस्वती प्राथमिक विद्यालय | अर्जुनधारा‘२, झापा |

| सि नं | शैक्षिक संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १८ | नवज्योती प्राथमिक विद्यालय | अर्जुनधारा‘२, झापा |
| १९ | चन्द्रोदय प्राथमिक विद्यालय | अर्जुनधारा‘३, झापा |
| २० | लक्ष्मी प्राथमिक विद्यालय | अर्जुनधारा‘४, झापा |
| २१ | शिवनारायण प्राथमिक विद्यालय | अर्जुनधारा‘४, झापा |
| २२ | समाजसेवी प्राथमिक विद्यालय | अर्जुनधारा‘५, झापा |
| २३ | नवज्योती प्राथमिक विद्यालय | अर्जुनधारा‘५, झापा |
| २४ | बालकल्याण प्राथमिक विद्यालय | अर्जुनधारा‘६, झापा |
| २५ | बालज्योती प्राथमिक विद्यालय | अर्जुनधारा‘९, झापा |
| २६ | श्री प्राथमिक विद्यालय शनिश्चरे | अर्जुनधारा‘९, झापा |
| २७ | सिंहवाहिनी प्राथमिक विद्यालय | अर्जुनधारा‘१० |
| २८ | जुनकिरी प्राथमिक विद्यालय | अर्जुनधारा‘११, झापा |
| २९ | श्री अर्जुनधारा संस्कृत गुरुकुल | अर्जुनधारा ७ |
| ३० | सप्तऋषि गुरुकूल | अर्जुनधारा १ |
| ३१ | वेदवेदाङ्ग संस्कृत पाठशाला | अर्जुनधारा ५ |
| ३२ | कालिकापीठ संस्कृत गुरुकुल | अर्जुनधारा ९ |
| ३३ | देवर्शी संस्कृत गुरुकुल | अर्जुनधारा ९ |

**तालिका २९ नगरपालिकामा विद्यमान निजी शैक्षिक संस्थाको नम**

| SN | SCHOOL | ADDRESS |
|---|---|---|
| 1 | NEW HOPE ENG.B. SEC. SCHOOL | ARJUNDHARA-3 |
| 2 | RUPRATNA MEMORIAL SCHOOL | ARJUNDHARA-7 |
| 3 | AIMS ACADEMY | ARJUNDHARA-8 |
| 4 | BLUE HEAVEN ENG.SEC. SCHOOL | ARJUNDHARA-2 |
| 5 | DEV BHUMI VIDHYAPITH E. B. SCHOOL | ARJUNDHARA-5 |
| 6 | KALIKA SISHU SADAN | ARJUNDHARA-10 |
| 7 | PRAGATI SEC. B. SCHOOL | ARJUNDHARA-9 |
| 8 | PRATIVA NAMUNA SEC. SCHOOL | ARJUNDHARA-2 |
| 9 | SRIJANA SISHU SADAN | ARJUNDHARA-9 |
| 10 | SURYAJYOTI | ARJUNDHARA-4 |

| SN | SCHOOL | ADDRESS |
|---|---|---|
| 11 | SWASTIKA SISHU SADAN | ARJUNDHARA-8 |
| 12 | HOLI BASIL E.B. SCHOOL | ARJUNDHARA -5 |
| 13 | DEVI PATHIVARA ENG. SCHOOL | ARJUNDHARA-6 |
| 14 | KHUDUNABARI KANCHANJUNGHA | ARJUNDHARA-1 |
| 15 | HIMALI EDU. FOUNDATION | ARJUNDHARA-6 |
| 16 | HOLIKA ENG.B. SCHOOL | ARJUNDHARA -11 |
| 17 | SHISNE SHANTI VIDYA MANDIR | ARJUNDHARA-1- |
| 18 | EVEREST ENG. ACADEMY | ARJUNDHARA-5 |
| 19 | EVERGREEN ENG. SCHOOL | ARJUNDHARA-10 |
| 20 | SHUVATARA EDU. FOUNDATION | ARJUNDHARA-10 |
| 21 | WORLD VISION ENG. SCHOOL | ARJUNDHARA-6 |
| 22 | GORKHA ENG. B. SCHOOL | ARJUNDHARA-6 |
| 23 | LOMUS ENG.B . SCHOOL | ARJUNDHARA-1 |
| 24 | ELITE KINDER WORLD SCHOOL | ARJUNDHARA-8 |
| 25 | ROSE BUD ENG. B . SCHOOL | ARJUNDHARA-3 |
| 26 | PUSPA SADAN ENG .SCHOOL | ARJUNDHARA-9 |
| 27 | NAWANEET EDU. FOUNDATION | ARJUNDHARA-6 |
| 28 | BRILIANT PUPILS ACADEMY | ARJUNDHARA-6 |
| 29 | SHANTI PRABHAT ENGLISH SCHOOL | ARJUNDHARA 3 |
| 30 | BRIGHT BENING ACADEMY | ARJUNDHARA |
| 31 | RAINBOW ENGLISH SCHOOL | ARJUNDHARA-7 |
| 32 | BRIGHTER ENGLISH BOARDING SCHOOL | ARJUNDHARA |

श्रोतः अर्जुनधारा नगरपालिका

यो नगरपालिकामा पाँच वर्षमुनिको जनसंख्या ६१७२ रहेको छ ।पाँच वर्ष भन्दा माथिको जनसंख्या ७७८५६ संख्याको आधारमा हेर्दा ८९.७% पुरुष तथा ७९.६% महिला गरी कुल ८४.५% जनसंख्या लेख्न र पढ्न सक्ने रहेकाछ्न ।त्यसैगरी ०.३% पुरुष र ०.४% महिला गरी कुल ०.४% जनसंख्या पढ्न मात्र सक्ने रहेकाछ्न त्यसै गरी यो नगरपालिकामा आज सम्मको अवस्थामा १९.९% महिला र १०% पुरुष गरी कुल १५.२% जनसंख्या पूर्णरुपमा निराक्षर रहेकोछ ।

यो अर्जुनधारा नगरपालिकाको कुल जनसंख्या ८४०३१ मध्ये पाँच वर्षको माथिको जनसंख्या ७७८५६ मध्ये ११८४५ पूर्ण निराक्षर र २९५ पढ्न मात्र सक्ने गरी कुल ८४४७ बाहेक लेख्न र पढ्न सकेन जनसंख्या ६५४७० जना रहेकोछ । यो जनसंख्याको ४.१ % अर्थात २६७९ जना पुर्व प्राथमिक विद्यालय अध्ययनरत छन त्यसैगरी २४.६% अर्थात १६०७८ जना प्राथमिक शिक्षा उतीर्ण गरेकाछन । त्यसैगरी १९.८% अर्थात १२९७५ जना निम्न माद्यामिक विद्यालय उतीर्ण गरेकाछन ।त्यसैगरी १८.०१% अर्थात ११८२८ जना उच्च माद्यमिक शिक्षा उतीर्ण गरेकाछन ।एसएलसी उतीर्ण गरेको जनसंख्या १३.५% अर्थात ८८४८ रहेकोछ ।प्रविणता प्रमाणपत्र तह उतीर्ण गरेको जनसंख्या १३% अर्थात ८५०६ रहेको छ ।स्नातक तह उतीर्ण गरेको जनसंख्या ३.७% अर्थात २३९७ रहेकोछ ।१.४% अर्थात ९११ जनाले स्नातकोत्तर उतीर्ण गरेकाछन ।

यहाँका कुल ६८ वटा विद्यालय र एउटा क्याम्पस गरी कुल ६९ वटा शैक्षिक संस्थामा अध्ययन अध्यापन भइरहेकोछ । यो नगरपालिका अन्तरगत रहेका शैक्षिक संस्थाहरुले यो नगरपालिका संगै छिमेकी स्थानीय तह काम मात्र हैन । वाह्य जिल्ला इलाम पाँचथर ताप्लेजुङ तेह्रथुमका समेत धेरै विद्यार्थीहरुलाई सेवा प्रदान गरिरहेकोछ । भौतिक रुपमा सुविधा सम्पन्न देखि सामान्य सम्मका सेवा सुविधा रहेका विद्यालय हरु छन ।

एउटा स्थानीय तहमा २८ वटा संस्थागत विद्यालय हुनु भनेको स्थानीय नागरिकहरु श्रम गरेर भएपनि निजी विद्यालयमा पढाउने गरेका छन भन्ने प्रष्ट हुन्छ ।

### २.१८.शैचालय प्रयोगको अवस्था

देश नै खुल्ला दिसामुक्त घोषणा भएको हुनाले अर्जुनधारा नगरपालिकापनि स्वत खुल्ला दिशा मुक्त नगर हो तथापी हाल  हाल सम्म १.५ प्रतिशत अर्थात ३०४ घरधुरी मा शौचालय छैन । यहाँका कुल २०९३५ घरधुरी मध्ये ७३.७% अर्थात १५४३२ घरधुरीमा सेफ्टी टयाङ्की सहितको पक्की शौचालय रहेको छ भने ०.८% अर्थात १६४ घरधुरीको पक्की शौचालय भएपनि सेप्टि टयाङ्की छैन सार्वजानिक ढलमा मिसाइएकोछ । त्यसैगरी यो नगरपालिकाका २३.८% अर्थात ४९७५ घरधुरीमा खाल्डे चर्पी रहेको छ भने ०.३% अर्थात ६० घरधुरीले सार्वजानिक शौचालयहरु प्रयोग गर्ने गरेकाछन । अर्जुनधारा नगरपालिकाको चर्पी प्रयोग सम्वन्धी विवरण तल प्रस्तुत गरिएकोछ ।

**तालिका ३० शौचालय प्रयोगको अवस्था सम्वन्धी विवरण**

| वडा नं | चर्पीको प्रयोग | | | | चर्पी नभएका | जम्मा |
|---|---|---|---|---|---|---|
| | सार्वाजानिक ढलमा मिसाएको पक्की चर्पी | सेप्टी टयाङ्की सहितको पक्की चर्पी | खाल्डे चर्पी | सार्वजानिक चर्पी प्रयोग गर्ने | | |
| १ | १० | १४१३ | १७८ | १ | ४८ | १६५० |

| वडा नं | चर्पीको प्रयोग | | | | चर्पी नभएका | जम्मा |
|---|---|---|---|---|---|---|
| | सार्वाजानिक ढलमा मिसाएको पक्की चर्पी | सेप्टी टयाङ्की सहितको पक्की चर्पी | खाल्डे चर्पी | सार्वजानिक चर्पी प्रयोग गर्ने | | |
| २ | १५ | १२३७ | १०९ | १ | ३५ | १३९७ |
| ३ | १० | १३२६ | ३२३ | ० | ११ | १६७० |
| ४ | ६ | ११६३ | ३३७ | १८ | ४० | १५६४ |
| ५ | ४ | १८२० | ५४२ | २२ | २५ | २४१३ |
| ६ | ६ | २१६३ | ७१९ | १ | ६ | २८९५ |
| ७ | ५ | ६८९ | ४५१ | ४ | १२ | ११६१ |
| ८ | ७९ | ११७६ | ३१५ | २ | १६ | १५८८ |
| ९ | २ | १४३३ | ५३५ | ० | १३ | १९८३ |
| १० | ६ | १०५६ | ५६१ | ३ | ३० | १६५६ |
| ११ | २१ | १९५६ | ९०५ | ८ | ६८ | २९५८ |
| जम्मा | १६४ | १५४३२ | ४९७५ | ६० | ३०४ | २०९३५ |
| प्रतिशत | ०.८% | ७३.७% | २३.८% | ०.३% | १.५% | १००% |

श्रोतः राष्ट्रिय जनगणना २०७८

## २.१९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

अर्जुनधारा नगरपालिकामा मुख्य रुपमा १४ जातीका मानिसहरु बसोवास गर्ने गरेकाछन भने न्यून संख्यामा (१ प्रतिशत भन्दा कम ) अन्य जातीहरुपनि रहेकाछन । यो नगरपालिकाको कुल ८४०१८ जनसंख्या मध्ये सवैभन्दा बढी २७.९% अर्थात २३४६४ जनसंख्या पहाडी ब्राम्हण जातीको रहेकोछ ।त्यसपछि क्रमश क्षेत्री २०.६% अर्थात १७३०७,लिम्वु ७.८% अर्थात ६५४० कामी ५.४% अर्थात ४५०० राई ५.१% अर्थात ४३१२ तामाङ ४.६% अर्थात ३८३१,मगर ३.२% अर्थात २७१६,दमाई २.९% अर्थात २४५६, नेवार २.८ अर्थात २३१९,दशनामी सन्यासी २.३% अर्थात १९३१, राजबंशी १.६% अर्थात १३२६,थारु १.२% अर्थात ९९९,मधेशी १.१% अर्थात ९०८, दनुवार १% अर्थात ८२९ र अन्य विभिन्न अल्पसंख्यकहरु गरी जम्मा १२.६% अर्थात १०५८० रहेकोछ । यो नगरपालिकाको लक्षित वर्गमा महिला,दलित, अपाङ्गता,जेष्ठ नगारिक, गरीव लाई समावेश गरिएकोछ ।

यो नगरपालिकामाम पेशा तथा रोजगारीको क्षेत्रमा महिला सहाभागीता न्यून रहेको छ ।महिला साक्षरता दर ७९.६ प्रतिशत रहेको भने महिलाको औषत आयू ६८.४५ वर्ष रहेको छ ।स्थानीय तहको २०७९ सालको चुनावमा पनि कानुनले निर्दिष्ट गरेको संख्या भन्दा वढी एकजना पनि महिला निर्वाचित भएका छैनन ,कुल ५७ जना निर्वाचित भएका मध्ये २३ जना मात्र महिला छन जुन कानुनी रुपमा सुनिश्चित गरिएको संख्या हो । शैक्षिक क्षेत्रमा छोरा छोरी विच खास विभेद देखिदैन । स्थानीय विद्यालयहरुमा छोरा छोरी दुवैले अध्ययन गरिरहेका छन् भने वाहिर लगेर पढाउने विषयमा भने तुलनात्मक रुपमा छोराहरु प्राथमिकतामा परेका छन । नगरपालिकाको नगरसभामा महिला उपस्थिति ४०.३५ प्रतिशत रहेको छ भने गाउँ कार्यपालिकामा २८.५७ प्रतिशत रहेको छ ।यसैगरी दलितको उपस्थिति गाउँसभामा २२.८० प्रतिशत रहेको छ भने गाउँ कार्यपालिकमा ९.५२% रहेकोछ । ३५.०४ प्रतिशत घरधुरीमा महिलाहरु परिवारको निर्णायक भूमिकामा रहेकाछन ।वालविवाहमा महिलाहरु धेरै छन । महिला पुरुष समान काम समान ज्याला को अवस्था छैन । गर्भवती महिलाहरु जोखीमयुक्त काममा संलग्न हुन वाध्य छन ।नगरपालिकाले निर्माण गरेका कानुन कार्यविधिहरु महिला मैत्री भएपनि कार्यान्वयन प्रभाकारी रुपमा हुन सकेको छैन .

भित्रभित्र यथावत रहेपनि सार्वजनिक स्थलमा छुवाछूतको अवस्था घट्दो क्रममा रहेकोछ ।सवै वडामा दलित जनप्रतिनिधिहरु निर्वाचित भएकाछन ।

सामाजिक सुरक्षाको अवस्था हेर्दा हाल यो नगरपालिकामा ८१३२ जनाले भत्ता प्राप्त गरिरहेकाछन जसमा जेष्ठ नागरिक ४७७२ जना जेष्ठ नागरिक दलित ३६३ जना जेष्ठ नागरिक एकल महिला ५९१ जना विद्यवा १००९ जना अपाङ्ग ५७२ जना लोपुन्मुख वालवालिका २ जना दलित वालवालिका ४२३ जना लोपोन्मुख जाती ४०५ जना रहेकाछन । यहाँका सार्वजनिक भवनहरु पनि अपाङ्ग मैत्री छैनन। नगरपालिकाको आफ्नै भवन पनि अपाङ्ग मैत्री छैन ।

### २.२०. पूर्वाधार तथा सहरी विकासको अवस्था

सर्वसुलभ र आधुनिक पूर्वाधारलाई देशको १५ औ योजनाले उच्च स्थानमा राखेकोछ । दिगो शहरी विकास तथा बस्ती विकासलाई राष्ट्रको दीर्घकालीन रणनीतिमा छ भने रुपान्तरणका प्रमुख संवाहकमा गुणस्तरीय एकीकृत यातायात प्रणाली,सूचना प्रविधि तथा संचार पूर्वाधार वृहत सञ्जालीकरण, आधुनिक, दिगो तथा व्यवस्थित शहरीकरण,आवास र वस्ती विकासलाई लिइएकोछ । यसैगरी दिगो विकास लक्षमा पूर्वाधार विकासलाई महत्वका साथ उल्लेख गरिएकोछ । दिगो र आधुनिक उर्जामा सबैको पहुँच अभिवृद्धि गर्ने,गुणस्तरीय,भरपर्दो,दिगो र उत्थानशील पूर्वाधार निर्माण गर्ने,सडक सुरक्षामा सुधार ल्याउदै संकटग्रस्त व्यक्ति महिला अपाङ्गता र प्रौढ मैत्री बनाउदै दिगो यातायात प्रणालीको विकास शहरीकरण र मानव वस्तालाई दिगो र व्यवस्थित गर्नै पक्षलाई दिगो विकास लक्षमा समावेश गरिएकोछ

अर्जुनधारा नगरपालिकाले उपरोक्त पक्षको सुनश्चितताका लागि संघ र प्रदेश सरकारको कानुन, नीति, योजना र लक्षलाइ समेत मनन गरी समग्र पूर्वाधार विकास क्षेत्रको आवधिक योजनाको खाका तयार पारेको छ ।यसका लागि पूर्वाधार विकास क्षेत्र अन्तरगतका प्रमुख क्षेत्रहरु सडक,यातायात पुल निर्माण,आवास,भवन तथा वस्ती विकास,विद्युत तथा बैकल्पिक उर्जा र सूचना,संचार र प्रविधि जस्ता क्षेत्रहरुको विद्यमान अवस्था, समस्या तथा चुनौतीहरुको विश्लेषण भएको छ र आगामी ५ वर्षका लागि उदेश्य निर्धारण भएको छ ।

## २.२१. बस्ती आवास भवन तथा सार्वजनिक निर्माण

अर्जुनधारा नगरपालिकामा वस्ती विकासका लागि खास काम हरु भएका छैनन । एकीकृत वस्ती विकास भएको छैन वस्तीहरु यत्र तत्र छरिएर रहेकाछन । कृषि क्षेत्र र आवास क्षेत्र निर्धारण भएपनि पहिले देखि नै विकास भएका वजार क्षेत्रहरु मुख्य गरी विर्तामोड (वडा नं ११ ) सनिश्चरे,खुदुनावारी,कालिस्थान,लक्ष्मीपुर मिलडाँडा मदनपुर सिस्ने पाण्डवपुर लगायतका क्षेत्रहरु वजार क्षेत्रको रुपमा रहेकाछन । यो नगरपालिकाको जनघनत्व प्रति वगकिमि ७६४.७७ रहेको छ सवैभन्दा कम वडा नं ४ मा ३५०.४४ जना प्रति वर्गकिलोमिटर रहेको छ भने सवैभन्दा धेरै वडा नं ६ मा १९०४.८७ जना प्रति वर्ग किलोमिटर रहेकोछ। नगरपालिकाको घर निर्माणको अवस्थालाई हेर्दा ७१.६% प्रतिशत घरधुरीहरु ढुंगा वा इटा र सिमेन्टले वनेका छन भने १६.७ प्रतिशत घरधुरीहरु वाँस प्रयोग गरेर वनाइएका छन यसैगरी करिव ६ प्रतिशत घरधुरीहरु काठले वनेका छन भने टीनले वनेका घरधुरी ३.४ प्रतिशत रहेकाछन वाँकी मध्ये १.९% घरधुरी ढुंगा इटा र माटोले वनेकाछन भने अरु काँचो इटा तथा स्याउला आदीले वनेकाछन । घरको छानाको अवस्था हर्दा ६५.९ % घरधुरी टिनको छानो भएका छन भने ३३.४% घरधुरी सिमेन्टको ढलान भएका छन वाँकी ०.४ % घरधुरी खर फुस स्याउला लगायतले छाएकाछन । भुकम्पीय जोखीम कम गर्ने गरी भूकम्प प्रतिरोधी घरहरु निर्माण भएका छैनन तथापी एकतले पक्की घरहरु प्रसस्त भएका हुनाले भूकम्पीय जोखीमका हिसावले सुरक्षित नै मानिन्छन ।

## २.२२. सडक पुल तथा यातायात

अर्जुनधारा नगरपालिका सडक पुल तथा यातायातका हिसावले सुगम नगरपालिका मानिन्छ । यो नगरपालिकालाई गाडीमा वसेर पुरै चक्कर लगाउन सकिन्छ हरेक वस्तीमा गाडीमा पुग्न सकिन्छ । यो नगरपालिकाको भौगोलिक हिसावले सवैभन्दा विकट भनिएको सहकाले गाउँमा समेत गाडीमा पुग्न सकिन्छ । पुर्वपश्चिम राजमार्गको विर्तामोड वसपार्क यसै नगरपालिकामा पर्दछ । नगरपालिकाको सदरमुकाम पुग्न विर्तामोड चोकवाट पाँच किमि उत्तर तर्फ जानु पर्दछ ।वर्षा याममा कतिपय सडकहरु

हिड्न कठिन हुने भएपनि सामान्यतया सवै संचालनमा रहन्छन । आवश्यक क्षेत्रहरुमा पक्की तथा झोलुङ्गे पुलहरु पनि प्रसस्त रहेकाछन ।

### २.२३. सूचना संचार तथा प्रविधि

सूचना र संचारको क्षेत्रमा नगरपालिका क्षेत्रभित्र खास गरी मोवाइल फोनको प्रयोग अधिक भएको पाइन्छ तथापी यो नगरपालिकाका विभिन्न क्षेत्रहरुमा अझैपनि नेटवर्क नटिप्ने,टिपेको ठाउँमा पनि राम्ररी नवुझिने समस्या छ ।ल्याण्डलाइन तथा मोवाइल फोन प्रयोग गर्ने घरधुरीहरु ९८.५ प्रतिशत रहेकाछन भने १५.८ प्रतिशत घरधुरीमा कम्प्यूर सुविधा समेत उपलव्ध रहेकोछ ।६४.३ प्रतिशत घरधुरीले इन्टरनेट समेत जोडेकाछन भने वाँकीको हकमा पनी मोवाइल डाटा वाट चलाउन सकिने अवस्थाछ । नगरपालिका भित्र ९८.९५ प्रतिशत घरधुरीमा केन्द्रीय विद्युती पुगेकोछ । यो नगरपालिकामा एफ एम रेडियो तथा विभिन्न अनलाइन मिडियाहरु रहेको हुनाले सुचना प्रविधिमा अगाडी छ भन्न सकिन्छ

### २.२४. वन, वाताबरण तथा विपद जोखिम न्युनिकरण र ब्यबस्थापनको अवस्था

अर्जुनधारा नगरपालिका तराइका पालिकाहरुमा राम्रै जंगल भएको नगरपालिकाहो यो नगरपालिकामा ६ वटा सामुदायिक वनहरु रहेकाछन यो गाउँपालिकाको उत्तरतर्फ इलाम जिल्ला संग जोडीएको क्षेत्रमा वन प्रसस्त रहेकोछ ।पुर्ण छत्रघनत्व भएको क्षेत्रमा सालका रुखहरु प्रमुख रुपमा रहेकाछन ।यहाको वन वातावरण तथा विपद जोखिम न्यूनिकरण र  व्यवस्थापनको अवस्थमा वारे क्षेत्रगत रुपमा निम्नानुसार प्रस्तुत गरिएकोछ ।

### २.२५. वन्य जन्तु तथा चराचुरङ्गी  सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकामा ६ सामुदायिक वन रहेका छन भने अन्य राष्ट्रिय वन पनि प्रसस्त रहेको छ । हाल यो गाउपालिका भित्र मुख्य रुपमा २७ प्रकारका चराचुरुङ्गी र १२ प्रकारका हरु वन्य जन्तु पाइने गरेका छन । यो नगरपालिकामा, हात्ती देखि ध्वासे चितुवा सहित महत्वपुर्ण वन्यजन्तुहरु पनि पाइन्छन । यो नगरपालिकामा पाइने  प्रमुख चराचुरुङ्गी तथा वन्य जन्तु को विवरण तल प्रस्तुत गरिएको छ

**तालिका ३१ अर्जुनधारा नगरपालिकामा पाइने प्रमुख चराचुरुङ्गीहरु**

| क्रस | चराको नाम | क्रस | चराको नाम | क्रस | चराको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मयुर | १० | ढुकुर | १९ | जुरेली | |
| २ | रुपी | ११ | तित्रा | २० | चिवे | |
| ३ | बकुल्लो | १२ | मैना | २१ | धोविनी | |
| ४ | कालिज | १३ | सुगा | २२ | लाटोकोसेरो | |

| क्रस | चराको नाम | क्रस | चराको नाम | क्रस | चराको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| ५ | चखेवा | १४ | भंगेरा | २३ | कोटेरो | |
| ६ | गिद्ध | १५ | गौथली | २४ | लामपुच्छ्रे | |
| ७ | काग | १६ | कोइली | २५ | तोप | |
| ८ | न्याउली | १७ | च्याखुरा | २६ | काकाकलु | |
| ९ | टकटके | १८ | वाँज | २७ | सारस | |

श्रोतः वन सम्वन्धी पत्रपत्रिकाहरु

यसैगरी योज नगरपालिकामा पाइने प्रमुख वन्यजन्तुको विवरण तल प्रस्तुत गरिएकोछः

**तालिका ३२ अर्जुनधारा नगरपालिकामा पाइने प्रमुख बन्यजन्तुहरु**

| क्रस | वन्य जन्तुको नाम | क्रस | वन्यजन्तुको नाम | क्रस | वन्य जन्तुको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हात्ती | ५ | सालक | ९ | दुम्सी | |
| २ | ध्वासे चितुवा | ६ | वाँदर | १० | ढेडु | |
| ३ | मृग | ७ | सालक | ११ | गोमन लगायत सर्प | |
| ४ | बदेल | ८ | वाँदर | १२ | गोरो | |

श्रोतः वन सम्वन्धी पत्रपत्रिकाहरु

## २.२६. रुख तथा जडिवुटी सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकामा प्रसस्त वन क्षेत्र रहेकोछ । सवै वनस्पतीको विवरण लिन कठिन हुने भएकोले प्रमुख रुपमा काठ उत्पादन हुने वनस्पतिको वारेमा विवरण संकलन गरिएकोछ । जस अनुसार हाल यो नगरपालिकामा २७ प्रजातिका रुख तथा वुट्यान वनस्पती रहेकाछन । हाल यो नगरपालिकामा पाइने रुख तथा जडीवुटीका प्रमुख प्रजाती सम्वन्धी विवरण तल प्रस्तुत गरिएकोछ ।

**तालिका ३३ अर्जुनधारा नगरपालिकामा पाइने प्रमुख रुखजन्य वनस्पतीको विवरण**

| क्रस | वनस्पतीको नाम | क्रस | वनस्पतीको नाम | क्रस | वनस्पतीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | साल | १० | अररी | १९ | वाँस | |
| २ | बोट धयेरो | ११ | मैदाल | २० | चन्दन | |
| ३ | लटहर | १२ | तिते | २१ | निम | |
| ४ | करम | १३ | टुनी | २२ | लहरे वर | |
| ५ | साज | १४ | वकाइनो | २३ | मलायागिरी | |

| क्रस | वनस्पतीको नाम | क्रस | वनस्पतीको नाम | क्रस | वनस्पतीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| ६ | सिन्दुरे | १५ | टिक | २४ | बोहरी | |
| ७ | कुम्भी | १६ | कदम | २५ | गलेनी | |
| ८ | कालिकाठ | १७ | पिपल | २६ | शिशौ | |
| ९ | टाँटरी | १८ | लहरे वर | २७ | खयर | |

श्रोतः वन सम्वन्धी पत्रपत्रिकाहरु

## २.२७. भू संवेदनशील क्षेत्र सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकामा भु संवेदनशिल क्षेत्रहरु रहेकाछन । यो नगरपालिकामा विरिङ टाङटिङ नेते सुखानी लगायतका खोलाहरुले वर्सेनी कटान गरी खोलामा मिसाउने गरेको पाइन्छ । पछिल्लो समय तटवन्धहरु वाध्ने काम निरन्तर भइरहेको हुनाले केहि कम भएकोछ । तथापी खोलाको एकसाइडमा मात्र तटवन्ध हुँदा अर्को तर्फ वढी कटान हुने संभावना रहने हुनाले यो वढी जोखीम युक्त हुने गर्दछ । तराइको नगरपालिका भएको हुनाले मुख्य २ वटा समस्याहरु रहेन गर्दछन । डुवान र कटान । यो नगरपालिकामा केही क्षेत्र पहाड पनि पर्ने भएकोले न्यून रुपमा पहिरो पनि जान सक्ने संभावना रहेकोछ । त्यसैले यो नगरको भू संवेदनशिल क्षेत्र भन्नाले खोला किनार खाल क्षेत्र तथा सहकाले क्षेत्र पर्दछन ।

## २.२८.जल सम्पदा सम्वन्धी विवरण

अर्जुनधारा नगरपालिकामा बाह्रै महिना वग्ने तथा मौसमी खोलाहरु प्रसस्त रहेका छन ।यहाँका खोलाहरु फिजारिएर वगेको हुनाले वार्षिक रुपमा करोडौको नदीजन्य सामाग्रीहरु निकाल्ने गरिएकोछ यहाँ पोखरी तथा झीलहरु समेत रहेकाछन ।यो नगरपालिकामा भएका जल सम्पदा सम्वन्धी विवरण तल प्रस्तुत गरिएकोछ

**तालिका ३४ अर्जुनधारा नगरपालिकाका प्रमुख जलसम्पदाको विवरण**

| क्रस | जलसम्पादाको विवरण | संख्या | हालको प्रयोग | कैफियत |
|---|---|---|---|---|
| १ | हीम नदी | ० | | |
| २ | वाह्रै महिना पानी वग्ने खोला | ४ | नदीजन्य सामाग्री निकाल्ने गरिएको | |
| ३ | मौसमी पानी वग्ने खोला | ४ | नदीजन्य सामाग्री निकाल्ने गरिएको | |
| ४ | झील/पोखरी | ३ | पर्यटन विकास | |

श्रोतः सर्भेक्षण २०८०

## २.२९. वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन

अर्जुनधारा नगरपालिका प्राकृतिक वातावरणीय हिसावले जोखीम युक्त पालिकामा पर्दैन पानीका मूहानहरु भएको जंगल पनि प्रसस्त भएको खुल्ला क्षेत्र भएको हुनाले जलवायु परिवर्तनको खासै असर परेको छैन । उद्योग कल कारखाना पनि प्रदुषण निकाल्ने गरी धेरै नभएको खासै प्रभाव छैन तथापी पछिल्लो समय विश्व उष्णीकरणको प्रभावले खडेरी, अति वृष्टि, अना वृष्टिको समस्या भने देखिएको छ । त्यसको नियन्त्रण का लागि नगरपालिका स्तर वाट गर्न सक्ने खास कार्यहरु नभएको र पहल पनि भएको देखिएन ।

## २.३०. प्राकृतिक प्रकोप सम्वन्धी विवरण

सामान्यतया हामीले वुझ्ने भाषामा जसलाई प्रकोप भन्छौ त्यो प्रकोप हैन विपद हो । प्रकोप भनेको विपद पुर्वको अवस्था वा संभावना हो । जस्तो कुनै ठाउँमा पहिरो जाने संभावना छ र कुनैपनि वेला त्यहा पहिरो जान सक्छ भने त्यहा पहिरोको प्रकोप छ र जव पहिरो जान्छ त्यसपछि त्यहा विपद आउछ । हामी चाहि पहिरो आइसकेपछि को अवस्थालाई प्रकोप भनिरहेका छौ । संभावित प्रकोपहरुको नक्सांकन गरी त्यसका आधारमा योजना निर्माण गर्नु स्थानीय सरकारको जिम्मेवारी हो । अर्जुनधारा नगरपालिकालाई पनि प्रकोपहरुको नक्शांकन गरि योजना तर्जुमा गर्न सहज वनाउनका लागि यहाँको मुख्य वाढी डुवान आगालागी जस्ता विषयहरुमा प्रकोप सम्वन्धी विवरण संकलन गरिएकोछ ।यो नगरपालिकाका कुल २०९३५ घरधुरी मध्ये धेरैजसो घरधुरीमा प्राकृतिक प्रकोपको संभावना रहेकोछ । एउटै घरमा धेरै प्रकारको प्रकोप रहने भएकोले खासमा कति घरधुरीमा चाहि प्रकोप छ भन्ने जान्नका लागि अत्यन्तै सुक्ष्म र झञ्झटिलो विधिवाट विश्लेषण गर्नु पर्ने र खास अर्थ पनि नरहेन भएका कारण कुन प्रकोपमा कति घर संभावित प्रभावित छन अर्थात जोखीममा छन भनेर विश्लेषण गरिएको छ । यो नगरपालिकामा आगलागी भुकम्प चटयाङ जस्ता प्रकोपहरु कहिले कहाँ पर्छ भन्ने थाहा हुदैन । कतिपय विपदहरु मानिसले आफ्नै कारणले निम्त्याएकाछन भने कतिपय प्राकृतिक रुपमा नै हुने गर्दछन । अर्जुनधारा प्राकृतिक विविधता भएको हुनाले प्रकोपको संभावना पनि विविध नै रहेकोछ । यो नगरपालिकाको प्रमुख प्रकोपहरुमा वाढी पहिलो नं मा आउछ ।टाङटिङ, विरिङ नेते सुखानी जस्ता खोलाहरुले जग्गा कटान गर्ने तथा मानिसहरुलाइ वर्सेनी वगाउने गरेको छ त्यस्तै विभिन्न क्षेत्रहरुमा डुवानको समस्या रहेकोछ ।तुलनात्मक रुपमा अन्य पालिकाहरु भन्दा कम भएपनि डुवान पनि यो नगरपालिकाको प्रमुख प्रकोपमा पर्दछ । आगलागी सर्पदंश तथा हात्ती आक्रमण पनि यो नगरका प्रमुख प्रकोप हुन सुरु गरेकाछन । वर्षेनी हात्तीको हुल भारतवाट आउने र यहाँको वालीनाली तथा मानिसलाइ समेत आक्रमण गर्ने गरेको छ । यो नगरपालिकाको १,२ र ३ नं वडामा पहिरो समेत जान सक्ने संभावना रहेकोछ । सामान्यतया खोला किनारमा वसोवास गरेका घरधुरीहरु

बाढीको प्रकोपमा परेकाछ्न भने अन्य क्षेत्रमा डुवान को संभावना रहेकोछ । कुन ठाउँमा कस्तो प्रकोप छ भन्नेकुरा घरधुरी स्तरमा विश्लेषण गर्न आवश्यक नदेखिएको हुनाले गरिएको छैन ।

### २.३१. सुशासन तथा संस्थागत व्यवस्था

सुशासन तथा संस्थागत व्यवस्था अन्तरगत नगरपालिकाको संगठनात्मक स्वरुप कानुन कार्यविधिको निर्माण र कार्यान्वयन, आन्तरिक तथा वाह्य श्रोतहरु साथै योजना व्यवस्थापनको विषयहरु समावेश गरिएको छ जसको संक्षित्त रुपमा तल प्रस्तु गरिएकोछ ।

### २.३१.१. स्थानीय नीति ऐन कानुन र सुशासन

अर्जुनधारा नगरपालिकाले विभिन्न क्षेत्रका ४३ वटा ऐन कानुन कार्यविधिहरु वनाएर सार्वजानिक गरिसकेको छ भने अन्य आवश्यक कानुन कार्यविधिहरु समेत वनाइ रहेकोछ । हालसम्म राजपत्रमा प्रकाशन भइसकेका ऐन नीयम कानुन कार्यविधिहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

**तालिका ३५ नगरपालिकाले वनाएका ऐन नीयम कानुन कार्यविधि**

| क स | ऐन नीयम कानुन कार्यविध |
|---|---|
| १ | नगर कार्यपालिका कार्यविभाजन नियमावली, २०७४ |
| २ | नगर कार्यपालिका कार्य सम्पादन नियमावली २०७४ |
| ३ | नगर कार्यपालिका बैठक सञ्चालन कार्यविधि २०७४ |
| ४ | नगर सभा सञ्चालन कार्यविधि २०७४ |
| ५ | नगर राजपत्र प्रकाशन कार्यविधि २०७४ |
| ६ | अर्जुनधारा नगरपालिकाको शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४ |
| ७ | करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि२०७४ |
| ८ | आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि२०७५ |
| ९ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि२०७५ |
| १० | उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि२०७५ |
| ११ | अर्जुनधारा नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका२०७५ |
| १२ | न्यायिक समिति कार्यविधिका सम्बन्धि ऐन२०७५ |
| १३ | योजना सञ्चालन अनुगमन तथा मूल्यांकन सम्बन्धि कार्यविधि २०७५ |
| १४ | हेभी इक्विपमेण्ट सञ्चालन व्यवस्थापन कार्यविधि२०७५ |
| १५ | अपांगता भएका व्यक्तिलाई परिचयपत्र वितरण कार्यविधि२०७५ |

| क्र स | ऐन नीयम कानुन कार्यविध |
|---|---|
| १६ | नदिजन्य श्रमिक निर्देशिका२०७५ |
| १७ | अर्जुनधारा नगरपालिकाको शेयर लगानी सम्बन्धि कार्यविधि २०७५ |
| १८ | रोग नियन्त्रण प्रकोप व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०76 |
| १९ | संक्षिप्त वातावरण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण नियमावली,२०७७ |
| २० | सातौं नगर सभाका निर्णयहरु (आर्थिक ऐन,विनियोजन ऐन,विशेष निर्णयहरु,वार्षिक नीति) |
| २१ | सहकारी ऐन, २०७८ |
| २२ | प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ |
| २३ | अर्जुनधारा नगरपालिकाको नगर सभा र नगर कार्यपालिकाको निर्णय वा आदेश वा अधिकारपत्रको प्रमाणिकरण ऐन, २०७७ |
| २४ | अर्जुनधारा नगरपालिकाको शिक्षा ऐन, २०७८ |
| २५ | नगर प्रहरी व्यवस्थापन ऐन, २०७८ |
| २६ | अर्जुनधारा नगरपालिकाको प्राकृतिक श्रोत तथा वातावरण संरक्षण ऐन, २०७७ |
| २७ | अर्जुनधारा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ |
| २८ | आर्थिक ऐन, विनियोजन ऐन र नीति तथा कार्यक्रम |
| २९ | मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि ऐन |
| ३० | न्यायिक समिति कार्यविधिका सम्बन्धि ऐन |
| ३१ | अर्जुनधारा नगरपालिकाको आ व २०७९/०८० को वार्षिक बजेट नीति तथा कार्यक्रम |
| ३२ | अर्जुनधारा नगरपालिकाको विनियोजन ऐन,२०७९ |
| ३३ | अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन २०७९ |
| ३४ | अर्जुनधारा नगरपाललिका नगर प्रहरी व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७९ |
| ३५ | अर्जुनधारा नगरपालिका मेलमिलाप केन्द्र सञ्चालन (पहिलो संशोधन) ऐन, २०७९ |
| ३६ | अर्जुनधारा नगरपालिकामा साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धि ऐन, २०७९ |
| ३७ | अर्जुनधारा नगरपालिकाको तिनपाङ्ग्रे (इ रिक्सा) सञ्चालन कार्यविधि, २०७८ |
| ३८ | अर्जुनधारा नगरपालिकाको राहत तथा आर्थिक सहायता वितरणलाई व्यवस्थित गर्न बनेको कार्यविधि,२०७९ |
| ३९ | अर्जुनधारा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ |

| क्र स | ऐन नीयम कानुन कार्यविध |
|---|---|
| ४० | अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन संशोधन ऐन, स्वास्थ्य सेवा ऐन, केही ऐन संशोधन गर्ने ऐन, २०७९ |
| ४१ | हेभी इक्विपमेण्ट सञ्चालन व्यवस्थापन कार्यविधिलाई संशोधन गर्ने कार्यविधि,2079 |
| ४२ | अर्जुनधारा नगरपालिकाको शिक्षा नियमावली २०७९ |
| ४३ | अर्जुनधारा नगरपालिकाको स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धी कार्यविधि २०८० |

श्रोतः नगरपालिका प्रशासन शाखा

### २.३१.२. संगठनात्मक विकास

अर्जुनधारा नगरपालिकाले जम्मा १९ वटा शाखा हरु संचालनमा रहेकाछन । यो नगरपालिका भित्र रहेका जम्मा ११ वटा वडा कार्यालयहरुलाई समेत एउटा शाखाको रुपमा राखिएकोछ । विभिन्न उपशाखाहरु रहेका शाखाहरुलाई समेत तल प्रस्तुत गरिएकोछ ।

**तालिका ३६ नगरकार्यपालिका अन्तरगत रहेका विभिन्न शाखाहरु**

| क्र स | शाखा को नाम | कैफियत |
|---|---|---|
| १ | नीति,अनुसन्धान तथा विश्लेषण शाखा | |
| | *भाषा कला साहित्य तथा सँस्कृति प्रवर्द्धन उप शाखा* | |
| २ | प्रशासन शाखा | |
| | *दर्ता चलानी* | |
| | *जिन्सी तथा सम्पत्ती व्यवस्थापन उप शाखा* | |
| | *यान्त्रिक उपकरण तथा सवारी परिचालन इकाई* | |
| | *प्रमुखज्यूको सचिवालय* | |
| | *उप प्रमुखज्यूको सचिवालय* | |
| | *सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा इकाई* | |
| ३ | आर्थिक प्रशासन शाखा | |
| ४ | राजश्व व्यवस्थापन शाखा | |
| ५ | आन्तरिक लेखा परीक्षण शाखा | |
| ६ | योजना शाखा | |

| क्र स | शाखा को नाम | कैफियत |
|---|---|---|
| ७ | सामाजिक विकास शाखा | |
| | *महिला वालवालिका तथा जेष्ठ नागरिक तथा समावेशी* | |
| | *सहकारी तथा संघसंस्था परिचालन उपशाखा* | |
| ८ | सूचना प्रविधि शाखा | |
| ९ | न्यायिक समितिको सचिवालय (उजुरी शाखा) | |
| १० | शिक्षा शाखा | |
| ११ | वातावरण,सरसफाई तथा प्रकोप व्यवस्थापन शाखा | |
| १२ | पूर्वाधार विकास शाखा | |
| १३ | शहरी विकास तथा भवन निर्माण शाखा | |
| १४ | कृषि विकाश शाखा | |
| १५ | स्वास्थ्य शाखा | |
| १६ | पशुपंक्षी तथा मत्स्य विकास शाखा | |
| १७ | वडा कार्यालयहरु | |
| १८ | आयुर्वेद औषधालय | |
| १९ | रोजगार सेवा केन्द्र | |

श्रोतः नगरपालिका प्रशासन शाखा

## २.३२. श्रोत परिचालन

अर्जुनधारा नगरपालिकाको आन्तरिक आम्दानीको श्रोत ४ करोड सम्म हुने गरेको छ ।आन्तरिक व्यवस्थापनमा आन्तरिक आयको ठूलो हिस्सा खर्च हुने भएकोले विकास निर्माणमा खासै योगदान पुर्याउन सक्ने अवस्था छैन त्यसैले यँहाको विकासका लगि संघीय तथा प्रदेश सरकार वाट प्राप्त हुने अनुदानकै भर पर्नु पर्ने हुन्छ ।आव ७९/८० को यथार्थ बजेटको आधारमा हेर्दा कुल बजेट ७४ करोड ३२ लाख ५४ हजार ४९० मध्ये आन्तरिक आयको हिस्सेदारी ४ करोड ७० लाख रहेको छ यस अनुसार नगरपालिका प्रायस वाह्य श्रोतमा निर्भर भएको देखिन्छ ।उल्लेखित वजेटमा संघको हिस्सेदारी मुख्यरुपमा त्यस्तै प्रदेशको तथा स्थानीय तहको हिस्सेदारी न्यून रुपमा रहेको देखिन्छ ।

## २.३३. योजना व्यवस्थापन

अर्जुनधारा नगरपालिकाले योजना तर्जुमाका लागि समुदाय स्तरमा छलफल गरि टोल विकास संस्थाहरु मार्फत वडा कार्यालय हुदै नगरपालिकामा आउने र नगरपालिकाको कार्यपालिका तथा  नगरसभामा व्यापक छलफल गरी योजना तर्जुमा गर्ने नीतिगत व्यवस्था गरे पनि विगतका योजना तर्जुमामा को अवस्था हेर्दा त्यस प्रकारको नीति अनुसरण गरेको देखिदैन । केहि हद सम्म गाउँबाट वडाध्यक्षहरु मार्फत योजनाहरु आएपनि नगरपालिकाले विषयगत शाखा मार्फत प्राप्त हुने योजनाहरुलाई छलफल गरी स्वीकृति दिने गरेको छ ।

# परिच्छेद ३
# सोच तथा विकासको अवधारणा

## ३.१. पृष्ठभूमि

अर्जुनधारा नगरपालिका झापा जिल्लाको प्राकृतिक श्रोत साधनमा सम्पन्न नगरपालिका हो । प्रसस्त जंगल खोला तथा पर्यटकीय स्थलहरुले यो नगरपालिकाको सुन्दरता भरेकाछन ।प्राङ्गारिक कृषिको व्यावसायिकरण र पशुपालन गर्न सके यो क्षेत्रमा प्रसस्त उपलब्धी हाशील गर्न सकिने अवस्था छ । भर्खरै मात्र संघीयताका कार्यान्वयनमा गएको हुनाले नगरपालिकाको पहिलो कार्यकाल अवस्था विश्लेषण गर्दै र कानुन कार्यविधिहरु वनाउदै वितेकोछ यो संगै अवस्था विश्लेषण ले एउटा महत्वपुर्ण चरण समाप्त भएको छ अर्थात रोगको पहिचान भइसकेको छ अव यो रोगको उपचारको लागि औषधीको जोहो गर्नु पर्ने भएको छ । वर्तमान अवस्था विश्लेषणले ऐले हामी कहाँ छौ अर्थात अर्जुनधारा नगरपालिका ऐले कहाँ छ ? भन्ने प्रश्नको जवाफ दिएको छ । अव दोश्रो प्रश्न भनेको अव हामी (अर्जुनधारा नगरपालिका) कहाँ जाने ? अर्थात हाम्रो लक्ष केहो ? अनि तेश्रो प्रश्न त्यो लक्षमा पुग्न कसरी संभव छ ? अर्थात कुन विधि वाट के कामा गर्न पर्छ ? यी सवै प्रश्नको उत्तर यो आवधिक योजनाले दिनेछ । त्यसका लागि यो नगरपालिकाको समग्र क्षेत्रमा आन्तरिक सवलताहरु के के छन ? ती सवलताहरु लाई कुनु क्षेत्रमा प्रयोग गर्न सकिन्छ भन्ने वारेमा विस्तृत र सुक्ष्म रुपमा विश्लेषण गर्नु पर्दछ र आन्तरिक श्रोतको रुपमा परिचालन गर्नु पर्दछ । त्यसै गरी आन्तरिक कमजोरीहरु केके हुन ? ती कमजोरी हटाउन के के गर्न सकिन्छ ? हामी संग भएका सवलता हरुले आन्तरिक कमजोरी हटाउन सकिन्छ ? सकिदैन भने कस्तो वाह्य सहयोग चाहिन्छ ? भन्ने प्रश्नको जवाफ खोज्नु पर्दछ । यसै गरी समग्र नगरपालिकाको हकमा वाह्य सवलताहरु (अवसर हरु) केके छन ? साथै वाह्य दुर्वलताहरु (चुनौतीहरु) के के छन् भन्ने वारेमा विस्तृत रुपमा विश्लेषण गर्नु पर्छ । यी चार वटै पक्षको विश्लेषण पश्चात नगरपालिकाको लागि दीर्घकालिन सपना देख्नु र त्यसमा पुग्ने भर्याङ तयार गर्नु पर्दछ । उल्लेखित सपना पुरा गर्नका लागि यो नगरपालिकाको समग्र पक्षको विश्लेषण गर्नु अनिवार्य छ ।

## ३.२. प्रमुख समस्या तथा चुनौती

अर्जुनधारा नगरपालिकाको प्रमुख समस्या तथा चुनौतीहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ

**<u>प्रमुख समस्याहरु</u>**

- कृषि पुर्वाधारहरुको निर्माण कमी हुनु
- कृषकलाइ प्रोत्साहन तथा आकर्षण गर्ने कार्यक्रम नहुनु
- पर्यटनको प्रचुर संभावना भएर पनि व्यवसायिक रुपमा पर्यटक भित्र्याउन नसक्नु
- पर्यटकीय पूर्वाधार तथा पर्यटन प्रवर्धनको विकास नहुनु

- शिक्षामा गुणस्तरीय सुधार ल्याउन नसक्नु
- विद्यालयमा शैक्षिक पूर्वाधार साधन श्रोत उपकरणहरु पर्याप्त नहुनु
- सूविधा सम्पन्न अस्पताल नहुनु
- सेवा प्रवाहमा प्रभावकारीता,पारदर्शिता र जवाफदेहिता कायम नहुनु
- ऐन नियम मापदण्डहरु आवश्यकताका आधारमा न्यून रुपमा निर्माण हुनु र निर्माण भएका ऐन नियम पनि कार्यान्वयन नहुनु ।
- आयोजना संचालनमा तथा विकास कार्यहरुमा सीमाना जोडिएका तथा नजिकका पालिकाहरु संग सहकार्य साझेदारी तथा समन्वय हुन नसक्नु
- निजी क्षेत्र सहकारी तथा अन्य सरोकारवाला संस्थाहरु संग प्रभावकारी सहकार्य हुन नसक्नु
- स्थानीय उद्योगहरुको प्रवर्धन नहुनु
- तत्कालिन आवश्यकताका आधारमा योजना तर्जुमा हुनु दीर्घकालिन सोच नहुनु
- योजना तर्जुमामा सिमित वर्गको मात्र सहाभागीता हुनु
- स्वरोजगार वन्न चाहाने युवाहरुलाई लगानीको वातावरण वनाउन नसक्नु
- गर्भवती महिलालाई जोखीमयुक्त काममा नलागाउने खालका नुनै नीति नीयम कार्यविधि नुहुन
- पर्यटन विकासमा खर्च गर्न नसक्नु । नगरपालिकामा शाखा स्थापना नुहुनु ।
- सडक पूर्वाधारहरु मर्मत संभार गर्नका लागि समेत आन्तरिक श्रोत नपुग्ने ।

**<u>चुनौतीहरु</u>**

- कृषि पेशालाई सम्मानित वनाउन
- गरीवी न्यूनकरण गर्न
- युवा वेरोजगारी घटाउन
- युवाहरुको विदेशतिर पलायन कम गर्न
- काठमाडौ तिर वसाई सराई दरलाई नियन्त्रण गर्न
- वैदेशिक रोजगारी वाट ल्याएको रकम (विप्रषण) नगरपालिका भित्रै खर्च गर्ने वातावरण तय गर्न
- नगरपालिकाको वजेट स्वीकृत आयोजनामा समय मै निकाशा गर्न
- वालविवाह,बहुविवाह,लैङ्गिक हिंसा,लैङ्गिक विभेद,महिला हिंसाको अन्त्य तथा छुवाछूत प्रथा नियन्त्रण गर्न
- सुकुम्वासी हरुको समस्या समाधान गर्न । अव्यवस्थित वसोवासीहरुलाई धनीपुर्जा उपलव्ध गराउन ।

- ग्रामिण वस्तीहरुमा सडक यातायात,पानी विजुली,संचार जस्ता आधारभूत पूर्वाधार व्यव्थित गर्न
- निर्माण तथा कालोपत्रे सडकलाई बाह्रै महिना संचालन गर्न र नियमित मर्मत संभार गर्न ।
- सामुदायिक वनहरुमा व्यवसायिक रुपमा वनपैदावारहरुको संरक्षण सम्वर्धन र उपयोग गर्न
- बर्षैभरि आफ्नै उत्पादनले खान नपुग्ने परिवारलाई खान पुग्ने वनाउन
- आपतकालीन एवम जटिल प्रकृतिको स्वास्थ्य सेवा प्रदान गर्न
- जातीय विभेदको अन्त्य गर्न
- फोहोरमैला व्यवस्थापन गर्न
- राजनैतिक दवावलाई थेग्न

### ३.३. प्रमुख संभावना तथा अवसर

अर्जुनधारा नगरपालिकामा कृषि को व्यवसायिकता लाई पहिलो प्राथमिकतामा राख्न सकिने अवस्था छ । प्रविधि युक्त कृषि लाई जोड दिनु पर्ने अवस्था छ । हाल यो नगरपालिकाका प्रमुख संभावना तथा अवसरहरु निम्नानुसार रहेकाछन

**<u>सवल पक्षहरु</u>**

- विद्यालय जाने उमेर पुगेका सवै बच्चा विद्यालय जाने गरेकाछन
- ९७ प्रतिशत भन्दा वढी घरधुरीमा सुरक्षित खानेपानीको वन्दोवस्ती छ
- सवैटोलमा पुग्न सक्ने सडक संजाल रहेको छ । प्रमुख सडक सवै कालोपत्रे छ ।
- पर्यटन विकासका लागि उपयुक्त सामुदायिक वनहरु रहेकाछन ।
- गैहृकाष्ठ वन पैदावार विक्रि वितरण सुरु भएकोछ ।
- स्वास्थ्य संस्थामा गएर वच्चा जन्माउने र गर्भवती हुदा स्वास्थ्य जाँच गर्ने संख्या ९८% भन्दा वढी रहेकोछ
- नगरसभा नगर कार्यपालिका लगायत अन्य समूहहरुमा महिला तथा दलितको सहाभागिता उल्लेख्य रुपमा वढ्दै गएको छ ।
- नगरपालिका मा विपक्षी दलहरुवाट पनि रचनात्मक सहयोग प्राप्त भइरहेकोछ । समन्वय भइरहेकोछ
- नगरपालिकाको आन्तरिक आय क्रमश वढ्दै गएकोछ । संपर्क समन्वयमा नगरप्रमुखले उल्लेख्य भूमिका निर्वाह गरिरहनु भएकोछ ।
- आवश्यक ऐन नीयम हरु निर्माण भएकाछन ।
- नगरपालिकाको सेवा प्रवाह वाट सेवाग्राही हरु सन्तुष्ट रहेकाछन ।

- सवै शाखाहरुमा कर्मचारीहरु आवश्यक मात्रामा रहेकाछन ।
- मासु तथा दुधमा धान मकै तथा तरकारीमा आत्मनिर्भर नगरपालिका भएकोछ ।

<u>अवसर तथा संभावना</u>

- कृषिलाई प्रविधि युक्त वनाएर श्रममा आधारित परम्परागत शैली लाई  संसोधन गर्न सकिने
- सिंगारी वाख्राको व्यवसायिक उत्पादन गर्न सकिने ।
- घाँटी खुइले प्वाख उल्टे कुखुरापालन गरी व्यवसायिक रुपमा आम्दानी गर्न सकिने ।
- धराने कालोवंगुर तथा सेतो मासुका लागि खरायो पालन गरि व्यवसायिक आम्दानी हासील गर्न सकिने ।
- विभिन्न जातका धानको वीउ उत्पादन गर्न सकिने । वाली विविधिकरण गरी एकै स्थानमा तहगत रुपमा वाली उत्पादन गर्न सकिने ।
- तरकारीको हव वनाउन सकिने । आलुको व्यवसायिक उत्पादन गर्न सकिने ।
- दुध प्रशोधन गरी विभिन मिठाइ तथा परिकार वनाउन सकिने ।
- सालको पात तथा सुपारीको पत्ताको टपरी प्लेट वनाउन सकिने ।
- सुपारीको व्यवसायिक उद्योग स्थापना गर्न सकिने
- स्थानीय झारपातवाट जीवाणु मल उत्पादन गरी प्राङ्गारिक नगर वनाउनुको साथै हजारौ रोजगारी र करोडौ आम्दानी गर्न सकिने ।
- साना तथा मझौला उद्योगहरु स्थापना गरी रोजगारी तथा आम्दानी वृद्धि गर्न सकिने ।
- जनसंख्मा युवा जनशक्ति अधिक भएको हुनाले विकासका महत्वकांक्षी योजनाहरु संचालन गर्न सकिने
- वैदेशिक रोजगारी वाट प्राप्त विप्रेशणलाई व्यवसायिक लगानी गर्न सकिने
- प्रसस्त धार्मिक स्थल भएको र अधिकांश नागरिक एउटै धर्म मान्ने भएकाले धार्मिक स्थललाई धार्मिक पर्यटनको विकास गर्न सकिने हिन्दु तथा वौद्ध धर्मावलम्वीहरु को साझा धार्मिक पर्यटन विकास गर्न सकिने ।
- नगर भित्रका सहकारीहरुको संस्थागत विकास गरी समयानुकुल वनाउन सकिन ।
- ठूला आवासीय क्षेत्रहरु वनाउन सकिने ।

## ३.४. निर्देशक सिद्धान्त

नगर विकासका समष्टीगत लक्ष्य तथा उद्देश्यहरु प्राप्त  गरी दीर्घकालीन सोंचको प्राप्ति उन्मुख नगरको विकास प्रक्रियालाई अगाडि बढाउन निम्न अनुसारका विकासका निर्देशक सिद्धान्तहरु तय गरिएको छ

।नगरपालिकाको दीर्घकालीन सोंचलाई हासिल गर्न यी निर्देशक सिद्धान्तहरु लागू गरिनेछ ।नगरपालिकाका विषयगत योजनाहरु तथा आवधिक र वार्षिक योजनाको तर्जुमा तथा कार्यान्वयनमा यो आवधिक नगर विकास योजना निर्देशक सिद्धान्त वमोजिम भए नभएको सुनिश्चित गर्दै लगिनेछ ।अर्जुनधारा नगरपालिकाका विकासका लागि निम्नानुसार निर्देशक सिद्धान्तहरु तय गरिएकोछः

**क. जनकेन्द्रीत विकासःलाभग्राहीको अर्थपूर्ण सहाभागीता**

रिपोर्टका लागि विकास भन्ने नभई विकास त्यस क्षेत्रका जनताको उन्नति सँग सम्वन्धित रहेको हुन्छ विकासले के कुन पक्ष र बिषयलाई सम्वोधन गर्नु पर्छ भन्ने कुरा स्थानीय विशिष्टतामा भर पर्दछ विशेषतःहालसम्म पनि विकासका लाभबाट वञ्चित समुदाय, दलित, जनजाती, पिछडा वर्ग, महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति, भौगोलिक रुपमा पछि परेका गाउँ टोलका जनतालाई ध्यानमा राखी योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गरिनेछ ।पछाडि पारिएका समुदाय एवं वर्गको सवलीकरण एवं सशक्तीकरण गर्दै सामाजिक एवम् आर्थिक सशक्तिकरण गरिनेछ ।

**ख. प्राकृतिक स्रोतको दिगो उपयोग तथा वातावरणमैत्री विकास**

नगरपालिकाले विकास योजना सञ्चालन गर्दा स्थानीय स्रोत, साधन, सम्पदाको वुद्धिमतापूर्ण एवम् दिगो रुपमा उपयोग गर्ने र वातावरणलाई क्षती नपुग्ने गरी योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ । प्राकृतिक रुपमा अति नै महत्वपूर्ण भूभाग रहेको यो नगरपालिकाको विकास पूर्वाधारका योजनाहरु सञ्चालन गर्दा प्राकृतिक छटा र भूभागलाई नखल्वल्याउने गरी विकास गर्न पहल गरिनेछ । यो नगरपालिकाको शीरमा प्रसस्त जंगल रहेको खोलानालाहरु पनि प्रसस्त रहेको हुनाले यसको संरक्षण र दीगो सदुपयोग गर्ने गरी कार्यक्रम संचालन गरिनेछ ।

**ग. बालमैत्री स्थानीय शासनको प्रवर्द्धन**

नगरपालिकामा जनसंख्याको लगभग ३४ प्रतिशत जनसंख्या वालवालिका रहेका छन।वालस्वास्थ्य, वालशिक्षा तथा वालविकास, वाल संरक्षण तथा वालसहाभागीतामा हुने लगानी सम्बृद्ध र दिगो नगर विकासको महत्वपूर्ण आधारस्तम्भ हुने हुँदा वालमैत्री स्थानीय शासनको स्थापना र सुदृढीकरण गरिनेछ नगरपालिकामा विकासका क्रममा सञ्चालन गरिने समाजिक, आर्थिक एवं पूर्वाधार निर्माणजस्ता आयोजनाहरु वालवालिकाको पहुँच एवं सहाभागिता गराई बालमैत्री हुने गरी सञ्चालन गरिनेछ ।

**घ. वस्ती विकास**

अर्जुनधारा नगरपालिकामा मुख्यरुपमा सनिश्चरे, खुदुनावारी, कालिस्थान, लक्ष्मीपुर, मीलडाँडा मदनपुर सिस्ने पाण्डवपूर लगायतका क्षेत्रहरुमा दिनप्रतिदिन घरहरुनिर्माण भइरहेकाछन । झण्डै एकहजार घरधुरीहरु सुकुम्वासीहरु को वसोवास व्यवस्थापन गर्न जरुरी रहेकोछ भने अव्यवस्थित वसोवास गरेका कैयौ धरधुरीहरुलाई पूर्जा वितरण गर्नु पर्ने अवस्थाछ । सुकुम्वासीहरुकालागि एकिकृत वस्ति विकास गरी व्यवसाथापन गर्नु पर्ने भएकोले त्यसलाइ केन्द्रविन्दुमा राखेर समस्या समाधान गरिनेछ ।नगरपालिका

भित्रको जग्गालाई सुक्ष्म रुपमा अध्ययन गरी बसोवासयोग्य, खेतीयोग्य, सार्वजनिक क्षेत्र, जलाधार क्षेत्र, सम्बेदनशील क्षेत्र हरु जोगाएर वस्तीको विकास गर्नुपर्ने हुनाले यो विषयमा नगरपालिकाबाट उपयुक्त भूउपयोग योजना बनाई लागु गरिनेछ ।

**ङ. संस्थागत विकास**

अर्जुनधारा नगरपालिका स्थानीय सरकार हो ।यो सरकार नागरिकलाई सेवा प्रदान गर्ने घरदैलोको सरकारका रुपमा रहेको छ ।स्थानीय तहको संस्थागत, संरचनागत चुस्तताको रुपमा रहन सकेमा मात्र जनतालाई प्रभावकारी सेवा प्रदान गर्न सक्षम हुन्छ । यसका लागि समग्र राष्ट्रिय सन्दर्भ (लोकतान्त्रिक संघीय ढाँचामा राज्यको पुनर्संरचना र नयाँ संविधान अनुसारको कार्य अधिकारक्षेत्र) समेतलाई ध्यानमा राखी संभावित क्षेत्रहरुमा आवश्यक पूर्वाधार विकास गरी बजार निर्माण गर्न र त्यसकालागि समन्वय गर्न विद्यमान नगरपालिकाको आन्तरिक संगठनलाई चुस्त र दुरुस्त पार्दै लगिनेछ । नगरपालिकाको विकासमा विकासका साझेदार सवै संघ संस्थाहरुसँगको आपसी समन्वय र सहकार्यलाई प्रवर्द्धन गरिनेछ । संघीय तथा प्रदेश स्तरका योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाबाट उपयुक्त वातावरण वनाइनेछ । नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सवै विकास योजनाहरुलाई एकीकृत र समन्वयात्मक तुल्याउन नगरपालिकाको संस्थागत क्षमता तथा सहकार्य को संस्कृति विकास गर्ने कार्यप्रणाली अवलम्वन गरिनेछ । यसैगरी विकासका कार्यहरुलाई एकीकृत ढंगले सञ्चालन गर्न एवम् अनुगमनलाई प्रभावकारी बनाउन नगरपालिका तहमा विकासका सवै सरोकारवालाहरुको संस्थागत क्षमताको विकासमा जोड दिइनेछ

**च. गैसस, निजी क्षेत्रको विकासमा साझेदारिता**

नगरपालिकाको विकासमा सार्वजनिक क्षेत्रका अलावा गैसस, निजी क्षेत्र र सहकारीको माध्यमबाट साझेदारी विकासका लागि उपयुक्त वातावरण बनाउनु विकास योजनाको निर्देशक सिद्धान्त हुनेछ । निजी क्षेत्र प्रवर्द्धनका लागि आवश्यक शान्ति सुरक्षा, सार्वजनिक पूर्वाधार, लाभको बाँडफाँडको न्यायोचित प्रबन्ध गरिनेछ ।

**छ. सामाजिक समावेशीकरण र न्याय (भेदभाव रहित समाज)**

जातीय, लैंगिक, भौगोलिक, उमेरगत, धर्म तथा क्षमता आदिका आधारमा गाउँ पालिकाबाट सञ्चालन गरिने विकासका हरेक क्रियाकलापमा भेदभाव गरिने छैन ।विकासका क्रियाकलापमा निर्णय प्रक्रिया, लाभको वाँडफाँडमा सवै क्षेत्र तथा पक्षको सहाभागिता गराइनेछ ।पछि परेका वर्ग र समुदायको जीवनस्तर उठाउने योजनालाई प्राथमिकता दिइनेछ ।साथै नगरपालिका स्तरीय आयोजनाहरुको निर्माण गर्दा अपाङ्गमैत्री वनाइनेछ। अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक जीवनयापनका लागि उपयुक्त वातावरण बनाईनेछ ।

**ज. सुशासन (पारदर्शिता, जवाफदेहिता, निस्पक्षता, सहाभागीता)**

सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी वनाउन ती निकायमा कार्य गर्ने कर्मचारीहरुलाई पारदर्शी एवं जवाफदेही बनाइनेछ ।सामाजिक विभेद एवं वहिष्करणमा परेका वर्ग समुदायको अर्थपूर्ण सहाभागीता गराउँदै अर्जुनधारा नगरपालिकालाई विभेद शुन्य पालिकाको रुपमा विकास गरिनेछ ।संविधान र कानुनहरुको पूर्णपालना गर्दै पारदर्शी र जवाफदेहीताका संयन्त्र तथा औजारहरुको परिचालन गरिनेछ ।नागरिक समाजहरुलाई सशक्तीकरण गर्दै नागरिकका आवाजहरुलाई विकास योजनाहरुका माध्यमबाट संवोधन गरिनेछ ।

**झ. अभियानमूलक विकास**

नगरपालिकामा विकासका गतिविधिहरुलाई जनताको आवश्यकता अनुसार विश्वासिलो वनाउन, आम नागरिकको उच्च सहाभागीता सुनिश्चित गर्न अभियानात्मक विकास प्रक्रिया अवलम्वन गरिनेछ । सवै विषय क्षेत्रमा जनताको आवश्यकता अनुसार अभियानात्मक विकास कार्यलाई प्रोत्साहन गरिनेछ ।पूर्ण सरसफाइयुक्त नगरपालिका, पूर्ण खोपयुक्त नगरपालिका, पूर्ण साक्षरता नगरपालिका, जातीय छुवाछुतरहित नगरपालिका, धुवामुक्त घर भएको नगरपालिका, हरियाली नगरपालिका, पूर्ण उज्यालो नगरपालिका, वोक्सीप्रथा, दाइजोप्रथा, महिलामाथि हुने घरेलु हिंसाका घटना शून्य नगरपालिका, सुधारिएको गोठ, एक गाउँ एक उत्पादन, एक वस्ति एक सार्वजनिक चर्पी, एक गाउँ एक उद्यम, आदि केही महत्वपूर्ण अभियानका रुपमा विकास गरिने निर्देशक सिद्धान्त हुनेछ

**ञ. विकासमा राजनीतिक एकता**

प्रस्तुत आवधिक नगर विकास योजनाले अर्जुनधारा नगरपालिकाको विकासका लागि विकासमा राजनीतिक एकता कायम गरी उपलब्ध स्रोत, साधन र अवसरको अधिकतम उपयोग गर्दै नगर वासीलाई सेवा,सुविधा प्रवाह गर्दै थप स्रोत र साधनका लागि आ—आफ्नो क्षेत्रबाट एकताबद्ध भई प्रयासरत रहने सिद्धान्तलाई अवलम्बन गरिनेछ ।

## ३.५. दीर्घकालीन सोच

अर्जुनधारा नगरपालिकाको समृद्धिका लागि मूख्य रुपमा ३ वटा क्षेत्रको विकास जरुरी छ साथै सामाजिक रुपमा सद्भाव कायम गर्ने र श्रमलाई सम्मान गर्नुपर्ने महत्वपूर्ण पक्ष जरुरीछ । यो नगरपालिकाको लागि पुर्वाधार विकास संगै पर्यटन विकास र उद्यम विकासले फड्को मार्नुपर्ने देखिन्छ ।सडक सञ्जाल व्यवसायिक रुपमा संचालनमा आउनु पर्ने अवस्थाछ भने यो नगर भित्र रहेका खोलाहरुलाई तटवन्ध गरी एउटै वाटोवाट हिड्ने वनाउन अत्यन्तै जरुरी छ ।करीव करीव सवै घरधुरीमा विद्युत पुगेको हुनाले ससाना उद्यमहरु घरमा नै गर्न सकिन्छ । कृषिका लागि पानी उद्यमका लागि विजुली र बजारका लागि बाटो आधारभुत आवश्यकता हो यी तीनवटै आधारभूत कुराहरु यो

नगरपालिकामा उपलव्ध रहेको हुनाले कृषि तथा उद्यमको गुणात्मक रुपमा प्रवर्घन गर्न सकिन्छ । कृषि पेशामा सम्मानको आवश्यकता रहेकोछ । हरेक यूवाहरुलाई कृषिपेशा प्रति मोह जगाउन आवश्यक छ । पछिल्लो समयमा रासयानिक मल तथा विषादीका कारण खाद्यान्न तथा तरकारी वालीहरु स्वास्थ्यका लागि अनुपयुक्त भएको वेला प्राङ्गारिक मलहरु उत्पादन र प्रवर्द्धन गर्न जरुरी छ । यो नगरपालिकाको मुख्य ध्यान जानुपर्ने विषय शिक्षा स्वास्थ्य पनि हो । उल्लेखित सवै कुरा पुरा भएपछि यो नगरपालिका समृद्ध हुनेछ । उल्लेखित सवै विषयवस्तुलाई समेटेर अर्जुनधारा नगरपालिकाको दीर्घकालीन सोच निम्नानुसार तय गरिएकोछ

**"पूर्वाधारको विकास गरिबीको अन्त्य ।**

**समृद्ध अर्जुनधारा सवैको गन्तव्य।"**

### ३.६. समष्टिगत लक्ष्य

अर्जुनधारा नगरपालिकाको वर्तमान अवस्थामा जुन समस्याहरु देखिएका छन ती सवै समस्याहरु समाधान गर्नु नगरपालिकाको कर्तव्य तथा जिम्मेवारी हो त्यसैले आगामी पाँच वर्ष भित्रमा योजनावद्ध रुपमा कार्यक्रम संचालन गरेर हासिल गर्ने लक्ष्य निम्नानुसार रहेकोछ ।

**"कृषिका लागि सिंचाई तथा प्राङ्गारिक मलको विकास गरी अर्गानिक नगर वनाउने साथै व्यवसायिक वातावरण वनाइ विभिन्न उद्योग विकास गरी हजारौ रोजगारी सृजना गर्ने र प्रतिव्यक्ति आम्दानीमा विकास गर्ने "**

### ३.७. विषय क्षेत्रगत वृहत उदेश्य

नगरपालिकाको समष्टिगत लक्ष प्राप्तिका लागि देहाय बमोजिम क्षेत्रगत बृहत उदेश्य निर्धारण गरिएकोछ

**आर्थिक विकासः** कृषि तथा पशुपालनको क्षेत्रमा प्राविधिक शिक्षा तथा प्रविधिको प्रयोग गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै सर्वसुलभ कर्जा प्रवाह मार्फत साना तथा मझौला उद्योग प्रवर्द्धन गरी रोजगार वृद्धि गर्न र बैदैशिक रोजगारीबाट फर्किएकाहरुलाई स्वदेशमै काम गर्ने वातावरण वनाउने ।

**सामाजिक विकासः** लक्षित वर्ग सशक्तिकरण गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा तिनको पहुँच सुनिश्चित गर्ने ।खानेपानी सरसफाइमा सवै घरधुरीहरु संलग्न गराउने युवा तथा खेलकुद क्षेत्रको विकास गर्ने क्षेत्रीय प्रादेशिक तथा संघीय खेलाडीहरु विकास गर्ने ।

**पूर्वाधार विकासः** सडक तथा विजुलीमा सवै घरधुरीको पहुँच स्थापित गरि विकास प्रवाहमा टेवा पुर्याउनु । खेतीयोग्य क्षेत्रमा सिंचाइको व्यापक विस्तार गरी कृषि रोजगारी प्रवर्द्धन गर्ने र खोला तटवन्ध गरी सिंचाइ तथा खोलालाइ व्यवस्थापन गर्ने ।

**<u>वन वातावरण तथा विपद व्यवस्थापनः</u>** गैह्रकाष्ठ वन पैदावार प्रवर्द्धन र वातावरण तथा विपद् प्रतिरोधी भौतिक पूर्वाधार निर्माण मार्फत दिगो विकासमा टेवा पुर्याउनु ।वन संरक्षण संवर्द्धन र उपयोगको दिगो योजना तयार गरी रोजगारीका अवसरहरु सृजना गर्ने ।

**<u>सुशासन तथा संस्थागत विकासः</u>** नगरपालिकाको संस्थागत क्षमताको विकास गरी जवाफदेहितामा अभिवृद्धि गर्ने आवश्यक कानुन कार्यविधिहरु वनाई कामलाई सहज र सरल वनाउने । काममा आवश्यक दण्ड सजाय तथा पुरस्कारको व्यवस्थापन गरी राम्रोकाम गर्नेलाई प्रोत्साहन र नराम्रो काम गर्नेलाई दण्ड गर्ने परिपाटीको विकास गर्ने ।

### ३.८. परिमाणात्मक लक्ष

यस पञ्चवर्षीय योजनामा समावेस भएका अधिकांश योजनाहरू सफलतापूर्वक कार्यान्वयन हुन सकेमा निम्न अनुसारका परिमाणात्मक उपलब्धी हासिल हुनसक्ने अनुमान गरिएको छः

### १.आर्थिक विकास

**<u>कृषिः</u>** व्यवसायिक कृषकको संख्या कम्तिमा १५०० भई खाद्यान्न तथा तरकारीमा यो नगरपालिका पूर्ण रूपमा आत्मनिर्भर हुनुका साथै वाह्य निकासी समेत भएको हुनेछ ।यस नगरपालिकाको उत्पादित तरकारी, आलु, फलफूल तथा दलहन तथा खाध्यान्न वाली वाह्य वजारमा लगेर विक्रि वितरण समेत भएको हुनेछ ।

**<u>पशुपालनः</u>** व्यवसायिक रूपमा पशुपालन गर्ने कृषकको संख्या कम्तिमा पनि १२०० भई दुध एवम दुधजन्य उत्पादनहरु तथा मासु एवम मासुजन्य उत्पादन संग सम्वन्धित कम्तिमा २०० व्यवसायहरु संचालन भएका हुनेछन । दुध तथा मासमा यो नगरपालिका आत्मनिर्भर भएको हुनेछ । यस नगरपालिकाका दुधजन्य उत्पादन तथा मासुजन्य उत्पादन, लोकल तथा बोईलर कुखुरा, बंगुर तथा खसी बोका वाह्य बजारमा व्यवस्थित तवरले निर्यात भएको हुनेछ ।

**<u>सिंचाईः</u>** यस नगरपालिकाले सिचाइको लागि आवश्यक २०० स्थानमा डीपवोरिङको प्लान्ट स्थापना भई कृषिका लागि कहि कतै पानीको अभाव भएको हुनेछैन । व्यवसाय गर्न इच्छुक कृषकलाई घरधुरी स्तरमा पानी तान्ने मोटर वितरण गरी व्यवसायमा संलग्न हुन अभिप्रेरित भएका हुनेछन । सिंचाइका अन्य संभावनाहरु समेत अध्ययन गरी सदुपयोग गरिनेछ ।

**<u>पर्यटनः</u>** यस नगरपालिकामा नामबाटै चर्चित अर्जुनधारा जलेश्वर धाममा धार्मिक पर्यटनका लागि थप पूर्वाधारहरु निर्माण भएका हुनेछन ।पाण्डवपुर अर्जुनधारा कैदले जुकेखाडी सहकाले साठीमुरे बौद्ध गुम्वा कृष्ण प्रणामी मन्दिर सुखानी सहिद स्मृति पार्क कालिझोडा लाई एकिकृत पर्यटन विकासमा जोडेर होम स्टे तथा सेल्फ स्टेको अवधारणा कार्यान्वयन भएको हुनेछ भने सुविधा सम्पन्न होटलहरु

संचालन भएका हुनेछन । यो नगरपालिकाम उल्लेखित स्थानमा हरुमा कम्तिमा पनी १ लाख भारतीय, १० हजार भारत वाहेकका विदेशी र विसौ लाख आन्तरिक पर्यटकहरुले वार्षिक रुपमा भ्रमण गरेका हुनेछन ।

**२. सामाजिक विकास**

**<u>शिक्षाः</u>** सवै सरकारी विद्यालयहरूमा सुरक्षित पक्की भवन, पर्याप्त शौचालय र शुद्ध खानेपानीको व्यवस्था भएको हुनेछ ।प्रविधियुक्त सिकाइको लागि स्मार्ट कक्षाहरु संचालन हुने विद्यालयको संख्या कम्तीमा २० पुगेको हुनेछ । शिक्षकहरु आवश्यक तालीम प्राप्त हुनेछन भने विद्यार्थीहरुका लागि नैतिक शिक्षा समेत, योग शिक्षा जस्ता विषयवस्तुहरु पठनपाठन भएको हुनेछ ।

**<u>स्वास्थ्यः</u>** भौतिक पक्षमा सबै स्वास्थ्य निकायमा पर्याप्त पक्की र सुरक्षित भवन, शौचालय तथा शुद्ध खानेपानीको व्यवस्था हुनेछ ।मानवीय पक्षमा दक्ष जनशक्तिको उपलब्धता, नियमितता, प्रभावकारी गुणस्तरयक्त सेवा सुचारु भएको हुनेछ । सनिश्चरे अस्पतालमा विशेषज्ञ डाक्टरहरुद्धारा प्रविधियुक्त सेवा प्रदान भएको हुनेछ।

**<u>खानेपानीः</u>** शत प्रतिशत जनताले शुद्ध पिउने पानी पाएका हुनेछन ।पाइपको पानी वितरण गर्न पुग्ने क्षेत्रमा र आवश्यक घरधुरीमा वितरण भएको हुनेछ । कल तथा इनारको पानी उपयोग गर्ने घरधुरीमा पनि पानीको परीक्षण गरी शुद्धताका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।अर्काको घरमा जाने तथा खोलाको पानी खाने घरधुरीहरुमा कल वितरण गरिनेछ भने खुल्ला र कच्चि इनार भएका घरधुरीहरुमा पक्की इनार निर्माण गरी मोटरबाट तान्ने व्यवस्था भएको हुनेछ । समग्रमा आगामी पाँच वर्षमा अर्जुनधाराका सबै घरधुरीमा शुद्ध पिउने पानी सहजरुपमा प्राप्त भएको हुनेछ ।

**<u>लक्षित वर्गः</u>** नगरपालिकाले उपलब्ध गराउने सेवा र सुविधामा लक्षित वर्गलाई पहिलो प्राथमिकता प्रदान भएको हुनेछ। अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असक्त, गर्भवती महिलाहरुलाई उनीहरुको आवश्यकता अनुसार आवशयक सहयोग भएको हुनेछ । "जहाँ अवर त्यहाँ नगर" कार्यक्रम प्रभावकारी रुपमा संचालन भएको हुनेछ ।सामाजिक विभेदमा परेका समुदायहरुलाई मूल प्रवाहमा ल्याउन व्यवसाय सवलीकरण तथा सम्मान कार्यक्रमहरु संचालन भएका हुनेछन ।

**<u>कला र संस्कृतिः</u>** स्थानीय वाजा संरक्षण र विकास भएको हुनेछ ।यो नगरपालिकाका आदिवासीको संस्कार संस्कृति झल्कने खालका संग्रहालय निर्माण गरिनेछ । बर्षमा एक पटक कला तथा संस्कृति झल्काउने महोत्सव आयोजना गर्ने वातावरण तयार भएको हुनेछ । साथै यस क्षेत्रको कला तथा संस्कृति लाई झल्काउने गरी प्रकाशन भएको हुनेछ ।

**<u>खेलकुदः</u>** विद्यालय स्तरीय, वडास्तरीय र नगरपालिकास्तरीय खेलकुद प्रतियोगिता नियमित रुपमा संचालन भएका हुनेछन । हाल संचालनमा रहेका खेलमैदानको स्तरोन्नती भई व्यवसायिक उपलब्धी हासिल भएको हुनेछ । जिल्ला स्तर प्रदेश स्तर हुदै राष्ट्रिय स्तरका खेलाडीहरु उत्पादन भएका हुनेछन

### ३. भौतिक पूर्वाधार विकास

**<u>मोटरबाटोः</u>** यस नगरपालिकामा प्रमुख सडकहरु विर्तामोड खुदुनावारी, चारपाने सशिस्चरे, शनिस्चरे जयपुर, सनिश्चरे – सहरेडाँगी, लक्ष्मीपुर – मदनपुर – सिस्ने, सनिश्चरे – कालिझोडा- चाराली, प्रणामी मन्दिर- माता मन्दिर, सनिश्चरे – मिलडाँडा आदी सडकहरु पूर्ण रुपमा सुरक्षित सहज रुपमा संचालन भएका हुनेछन । मुख्य सडक खण्डमा सडक वत्तीहरु राखिएका हुनेछन ।सनिश्चरे वजार तथा खुदुनावारी वजारमा वस तथा ट्याक्सी एवम ट्याम्पु स्टयाण्ड व्यवस्थित भएका हुनेछन । हाल यो नगरपालिका भित्र करीव १०० किमि जति सडक कालोपत्रे भएको छ आगामी ५ वर्षमा यो दोव्वर भएको हुनेछ ।

**<u>भवनः</u>** नगरपालिका तथा वडा कार्यालयहरुमा आवश्यक भौतिक सेवा सुविधा उपलव्ध भएको हुनेछ । अपाङ्गता भएका व्यक्तीहरुलाई विशेष ध्यान पुर्याएर कक्षहरु निर्माण भएका हुनेछन ।आवश्यक स्थानमा सामुदायिक भवन निर्माण भएका हुनेछन ।सामुदायिक भवनहरुमा योग संग सम्वन्धित कार्यक्रमहरु नियमित रुपमा संचालन भएकाहुनेछन । कार्यालयहरुमा पानीको आपूर्ति सहितका आवश्यक शौचालय विश्रामस्थल निर्माण भएकाहुनेछन । यसरी बनाइने भवनहरु पूर्ण रुपमा अपाङ्ग मैत्री वालमैत्री र महिला मैत्री हुनेछन ।

**<u>पुलः</u>** यस नगरपालिकाको मुख्य मेरुदणड सडकमा पर्ने पुलहरु निर्माण भएका हुनेछन राजनगिरी मार्गमा पर्ने वडा नं ४ र ५ लाई जोड्ने कजवैमा, सनिश्चरेवाट खुदुनावारी जाने सडकमा पर्ने विरिङ नदीमा भएको सानो र पुरानो पुल भएको स्थानमा ठुलो नेते खोलामा कैदले र साहासी वस्ती जोड्ने टाङटीङ खोलामा लगायत अन्य आवश्यक स्थानमा पक्की पुल निर्माण भएका हुनेछन त्यसैगरी आवश्यक स्थानमा झोलुङगे पुलहरु निर्माण भएका हुनेछन ।

### ४. वातावरण तथा विपद

**<u>वनः</u>** यस नगरपालिका भित्रका सबै सामुदायिक वन उपभोक्ता समूहहरू सशक्त, पारदर्शी र पालिकाको योजना कार्यान्वयनको क्रममा लगानी सहितको साझेदारी गर्न सक्षम भएको अवस्था हुनेछ ।उद्यम तथा रोजगारी सृजना गर्न सक्षम हुने सामुदायिक वनहरुले नेतृत्व विकास गर्न समेत सहयोग पुर्याउनेछन गैर काष्ठ वन पैदावारको व्यवसायिक विकास, संरक्षण भई संकलन तथा प्रशोधन गर्ने गरी कम्तीमा २ वटा वनजन्य उद्योग स्थापना भई संचालनमा रहेका हुनेछन ।

**वातावरणः** वातावरण संरक्षणलाई नगरपालिकाबासीले जीवनको अभिन्न अंगका रूपमा ग्रहण गरेको अवस्था हुनेछ । व्यक्तिगत तथा सार्वजनिक शौचालय, व्यक्तिगत सरसफाई, टोल बस्तीको सरसफाई र सार्वजनिक संघसंस्था तथा विद्यालय क्षेत्रको सरसफाई स्वस्फुर्तरूपमा स्थानीय नेतृत्वमा संचालन हुने अवस्था सृजना भएको हुनेछ । यस नगरपालिकाका शतप्रतिसत घरहरू फुसको छाना रहित हुनेछन्। गाई भैसीका गोठहरु सुधारिएको गोठमा परिणत भएका हुनेछन्।

**विपदः** नगरपालिकामा एउटा केन्द्रीय विपद व्यवस्थापन कोष र कार्यदल क्रियाशील हुनेछ । यसैगरी सबै वडामा विपद व्यवस्थापन कोष र तालिमप्राप्त कार्यदलहरू हनेछन्। एम्वुलेन्स तथा दमकल जस्ता विपदमा प्रयोग हुने उपकरणहरु तयारीहालतमा रहेका हुनेछन ।

## ५.संस्थागत विकास र सेवा प्रवाह

**व्यक्तिगत क्षमता विकासः** संघीयता भर्खरै मात्र कार्यान्वयन भएको,आवश्यक कानुन निर्माण गर्दै र काम गर्ने परिपाटी सिक्दा सिक्दै पहिलो पाँच वर्ष वितिसकेको र दोश्रो पटक निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरू प्राय नयाँ तथा नयाँ पुस्ताका भएकाहुनाले स्थानीय कर्मचारीहरु विकास गर्न यो पञ्चवर्षीय योजना अवधिमा व्यक्तिगत क्षमता विकासका कार्यक्रमहरू यथेष्ट मात्रामा संचालन भै पालिकाका सबै जनप्रतिनिधि तथा कर्मचारीहरू आफ्नो दायित्व वहन गर्न आवश्यक ज्ञान र सीप हासील गरेका हुनेछन । जसका लागि आवश्यक TNA (Training Need Assisment) गरी समयानुकुल तालीम प्रदान गरिनेछ ।

**संस्थागत क्षमता विकासः** नगरपालिका कार्यालय, यस अन्तर्गतका शाखा, उप–शाखा तथा बिषयगत इकाईहरू पूर्णरूपमा स्रोत र साधन सहित स्थापित भै सुचारु रूपले कृयाशील भएको अवस्था हुनेछ । त्यस्तै नगरपालिका तथा वडाहरूका काम मध्ये ७५ प्रतिशतसम्म आधुनिक प्रविधिको माध्यमबाट गर्ने संस्कारको विकास भएको अवस्था हुनेछ ।

**सुशासनः** यो अर्जुनधारा नगरपालिका र वडाका सबै काममा सुशासनसंग सम्बन्धित कुनै पनि जनगुनासो सन्नुपर्ने अवस्था रहने छैन । त्यसकालागि पहिलो र प्रमुख विषय भनेको सरकारी कामको पूर्ण पारदर्शिता हो । प्रविधिको प्रयोग गरी नगरपालिकाका कामहरु गरिने र राजस्व को विवरण वडापत्र मार्फत सार्वजानिक गरिनेछ साथै हरेक कार्यालयमा गुनासो पेटिका तथा नगरपालिकामा गुनासो सुन्ने अधिकारी एवम गुनासो गर्ने फोन नं को व्यव्था गरिनेछ ।

**रोजगारी सृजनाः** कृषि तथा पशुपालनमा व्यवसायीकरण, उद्योग धन्दाको विकास र बिस्तार तथा पर्यटनसंग सम्बन्धित सेवा क्षेत्रको विकासबाट यो पञ्च वर्षीय योजनाको अन्त्यसम्ममा यस

नगरपालिकामा ५००० पूर्ण र १०००० आंशिक गरी १५००० जनाका लागि मर्यादित रोजगारीको सृजना भएको हुनेछ ।

**<u>बैदेशिक रोजगारी:</u>** हाल यस नगरपालिकाका २० देखि ३५ वर्ष उमेर समूहका युवाहरू रोजगारीका लागि विदेश जाने गरेको तथ्यांक छ ।स्वरोजगारमूलक व्यवसायहरु संचालन गरी यस योजनाको अन्त्यसम्ममा वैदेशिक रोजगारीमा जाने युवाहरुको संख्यामा कमी आएको हुनेछ ।जसका लागि विदेशवाट विशेष सीप सिकेर नेपाल फर्केकाहरुकालाई लक्षित गरी विशेष कार्यक्रमहरु संचालन गरिनेछ भने स्वदेशमा नै वसेर व्यवसाय गर्न इच्छुक युवाहरुलाई व्यवसायको प्रकृतिको आधारमा विशेष सहयोग कार्यक्रम संचालन गरिनेछ ।

**<u>प्रतिव्यक्ति सरदर आम्दानी:</u>** यस नगरपालिकाको हालको प्रतिव्यक्ति सरदर आम्दानी १३०९ अमेरिकी डलर रहेकोछ (राष्ट्रिय औसत १३९९ अमेरिकी डलर छ) ।हालको अर्जुनधाराको प्रतिव्यक्ति आम्दानी राष्ट्रिय औषत भन्दा ९० डलरक कम हो । यस योजनाको अन्त्यसम्ममा अर्जुनधाराको प्रतिव्यक्ति आम्दानी राष्ट्रिय औसत भन्दा वढी भएको हुनेछ ।

## ३.९. रणनीति तथा प्राथमिकता

अर्जुनधारा नगरपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच,आवधिक नगरविकास योजनाले निर्धारण गरेको लक्ष र बृहत क्षेत्रगत उदेश्य संगै परिमाणात्मक लक्ष हासील गर्नको लागि देहाय अनुसार रणनीति अवलम्वन गर्ने ।

क. रोजगारी एवम आयआर्जनका अवसरहरु सृजना गरी स्थानीय अर्थतन्त्रलाई गतिशिल वनाउदै निरपेक्ष गरिबी न्यूनीकरण गर्ने ।

ख. कृषि क्षेत्रलाई व्यवसायीकरण गर्दै उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

ग. गुणस्तरीय शिक्षा स्वास्थ्य,खानेपानी लगायत आधारभुत सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गर्ने

घ. सामाजिक समावेशीकरण सामाजिक न्यायसहितको समतामूलक आर्थिक सामाजिक विकास गर्ने

ङ. गुणस्तरीय यातायात,विद्युत सिंचाई लागायतकाका पूर्वाधारहरु विकास गर्ने

च. निर्माण सम्पन्न भएका पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत संभार तथा स्तरोन्नती गर्ने

छ. विपद संवेदनशिलता विकास गर्दै विपद जोखीम न्यूनीकरण गर्ने

ज. प्राकृतिक संपदाको दिगो उपयोग एवम वातावरणको संरक्षण गर्ने

झ. सार्वजनिक सेवा प्रवाहलाई नागरिक मैत्री,प्रभावकारी र सुशासन प्रवर्द्धन गर्ने

ञ. सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षण र व्यवस्थापन गर्ने
ट. कृषि उत्पादनलाई प्रविधियुक्त र व्यवसायीकरण, विविधिकरण गर्न सहयोग पुग्ने सहकारिता आबद्ध कार्यक्रममा नगरपालिकाको स्रोत साझेदारी बढाउने ।
ठ. आवधिक योजना अवधि भित्रै भूवर्गिकरण गरी व्यवसायिक कृषि क्षेत्र तोक्ने र ती क्षेत्रमा नगरपालिकाले तोकेका प्रकार र मापदण्डका पूर्वाधार मात्र निर्माण गर्न दिने ।
ड. सडक सञ्जाल बढाउँदा कृषि व्यवसायिकीकरण गर्न मद्दत पुग्ने किसिमले गर्ने । सडक वढाउने र वनाउने संगसंगै लैजाने ।
ढ. प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गरी ग्रामीण पर्यटनलाई प्रोत्साहित गरिने
ण. आन्तरिक राजस्वको अंश बृद्धि स्थानीय स्रोत साधनको पहिचान र परिचालन द्वारा गर्ने ।
त. प्राविधिक सर्वेक्षण भएका स्थानीय सहाभागीता जुट्ने उत्पादनमूलक कार्यक्रमकहरुलाई प्राथमिकता दिने
थ. उपभोक्ता समितिको क्षमतामा संचालन गर्न सकिने योजना मात्र उपभोक्ताबाट कार्यान्वयन गराइने
द. जलवायु परिवर्तन, विपद जोखिम व्यवस्थापन, दिगो विकास सम्बन्धी राष्ट्रिय अन्तरराष्ट्रिय प्रतिबद्धता अनुकुलका विकास योजनाहरु समाहित गरिने ।
ध. योजना तर्जुमा र अनुगमनका लागि सूचना प्रणालीको विकास गर्दै तथ्यांकमा आधारित आवश्यक्तालाई प्राथमिकता दिने ।
न. सञ्चालित विकास गतिविधिहरुको आवधिक रुपमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, लैङ्गिक परीक्षण तथा सार्वजनिक सुनुवाई लाई उत्तरदियत्व र पारदर्शिताका औजारका रुपमा निरन्तर प्रयोगमा ल्याइने
ऩ. तीनवर्ष भन्दा बढी कार्यान्विन अबधि भएका अन्तर स्थानीय तथा अन्तर प्रदेशतहमा सेवा बस्तु पुग्ने आयोजनाहरुमा प्रदेशस्तर र सङ्घीय लगानी आकर्षित गर्ने योजनाहरु मात्र तर्जुमा गर्ने ।

**प्राथमिकता**

अर्जुनधारा नगरपालिकाले अंगिकार गरेको दीर्घकालिन सोच,आवधिक गाउँ विकास योजनाले निर्धारण गरेको लक्ष, बृहत क्षेत्रगत उदेश्य र परिमाणात्मक लक्ष हासील गर्न देहायअनुसारका विषयक्षेत्रलाई विशेष प्राथमिकता दिइनेछ

क. प्रविधिको विकास
ख. पुर्वाधार निर्माण सडक विस्तार कालोपत्रे तथा सडक वत्ती
ग. पर्यटनको विकास

घ. सिंचाई

ङ. प्रविधियुक्त र रसायन रहित कृषि

च. शिक्षा

छ. स्वास्थ्य

ज. लैङ्गिक समानता सामाजिक समावेशीकरण

झ. पर्यटन

ञ. सुशासन

**३.१०. एकीकृत परिमाणात्मक लक्ष र नतिजा**

अर्जुनधारा नगरपालिकाको वस्तुस्थिति विश्लेषण तथा सहाभागितामूलक प्रक्रिया अवलम्वन गरी एकीकृत तथा विषय क्षेत्रगत योजना तर्जुमा गरिएको छ । योजना कार्यक्रम वा आयोजना बीच नतिजाहरुको तहगत अन्तर सम्वन्ध स्थापना गरी योजना प्रकृयालाई नतिजामुखी बनाउने सन्दर्भमा कारण र असरहरुको विश्लेषण गर्दै लगानी देखि प्रतिफल हुदै लक्ष वा प्रभाव संम्म पुग्न नतिजाहरुको शृङ्खलावद्ध सम्वन्ध स्थापित गर्न नतिजा खाकाको रुपमा देहायको एकीकृत तर्कवद्ध खाका तयार गरिएकोछ । नतिजा सूचकहरु मार्फत योजनाको प्रगती अनुमान गरी निर्णय प्रकृयालाई प्रमाणमा आधारित वनाउने एवम नतिजा प्रतिको जवाफदेहिता सुनिश्चिच गर्न सहयोग पुग्ने अपेक्षा गरिएकोछ ।

## तालिका ३७ एकीकृत नगरविकास परिमाणात्मक लक्ष योजना तर्कवद्ध खाका

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष परिमाण २०८४/०८५ | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|
| प्रभावः पूर्वाधार सहितको व्यवसायिक रसायन रहित कृषि, उद्यम स्थापना र रोजगारी सृजना र होम स्टे सहितको पर्यटन विकास | १.मानव विकास सुचकाङ्क | सूचकाङ्क | ०.५२३ | ०.६११ | केन्द्रीय तथ्याङ्क विभाग, प्रथम पञ्च वर्षीय योजना कोशी ०७६/०७७-०८०/०८१ | अन्तर सरका समन्वय र निजी एवम सहकारी क्षेत्रसंग सहकार्य भएको हुने । |
| | २.लैङ्गिक विकास सुचकाङ्क | सुचकाङ्क | ०.८८६ | ०.९२१ | | |
| | ३.वहुआयामिक गरिबी | प्रतिशत | १९.७ | १०.०० | | |
| | ४.निरपेक्ष गरिबी | प्रतिशत | १०.१ | ५.०० | | |
| | ५.प्रति व्यक्ति वार्षिक आय | USD | १३०९ | १६०० | | |
| | ६.औषत आयु (जन्म हुँदाको समय) | वर्ष | ६९.७ | ७१ | | |
| | ७.साक्षरता दर | प्रतिशत | ८४.४ | ८८ | | |
| असर तहः १. आर्थिक विकासः प्राविधिक शिक्षा र प्रविधि मार्फत कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि । साथै सर्व सुलभ कर्जा प्रवाह मार्फत साना र मझौला | १.आफ्नो आम्दानीले वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ८९.९ | ९५ | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरका समन्वय र निजी एवम सहकारी क्षेत्रसंग सहकार्य भएको हुने । |
| | २.व्यवसायिक रुपमा संचालित पशुपंक्षी जन्य फर्म | संख्या | २७२ | १४०० | | |
| | ३.पर्यटन व्यवसायवाट कूल रोजगारी प्रदान | संख्या | २०० | २५०० | | |
| | ४.रोजगारीमा कृषि को योगदान | प्रतिशत | ३५ | ७० | | |
| | ५.वैक तथा वित्तीय संस्थाहरुवाट भएको कुल कर्जा प्रवाह | करोड | १०० | २०० | | |

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष परिमाण २०८४/०८५ | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|
| उद्योग मार्फत रोजगार वृद्धि | ६.उत्पादनमूलक क्षेत्रमा बिप्रेषण (बैदेशिक रोजागर वाट प्राप्त रेमिट्यान्स) लगानी | करोड | १० | ४८ | | |
| असर तह २ सामाजिक विकासः स्थानीय जनता लाई सशक्तिकरण गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा मा पहुँच सुनिश्चित गर्नु | १.आधारभूत तहको खुद भर्ना दर | प्रतिशत | | | नगरपालिकाको वार्षिक प्रगती प्रतिवेदन अन्य सरोकारवाला संस्थाका वार्षिक वुलेटीन | अन्तर सरकार समन्वय भएको हुने |
| | २.३० मिनेटको दूरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | १०० | १०० | | |
| | ३.खानेपानी सेवा वाट लाभान्वित जनसंख्या | प्रतिशत | ९७.३९ | ९९ | | |
| | ४.स्थानीय समिति संरचनाहरुको नेतृत्वदायी पदमा महिला वर्गको प्रतिनिधित्व | प्रतिशत | ४०.३५ | ४०.३५ | | |
| | ५.स्थानीय कला भाषा र साहित्यलाई पेशाको रुपमा अवलम्वन गर्ने व्यक्ति | संख्या | ० | १० | | |
| | ६.उद्योग व्यवापार व्यवसाय र खेलमा युवाहरुको आवद्धता | प्रतिशत | ५ | १० | | |
| असरतहः ३ पूर्वाधार विकासः सडक तथा विजुलीमा सवै घरधुरीको पहुँच स्थापित गर्नु | १.दिगो सुरक्षित र नियमित सडक यातायात सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ९० | १०० | नगरपालिकाको वार्षिक प्रतिवेदन<br><br>नगरपालिका संगको अन्तरक्रिया | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| | २.जलविद्युत पुगेका घरधुरीहरु | प्रतिशत | ९८.९५ | १०० | | |
| | ३.वर्षभरी सिंचाइ हुने खेती योग्य भूमि | हेक्टर | ६२०० | ८००० | | |
| | ४.मोवाइल फोनमा पहुँच भएका घरधुरीहरु | प्रतिशत | ९८.५ | ९९ | | |
| | ५.इन्टरन्ट सेवामा पहुँच भएका घरधुरीहरु | प्रतिशत | ६४.३ | ८० | | |

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष २०७९/८० | लक्ष परिमाण २०८४/०८५ | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|
| असर तहः ४ वन वाताबरण र विपद व्यवस्थान गैह्रकाष्ठ वन पैदावार प्रवर्द्धन र विपद् प्रतिरोधी भौतिक पूर्वाधार निर्माण मार्फत दिगो विकास | १.संरक्षित तथा व्यवस्थित वन क्षेत्र (सामुदायिक वन उपभोक्ता समूह मार्फत | हेक्टर | २८०० | २८०० | नगरपालिकाको वार्षिक प्रगती प्रतिवदेन<br><br>घरधुरी सर्मेक्षण २०७९ | अन्तर सरकार सहकार्य र सम्नवय भएको हुने<br><br>भूकम्प प्रतिरोधी भवन अव निर्माण हुने संरचनामा लागु हुने । |
| | २.कुहिने र नकुहिने फोहोरको सुरक्षित व्यवस्थापन (घर कार्यालय अस्पताल) | प्रतिशत | १ | ६० | | |
| | ३.नीतिगत व्यवस्था सहित पानीका मूहान तथा पोखरी संरक्षण | संख्या | १० | ८० | | |
| | ४.(भूकम्प,आगलागी) प्रतिरोधात्मक भौतिक संरचना हरु | प्रतिशत | १० | २५ | | |
| असर तह ५ संस्थागत विकास तथा सुशासनः नगरपालिकाको संस्थागत क्षमता को विकास गरी जवाफदेहितामा अभिवृद्धि गर्नु | १.कानुन तथा कार्यविधि निर्माण | संख्या | ४३ | ५० | नगरपालिकाको वार्षिक प्रगती प्रतिवदेन | अन्तर सरकार सहकार्य र सम्नवय भएको हुने |
| | २.नगरपालिकाको वार्षिक आन्तरिक आय रकम | लाख | ४७० | १००० | | |
| | ३. कृषक तथा मजदुर सम्मान कार्यक्रम संचानल | पात्र संख्या | ० | ५० | | |
| | ४.नतिजामूलक अनुगमन र मूल्याङ्कन भएका योजन | प्रतिशत | ० | २५ | | |

# परिच्छेद ४
# आर्थिक विकास

## ४.१. पृष्ठभूमि

खाद्य पदार्थको अभाववाट सुरक्षित हुने पक्षलाई नेपालको संविधान २०७२ ले नागरिकहरुको मौलिक हकको रुपमा ग्रहण गरेको छ र सार्वजनिक निजी र सहकारी क्षेत्रको सहाभागिता र स्वतन्त्र विकासलाई नेपाली अर्थतन्त्रको मेरुदण्ड मानेको छ । राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धा वनाउन व्यापारिक स्वच्छता विस्तार गर्ने राष्ट्रिय उद्योग धन्दा र साधन श्रोतको संरक्षण तथा प्रवर्धन गर्ने नेपाली सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने बैदेशिक पुँजी तथा प्रविधिको लगानी आकर्षित र तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरि उद्योग विकास विस्तार गर्ने पक्षलाई पनि नेपालको संविधानले नीतिका रुपमा अंगिकार गरेको छ । जग्गालाई भु उपयोग तथा चाक्लावन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने भूमिको उत्पादनशीलता बृद्धि गर्ने कृषिको व्यवसायीकरण औधोगिकिकरण विविधीकरण गर्ने कृषि सामाग्री तथा कृषि उपजहरुको उचीत मुल्य निर्धारण गर्ने र बजार पहुँचको व्यवस्था मिलाउने जलवायु माटो अनुकुलको खाद्यान्न उत्पादनमा प्रोत्साहन गर्ने खाद्यान्नको दिगो उत्पादन तथा आपुर्ती र संचय सुरक्षा सुलभ तथा प्रभावकारी वितरण व्यवस्था मिलाउने पक्षलाई पनि राष्ट्रिय नीतिमा समावेश गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले कृषितथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सहकारी सम्वन्धी नीति कानुन मापदण्ड वनाउने योजना तर्जुमा गर्ने त्यसको कार्यान्वयन अनुगमन र नियमन गर्ने अधिकार स्थानीयतहलाई प्रदान गरेको छ । कृषि तथा पुशपंक्षी बजार सम्वन्धी सूचना प्रवाह गर्ने बजार तथा हाटहरुको पूर्वाधार निर्माण तथा साना सिंचाई निर्माण गर्ने अधिकार पनि स्थानीय सरकारलाई दिइएको छ भने प्राविधिक टेवा तथा कृषि सामाग्री आपुर्ती गर्ने कृषक क्षमता विकास गर्ने पशुपंक्षी जन्य प्रकोप तथा महमारीबाट जोगाउने पशु चिकित्सक पशु नश्ल सुधार तथा पशु आहारको व्यवस्था गर्ने र पशु पंक्षी वीमा तथा कर्जा सहजीकरण गर्ने चरन क्षेत्रको विकास तथा व्वस्थापन एवम उच्च मुल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन विकास तथा बजारीकरण गर्ने सम्वन्धी जिम्मेवारी पनि स्थानीय सरकारलाई दिइएको छ ।

उच्च र दिगो उत्पादन तथा उत्पादकत्व अभिवृद्धिलाई १५ औ योजनाले दीर्घकालीन लक्षमा राखेको छ र राष्ट्रिय रणनीतिमा तीव्र दिगो तथा रोजगारमूलक आर्थिक वृद्धिलाई लिइएको छ । उत्पादन उत्पादकत्व र प्रतिश्पर्धात्मक क्षमता अभिवृद्धि र गुणस्तरीय पर्यटन सेवाको विकास विस्तारलाई देशको १५ औ योजनाले रुपान्तरणको प्रमुख संवाहकको रुपमा ग्रहण गरेको छ ।यसैगरी दिगो विकास

लक्षले खाद्य सुरक्षा उन्नत पोषण प्राप्ति र दिगो कृषि प्रवर्द्धनलाई उच्च स्थानमा राखेकोछ ।यसको कार्यान्वयन गर्न नेपाल सरकारले आफ्नो प्रतिवद्धता जाहेर गरेको छ र सोही अनुसार दिगो आर्थिक वृद्धि गर्ने दिगो उत्पादन प्रणाली सुनिश्चित गर्ने र पूर्ण तथा उत्पादनशील रोजगारीमा नेपाल सरकार कटिवद्ध छ ।

अर्जुनधारा नगरपालिकाको उपरोक्त पक्षको सुनिश्चितताका लागि संघ तथा प्रदेश सरकारको कानुन नीति योजना र लक्षलाई समेत मनन गरी समग्र आर्थिक विकासको खाका तयार पारेकोछ । यसका लागि आर्थिक विकास अन्तरगतका प्रमुख क्षेत्रहरु कृषि विकास पशुपंक्षी उद्योग व्यापार व्यवसाय पर्यटन बैक वित्तीय तथा सहकारी एवम बैदेशिक रोजगारीको विद्यमान अवस्था समस्या तथा चुनौती विश्लेषण भएको छ र आगामी ५ वर्षको लागि उदेश्य निर्धारण भएको छ । लक्ष सूचक एवम परिमाण तय भएको छ र सोको प्राप्तिका लागि अवलम्वन गर्नुपर्ने रणनीति तथा कार्यनीति निर्धारण भइ प्रमुख कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

**४.२.बर्तमान अवस्था**

अर्जुनधारा नगरपालिकाको आयआर्जनका हिसावे मुख्य पेश व्यापार व्यवसाय हो भने संलग्नतालका हिसावले मुख्य व्यवसाय  कृषि हो ।अधिकांस जनसंख्या कृषि पेशामा आवद्ध छन । अन्नवाली तरकारी दलहन फलफुल र मसला तथा नगदेवालीमा मुख्य गरी सुपारी तथा मरीच उत्पादन हुने गर्दछ ।  यो नगरपालिकाका कुल २०९३५ घरधुरी मध्ये आफ्नो कृषि उत्पादनले वर्षभरी खानपुग्ने (अन्त किन्नु नपर्ने परिवार) परिवार संख्या करीव ५० प्रतिशत रहेकाछन   मात्र रहेको छ ।धेरै परिवारहरु व्यापार व्यवासायमा संलग्न भएकाकारण अन्न किनेर खानुपर्ने अवस्थाछ तर पनि ऋण गरेर किन्नु पर्ने अवस्था भने हैन ।कृषि पेशामा संलग्नता अनुसार उत्पादन हुन नसकेको हुनाले  कृषि क्षेत्रको गुणात्मक प्रवर्द्धनको आवश्यकता छ महंगो र खर्चिलो विधिले गरेको कृषि उत्पादनले लागत नै धान्न सक्दैन मानिसले गर्नका लागि युवाहरु कृषिमा भन्दा अन्य पेशामा संलग्न छन भने कैयौ युवा विदेशिकाएकाछन । भरपर्दो सिंचाइ, मल, वीउ र प्रविधिको माद्यमवाट व्यक्तिगत जमीन सामुहिक खेती गर्न सके सानो लागतमा अधिकतम आम्दानी हासील गर्न सकिन्छ । वालीवीमा हुन सकेको छैन र व्यवहारिक रुपमा भएको वालीविमा पनि लागतमा आधारित हने हुनाले  कृषकहरुलाई खासै राहत दिएकोछैन । पशुपंक्षी आहार, प्राविधिक जनशक्ती,  रोग विरुद्धको औषधी, जलवायु परिवर्तनको प्रभाव जस्ता पक्षहरु कृषि विकास क्षेत्रमा प्रमुख समस्याहरु हुन । यसैगरी उद्योग व्यापार व्यवसाय क्षेत्रपनि समस्या ग्रस्त छन । उद्यमशिलताको विकास प्रभाकारी रुपमा हुन सकेको छैन । व्यवसायिक ज्ञान सीप सुलभ ऋण प्रवाह जस्ता आधारभूत पक्षहरुको अभाववाट व्यवसायहरु प्रवर्द्धन हुन सकिरहेका छैन भने पर्यटन

प्रवर्द्धनको संभावना प्रसस्त भएपनि पर्यटकीय पूर्वाधार र प्रचार प्रसारको कमी वाट यसले अपेक्षित गति लिन सकेको छैन ।

**४.३.आर्थिक विकास क्षेत्रको उदेश्य**

आर्थिक विकास क्षेत्र अन्तरगत अर्जुनधारा नगरपालिकाको आर्थिक विकासका लागि "कृषि तथा पशुपालनको क्षेत्रमा प्राविधिक शिक्षा तथा प्रविधिको प्रयोग गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै सर्वसुलभ कर्जा प्रवाह मार्फत साना तथा मझौला उद्योग प्रवर्द्धन गरी रोजगार वृद्धि गर्न र बैदेशिक रोजगारीबाट फर्किएकाहरुलाई स्वदेशमै काम गर्ने वातावरण वनाउने" उदेश्य लिएकोछ ।

**४.४.आर्थिक विकास क्षेत्रको प्रमुख रणनीति**

- संघ प्रदेश र सहयोगी निकायहरुको सहकार्यमा रोजगारी एवम आयआर्जनका अवसरहरु सृजना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील वनाउदै निरपेक्ष गरिबी न्यूनीकरण गर्न समन्वय र सहकार्य गर्ने
- संघ प्रदेश र अन्य निकायहरुको सहकार्यमा कृषि क्षेत्रमा व्यवसायीकरण गर्दै उत्पादन उत्पादकत्व वृद्धि गर्ने कार्यमा सहयोग र समन्वय गर्ने ।
- पर्यटन विकासका लागि संघीय पर्यटन वोर्ड तथा संस्कृति तथा नागरिक उड्डयन मन्त्रालय संग समन्वय गरी विशेष कार्यक्रम संचालन गर्ने ।
- रोजगारीक लागि विभिन्न कम्पनी तथा दातृ निकायहरुलाई आकर्षित गर्ने ।
- बैदेशिक रोजगारीमा सीप सिकेर आएका युवाहरुको रोष्टर वनाइ संभावित क्षेत्रमा श्रोतव्यक्तीको रुपमा परिचालन गर्ने ।

**४.५.विषयगत उपक्षेत्रहरु**

यस विषयगत क्षेत्र भित्र निम्नानुसार उपक्षेत्रहरु समावेश गरिएकाछन

क. कृषि विकास
ख. पशुपंक्षी विकास
ग. पर्यटन संस्कृति तथा सम्पदा विकास
घ. उद्योग व्यापार व्यवसाय र आपुर्ती
ङ. वैक वित्तीय संस्था र सहकारी
च. बैदेशिक रोजगारी

### ४.५.१. कृषि विकास

### ४.५.१.१. संभावन,अवसर तथा चुनौतीहरु

अर्जुनधारा नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम नगरपालिकाको भावि मार्गचित्र वारे सहाभागीतात्मक छलफलवाट पहिचान भएका संभावना अवसर समस्या तथा चुनौतीहरु निम्नानुसार रहेकाछन ।

**तालिका ३८ कृषि विकासका संभावना अवसर तथा चुनौतीहरु**

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ धानको व्यवसायिक उत्पादन गर्न सकिने<br>▪ मकै गहुँ तथा आलुलाई पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने ।<br>▪ व्यक्तिगत जग्गा सामुहिक खेती प्रवर्धन गर्न सकिने<br>▪ ताजा तरकारी र सुपारी मरिच लगायत नगदेवाली को व्यवसायिक खेती गर्न सकिने<br>▪ कृषि कर्जा विस्तार गरी प्रविधियुक्त खेती गराउन सकिने ।<br>▪ स्थानीय स्तरमा नै कम्पोष्ट तथा जैविक मलहरु उत्पादन गर्न सकिने । | ▪ परम्परागत जीविकोपार्जन तथा निर्वाहमूखी कृषि प्रणालीलाई आधुनिक उवम व्यवसायिक प्रणालीमा रुपान्तरण गर्न<br>▪ कृषि उपजहरुको बजार विस्तार र प्रवर्द्धन<br>▪ युवाहरुको कृषि पेशामा आकर्षण वढाउन<br>▪ मौसमी किराहरुको आक्रमण वाट बालीनाली सखाप हुने अवस्था आएको ले त्यसको निराकरण गर्न ।<br>▪ उत्पादित वस्तुहरुको उचित मूल्य प्राप्त गर्न<br>▪ जलवायु परिवर्तन वाट भएका क्षतीहरु न्यूनीकरण गर्न |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ▪ अगुवा तथा सक्रिय कृषकहरु र कृषक समूहहरु क्रियाशिल हुनु<br>▪ धान मकै आलु तथा गहुको खेती सवै वडामा हुनु<br>▪ क्षमता विकास सम्वन्धी तालिमहरु संचालन हुनु<br>▪ सडक संजाल सवै वडामा हुनु ।<br>▪ कृषि प्राविधिक तथा मल विउ विषादी नजिकै पाउनु | ▪ मौसमी उत्पादनले मुल्य नपाउनु तथा वेमौसमी उत्पादन गर्न लागत धेरै पर्नु<br>▪ नियमित रुपमा माटो परीक्षण नहुनु<br>▪ उत्पादित वस्तुहरु भण्डारण गर्न नसक्नु<br>▪ कृषिमा युवाहरु संलग्नता कम हुनु<br>▪ |

#### ४.५.१.२.उदेश्य

जीविकोपार्जन तथा परम्परागत कृषि प्रणालीलाई यान्त्रिकरण व्यवसायीकरण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्दै  अर्जुनधारा वासी नागरिकको आय स्तरमा सुधार गर्नु

#### ४.५.१.३.रणनीतिहरु

१. करार खेती चक्लाबन्दी सामुहिक र सहकारी खेती लगायत कृषि सम्वन्धी नीति कानुन तथा योजना निर्माण गरी कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने

२. कृषक एवम कृषि सेवामा आधारित संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने ।

३. कृषि उपजहरुको व्यवसायिकरण  तथा बजार प्रवर्द्धन गर्ने ।

४. कृषि पूर्वाधार निर्माण गर्ने ।

५. कृषिको व्यवसायिक खेतीमा युवा महिला दलित एवम अति विपन्न वर्गको आवद्धता बृद्धि गर्ने

६. कृषि नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

#### ४.५.१.४.कार्यनीतिहरु

**रणनीतिः**

करार खेती चक्लाबन्दी सामुहिक र सहकारी खेती लगायत कृषि सम्वन्धी नीति कानुन तथा योजना निर्माण गरी कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने

**कार्यनीतिः**

- नगरपालिकामा रहेका अगुवा कृषकहरुको लगत तयार गरी नीजहरुलाई कृषि  अभियन्ताको रुपमा परिचालन गर्ने व्यवस्था गरिनेछ ।
- संभाव्यताका आधारमा प्राङ्गारिक खेती विस्तार गर्दै पकेट क्षेत्रको रुपमा विकास गरी दिगोपनाका लागि वजार  प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ
- माटोको उर्वराशक्तिको  संरक्षणका लागि रसायनिक एवम प्राङ्गारिक मल प्रयोगको सन्तुलन मिलाउदै लगिने र निश्चित समय पछि प्राङ्गारिक मलको प्रयोग मात्र गर्ने र प्राङ्गारिक नगर वनाइनेछ ।
- घरवाट निस्कने फोहोर मैला  गोठेमल पशुमुत्रलाई एकीकृत गरी जैविक मल उत्पादन गरिनेछ ।
- स्थानीय स्तरमा उत्पादित हरियो  तरकारीको बजारीकरणका लागि नगरपालिका स्तरमा समर्थन मुल्य तोकी निश्चित स्थानमा  विक्रिवितरण गर्नका लागि सहकारीहरु प्रतिस्पर्धावाट छनौट गरिनेछ

- अन्नवाली तथा फलफुल  उत्पादनकोलागि संभावित क्षेत्रहरुको किटान गरी उन्नत वीउ बेर्ना प्रविधि र मलको  प्रयोग वाट एक गउँ एक कृषि उत्पादन को नीति कार्यान्वयन गरिनेछ
- कागती केरा जस्ता फलफुल तथा लसुन प्याज वेसार जस्ता मसलाहरुको व्यवसायिक उत्पादनलाई प्राथमिकता  दिइनेछ ।
- बैदेशिक रोजगारीवाट विचैमा तथा  अन्त्यमा फर्केका साथै स्थानीय स्तरका वेरोजगारहरुका लागि सामुहिक खेती  चाक्लावन्दी खेती लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।
- माटो परीक्षणको दायरा विस्तार गरी  माटो अनुसारको वाली खेती गर्न प्रोत्साहित गरिनेछ
- कृषि वालिमा लाग्ने रोग तथा  किटाणु वाट हुने क्षतीलाई समयमै नियन्त्रण गर्न प्राविधिक सेवा सक्षम र  प्रभावकारी वनाइनेछ ।
- विद्यमान सिंचाइ प्रणालीको  स्तरोन्नती आधुनिक तथा बैकल्पिक सिंचाई प्रविधिको प्रयोग गरि खेतीयोग्य  क्षेत्रहरुमा सिंचाई सेवा उपलव्ध गराइनेछ ।कृषि पकेट क्षेत्रको विचमा डीप वोरिङका स्थायी संरचाना निर्माण गरी हिउद वर्षा सवै समयमा पानीको आपूर्ती सहज वनाइनेछ ।
- स्थानीय बीउ विजन तथा वालीको  संरक्षण गर्नका लागि नर्सरी तथा वीउ उत्पादन गरी वितरणको व्यवस्था मिलाइनेछ ।
- माछापालन व्यवसायलाई प्रवर्द्धन गरि आलो तथा सुकाएर विक्रिगर्ने व्यवसायिक केन्द्र संचालन गरिनेछ ।

**रणनीतिः**

कृषक एवम् कृषि सेवामा आधारित संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने

**कार्यनीतिः**

- कृषक तथा कृषि फर्महरुको सीप क्षमता अभिवृद्धि एवम व्यवसायिकता  विकासमा सहजिकरण गरिनेछ
- संस्थागत विकासका लागि अगुवा  महिला तथा मिश्रित कृषक समूहहरु गठन र कृषि सहकारी संस्था गठन गर्न प्रोत्साहन  गरिनेछ
- अगुवा कृषक परिचयपत्र वितरण र  सोही अनुसार सुविधा एवम अनुदानहरुको व्यवस्था गरि कृषि पेशालाई पुरस्कृत एवम  सम्मानित गरिनेछ
- बेरोजगार युवाहरुमा सीप विकास  तालिमहरु प्रदान गरि कृषि मजदुर तथा जनशक्तिका अभावलाई न्यूनीकरण गर्दै स्थानीय  स्तरमा युवाहरुको रोजगारीको लागि सहजीकरण गरिनेछ

- कृषि जनशक्ति विकास तथा युवाहरुलाई कृषि पेशामा आवद्ध गर्न CTEVT बाट मान्यता प्राप्त कृषि प्राविधिक शिक्षालय संचालन गर्न नीजि क्षेत्र संग समन्वय गरिनेछ ।
- उत्कृष्ट अगुवा कृषकहरुलाई CTEVT बाट मान्यता प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- जलवायु परिवर्तन अनुकुलन सम्वन्धी अभिमुखीकरण गरी सो वाट हुन सक्ने क्षती नोक्सानी न्यूनीकरण गर्न कृषकको क्षमता अभिवृद्धिका साथै राष्ट्रिय स्तरमा तयार गरिएको कार्ययोजना स्थानीयकरण गराइनेछ ।
- प्रत्येक वडामा कम्तिमा एकजना कृषि र पशुसेवा प्राविधिकको व्यवस्था मिलाइनेछ
- एकवस्ती एक वस्तु उत्पादन कार्यक्रम सवै वडाहरुमा संचालन गरिनेछ
- खाद्यान्न संरक्षण बैक संचालन गरिनेछ ।
- स्थानीय सरकार संचालन ऐन २०७४ र अन्य नीति र रणनीतिमा आधारित रही नगरपालिकाको वडाहरुमा सामुदायिक कृषि प्रसार सेवा केन्द्रहरुको स्थापना तथा संचालन गरिनेछ ।

**रणनीतिः**

कृषि उपजहरुको व्यवसायिकरण तथा बजार प्रवर्द्धन गर्ने ।

**कार्यनीतिः**

- व्यवसायिक संभावना भएका खाद्यान्न तरकारी फलफुल लगायतका नगदेवालीको व्यवसायिक उत्पादनका लागि संभाव्यताका आधारमा पकेटक्षेत्र व्लक कृषि Zone घोषणा गरिनेछ र त्यस्ता क्षेत्रहरुमा एकीकृत रुपमा पूर्वाधारको विकास गरिनेछ ।
- कृषिमा यन्त्रीकरण आधुनिकिकरण र बजरीकरणका लागि अनुदान प्रोत्साहनको व्यवस्था गरिनेछ
- कृषि सहकारी संस्था तथा निजी क्षेत्रको भुमिकालाई प्रभावकारी बनाउदै कृषि बजार प्रवर्द्धन गर्न कृषक र बाह्य बजार क्षेत्र संग अन्तरसम्वन्ध विकास गरिनेछ
- मुल्य शृङ्खला (Value chain) बृहत उत्पादन (Mass production)को अवधारणालाई अवलम्वन गर्न नीतिगत एवम कानुनी व्यवस्था मिलाइनेछ
- ग्रामिण क्षेत्रमा कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि जन्य बस्तुहरुको व्यवसायिक उत्पादनका लागि दिगो सिंचाई सुविधाका पूर्वाधारको पहुँच बढाइनेछ
- खेतीयोग्य जग्गालाई बाझो राख्ने र ससाना टुक्रा वनाएर घडेरी वनाएर वेच्ने प्रवृतिलाइ पूर्णतया निरुत्साहित गरिनेछ ।
- कृषि बजार विकास प्रवर्द्धनका लागि प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र गोदामघर र नगरपालिकाको मुख्य बजार क्षेत्रमा हाटवजार केन्द्र कोशेली घर बिक्री कक्ष र शीतभण्डारको व्यवस्था गरिनेछ

- प्राङ्गारिक तथा निर्यातको संभावना भएका कृषि उपजहरुको व्यवसायिक खेतीको लागि प्रोत्साहित गर्दै अनुदानको व्यवस्था गरिनेछ ।
- कृषिको व्यवसायिकरणका लागि सहकारीलाई प्रवर्द्धन कृषि सामग्रीको विक्री, कृषि उपजमा विचौलियाको न्यूनीकरण गरिनुका साथै संस्थागत संकलन र ढुवानीको लागि सहकारीको क्षमता अभिबृद्धि गर्न कृयाशिल गराइनेछ

**रणनीतिः**

कृषि पूर्वाधार निर्माण गर्ने ।

**कार्यनीतिः**

- कृषि उपजहरुको ढुवानी सहजताका लागि आवश्यकताका आधारमा वस्ती स्तरमा संकलन केन्द्र निर्माण गरी ढुवानीको सहज वातावरण वनाइनेछ ।
- उपयुक्त स्थानमा कृषि उत्पादनको प्रशोधन केन्द्र स्थापना गरिनेछ
- सिंचाइ प्रणालीको विकासका लागि आवश्यक पुर्वाधारहरु निर्माण गरिनेछ ।

**रणनीतिः**

कृषिको व्यवसायिक खेतीमा युवा महिला दलित एवम अति विपन्न वर्गको आवद्धता बृद्धि गर्ने

**कार्यनीतिः**

- महिला दलित अति विपन्नहरुलाई व्यवसायिक खेतीको लागि प्रोत्साहित गर्दै उनीहरुमा उद्यमशिलता विकास गरिनेछ
- निशुल्क कृषि बीमा तथा बिउ विजन उपलव्ध गराइनेछ साथै सहुलियत दरमा कृषि ऋणको व्यवस्था गरिनेछ
- महिला दलित अति विपन्नहरुवाट सामुहिक रुपमा गरिने व्यवसायिक खेतीलाई यान्त्रीकरण गर्न कृषिका आधुनिक प्रविधिहरु तथा कर्जा सामुहिक जमानीमा उपलव्ध गराइनेछ
- अतिविपन्न वर्गवाट गरिने व्यवसायिक कृषि खेतीका लागि आवश्यकताका आधारमा वीउ पुँजीको व्यवस्था गरिनेछ
- भूमिहीन र सिमान्तकृत कृषकका लागि जग्गा लिजमा लिने नीति अवलम्वन गरिनेछ र त्यस्ता किसानलाइ मौरीपालन च्याउखेती आदिमा लाग्न उत्प्रेरित गरिनुका साथै सीप अभिवृद्धि समेत गरिनेछ

**रणनीतिः**

कृषि नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**कार्यनीतिः**

- कृषि विकास तथा उत्पादन व्यवस्थापन सम्वन्धी दीर्घकालिन नीति कानून र मापदणड तयार गरी कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ
- व्यवसायिक कृषि विकासका लागि दीर्घकालिन गुरुयोजना बनाइनेछ
- कृषि विकास कार्यालय कृषि सहकारी लगायतका वित्तीय संस्थाहरुको भुमिकालाई प्रभावकारी वनाउन सहजीकरण गरिनेछ ।
- कृषि पेशालाई सम्मानीत गर्न हरेक वर्ष उत्कृष्ट किसान छनौट गर्ने तथा सम्मान गर्ने व्यवस्था मिलाइने छ ।
- वाली अनुसार उत्कृष्ट कृषकलाई वार्षिक रुपमा वर्ष कृषकको रुपमा घोषणा गरी व्यवसायमा आवश्यक प्राविधिक सहयोग प्रदान गरिनेछ ।

### ४.५.१.५.कृषि विकास परिमाणात्मक लक्ष तथा पूर्वानुमान

**तालिका ३९ कृषि विकास परिमाणात्मक लक्ष तथा पूर्वानुमान**

| नतिजा सूचक | इकाई | आधार वर्ष | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | ०७९/८० | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर तह** | | | | | | | | |
| आफ्नो उत्पादन ले वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ५५ | ६० | ६२ | ६५ | ७० | नपा कृषि प्रतिवेदन | |
| **प्रतिफलहरु** | | | | | | | | |
| ६. बार्षिक खाद्यान्न उत्पादन | मे.टन | ४०६२२ | ४५००० | ५०००० | ५५००० | ५५००० | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषकहरु व्यवसायिक खेती तथा पशुपालन प्रति प्रोत्साहित भएका हुने |
| ७. प्रतिव्यक्ति वार्षिक खाद्यान्न उत्पादन | केजी | ४८३ | ५३५ | ५९५ | ६५४ | ६५४ | | |
| ८. वार्षिक बचत खाद्यान्न विक्री | मे टन | २६५५५ | ३०८९३ | ३५८९३ | ४०८९३ | ४०८९३ | | |
| ९. कृषि उपजको वार्षिक उत्पादन | रु लाख | २८२३० | ३१२४१ | ३४७१२ | ३८१८४ | ३८१८४ | | |
| १०.व्यवसायिक कृषि नर्सरी | संख्या | ९ | १५ | २० | २० | २० | नगरपालिका कृषि बुलेटीन | |
| ११.तरकारी वार्षिक उत्पादन | मे.टन | १५५५० | २०००० | २५००० | ३०००० | ३०००० | | |
| १२. सुपारी वार्षिक उत्पादन | मे.टन | १४८९३ | १५००० | १८००० | २०००० | २२००० | | |
| १३.तेलहन वार्षिक उत्पादन | मे.टन | १६० | २०० | ३०० | ४०० | ५०० | कृषि शाखा नगरपालिका | कृषकहरुलाई प्राविधिक सहयोग तथा सुविधाहरु नियमिति रुपमा |
| १४.चिया वार्षिक उत्पादन | मे.टन | ५६० | ६०० | ६५० | ७०० | ७५० | | |
| १५.कृषि वालिमा लाग्ने किरा वाट भएको क्षती | रु लाख | ३० | २५ | २० | १५ | १० | नगरपालिकाको वस्तुगत विवरण | |
| १६.जलवायु परिवर्तन अतिवृष्टि अनावृष्टि बाढी पहिरो वाट कृषि वालीमा भएको क्षती | रु लाख | ६० | ५० | ४० | ३० | २० | | |

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १७.गैह्रकृषि पेशामा निर्भर जनसंख्या | प्रतिशत | ७३ | ७३ | ७३ | ७३ | ७३ | | उपलव्ध भएको हुने |
| १८.कृषि व्यवसायमा सहुलियत ऋण कृषि सामाग्रीमा अनुदान तथा यान्त्रीकरणमा पुजीगत अनुदान वाट लभान्वित कृषक | संख्या | २२८ | ३०० | ४०० | ५०० | ६०० | | |
| १९.सामुहिक खेतीले ओगटेको क्षेत्रफल | हेक्टर | ० | ० | ३ | ३ | ५ | | जलवायू परिवर्तनको असर न्यून रहने । |
| २०.व्यवसायिक अगुवा कृषकहरु | संख्या | २२८ | ३०० | ४०० | ५०० | ६०० | | |
| २१.सकृय ग्रामिण कृषि कार्यकर्ता | संख्या | ४० | ४५ | ६५ | ७० | १०० | | |
| २२.सक्रिय व्यवसायिक कृषक समूह | संख्या | | | | | | | |
| २३.विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषक | संख्या | २२८ | ३०० | ४०० | ५०० | ६०० | | |

### ४.५.१.६.कृषि विकास सम्वन्धी कार्यक्रमहरु

**तालिका ४० कृषि विकास सम्वन्धी कार्यक्रमहरु**

| क स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | धान खेती प्रवर्द्धन कार्यक्रम (माटो परीक्षण, पकेट क्षेत्र घोषणा, वीउ निर्धारण , सिंचाई , प्रविधि प्रयोग) | २५० |
| २ | अर्गानिक खेती प्रवर्द्धन कार्यक्रम संचालन | २५० |
| ३ | कृषि यन्त्रशाला प्रविधि विकास तथा हस्तान्तरण व्यवसायिक प्रशिक्षण तथा सेवाकेन्द्र स्थापना | ५६५ |
| ४ | कृषक र सेवा प्रदायक संस्थाहरुको क्षमता विकास र सशक्तिकरण | ३१० |
| ५ | सुपारी, चिया, कफि तथा मरीच जस्ता नगदेवाली प्रवर्द्धन कार्यक्रम | ४०० |
| ६ | अन्न ,नगदे तथा तरकारी वालीमा संलग्न किसानहरुलाई वर्गीकरण र परिचय पत्र वितरण कार्यक्रम | २०० |
| ७ | पकेट क्षेत्र विकास कार्यक्रम | ३०० |
| ८ | किसानहरुलाई निशुल्क वालीविमा कार्यक्रम संचालन | ४०० |
| ९ | कृषि उपजको उत्पादन संकलन प्रशोधन गोदाम तथा शीतभण्डार विक्रि कक्ष तथा कोशेली घर थोक वजार | २५० |
| १० | जीवाणु मल प्रवर्द्धन कार्यक्रम | ४०० |
| ११ | कृषि व्यवसाय प्रोत्साहन कार्यक्रम | २६० |
| १२ | महिला दलित तथा अति विपन्न वर्गलाई कृषि व्यवसाय स्थापना र संचालन सहयोग | ३२० |
| १३ | भू उपयोग नीति कार्यक्रम अभिमुखीकरण तथा कृषि विकास गुरुयोजना विकास | ५० |
| १४ | मूल्य शृङ्खला विकास कार्यक्रम | २७० |
| १५ | बेरोजगार युवा तथा सामुहिक खेती प्रवर्द्धन कार्यक्रम | ४०० |
| १६ | महिला दलित तथा अति विपन्न वर्गलाई कृषि व्यवसाय स्थापना र संचालन सहयोग | १३० |
| | जम्मा | ४७५५ |

### ४.५.२. पशुपंक्षी विकास

### ४.५.२.१. संभावना तथा अवसरहरु र समस्या चुनौती

नगरपालिकाको वस्तुस्थिति विश्लेषण¸ विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम नगरपालिकाको भावी मार्गचित्र बारे सहाभागीतात्मक छलफलवाट पहिचान भएका संभावना अवसर समस्या तथा चुनौतीहरु देहायअनुसार रहेकाछन

**तालिका ४१ पशुपंक्षीपालनः संभावना अवसर तथा समस्या र चुनौती**

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ नश्ल सुधार¸कृतिम प्रजनन¸प्राथमिक उपचार केन्द्र¸पशुस्वास्थ्य कार्यकर्ता जस्ता गतिविधिहरु संचालन गर्न<br>▪ व्यवसायिक पशुपंक्षीपालन प्रतिको आकर्षण र पशुपंक्षीपालन समूहहरु<br>▪ दुधजन्य मिठाइहरु उत्पादन गर्न सकिने<br>▪ घरघरमा पशुपंक्षीहरु गाई भैसी वाख्रा सुगुरपालन हुदै आएको<br>▪ व्यवसायिक रुपमा गाइ वाख्रा तथा कुखुरा पालन भइरहेको | ▪ पशुपंक्षीजन्य रोग नियन्त्रण गर्न<br>▪ उन्नत जातका पशुपंक्षी विकास तथा विस्तार गर्न<br>▪ पशुपंक्षीको बजार विस्तार तथा प्रवर्द्धन गर्न<br>▪ पशुपंक्षी बीमामा नीतिगत प्रस्टता ल्याउन<br>▪ पशुपंक्षीहरुको व्यवसायिक पालनमा सहुलियत दरमा कर्जा तथा अनुदान सुविधा प्रदान गर्न<br>▪ युवाहरु पशुपंक्षीपालन प्रति आकर्षण बढाउनु<br>▪ पशुपंक्षीहरुको बजार प्रवर्द्धन गर्न । |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ▪ पशुपालन समूह गठन<br>▪ व्यवसायिक पशुपंक्षी व्यवसायिक फर्महरु क्रियाशील<br>▪ कुखुरापालनका लागि विशेष फर्महरु संचालन<br>▪ व्यवसायिक रुपमा दुध उत्पादन तथा डेरी संचालन भइरहेको ।<br>▪ बोइलर मासु तथा अण्डामा नगरपालिका आत्मनिर्भर भएको । | ▪ पशुपंक्षीपालनका पूर्वाधारहरु संकलन केन्द्र दुध चिस्यान केन्द्र कृत्रिम गर्भाधान केन्द्र पशुपंक्षी वधशाला, प्रशोधन केन्द्र हाटवजार व्यवस्था नहुनु<br>▪ सीमित पशुपंक्षी उपचार केन्द्र तथा प्राविधिक सेवा कमी<br>▪ उन्नत डाले तथा भुईघाँस¸सन्तुलित आहार दाना पसलको व्यवस्था नहुनु<br>▪ भकारो एवम गोठ सुधार र पशुमुत्रको उपयोग हुन नसक्नु<br>▪ चरन क्षेत्रको व्यवस्था नहुनु । |

### ४.५.२.२.उदेश्य

परम्परागत पशुपक्षीपालनलाई व्यवसायीकरण विविधीकरण गरी स्थानीय महिला तथा युवाको आवद्धतामा अभिवृद्धि ल्याइ पशुपंक्षीपालन व्यवसाय एक दिगो भरपर्दो र प्रमुख आयश्रोत वनाउने ।

### ४.५.२.३.रणनीतिहरु

१. पशुपंक्षीपालनमा व्यवसायिकता विकास गर्ने
२. पशुपंक्षीजन्य वस्तुको बजार प्रवर्द्धन गर्ने
३. पशुपंक्षीपालनमा महिला दलित एवम अति विपन्न वर्गको आवद्धतामा वृद्धि गर्ने
४. पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था विस्तार गर्ने
५. वातावरण तथा हावापानी अनुकुल पशुपंक्षी व्यवसायको प्रवर्धन गर्ने
६. पशुपंक्षी सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन

### ४.५.२.४.कार्यनीतिहरु

**रणनीति**

पशुपंक्षीपालनमा व्यवसायिकता विकास गर्ने

**कार्यनीति**

- तुलनात्मक लाभ भएका पशुजन्य उत्पादनहरुको व्यवसायिक पालनका लागि कृषकहरुको क्षमता अभिवृद्धि गरी आयआर्जनको श्रोतको रुपमा स्थापित गरिनेछ ।
- स्थानीय जातहरुको संरक्षण गर्दै नश्ल सुधारको माघमवाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याइ उत्पादन र उत्पादकत्वमा सुधार ल्याइनेछ ।
- व्यवसायिक कुखुरा वंगुर र वाख्रापालनलाई प्रोत्साहित गरिनेछ ।
- पशुआहारका लागि गुणस्तरीय एवम् पोषणयुक्त घाँसवाली रोपण गर्ने र चरिचरनका लागि उपयुक्त स्थानहरु निर्धारण गरी कृषकहरुको सहाभागीतामा चरनक्षेत्रलाई व्यवस्थित गरिनेछ
- चरणक्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि निर्देशिका वनाई नियमन गरिनेछ ।
- डालेघाँस भुईघाँस जस्ता पशुजन्य आहार प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
- पशुवीमा कार्यक्रमलाई सघनरुपमा लगिनेछ र यसको प्रभावकारी परिचालनका लागि नीजिक्षेत्रहरु संग समेत समन्वय गरिनेछ ।
- वेरोजगार युवावर्गलाई पशुपंक्षी व्यवसायमा आवद्ध गर्न नीजि क्षेत्र संग सहकार्य गर्दै सहुलियत दरमा वित्तीय सेवा उपलव्ध गराउन आवश्यक पहल गरिनेछ ।
- पशुपंक्षीको आहाराको घाँस दाना प्रशोधन तथा स्वच्छ पानीको व्यवस्था गरिनेछ ।
- आधुनिक प्रविधियुक्त गोठ तथा खोर निर्माण संचालनमा ल्याइनेछ ।

**रणनीति**

पशुपंक्षीपालनमा व्यवसायिकता विकास गर्ने

**कार्यनीति**

- पशुजन्य उत्पादनको वजार प्रवर्द्धन एवम निकासी वृद्धि गर्न वस्तुमा विविधिकरणका लागि प्रोत्साहित गरिनेछ । कृषकहरुलाई विभिन्न किशिमका सीप विकास तालिमहरु संचालन गरी क्षमतामा अभिवृद्धि गरिनेछ । वस्तुहरुको विविधिकरण गर्न आवश्यक पर्ने मेशिन उपकरणहरु आयात गर्नुपर्ने भएमा अनुदान व्यवस्था गरिनेछ
- पशुपंक्षी जन्य उत्पादनका स्थानीय एवम वाह्य वजार प्रवर्द्धन गर्न संकलन केन्द्र प्रशोधन केन्द्र चिस्यान केन्द्र विक्रि केन्द्र पशु हाटबजार र मेला प्रदर्शनी व्यवस्था जस्ता पुर्वाधाहरु एक उपयुक्त स्थानमा निर्माण गरिनेछ
- पशु सहकारी संस्था एवम अगुवा कृषकहरुको क्षमता अभिवृद्धि गरिनेछ
- सूचना प्रविधिमा कृषकहरुको पहुँचमा सहजता ल्याई पशुपक्षीवजार सूचना सम्वन्धी स्थानीय तथा वाह्य वजार बारे नियमित रुपमा जानकारी गराउने संयन्त्र विकास गरिनेछ
- मासु तथा दुग्धजन्य वस्तुहरुमा विविधिकरण पशुपंक्षीका छाला प्रशोधन तथा छालाजन्य वस्तु उत्पादन जस्ता उद्यम व्यावसायको प्रवर्द्धनका लागि आवश्यक सीप तथा उद्यमशीलता विकास गरिनेछ ।

**रणनीति**

पशुपंक्षीपालनमा महिला दलित एवम अति विपन्न वर्गको आवद्धतामा वृद्धि गर्ने

**कार्यनीति**

- पशुपंक्षीपालनलाई व्यवसायिक रुपमा अगाडी वढाउन नसक्ने महिला दलित तथा विपन्न वर्गको लागि आवश्यकताका आधारमा वीउपुँजी अनुदान उपलव्ध गराइनेछ ।
- पशुपंक्षी जन्य व्यवसायमा आर्थिक र भौगोलिक रुपमा पछि परेका महिला युवा तथा विभिन्न कारणले जोखीममा रहेका लक्षित वर्गको स्वरोजगार तथा आयआर्जनको दिगो श्रोतको रुपमा विकास गरिनेछ ।
- सहकारी संस्था तथा सामुहिक रुपमा पशुपंक्षीजन्य वस्तुको व्यावसायिक पालन गर्न प्रोत्साहित गरिनेछ । यसरी सामुहिक रुपमा गरिने पशुपंक्षी पालन व्यवसायका लागि नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ ।
- न्यून लागत तथा तुलनात्मक रुपमा वढी लाभ आर्जन गर्न सकिने पशुपंक्षीजन्य वस्तुहरुको व्यवसायिक पालनमा प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलव्ध गराइनेछ ।

- महिला दलित तथा अति विपन्न वर्ग आर्थिक तथा सामाजिक अवस्थामा सुधारका लागि सहकारी तथा नीजिक्षेत्र संग समन्वय गरी उनीहरुद्वारा उत्पादित वस्तुहरुको विक्रि वितरणमा सहजता ल्याइनेछ ।

**रणनीति**

पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था विस्तार गर्ने

**कार्यनीति**

- यो नगरपालिकाको प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरी पशुपंक्षी उपचारको व्यवस्था मिलाइ पशुपंक्षीमा लाग्ने रोग महामारी नियन्त्रण गर्दै स्वास्थ्यवर्धक वस्तु उत्पादनमा जोड दिइनेछ
- पशुपंक्षीहरुमा लाग्न सक्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप औषधी परजीवि नियन्त्रणको व्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवा संचालन गरिनेछ । यसका लागि पशु चिकित्सक सहित आवश्यक जनशक्तिहरु व्यवस्था गर्न स्थानीय बेरोजगार युवाहरुलाई आवद्ध गरिनेछ र युवाहरुलाई तालिमहरु प्रदान गरी क्षमता विकास गरिनेछ ।
- मानववाट पशुपंक्षी र पशुपंक्षी वाट मानव स्वास्थ्यमा पर्न सक्ने असरहरुलाई मध्यनजर राख्दै पशुपंक्षीको व्यवसायिक पालन गर्न एक कार्यविधि वनाई कार्यान्वयनमा ल्याइनेछ र नियमित रुपमा नियमन गरिनेछ ।
- खुल्ला मासु विक्रि वितरण तथा ओसारपसारका लागि एक मापदण्ड वनाई त्यसको नियमन गरिनेछ । बजारमा निश्चित क्षेत्रहरुमा पशुवधशाला निर्माण गरि फोहोरमैलाको व्यवस्थापन गरिनेछ ।

**रणनीति**

वातावरण तथा हावापानी अनुकुल पशुपंक्षी व्यवसायको प्रवर्धन गर्ने

**कार्यनीति**

- पशुपंक्षी र पशुपंक्षीजन्य पदार्थको प्रमाणीकरण कार्यक्रम, हाटवजार, संकलन केन्द्र, मासु पसल, डेरी पसल, बधशाला, चिस्यान केन्द्र निर्माण गरिनेछ ।
- पशुपंक्षी पालनको श्रोतकेन्द्र घाँस तथा वाख्राको श्रोतकेन्द्र स्थापना गरी संचालनमा ल्याइनेछ
- अण्डा मासु र दुधमा आत्मनिर्भर भएकाले यसको प्रशोधनयोग्य उद्योगहरुको स्थापनका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ
- खासगरी गाइ भैसी  वाख्रा कुखुरा वंगुर हाँस तथा माछाललाई एकै प्याकेजमा राखी पशुपंक्षी प्याकेज कार्यक्रम संचालन गरिनेछ
- रैथाने पशुपंक्षीहरु सिंगारी वाख्रा प्वाँखउल्टे घाँटीखुइले कुखुरा संरक्षण र संवर्द्धन गरिनेछ

- पशुपालक कृषकसम्मान कार्यक्रम उत्कृष्ट कृषक सम्मान कार्यक्रम  तथा पशु सुत्केरी सहयोग कार्यक्रम संचालन गरिनेछ ।

**रणनीति**

पशुपंक्षी सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**कार्यनीति**

- पशुपंक्षी व्यवसायिक पालन पशुपंक्षी स्वास्थ्य सम्वन्धी नीति कानुन मापदण्ड योजना वनाई कार्यान्वयन गरिनेछ र नियमित रुपमा अनुगमन नियमनकालगि एक संयन्त्र विकास गरिनेछ ।
- पशु प्रदर्शनी कार्यक्रम संचालनका लागि आवश्यक कार्यविधि तयार गरी वार्षिक रुपमा हरेक पशुको प्रदर्शनी गराई उत्कृष्ट किसान छनौट गरि प्रोत्साहित गरिनेछ ।

### ४.५.२.५. पशु पंक्षी विकास परिमाणात्मक लक्ष तथा पूर्वानुमान

तालिका ४२ पशु पंक्षी विकास परिमाणात्मक लक्ष तथा पूर्वानुमान

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| व्यवसायिक रुपमा संचालित पशुजन्य फर्म | संख्या | २७२ | ५०० | ८०० | १२०० | १४०० | वार्षिक प्रतिवदेन | |
| **प्रतिफलहरु** | | | | | | | | |
| १.व्यवसायिक पशुपक्षी पालनमा संलग्न घरपरिवार | परिवार | २७२ | ५०० | ८०० | १२०० | १४०० | नगरपालिकाको वार्षिक प्रगती प्रतिवदेन | कृषकलाई प्राविधिक सहयोग तथा नियमित उपलव्ध भएको हुने निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने |
| २.पशुपंक्षीको वार्षिक उत्पादन | रु लाख | ९५०७ | १०२०० | १२००० | १५००० | १६००० | | |
| ३. बार्षिक रुपमा राँगाको मासु उत्पादन | टन | ४०.४ | ४५ | ५० | ५५ | ६० | | |
| ४.वार्षिक रुपमा दुध उत्पादन | कि.लिटर | ६४८० | ७००० | ७५०० | ८००० | ८००० | कृषि विकास कार्यालयको विवरण | |
| ५. वार्षिक रुपमा बोइलर मासु उत्पादन | टन | ५७६ | ६५० | ७०० | ७५० | ८०० | | |
| ६.वार्षिक रुपमा लोकल कुखुरा उत्पादन | टन | ७ | १० | १२ | १५ | १६ | | |
| ७.वार्षिक रुपमा माछा उत्पादन | टन | २०० | २५० | ३०० | ३५० | ४०० | | |
| ८.सुचारु कृतिम गर्भाधान केन्द्र | संख्या | ० | १ | १ | १ | १ | | |
| ९.खसी वोकाको मासु उत्पादन | टन | १६४ | २०० | २५० | ३०० | ३०० | | |
| १०.कुखुराको अण्डा विक्री | रु लाख | ३०० | ३५० | ४०० | ४५० | ५०० | | |
| ११.पशु पंक्षी जन्य कामवाट प्रत्यक्ष रोजगार प्राप्त गर्ने संख्या | संख्या | २७२ | ५०० | ८०० | १२०० | १४०० | | |
| १२.दुग्ध संकलन चिस्यान तथा प्रसोधन केन्द्र | संख्या | ७ | ८ | १० | १० | १० | | |

### ४.५.२.६.पशुपंक्षी विकास सम्वन्धी कार्यक्रमहरु

तालिका ४३ पशुपंक्षी विकास सम्वन्धी कार्यक्रमहरु

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | वृहत पशुपालन आयोजना (दुध तथा मासुजन्य उत्पादन ) | १८० |
| ३ | टर्की पालन व्यवसाय प्रवर्द्धन | ३३८ |
| ३ | पशुपंक्षी बजार प्रवर्द्धन | १८० |
| ४ | उन्नत जातका गाइ भैसी प्रवर्द्धन कार्यक्रम | १८० |
| ५ | उन्नत जातका बाख्रा वंगुर प्रवर्धन कार्यक्रम | ३७५ |
| ६ | उन्नत जातका कुखुरा पालन व्यवसाय प्रवर्द्धन कार्यक्रम | २४८ |
| ७ | पशु पंक्षी आहार घाँस तथा दाना व्यवस्थापन तथा प्रवर्द्धन | १५० |
| ८ | स्थानीय जातको जुरी गाई प्रवर्द्धन कार्यक्रम संचालन | ३०० |
| ९ | प्वाखउल्टे घाँटी खुइले कुखुरा पवर्द्धन कार्यक्रम संचालन | १५० |
| १० | सिंगारी वाख्रा प्रवर्द्धन कार्यक्रम | १५० |
| ११ | धराने कालो वंगुर प्रवर्द्धन कार्यक्रम | २२५ |
| १२ | सेतो मासुको लागि अंगोरा जातको खरायो प्रवर्द्धन कार्यक्रम | १५० |
| १३ | सनिश्चरे वजार र खुदुनावारी वजारमा सुरक्षित वधशाला निर्माण | १५० |
| १४ | पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था | १५० |
| १५ | कृषक प्रोत्साहन तथा सम्मान कार्यक्रम | १५० |
| १६ | पशुपंक्षी वीमा कार्यक्रम सहयोग | १५० |
| १७ | दुग्ध चिस्यान तथा प्रशोधन केन्द्र स्थापना | १५० |
| १८ | किसान क्षमता अभिवृद्धि कार्यक्रम | १५० |
| | जम्मा | ३५२५ |

### ४.५.३. पर्यटन संस्कृति तथा संपदा विकास

### ४.५.३.१. संभावना तथा अवसरहरु र समस्या चुनौती

नगरपालिकाको वस्तुस्थिति विश्लेषण,विगतका प्रयास तथा उपलब्धिको पुनरावलोकन एवम नगरपालिकाको भावी मार्गचित्र बारे सहाभागीतात्मक छलफलवाट पहिचान भएका संभावना अवसर समस्या तथा चुनौतीहरु देहायअनुसार रहेकाछन

| तालिका ४४ पर्यटन विकासः संभावना अवसर तथा समस्या र चुनौती | |
|---|---|
| संभावना तथा अवसरहरु | चुनौतीहरु |
| ▪ प्राकृतिक,धार्मिकतथा सांस्कृतिक सम्पदाहरु प्रसस्त भएकोले यी क्षेत्रहरुको संरक्षण संवर्द्धन गर्दै दीगो रुपमा उपयोग गर्न सकिने ।<br>▪ स्थानीय उत्पादनलाई पर्यटन विकास संग जोडेर विभिन्न खाद्यान्य तथा तरकारी फलफुलको व्यवसायिक बजार बनाउन सकिने ।<br>▪ पर्यटन गाइडको रुपमा स्थानीय युवा हरुलाई तालीम पश्चात परिचालन गर्न सकिने । | ▪ दुर्गम नगरपालिका र दुर्गम क्षेत्रमा रहेका पर्यटकीय स्थलहरु मा पुग्ने सडक संजाल निर्माण गर्न<br>▪ पर्यटन विकास सम्वन्धी प्रचार प्रसार गर्न<br>▪ झापा जिल्लाको सवै पालिका संग समन्वय गरी पर्यटकीय हव वनाउन<br>▪ पुराना पुरातात्विक महत्वका वस्तुहरु स्थानीय भाषा संस्कृति चाडपर्वहरुमा ऐतिहासिकता हराउदै जानु<br>▪ निजी क्षेत्रलाइ आकर्षित गर्न |
| सवल पक्ष | कमजोर पक्ष |
| ▪ होटल व्यवसायहरु विस्तार हुदै जानु<br>▪ पर्यटकीय पूर्वाधार विस्तार हुदै जानु<br>▪ पर्यटन विकासका लागि नगरपालिकाको वैठकमा छलफल तथा नीति कार्यक्रममा समावेश हुनु<br>▪ हाल धार्मिक पर्यटनका लागि भारत लागयत विभिन्न देशवाट पर्यटकहरु आउने गरेको | ▪ दीर्घकालीन पर्यटन विकास गुरुयोजना तर्जुमा नभएको<br>▪ पर्यटन विकास बोर्ड ट्राभल एजेन्सी लगायत संग सम्वन्ध स्थापित हुन नसक्नु ।<br>▪ पर्यटन प्रवर्धन गर्न निजीक्षेत्र संग सहकार्य हुन नसक्नु । |

**४.५.३.२.उदेश्य**

अर्जुनधारा नगरपालिका अन्तरगत रहेका प्राकृतिक धार्मिक र ऐतिहासिक तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्द्धन गर्दै आन्तरिक र वाह्य पर्यटनको माद्यमवाट दिगो आर्थिक वृद्धि हासिल गर्नु

**४.५.३.३.रणनीतिहरु**

१. गुणस्तरीय पर्यटनको विकास र विस्तार गर्ने
२. ऐतिहासिक पुरातात्विक धार्मिक एवम साँस्कृतिक महत्वका संपदाहरुको संरक्षण संवर्द्धन गर्ने
३. महिला दलित तथा अति विपन्न वर्गको आवद्धता वृद्धि गर्ने
४. पर्यटन विकास सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**४.५.३.४.कार्यनीतिहरु**

**रणनीति**

गुणस्तरीय पर्यटनको विकास र विस्तार गर्ने

**कार्यनीति**

- नगरपालिका भित्र पहिचान भएका पर्यटकीय क्षेत्रहरुमा पुग्न तथा वसाइ व्यवस्थापन गर्न आवश्यक सवै प्रकारका पूर्वाधार निर्माण र सुरक्षा व्यवस्था गरिनेछ ।
- पर्यटकीय स्थलहरुको भिडियो फोटो लगायत विशेषताहरु उल्लेख गरी तयार गरिएका प्रचार सामग्रिहरु सामाजिक संजाल मार्फत व्यापक रुपमा प्रचार प्रासर गरिनेछ
- प्रदेश तथा राष्ट्रिय स्तरमा पर्यटन क्षेत्रमा लागेका संघ संस्था ट्राभल एजेन्सी होटल आदी संग समन्वय गरी पर्यटन प्रवर्धनका कार्यहरु संचालन गरिनेछ ।
- पर्यटकको सुरक्षा तथा गाइडको लागि स्थानीय युवाहरुलाई क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ

**रणनीति**

ऐतिहासिक पुरातात्विक धार्मिक एवम साँस्कृतिक महत्वका संपदाहरुको संरक्षण संवर्द्धन गर्ने

**कार्यनीति**

- पर्यटकीय धरोहरको संरक्षण जीर्णोद्वार मर्मत संभार तथा नियमित सरसफाइको व्यवस्थापन गरिनेछ
- लोपउन्मुख एवम अन्य सवै प्रकारका कला भाषा र संस्कृतिहरु झल्कने गरी उपयुक्त स्थानमा संग्राहलय निर्माण गर्दै संपदा संरक्षणका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ
- स्थानीय संस्कृति झल्कनेगरी होमस्टे संचालन गर्न स्थानीय महिला दलित तथा अति विपन्न वर्गलाई प्रोत्साहित गर्ने साथै आवश्यक सीप विकास गरिनेछ
- ऐतिहासिक पुरातात्विक धार्मिक सम्पदाहरुको परिचय सहितको पुस्तिका तयार गरी सार्वजनिक गरिनेछ निजी क्षेत्र संग समन्वय गरि निश्चित समय पर्यटकीय स्थलहरुमा महोत्वसको आयोजना गरी आन्तरिक तथा वाह्य पर्यटको आगमनलाई वढावा दिइनेछ ।

**रणनीति**

महिला दलित तथा अति विपन्न वर्गको आवद्धता वृद्धि गर्ने

**कार्यनीति**

- दलित तथा अति विपन्न समुदायमा होमस्टे संचालन गर्न आवश्यक सबै सीप तथा उद्यमशीलता विकास तालिमहरु प्रदान गरी क्षमता अभिवृद्धि गर्ने साथै पूर्वाधारहरुको व्यवस्था मिलाउदै स्वरोजगार हुने अवस्था सृजना गरिनेछ ।
- आन्तरिक तथा वाह्य पर्यटकहरुका लागि गाइड साथै अन्य आवश्यकीय सहयोगको लागि दलित तथा अति विपन्न वर्गको क्षमता अभिवृद्धि गरी रोजगकारीका अवसरहरु वृद्धि गरिनेछ

**रणनीति**

पर्यटन विकास सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**कार्यनीति**

- पर्यटन विकासका लागि दीर्घकालिन गुरुयोजना तयार गरी कार्यान्वन्य गरिनेछ
- पर्यटन विकास  लाई  बार्षिक कार्यक्रममा नियमित रुपमा समावेश गर्दै लगिनेछ
- पर्यटकीय क्षेत्रको विकासका लागि ऐतिहासिक धार्मिक र पर्यटकीय गरी तीन खण्डमा विभाजन गरी सोही अनुरुप नीति तथा कार्यक्रमहरु निर्माण गरिनेछ।

### ४.५.३.५.पर्यटन विकास परिमाणात्मक लक्ष तथा पूर्वानुमान

तालिका ४५ पर्यटन विकास परिमाणात्मक लक्ष तथा पूर्वानुमान

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| पर्यटन व्यवसाय वाट अर्जुनधारा नगरपालिकामा रोजगारी प्राप्त गर्ने | संख्या | २०० | ४०० | ५०० | ७०० | १००० | नगरपालिका प्रगति प्रतिवेदन | |
| **प्रतिफलहरु** | | | | | | | | |
| १. धार्मिक पर्यटन संचालन भएका स्थानहरु | संख्या | ४ | ७ | १० | १० | १० | नगरपालिकाका बार्षिक प्रतिवेदन<br><br>नगरपालिकाका प्रगती प्रतिवेदन | पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्र आकर्षित भएको हुने<br><br>संघ प्रदेश अन्तर पालिका बीच सहकार्य र समन्वय भएको हुने । |
| २. प्राकृतिक तथा ऐतिकासिक पर्यटन संचालन भएका स्थानहरु | संख्या | ३ | ५ | ५ | ६ | ६ | | |
| ३. आवश्यक सुविधा युक्ता पर्यटन स्थलहरु | संख्या | २ | ५ | ५ | ५ | ५ | | |
| ४. होमस्टे संचालन भएका पर्यटकीय क्षेत्र नजिकका गाउँहरु | संख्या | ० | ० | ० | ५ | ५ | | |
| ५. कृषि पर्यटन संचालन स्थान | संख्या | ० | ० | ० | १ | २ | | |
| ६. व्यवस्थित बनभोज स्थलहरु | संख्या | ३ | ५ | ५ | ६ | ६ | | |
| ७. तालिम प्राप्त पर्यटन गाईडहरु | संख्या | ० | ० | ० | १०० | २०० | | |
| ८. तालिम प्राप्त कुक तथा वेटरहरु | संख्या | ० | ० | ० | ० | १० | | |
| ९. वार्षिक रुपमा भ्रमण गर्ने आन्तरिक पर्यटक | संख्या | १००००० | १५०००० | २००००० | ३००००० | ४००००० | | |
| १०. वार्षिक रुपमा भ्रमण गर्ने वाह्य पर्यटक | संख्या | १०००० | १५००० | २०००० | २५००० | ३०००० | | |
| ११. भ्रमण गर्ने पर्यटकको औषत वसाई | दिन | २ | २ | २ | ३ | ३ | | |
| १२. पर्यटन व्यवसायवाट वार्षिक आम्दानी | रु लाख | १०० | २०० | ३०० | ५०० | ८०० | | |

### ४.५.३.६.पर्यटन विकास सम्वन्धि कार्यक्रमहरु

तालिका ४६ पर्यटन विकास सम्वन्धि कार्यक्रमहरु

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | धार्मिक,ऐतिहासिक तथा प्राकृतिक तथा साँस्कृतिक पर्यटकीय क्षेत्रहरुको दीर्घकालीन गुरुयोजना तयार गर्ने | ३५ |
| २ | सहकाले झरना जाने पदमार्ग निर्माण गर्ने | १७५ |
| ३ | रुट मिलाएर निश्चित दिनको प्याकेज हुने गरी पर्यटकीय क्षेत्रको एकीकृत विकास गर्ने । | २६३ |
| ४ | पर्यटकीय क्षेत्र तथा पदमार्ग क्षेत्रमा संचालन गरिने होमस्टे तथा खाना खाजा को व्यवस्थापनका लागि मापदण्ड सहित सीप विकास गर्ने | ८८ |
| ५ | अर्जुनधारा जलेश्वर धाम र पाण्डवपुरलाई जोडेर महाभारतकालीन ऐतिहासिक क्षेत्र को प्रचार प्रसार गर्ने | ८८ |
| ६ | सुखानी सहिद स्मृति पार्क लाई थप प्रवर्द्धन गर्ने | ३५ |
| ७ | साठीमुरे बौद्ध गुम्वा प्रवर्द्धन गर्ने | ३५० |
| ८ | पर्यटकलाई उपहारका लागि हस्तकालाका सामाग्रीहरु प्रवर्द्धन गर्ने | १३१ |
| ९ | वन्यजन्तु संरक्षण तथा विकास कार्यक्रम संचालन गर्ने । | ७० |
| १० | पर्यटकीय क्षेत्रहरुको नियमित प्रचार प्रसार गर्ने । | ८८ |
| ११ | ऐतिहासिक तथा पुरातात्विक महत्वका वस्तु तथा स्थानको संरक्षण | १७५ |
| १२ | धार्मिक महोत्सव तथा मेला प्रदर्शनी कार्यक्रमहरु नियमित रुपमा गर्ने | ८८ |
| १३ | पर्यटकीय स्थल घुमाउनका लागि पर्यटन गाइड विकास गर्ने | ८८ |
| १४ | हचुमासा जुकेखाडी नमूना सामुदायिक वनमा बनभोज स्थल निर्माण गर्ने | १७५ |
| | जम्मा | १८४९ |

### ४.५.४. उद्योग व्यापार र व्यवसाय र आपुर्ती

### ४.५.४.१. संभावना तथा अवसरहरु र समस्या चुनौती

नगरपालिकाको वस्तुस्थिति विश्लेषण,विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम नगरपालिकाको भावी मार्गचित्र बारे सहाभागीतात्मक छलफलवाट पहिचान भएका संभावना अवसर समस्या तथा चुनौतीहरु देहायअनुसार रहेकाछन

| तालिका ४७ उद्योग व्यापार तथा व्यवसायः संभावना अवसर तथा समस्या र चुनौती | |
|---|---|
| संभावना तथा अवसरहरु | चुनौतीहरु |
| ▪ सुपारी संग सम्वन्धित उद्यम संचालन गर्न सकिन<br>▪ चिया उद्योग स्थापना गरी अर्जनुधारा भित्रै प्रशोधन गर्न सकिने ।<br>▪ हस्तकला संग सम्वन्धित उद्योग स्थापन गरी संचालन गर्न सकिने<br>▪ लघु तथा घरेलु उद्योगहरु स्थापना गर्न सकिने<br>▪ दुध जन्य र मासुजन्य उद्यम व्यवसाय व्यापक रुपमा संचालन गर्न सकिने<br>▪ व्यापार व्यवसायको वजार प्रवर्द्धनका लागि विर्तामोड तथा भारतीय बजार समेत नजिक रहेको | ▪ परनिर्भरता घटाउदै स्व उत्पादन वढाउनु<br>▪ वैदेशिक रोजगारीवाट फर्किएकालाई व्यवासायमा संलग्न गराउन<br>▪ लघु घरेलु तथा साना उद्योगहरुको बजार विकास तथा प्रवर्द्धन गर्न<br>▪ स्थानीय कच्चा पदार्थ र साधन श्रोतमा आधारित उद्योगहरु प्रवर्द्धन गर्नु<br>▪ बजारमा सीपयुक्त जनशक्तिको विकास गर्नु<br>▪ हस्तकलामा आधारित उद्योग व्यवसायहरु को वजारमा पहुँच स्थापित गर्न |
| सवल पक्ष | कमजोर पक्ष |
| ▪ १६७ प्रकारका ३००० भन्दा वढी व्यवसायहरु नगरपालिकामा दर्ता भएको ।<br>▪ उद्यमशिलता एवम व्यवसायिक सीप विकास तालिम कार्यक्रमहरु संचालनमा रहेको<br>▪ दुध तथा मासुजन्य व्यवसायहरु प्रसस्त रहेका<br>▪ ताजा तरकारी तथा खुल्ला व्यापारका लागि हाट वजार उपलव्ध रहेको ।<br>▪ तिव्र गतीमा वजार विस्तार हुदै गएको हुनाले व्यापार व्यवसाय पनि विस्तार हुदै गएको | ▪ निजी क्षेत्र संग सहकार्य हुन नसक्नु<br>▪ स्थानीय हाटवजार र वाह्य बजार संग सम्वन्ध स्थापित हुन नसकेको र बजार प्रवर्धन हुन नसकेको<br>▪ उद्योग व्यवसायमा प्रतिस्पर्धात्मक क्षमता विकासमा कमी भएको ।<br>▪ स्थानीय लघु घरेलु तथा साना उद्योगहरुको विकास विस्तार तथा प्रवर्द्धनका लागि प्याकेज कार्यक्रम नहुनु । |

**४.५.४.२.उदेश्य**

स्थानीय साधन श्रोत एवम श्रम सीपमा आधारित लघु घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धनबाट रोजगारी सृजना गर्नु

**४.५.४.३.रणनीतिहरु**

१. स्थानीय कच्चा पदार्थ साधन श्रोत र सीपको सदुपयोगमा बृद्धि गर्ने

२. स्थानीय उत्पादनहरुको बजार प्रवर्द्धन गर्ने

३. उद्योग व्यवसायमा महिला दलित तथा अतिविपन्न वर्गको आवद्धता बढाउने

४. उद्योग व्यवसाय तथा सेवा सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

### ४.५.४.४.कार्यनीतिहरु

**रणनीति**

स्थानीय कच्चा पदार्थ साधन श्रोत र सीपको सदुपयोगमा बृद्धि गर्ने

**कार्यनीति**

- नगरपालिका भित्र खेर गइरहेको श्रोत साधन सीप र समयको प्रयोग हुने गरी लघु घरेलु तथा साना उद्योग व्यवसाय संचालनका लागि निजी क्षेत्र तथा सहकारी संग समन्वय गरी रोजगारीका अवसरहरु सृजना गरिनेछ ।
- सहकारी संस्थामा आवद्ध नगरपालिका वासीलाई रैथाने वाली हस्तकलाका सामानहरु जस्ता निर्यातजन्य उत्पादनका लागि सीप एवम उद्यमशीलता विकास तालिम प्रदान गरी क्षमतामा आधारित एकल तथा सामुहिक रुपमा उद्योग संचालनका लागि प्रोत्साहित गर्दै स्वरोजगारीमा जोड दिइनेछ
- बैदेशिक रोजगारीवाट फर्केका युवाहरुलाई कृषि पशुपालन तरकारी फलफूल तथा पर्यटन क्षेत्रमा व्यवसायिक विकास तथा उद्यमशिताल विकास गरी आर्थिक कारोवारमा गतिशिलता ल्याइनेछ ।
- परम्परागत मौलिक एवम् कला संस्कृति संग सम्वन्धित उद्योग व्यवसायहरुको संरक्षण संम्वर्द्धन तथा प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गर्दै युवाहरुमा सीप हस्तान्तरण गरी उद्यम विकासलाई प्रवर्द्धन गरिनेछ ।
- व्यपारिक केन्द्रहरु विकास गरिनेछ
- मागमा आधारित उद्यम व्यवसायहरु संचालन गरिनेछ

**रणनीति**

स्थानीय कच्चा पदार्थ साधन श्रोत र सीपको सदुपयोगमा बृद्धि गर्ने

**कार्यनीति**

- नगरपालिकामा एक प्रमुख बजार क्षेत्रमा विक्रि कक्ष प्रदर्शनी कक्ष कोशेलीघर स्थापना गर्दै स्थानीय उत्पादनहरुको बजार प्रवर्द्धन गरिनेछ
- Dry Meat तथा Dry Veg उद्योगहरु (राँगा तथा माछाको सुकुटी, मुलाको सिन्की तथा रायो मुलाको सागको गुन्द्रुक ) गहु जौ भट्टमास आदिको उत्पादन गरी बजार व्यवस्थाकोलागि संघ संस्था संग साझेदारी गरिनेछ

- उन्नतजातका गाइभैसी पालन दुग्ध संकलन चिस्यान केन्द्र स्थापना र संचालन गरिनेछ
- लिचि आँप लगायतको जुस उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ
- सुपारीमा आधारित घरेलु उद्योग व्यवसायहरु संचालनका लागि प्रोत्साहित गरिनेछ
- स्थानीय बजारमा तथा प्रदेश स्तरीय व्यापार मेला प्रदर्शनी आयोजनाका लागि सहकारी एवम निजीक्षेत्र संग सहकार्य गरिनेछ
- बजार क्षेत्र विकासका लागि हाल विद्यमान हाटवजारहरुमा आवश्यक भौतिक पूर्वाधारहरु उपलव्ध गराउदै व्यापारिक केन्द्रहरुमा विकास गर्दै लगिनेछ

**रणनीति**

उद्योग व्यवसायमा महिला दलित तथा अतिविपन्न वर्गको आवद्धता बढाउने

**कार्यनीति**

- महिला दलित तथा अति विपन्न वर्गको रोजगारीकोलागि एकल सामुहिक साझेदारीमा उद्योग व्यवसाय स्थापनामा सहजीकरण र संचालनका लागि प्रोत्साहन गरिनेछ
- परम्परागत सीप विकासलाई आधुनिकीकरण गरी त्यसलाई व्यवसायीक गर्न प्रोत्साहन गरिनेछ
- पुँजी अभावमा संचालन हुन नसकेका उद्यम व्यवसायलाई सहकारी तथा वित्तीय संघ संस्था संग समन्वय गरी संचालनको वातावरण सृजना गरिनेछ ।
- बैदेशिक रोजगारीवाट फर्केका युवाहरुको ज्ञान सीप र पुँजी परिचालन गरी युवाहरुलाई उद्योग स्थापना र संचालनमा प्रोत्साहित गर्ने व्यवस्था मिलाइनेछ।
- लघु तथा घरेलु उद्योग धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्थाका लागि वित्तीय क्षेत्र संग सहकार्य गरिनेछ

**रणनीति**

उद्योग व्यवसाय तथा सेवा सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**कार्यनीति**

- लघु घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि नीति दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ
- उद्योग व्यवसाय विकास सम्वन्धी कानून मापदण्ड बनाइ अनुगमन तथा नियमन गरिनेछ
- स्थानीय व्यापार वस्तुको माग आपुर्ती तथा अनुगमन उपभोक्ता अधिकार र हित सम्वन्धी नीति कानून मार्फत कार्यान्वयन र नियमन गरिनेछ ।

### ४.५.४.५. उद्योग व्यापार व्यवासय विकास सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

**तालिका ४८ उद्योग व्यापार व्यवासय विकास सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान**

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| रोजगारीमा कृषि तथा गैह्र कृषि जन्य उद्यम व्यवसायको योगदान | प्रतिशत | २१ | २५ | ३० | ३५ | ४० | प्रगती प्रतिवेदन | |
| **प्रतिफलहरु** | | | | | | | | |
| १. औपचारिक/ अनौपचारिक क्षेत्रका चालु लघु उद्यम तथा व्यवसायहरु | संख्या | २९२ | ५०० | ७०० | ८५० | १००० | घरेलु उद्योग कार्यालयको अभिलेख<br><br>नगरपालिकाको वार्षिक प्रगती प्रतिवेदन | लगानी मैत्री वातावरण सृजना भएको हुने<br><br>सहाकारी निजी क्षेत्र संग सहकार्य भएको हुने । |
| २. औपचारिक/ अनौपचारिक क्षेत्रका चालु घरेलु उद्यम तथा व्यवसायहरु | संख्या | १७८ | २०० | २२० | २५० | ३०० | | |
| ३. सुचारु व्यवसायहरु (होटल पसल लागायत | संख्या | ३०६८ | ४००० | ४५०० | ५००० | ५५०० | | |
| ४. स्थानीय सीप शैली र प्रविधिमा आधारित उद्यम व्यवासयहरु | संख्या | २ | ५ | १० | १२ | १२ | | |
| ५. स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसायहरु | संख्या | २ | ५ | १० | १२ | १२ | | |
| ६. संचालित उद्योग व्यापार व्यवसायवाट भएको वार्षिक आर्थिक कारोवार | रु लाख | २०००० | २२००० | २५००० | ३०००० | ३५००० | | |
| ७. उद्यम सृजना व्यवसायिक विकास सम्वन्धी तालिम प्राप्त उद्यमीहरु | संख्या | ५०० | ६०० | ७०० | ८०० | ९०० | | |
| ८. सुचारु औद्योगिक ग्राम | संख्या | ० | ० | ० | १ | १ | | |

#### ४.५.४.६.उद्योग व्यापार व्यवसाय सम्वन्धि कार्यक्रमहरु

तालिका ४९ उद्योग व्यापार व्यवसाय सम्वन्धि कार्यक्रमहरु

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | सीप विकास तथा उद्यमशीलता विकास तालिम | १४० |
| २ | साना घरेलु उद्योग (अगरवत्ती, हरपिक, ममवत्ती ) प्रवर्द्धन कार्यक्रम | ७५ |
| ३ | माटाका भाँडा वनाउने व्यवसाय प्रवर्द्धन कार्यक्रम | ७५ |
| ४ | सिलाइकटाई तथा वुनाइका तालीम तथा उद्यम संचालन | ४५ |
| ५ | कृषि औजार वनाउने आरन लगायका उद्यम हरु प्रवर्धन गर्ने | ७५ |
| ६ | फर्निचर उद्यमहरु प्रवर्द्धन कार्यक्रम | १०० |
| ७ | सावुन, चाउचाउ तथा विस्कुट उद्योग स्थापना र संचालन | १५० |
| ८ | औधोगिक ग्राम स्थापना र संचालन | १५० |
| ९ | वजार प्रवर्द्धन तथा व्यापार मेला संचालन | ५० |
| १० | महिला दलित तथा अतिविपन्न वर्गका लागि व्यवसायिक औजार वितरण | १६५ |
| ११ | परम्परागत मौलिक एवम कला संस्कृतिमा आधारित उद्योग व्यवसायहरुको संरक्षण संवर्द्धन र प्रवर्द्धन । | १५० |
| १२ | पुरानो शनिस्चरे बजारमा परम्परागत सीपमा आधारित (वाँसका ढाकी, माटाका भाँडा, प्लास्टिक का सामाग्री )घरेलु उद्योगको विकास गर्ने | १०० |
| १३ | सुपारी, चिया तथा रबर प्रशोधन गर्ने उद्योग स्थापना र संचालन | २०० |
| १४ | सार्वजानिक नीजी तथा उत्पादक को साझेदारी (Public Private producer partnership ) मा उद्यम व्यवसाय मार्फत कम्तीमा १००० युवालाई स्वरोजगार वनाउने | ३०० |
| १५ | E-commerce अन्तरगत उद्योगी व्यवसायीहरुलाई Online Marketing का लगि आवश्यक software निर्माण गरि सर्वसुलभ विज्ञापन तथा प्रवर्द्धन र विक्रि वितरणको व्यवस्था | १०० |
| | जम्मा | १८७५ |

### ४.५.५. बैक वित्तीय संस्था तथा सहकारी विकास

#### ४.५.५.१.संभावना तथा अवसरहरु र समस्या चुनौती

नगरपालिकाको वस्तुस्थिति विश्लेषण,विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम नगरपालिकाको भावी मार्गचित्र बारे सहाभागितात्मक छलफलवाट पहिचान भएका संभावना अवसर समस्या तथा चुनौतीहरु देहायअनुसार रहेकाछन

| तालिका ५० बैक वित्तीय संस्था तथा सहकारी विकासः संभावना अवसर तथा समस्या र चुनौती | |
|---|---|
| संभावना तथा अवसरहरु | चुनौतीहरु |
| ▪ आवश्यक कर्जा तथा ऋण सेवा उपलव्ध<br>▪ वैकहरुविच प्रतिस्पर्धा गर्न सकिने<br>▪ बचत लगानी रेमिट सेवा सुविधाहरु उपलव्ध<br>▪ नेपालकै उत्कृष्ट सहकारी मार्फत बचत संकलन र परिचालन | ▪ विपन्नहरुलाई बैकिङ सेवा पहुँच वृद्धि गर्न<br>▪ कृषि पर्यटन तथा लघु घरेलु तथा साना उद्योगहरुमा कर्जा प्रवाह गर्नु<br>▪ परियोजना तथा सामुहिक जमानीमा ऋण सुविधा उपलव्ध गर्नु<br>▪ व्याजदर नियन्त्रण गर्न<br>▪ धितो मुल्याङ्कन तथा ग्रामिण धितोको जटिलता हटाउनु । |
| सवल पक्ष | कमजोर पक्ष |
| ▪ चारवटा बैक यो अर्जुनधारा नगरपालिका भित्र कृयाशील रहेको ।<br>▪ आम नागरिकहरुको वचत संकलन कर्जा प्रवाह एवम रेमिट सेवाहरु संचालनमा रहेको<br>▪ सामाजिक सुरक्षा भत्ता बैक मार्फत भुक्तानी भएको ।<br>▪ अधिकांश अर्जुनधारा वासीको बैक खाता संचालन हुनु | ▪ वित्तीय नीति नियम तथा मापदण्डहरु निर्माण तथा कार्यान्वयन नहुनु<br>▪ महिला सहकारी संस्थाहरुको विस्तार गर्न नसक्नु<br>▪ सहकारी सदस्यहरुमा व्यवसायिकता विकास गर्न नसक्नु<br>▪ सामुहिक जमानीमा ऋण सुविधा उपलव्ध नहुनु<br>▪ |

**४.५.५.२.उदेश्य**

अर्जुनधारा नगरपालिकामा छरिएर रहेको रकमलाई सहकारीको माध्यमवाट एकीकृत गरी आर्थिक समृद्धिका लागि स्थानीय साधन श्रोत र सीप तथा रोजगारीको सदुपयोग विकास एवम प्रवर्द्धनमा सहयोग पुग्ने क्षेत्रहरुमा वित्तीय श्रोतहरु परिचालन गर्नु ।

**४.५.५.३.रणनीतिहरु**

१. सहकारीता विकास गर्ने

२. संकलित पुँजीलाई छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्ने

३. रेमिटेन्स (विप्रेषण) लाई उद्यम र व्यवसायमा परिचालन गर्ने

४. बैक वित्तीय संस्था तथा सहकारी विकास सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

### ४.५.५.४.कार्यनीतिहरु

**रणनीति**

सहकारीता विकास गर्ने

**कार्यनीतिहरु**

- छरिएका पुजीलाई एकीकृत गरी उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने गरी सहकारी स्थापना गर्न प्रोत्साहन गरिनेछ
- सहकारी संस्थामा सवै  अर्जुनधारा नगरपालिका वासी लाई आवद्ध गराउन विशेष कार्यक्रम संचालन गरिनेछ
- सहकारीको पुँजीलाई उद्योग व्यवसायमा परिचालन गरी आवश्यक रोजगारी सृजना गरिनेछ
- कृषक समूह उद्यमी समूह महिला समूहलाई उद्यमशीलता विकास सम्वन्धी तालिम प्रदान गरी उद्यम स्थापना मा आवश्यक सहयोग गरिनेछ
- सहकारी वाट सरल व्याजदरमा कर्जा प्रवाहका लागि सहजीकरण गरिनेछ
- सहकारीको माद्यमवाट कृषि, पशुपंक्षीजन्य, वन पैदावार, पर्यटन क्षेत्रमा स्थानीय उपजको विविधीकरण प्रशोधन बजार प्रवर्द्धन मेला महोत्सव बजारीकरणमा अभिवृद्धि गरिनेछ ।

**रणनीति**

संकलित पुँजीलाई छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्ने

**कार्यनीतिहरु**

- नगदेवाली फलफूल तरकारी लगायत छिटो नगद तथा पुँजी निर्माण हुने क्षेत्रहरुमा लगानी परिचालन गर्न वित्तीय क्षेत्रलाई प्रोत्साहित गर्दै स्थानीय स्तरमा रोजगारी तथा आयआर्जनका अवसरहरु सृजना गरिनेछ ।
- महिला दलित तथा अतिविपन्न वर्गको आर्थिक उत्थानमा सहयोग पुर्याउन व्यवसायको प्रकृति र आवश्यकताका आधारमा सहुलियतपूर्ण कर्जा वा अनुदान व्यवस्था गरिनेछ ।
- स्थानीय साधन श्रोत सीप र रोजगार प्रवर्द्धन हुने क्षेत्र एवम महिला समूहद्वारा संचालित उद्योग व्यवसायहरुमा लगानी गर्न नीतिगत व्यवस्था सामुहिक जमानीमा कर्जा व्यवस्था कर्जा लिने प्रक्रियालाई सहज र ऋण सुविधामा पहुँच वृद्धि गरिनेछ
- विषयक्षेत्रगत रुपमा र वर्गीय हिंसावाट तोकिएको प्राथमिकता प्राप्त क्षेत्रहरुमा सहुलियतपूर्ण ऋण कार्यक्रम संचालन  गर्ने वित्तीय संस्थाहरुसंग सहकार्य गरिनेछ

- वित्तीय संस्थाहरुको सहकार्यमा बैकिङ ऋणलाई सहज सुलभ र धितो मुल्याङकन एवम व्याजदरलाई व्यावहारिक वनाइनेछ ।
- कृषि तथा पशु बीमा कार्यक्रम संचालन गर्न अभिप्रेरिता गरिनेछ ।

**रणनीति**

संकलित पुँजीलाई छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्ने

**कार्यनीतिहरु**

- नगदेवाली फलफूल तरकारी लगायत छिटो नगद तथा पुँजी निर्माण हुने क्षेत्रहरुमा लगानी परिचालन गर्न वित्तीय क्षेत्रलाई प्रोत्साहित गर्दै स्थानीय स्तरमा रोजगारी तथा आयआर्जनका अवसरहरु सृजना गरिनेछ ।
- महिला दलित तथा अतिविपन्न वर्गको आर्थिक उत्थानमा सहयोग पुर्याउन व्यवसायको प्रकृति र आवश्यकताका आधारमा सहुलियतपूर्ण कर्जा वा अनुदान व्यवस्था गरिनेछ ।
- स्थानीय साधन श्रोत सीप र रोजगार प्रवर्द्धन हुने क्षेत्र एवम महिला समूहद्वारा संचालित उद्योग व्यवसायहरुमा लगानी गर्न नीतिगत व्यवस्था सामुहिक जमानीमा कर्जा व्यवस्था कर्जा लिने प्रक्रियालाई सहज र ऋण सुविधामा पहुँच वृद्धि गरिनेछ
- विषयक्षेत्रगत रुपमा र वर्गीय हिंसावाट तोकिएको प्राथमिकता प्राप्त क्षेत्रहरुमा सहुलियतपूर्ण ऋण कार्यक्रम संचालन  गर्ने वित्तीय संस्थाहरुसंग सहकार्य गरिनेछ
- वित्तीय संस्थाहरुको सहकार्यमा बैकिङ ऋणलाई सहज सुलभ र धितो मुल्याङकन एवम व्याजदरलाई व्यावहारिक वनाइनेछ ।
- कृषि तथा पशु बीमा कार्यक्रम संचालन गर्न अभिप्रेरिता गरिनेछ ।

**रणनीति**

रेमिटेन्स (विप्रेषण) लाई उद्यम र व्यवसायमा परिचालन गर्ने

**कार्यनीतिहरु**

- बैदेशिक रोजगारमा गएका युवाहरुले पठाएको रेमिट्यान्सलाई आयमूलक क्षेत्रमा लगानी गर्न सम्वन्धित परिवारहरुमा वित्तीय साक्षरता सीप विकास उद्यमशिलता विकास तालिम कार्यक्रम संचालन गरी क्षमता अभिवृद्धि गरिनेछ
- रेमिट्यान्स (विप्रेषण) लाई नगदेवाली छिटो नगद तथा पुँजी निर्माण हुने क्षेत्रमा लगानी गर्ने नीतिगत व्यवस्था गरिनेछ

- बैदेशिक रोजगारीमा गएका युवाहरुका परिवारलाई केन्द्रित गरी संभावनका आधारमा सीप विकास तालिम प्रदान गरिनेछ ।

**रणनीति**

बैक वित्तीय संस्था तथा सहकारी विकास सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**कार्यनीतिहरु**

- वित्तीय सहकारी एवम विप्रेषण लगानी सम्वन्धी नीति कानुन मापदण्ड वनाई अनुगमन र नियमन गरिनेछ ।

#### ४.५.५.५. बैक वित्तीय संस्था र सहकारी सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

**तालिका ५१ बैक वित्तीय संस्था र सहकारी सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान**

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| बैक तथा वित्तीय संस्थाहरुबाट व्यवसायिक विकासका लागि नगरपालिकामा प्रवाह भएको कुल कर्जा | रु करोड | १०० | १२० | १४० | १६० | २०० | प्रगति प्रतिवेदन | |
| **प्रतिफलहरु** | | | | | | | | |
| १. संचालनमा रहेका वैक | संख्या | ४ | ४ | ४ | ४ | ४ | वैक तथा वित्तीय संस्थाका प्रतिवेदन<br><br>नगरपालिकाको सामाजिक सुरक्षा भत्ता सम्वन्धी प्रतिवेदन | वैक वित्तीय संस्था तथा सुरक्षित आप्रवासन सम्वन्धी संस्था संग सहकार्य भएको हुनेछ स्थानीय उद्योग वाणिज्य संघ संग सहकार्य भएको हुनेछ । |
| २. बैक तथा वित्तीय संस्थाहरुवाट संकलित निक्षेतपको कर्जा प्रवाह | प्रतिशत | १०० | १२० | १४० | १६० | २०० | | |
| ३. वित्तीय संस्थाहरुको उद्योग व्यापार व्यवसायमा कर्जा प्रवाह | करोड | १०० | १२० | १४० | १६० | २०० | | |
| ४. आर्थिक रुपमा सक्रिय जनसंख्याको बैक खाता | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | | |
| ५. बचत तथा ऋण समेतको कुल सहकारी संस्था | संख्या | | | | | | | |
| ६. महिलाद्वार संचालित सहकारी | संख्या | ३ | ३ | ३ | ३ | ३ | | |
| ७. कृषि क्षेत्रका कुल सहकारी | संख्या | | | | | | | |
| ८. ......................... | संख्या | | | | | | | |
| ९. ............................. | | | | | | | | |

### ४.५.५.६.बैक वित्तीय संस्था तथा सहकारी विकास सम्वन्धि कार्यक्रमहरु

तालिका ५२ बैक वित्तीय संस्था तथा सहकारी विकास सम्वन्धी कार्यक्रमहरु

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | सहकारी सचेतना सवलीकरण तथा व्यवस्थापन तालिम | १०० |
| २ | सीप विकास तथा उद्यमशिलता विकास कार्यक्रम | १०० |
| ३ | सहकारी संस्थासंगको समन्वयमा बजार प्रवर्द्धन कार्यक्रम | १०० |
| ४ | सहकारी तथा वित्तीय संस्थाहरुको क्षमता विकास कार्यक्रम | १०० |
| ५ | अनुदान व्यवस्था | १०० |
| | जम्मा | ५०० |

### ४.५.६.श्रम रोजगारी तथा सामाजिक सुरक्षा

### ४.५.६.१. संभावना तथा अवसरहरु र समस्या चुनौती

नगरपालिकाको वस्तुस्थिति विश्लेषण,विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम नगरपालिकाको भावी मार्गचित्र बारे सहाभागितात्मक छलफलवाट पहिचान भएका संभावना अवसर समस्या तथा चुनौतीहरु देहायअनुसार रहेकाछन

| तालिका ५३ सुरक्षित आप्रवासन तथा बैदेशिक रोजगारः संभावना अवसर तथा समस्या र चुनौती | |
|---|---|
| संभावना तथा अवसरहरु | चुनौतीहरु |
| ▪ जनसंख्यामा यूवाको वाहुल्यता<br>▪ बैदेशिक रोजगारीमा वढ्दो आकर्षण<br>▪ रेमिट्यान्स मार्फत ठुलो रकम भित्रिएको<br>▪ बैदेशिक रोजगारबाट फर्केका अधिकांश युवाहरु सीपयुक्त भएको । | ▪ सुरक्षित बैदेशिक रोजगारी पहिचान गर्न<br>▪ बैदेशिक रोजगारी सम्वन्धी कानुनी सहायता उपलव्ध गराउन<br>▪ रेमिट्यान्सलाई आयमूलक क्षेत्रमा परिचालन गर्न |
| सवल पक्ष | कमजोर पक्ष |
| ▪ बैदेशिक रोजगारी सम्वन्धी अभिमुखीकरण कार्यक्रम संचालन<br>▪ बैदेशिक रोजगारीमा आवद्ध घरधुरीको आर्थिक सामाजिक अवस्थामा सुधार | ▪ वित्तीय साक्षरता कार्यक्रम संचालन नहुनु<br>▪ बैदेशिक रोजगारी वाट फर्केका युवाहरु कृषि प्रति आकर्षित नहुनु<br>▪ वैदेशिक रोजगारीमा युवाहरु आकर्षित भएका कारण गाउँ क्षेत्र युवा विहिन हुदै जानु । |

**४.५.६.२.उदेश्य**

बैदेशिक रोजगारमा गएका कामदारहरु तथा नेपाल स्थित उनका परिवारको वैदेशिक रोजगारवाट आर्थिक लाभ बृद्धि हुनुका साथै बैदेशिक रोजगारमा गएका कारण उत्पन्न नकारात्मक प्रभावहरु न्यूनिकरण गर्ने

**४.५.६.३.रणनीतिहरु**

१. सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने
२. गन्तव्य स्थानवारे अभिमुखीकरण गर्ने
३. न्यायमा सहज पहुँच वृद्धि गर्ने
४. रेमिट्यान्सलाई सुरक्षित क्षेत्रमा लगानी गर्ने

**४.५.६.४.कार्यनीतिहरु**

**रणनीति**

सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने

**कार्यनीति**

- बैदेशिक रोजगारीमा जान चाहाने यूवाहरुलाई अन्तराष्ट्रिय स्तरमा मान्यता प्राप्त संस्थाहरुवाट होटल व्यवस्थापन लगायतका मुख्य मुख्य विषयहरुमा आधारभूत सीप प्रदान गरी बैदेशिक रोजगारीलाई सुरक्षित र सहज वनाउन सहयोग गरिनेछ।
- बैदेशिक रोजगारी वाट प्राप्त रेमिट्यान्सलाई व्यवसायिक परिचालनको लागि घरपरिवारलाई समेत आवश्यक सीप विकास तालिम प्रदान गरिनेछ ।

**रणनीति**

गन्तव्य स्थानवारे अभिमुखीकरण गर्ने

**कार्यनीति**

- बैदेशिक रोजगारीमा जानकालागि गन्तव्य स्थानका वारेमा भाषा संस्कृति रहन सहन जस्ता सामाजिक पक्ष सुरक्षा व्यवस्था नीति नियम तथा दण्ड सजाय, सहायता केन्द्र जस्ता विषयहरुमा अभिमुखीकरण गर्दै आपतकालीन अवस्थामा समेत सुरक्षित रहन सक्ने सूचनाहरु प्रदान गरिनेछ

**रणनीति**

गन्तव्य स्थानवारे अभिमुखीकरण गर्ने

**कार्यनीति**

- गन्तव्य क्षेत्रमा हुनसक्ने चोरी ठगी नोक्सानी संझौता उलंघन जालसाजी जस्ता विषयहरुमा पिडित पक्षलाई कानुनी सहायता सेवा उपलव्ध गराई आवश्यक तनाववाट मुक्त गराइनेछ

**रणनीति**

गन्तव्य स्थानवारे अभिमुखीकरण गर्ने

**कार्यनीति**

- रोजगारीमा गएका युवाको परिवारलाई वित्तीय साक्षरता कार्यक्रम संचालन गरी विप्रेषणलाई सुरक्षित लगानी गर्न प्रोत्साहन गरिनेछ ।
- सम्वन्धित परिवारमा छिटो प्रतिफल प्राप्त हुने क्षेत्र तथा नगदेवालीहरुमा व्यवसायिकता विकासका लागि सीप एवम उद्यमशीलता तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- बैदेशिक रोजगारीवाट फर्किएका युवाको सीप विकास गरी स्वरोजगारका अवसरहरु सृजना गरिनेछ।

### ४.५.६.५. श्रम रोजगारी र सामाजिक सूरक्षा सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

तालिका ५४ श्रम रोजगारी र सामाजिक सूरक्षा सम्बन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

| नतिजा सूचक | इकाई | आधार वर्ष | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | ०७९/८० | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| असर | | | | | | | | |
| बैदेशिक रोजगारी वाट प्राप्त रेमिट्यान्स उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने | रु करोड | २४ | ३५ | ४७ | ५८ | ६० | | |
| प्रतिफलहरु | | | | | | | | |
| १. बैदेशिक रोजगारीमा जानेको संख्या (भारत वाहेक) | जना | | | | | | आप्रवासन सुचना केन्द्र<br><br>नगरपालिकाको वार्षिक प्रगती प्रतिवेदन<br><br>नगरपालिका वस्तुगत विवरण | वैक वित्तीय संस्था तथा सुरक्षित आप्रवासन सम्वन्धी संस्था संग सहकार्य भएको हुनेछ स्थानीय उद्योग वाणिज्य संघ संग सहकार्य भएको हुनेछ । |
| २. सीपमूलक तालिम सहित बैदेशिक रोजगारीमा गएको संख्या | जना | ० | १०० | २०० | ३०० | ५०० | | |
| ३. बैदेशिक रोजगारीमा जानको लागि तालिम प्रदान गर्ने संस्थाहरु | संख्या | २ | ३ | ३ | ३ | ३ | | |
| ४. बैदेशिक रोजगारी वाट फर्केर गाउँमा नै व्यवसाय गर्नेको संख्या | संख्या | ० | ० | ५०० | १००० | १५०० | | |
| ५. वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसंख्या (बैदेशिक रोगजगारीमा जाने कुल संख्याको ) | प्रतिशत | ३ | ५ | ७ | १० | १२ | | |
| ६. रेमिट्यान्स प्राप्त गर्ने घरधुरी | संख्या | ११५ | ३०० | ४०० | ५०० | ६०० | | |
| ७. रेमिट्यानस वाट प्राप्त हुने वार्षक रकम | रु करोड | २६ | ४० | ५२ | ६१ | ६५ | | |
| ८. | | | | | | | | |

**४.५.६.६.श्रम रोजगारी र सामाजिक सुरक्षा सम्वन्धि कार्यक्रमहरु**

**तालिका ५५ श्रम रोजगारी र सामाजिक सुरक्षा सम्वन्धी कार्यक्रमहरु**

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | रोजगार सूचना केन्द्र स्थापना र संचालन | ७० |
| २ | गन्तव्य राष्ट्रहरु बारे अभिमुखीकरण तथा क्षमता अभिवृद्धि | ७५ |
| ३ | स्वरोजगार वन्ने हरुका लागि सीप विकास तथा उद्यमशीलता कार्यक्रम संचालन | ८५ |
| ४ | कानूनी सहायता | ६५ |
| | जम्मा | २९५ |

## परिच्छेद ५
## सामाजिक विकास

### ५.१. पृष्ठभूमि

नेपालको संविधान २०७२ ले शिक्षा स्वास्थ्य भाषा संस्कृति, महिला, बालवालिका, दलित, जेष्ठ नगारिक, छुवाछुत तथा भेदभाव, सामाजिक न्यार र सामाजिक सुरक्षा जस्ता पक्षलाई मौलिक हकमा समावेश गरेको छ । यिनीहरुको कार्यान्वयनका लागि संघ प्रदेश एवम स्थानीय तहमा ऐन नियम तथा कानुनहरु तर्जुमा भएको छ । यसै क्रममा स्थानीय तह संचालन ऐन २०७४ कार्यान्वयनमा छ । यस अनुसार आधारभूत तथा माद्यमिक शिक्षा आधारभूत स्वास्थ्य तथा सरसफाई, जेष्ठ नगारिक, अपाङ्ता भएका व्यक्ति तथा अशक्तहरुको व्यवस्थापन भाषा संस्कृति, कलाको संरक्षण सम्वन्धी नीति, नियम, कानून,मापदण्ड वनाउने, योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन तथा मुल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । नेपालको संविधान अनुसार उपरोक्त पक्षहरुलाई संविधानको अनुसूची ८ मा राखिएकोछ ।

शिक्षा क्षेत्रलाइ बैज्ञानिक प्राविधिक तथा व्यवसायिक वनाउने, सीपमूलक,रोजगारमूलक र जनमुखी वनाउदै सक्षम प्रतिस्पर्धी र नैतिक एवम राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने,उच्च शिक्षालाई सजह गुणस्तरीय र पहुँच योग्य वनाई क्रमश निशुल्क वनाउने लक्ष नेपाल सरकारले अंगिकार गरेकोछ । आधारभूत स्वास्थ्य सेवालाई निशुल्क प्रदान गर्ने,स्वस्थ्य सेवालाई नियमित,प्रभावकारी,गुणस्तरीय तथा सर्वसुलभ बनाई नागरिकको पहुँच स्थापित गर्ने नीति पनि कार्यान्वयनमा छ र खानेपानी तथा सरसफाइमा प्रत्येक नागरिकको पहुँच स्थापितलाई सुनिश्चित गरिएको छ । यसैगरी समानुपातिक समावेशी र सहाभागिताको सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माणको लागि लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता समृद्धि र सामाजिक न्याय सुनिश्चित गरिएकोछ । आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछाडी परेका वर्गलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सवै निकायमा सहाभागिताको व्यवस्था मिलाइएको छ । वाल अधिकारको सम्मान संरक्षण एवम प्रवर्द्धन गर्ने र अपाङ्गता भउका व्यक्तिको अधिकार एवम आत्मसम्मान पूर्वक जीवन यापनका लागि संयुक्त राष्ट्र संघीय महासन्धीहरु अनुमोदन गरी आफ्नो प्रतिवद्धता जाहेर नेपाल सरकारवाट भएको छ । जेष्ठ नगारिकको संरक्षण र सामाजिक सुरक्षाका लागि ऐन नियमावली र राष्ट्रिय कार्ययोजना वनाई कार्यान्वयनमा ल्याइएको छ भने राष्ट्रिय विकासमा युवा सहाभागिता अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सृजना भएकोछ । सबै मातृभाषालाई राष्ट्रभाषाको रुपमा अवलम्वन गर्दै आफ्नो भाषा,लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र संपदाको संरक्षण

र संवर्द्धन एवम ऐतिहासिक,पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण,संवर्द्धन र विकासमा जोड दिईएकोछ ।

सामाजिक पक्षले देशको १५ औं योजनामा समेत उच्च स्थान ग्रहण गरेकोछ । राष्ट्रिय उदेश्य,रणनीति एवम लक्ष सूचकहरुमा समावेश गरी सामाजिक सुरक्षाको सुनिश्चितता गरेकोछ । सामाजिक साँस्कृतिक विविधताको संरक्षण,विभेद,हिंसा जस्ता पक्षहरुको न्यूनीकरण गर्दै अपराधमुक्त समाज निर्माणलाई समेत विशेष जोड दिइएकोछ । स्वास्थ्य नागरिक तथा गुणस्तरीय,रोजगारमूलक तथा जीवनोपयोगी शिक्षालाई १५औ योजनमा सुनिश्चितता गरिएकोछ । दिगो विकास लक्ष मार्फत सामाजिक पक्षका वारेमा राष्ट्रवाट अन्तराष्ट्रिय प्रतिवद्धता जाहेर भएको छ लैङ्गिक समानता हासिल गर्न,महिला तथा वालबालिकाहरुलाई सशक्त बनाउन, स्वास्थ्य जीवन सुनिश्चितता गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्न,सबैलाई समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा प्रदान गर्न र सवैलाई स्वच्छ पानी र सरसफाईको दिगो व्यवस्थापन गर्न नेपाल कटिवद्ध छ । गुणस्तरीय जीवनयापनको आधार तयार गर्न संघ सरकार,प्रदेश सरकार र विकास साझेदार संस्था संगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपूर्ण प्रयास गर्नुपर्ने आवश्यकता छ ।यस सम्वन्धमा कोशी प्रदेश सरकारले सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माण गर्न विविध कार्यक्रमहरु प्रथम आवधिक योजना कार्यान्ययनमा ल्याएकोछ भने त्यसैका आधारमा स्थानीय तहले कार्यक्रम विकास गरी सहकार्य गर्न जरुरी छ ।

अर्जुनधारा नगरपालिकाले उपरोक्त पक्षको सुनिश्चितताका लागि संघ तथा प्रदेश सरकारको कानून, नीति, योजना र लक्षलाई सामाजिक विकास क्षेत्र अन्तरगतका प्रमुख क्षेत्रहरु शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाई,सामाजिक सामवेशीकरण,युवातथा खेलकुद,कला भाषा तथा संस्कृतिको विद्यमान अवस्था,समस्या तथा चुनौतीहरुको विश्लेषण भएकोछ र आगामी ५ वर्षका लागि उदेश्य निर्धारण भएकोछ । लक्ष सूचक एवम लक्ष परिमाण तय भएको छ र सोको प्राप्तिका लागि अवलम्वन गर्नुपर्नै रणनीति तथा कार्यनीति निर्धारण भई प्रमुख कार्यक्रमहरु तर्जुमा भएकोछ ।

**५.२. बर्तमान अवस्था**

शिक्षा क्षेत्रमा यो अर्जुनधारा नगरपालिका तुलनात्मक रुपमा अगाडि छ ।राष्ट्रिय जनगणना २०७८ का आधारमा यहाको ५ वर्ष भन्दा माथिको जनसंख्यको साक्षरता दर ८४.४ प्रतिशत रहेको छ जुन राष्ट्रिय दर ७६.२ प्रतिशत भन्दा ८.२ प्रतिशतले वढी हो ।यो नगरपालिकामा महिलाको साक्षरतादर उत्साहजनक रहेकोछ, हाल यो नगरपालिकाको महिला साक्षरतादर ७९.६ प्रतिशत मात्र रहेकोछ जुन राष्ट्रिय महिला साक्षरता दर ६९.४ प्रतिशत भन्दा १०.२ प्रतिशतले बढी हो भने समग्र राष्ट्रिय साक्षरता दर ७६.२% भन्दा ३.२ प्रतिशतले बढी हो हाल यो नगरपालिकामा कुल ६९ वटा शैक्षिक संस्थाहरु रहेकाछन जसमा ३४ वटा सामुदायिक र ३५ वटा संस्थागत रहेकाछन ।कुल ६९ वटा शैक्षिक

संस्था मध्ये एउटा क्याम्पस २३ वटा माद्यमिक (९ वटा सामुदायिक र १४ वटा संस्थागत) ,२५ वटा प्राथमिक र  १२ वटा आधारभुत विद्यालय रहेकाछन । गुरुकुल शैक्षिक संस्था एवम संस्कृत पाठशाला ५ वटा  रहेका छ । ६९ वटा शैक्षिक संस्था भएको यो नगरपालिकामा आधा घण्टा पैदल दुरीमा आधारभुत तथा माद्यमिक विद्यालयको पहुँच छ त्यसमापनि पछिल्लो समय पैदल हिडेर विद्यालय आउने विद्यार्थीहरुको संख्या न्यून रहेकोछ,प्राय निजी विद्यालयहरु ले वस पठाएर विद्यार्थी ल्याउने गरेका छन भने सरकारी विद्यालयमा आउने विद्यार्थीहरु समेत वस तथा साइकल एवम् मोटरसाइकल मा आउने गरेकाछन । हाल सरकारी विद्यालयमा समेत वस ल्याउने प्रतिस्पर्धा चलेको हुनाले वस भएको विद्यालयमा विद्यार्थीहरु जाने गरेको देखिन्छ ।वसको व्यवस्था भएका कारण निजी विद्यालयहरुमा पनि नजिककोमा भन्दा राम्रो तथा आफ्नो सम्वन्ध रहेको विद्यायमा जाने भएकोले अर्जुनधाराका धेरै विद्यार्थीहरु विर्तामोडका वाल्मिकि न्यूटन एजुकेसन एकेडेमी कन्चनजंघा तथा लिटल फ्लावर लगायतका विद्यालयमा गएर पढ्ने गरेको पाइन्छ ।यो नगरपालिकाको  नजिकको स्वास्थ्य संस्थामा पुग्न अधिकतम आधाघण्टा हिड्नुपर्ने देखिन्छ ।हाल यो नगरपालिकामा ९ वटा स्वास्थ्य निकायहरु रहेकाछन । खानेपानीको अवस्था पनि तुलनात्मक रुपमा सन्तोष जनक छ ।९७ प्रतिशत जनसंख्या सुरक्षित पानी उपभोग गर्छन भने ३ प्रतिशत जनसंख्या चाहि असुरक्षित इनार खोला लगायतको पानी उपभोग गरिरहेकाछन ।यो नगरपालिकाको ७४.५ प्रतिशत घरधुरी सेफ्टी ट्याङ्कीवाला पक्की शौचालय प्रयोग गर्दछन भने २३.८ प्रतिशत घरधुरीहरु खाल्डे शौचालय प्रयोग गर्दछन ।त्यसैगरी ०.३ प्रतिशत घरधुरी शार्वाजानिक शौचालय प्रयोग गर्छन भने करीव १.५% घरधुरी अझै पनि शौचालय विहिन छन

ग्रमिण भेगमा यथावत रहेपनि सार्वजनिक स्थलमा छुवाछूतको अवस्था  घट्दो क्रममा रहेकोछ ।सबै वडामा दलित जनप्रतिनिधिहरु निर्वाचित भएकाछन । नगरपालिकाको चुनावमा कानुनले सुनिश्चित गरेको वाहेक महिलाले जितेको भनेको उपमेयर मात्रै हो भने कानुनले सुनिश्चित गरे भन्दा वढी दलित प्रतिनिधिहरु निर्वाचित भएका छैनन।यो नगरपालिकामा महिलाहरुले नेतृत्वगरेका सहकारीहरु राम्ररी संचालन भएकाछन । विवाहको उमेर हेर्नेहो भने ३३% भन्दा वढी विवाहित महिलाको उमेर विवाह गर्दाका वखत १८ वर्ष भन्दा कम छ भने ६५.०९%  महिलाको विवाह २० वर्ष उमेर पुग्दा भइसकेकोछ ।पुरुषहरुको हकमा २० वर्ष उमेर पुग्दा २९.८५% ले मात्र विवाह गरेकाछन । अर्जुनधारा नगरपालिकाको १० वर्ष माथिको जनसंख्या ७०४७६ मध्ये विवाहित हरुको संख्या ४८७१९ रहकोछ भने २१७५७ अविवाहित रहेका छन । विवाहित मध्ये ७८१ विधुर र २८७२ विधवा रहेकाछन । त्यसै गरी १२८ जना महिला र ११० जना पुरुषले सम्वन्ध विच्छेद गरेकाछन । सम्वन्ध कायम रहेपनि संगै नवसेका महिला पुरुषको संख्या क्रमश ४४९ र २५० रहेकोछ ।उमेर समुहका आधारमा अर्जुनधारा नगरपालिकाको वैवाहिक अवस्था तल प्रस्तुत गरिएकोछ ।

**तालिका ५६ उमेर समुहका आधारमा महिला पुरुषको वैवाहिक अवस्था**

| क्र स | उमेर समुह | उमेर अनुसारको संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | महिला | प्रतिशत | पुरुष | प्रतिशत | |
| १ | १० वर्ष सम्म | ५५ | ०.२०% | ० | ०.००% | |
| २ | १० देखि १४ वर्ष | २४५५ | ८.९१% | ५२८ | २.४९% | |
| ३ | १५ देखि १७ वर्ष | ६५९२ | २३.९४% | १५६६ | ७.३९% | |
| ४ | १८ देखि २० वर्ष | ८८२४ | ३२.०४% | ४२२८ | १९.९६% | |
| ५ | २१ देखि २४ वर्ष | ६३०६ | २२.९०% | ६१४१ | २९.००% | |
| ६ | २५ देखि २९ वर्ष | २५४३ | ९.२३% | ५९१५ | २७.९३% | |
| ७ | ३० देखि ३४ वर्ष | ५६० | २.०३% | २१६२ | १०.२१% | |
| ८ | ३५ देखि ३९ वर्ष | १४७ | ०.५३% | ४६० | २.१७% | |
| ९ | ४० देखि ४४ वर्ष | ४७ | ०.१७% | १२२ | ०.५८% | |
| १० | ४५ देखि ४९ वर्ष | ६ | ०.०२% | ३९ | ०.१८% | |
| ११ | ५० वर्ष माथि | ५ | ०.०२% | १८ | ०.०८% | |
| | जम्मा | २७५४० | १००% | २११७९ | १००% | |

श्रोतः राष्ट्रिय जनगणना २०७८

यो नगरपालिकाका सार्वजनिक संरचनाहरु न्यूनमात्रामा अपाङ्ग मैत्री छन । स्थानीय घर वजार बाट निस्कने फोहोर व्यवस्थापन हुन सकेको छैन । भाषा गत हिसावले हेर्दा यो पालिकामा नेपाली भाषा वोलेको पाइन्छ लिम्वु राई मगर तथा तामाङ लगायत मधेशी समुदायको आआफ्नो मातृभाषा भएपनि नगरपालिका भित्र फाट्ट फुट्ट वाहेक यी भाषाहरु प्रयोग भएको पाइदैन ।

**५.३. सामाजिक विकास क्षेत्रका उदेश्य**

सामाजिक क्षेत्रको विकासका लागि निर्धारण गरिएको वृहत उदेश्य देहाय वमोजिम रहेकोछ । गुणस्तरीय तथा सर्भसुलभ शिक्षा,आधारभूत स्वास्थ्य,स्वच्छ तथा सुरक्षित खानेपानी,युवामा व्यवसायिकता तथा खेलकुदको विकास, कला,भाषा र साहित्य र संस्कृतिको संरक्षण लगायतका समाजिक सेवा सुविधाहरुमा लक्षित वर्ग लगायत सवैको सहज पहुँच अभिबृद्धि गर्दै समतामूलक समाज निर्माण गर्नु मुख्य उदेश्य हो ।

## ५.४. सामाजिक विकास क्षेत्रका प्रमुख रणनीतिहरु

क. गुणस्तरीय शिक्षा,स्वास्थ्य,खानेपानी लगायतका आधारभूत  सेवा सुविधामा सवै नागरिकको पहुँच अभिवृद्धि गर्ने

ख. सामाजिक समावेशीकरण सामाजिक न्याय सहित समतामूलक आर्थिक समाजिक विकास गर्ने

## ५.५. विषयगत उपक्षेत्रहरु

सामाजिक विकास भित्र निम्नानुसार विषयगत उपक्षेत्रहरु समावेश गरिएकोछ

क. शिक्षा विकास

ख. आधारभूत स्वास्थ्य

ग. खानेपानी तथा सरसफाई

घ. लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

ङ. युवा तथा खेलकुद

च. भाषा साहित्य कला र संस्कृति

### ५.५.१.शिक्षा विकास

#### ५.५.१.१. संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धीको पुनरावलकोन एवम नगरपालिकाको भावी मार्गचित्र वारे सहाभागीतात्मक छलफलवाट पहिचान भएका संभावना, अवसर, समस्या तथा चुनौतिहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

**तालिका ५७ शिक्षाः संभावना अवसर तथा समस्या र चुनौती**

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ संस्थागत विद्यालयहरु संचालन वाट शिक्षामा पहुँच अभिवृद्धि<br>▪ निजीक्षेत्र शिक्षामा लगानी गर्न तत्पर रहनु<br>▪ आफू पूर्ण निराक्षर भएपनि वालवालिकालाई शिक्षा दिनुपर्ने पक्षमा अविभावकहरु सचेत रहेको<br>▪ सामुदायिक विद्यालयहरुमा पनि अंग्रेजी माद्यमवाट निशुल्क दिन सकिने ।<br>▪ अनलाइन कोर्ष निर्माण गर्न सकिने<br>▪ स्मार्ट कक्षा संचालन गर्न सकिने<br>▪ | ▪ शिक्षा भन्दा वढी भौतिक सुविधा प्रदान गरेर विद्यार्थी तान्ने अस्वस्थ प्रतिश्पर्धा नियन्त्रण गर्न<br>▪ विद्यालय नक्सांकनको आधारमा समायोजन गर्न<br>▪ साक्षरता दर वढाउन<br>▪ शिक्षालाइ गुणस्तरीय र व्यवहारिक वनाउन<br>▪ सवै विद्यालयमा ICT लगायत भौतिक पूर्वाधार विकास गर्न ।<br>▪ विपद तथा महामारीको समयमा अध्यापनलाई निरन्तरता दिन<br>▪ आवासीय विद्यालयहरु संचालनमा ल्याउन |

| | |
|---|---|
| | ▪ प्राविधिक शिक्षाको पठन पाठन गर्न |
| सवल पक्ष | कमजोर पक्ष |
| ▪ शहीद परिवार,विपन्न एवम जेहन्दार विद्यार्थीलाई छात्रवृतिको व्यवस्था<br>▪ वालवालिकालाई दिवा खाज तथा सेनीटरी प्याडको व्यवस्था<br>▪ तालिम प्राप्त शिक्षकहरु वाट अद्यापन<br>▪ शिक्षा शाखाको व्यवस्था<br>▪ उच्च शिक्षाका लागि क्याम्पस संचालन<br>▪ आवश्यकता अनुसार विद्यालयहरु<br>▪ प्रतिश्पर्धात्मक सीकाई प्रणाली | ▪ प्राविधिक शिक्षालय संचालन नहुनु<br>▪ विद्यालयमा अतिरिक्त क्रियाकलाप लगायत आधारभूत भौतिक पूर्वाधारको कमी<br>▪ विद्यालयका पुर्वधारहरु अपाङ्गमैत्री नहुनु<br>▪ बालमैत्री सिकाई विधि अवलम्वन हुन नसक्नु<br>▪ किशोर किशोरीका लागि जीवन उपयोगी अतिरिक्त क्रियाकलापहरु संचालन नगरिनु<br>▪ विद्यालय र अविभावक विच संपर्क समन्वय कम हुनु |

**५.५.१.२.उदेश्य**

रोजगारीमूलक,व्यवहारिक,प्रविधीमैत्री एवम गुणस्तरीय शिक्षामा अति गरिव विपन्न एवम सिमान्तकृत लगायत सबै वर्ग समुदायको पहुँच अभिवृद्धि भइ दक्ष जनशक्ति उत्पादन गर्नु ।

**५.५.१.३.रणनीतिहरु**

१. साक्षरता वृद्धि गर्ने
२. उमेर समूहका बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउने
३. शिक्षालाई सर्वसुलभ वनाउने
४. शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने
५. शैक्षिक पुर्वधारको व्यवस्था
६. प्राविधिक जनशक्ति विकास
७. आधारभूत शिक्षा सम्बन्धी नीति तर्जुमा र योजना कार्यान्वयन

**५.५.१.४.कार्यनीतिहरु**

रणनीति अनुसारका कार्यनीतिहरु

**रणनीति**

साक्षरता वृद्धि गर्ने

**कार्यनीति**

- आधारभूत शिक्षावाट वञ्चित समूहलाई अनौपचारिक शिक्षाको माद्यमवाट साक्षार बनाइनेछ
- वडास्तरमा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम संचालन गरी सवै उमेर समूहका नागरिकलाई साक्षार वनाइनेछ

- विद्यालय छाडेका तथा वाहिर रहेका वालवालिकालाई बैकल्पिक आधारभूत शिक्षा संचालन गरिनेछ
- विद्यालय वाहिर रहेका अपाङ्गता भएका (बहिरा)वालवालिकाको आधारभूत तह सम्मको साक्षरताक लागि सांकेतिक भाषाका माद्यम तथा विशेष शिक्षा कार्यक्रम संचालन गरिनेछ
- अनिवार्य शिक्षा,निशुल्क शिक्षा,एवम वैकल्पिक शिक्षा लगायतका माद्यमहरुवाट नगरपालिका लाई पुर्ण साक्षार वनाइनेछ ।

**रणनीति**

उमेर समूहका बालबालिका हरुलाई विद्यालयको पहुँचमा ल्याउने

**कार्यनीति**

- आवश्यक सवै पूर्वाधार सहित प्रारम्भिक वाल विकास तथा शिक्षालाई विस्तार गरिनेछ।
- स्थानीय गैसस,बालक्लवहरु आदि संग सहकार्य गरी विद्यार्थी भर्ना कार्यक्रम अभियानका रुपमा संचालन गरिनेछ ।
- आधारभूत तह सम्म निशुल्क र माद्यमिक तह सम्म अनिवार्य शिक्षा वारे प्रचारात्मक ढंगवाट अभिभावक तथा अन्य सरोकारवाला हरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- आधारमुत तहसम्मका बालबालिकाहरुलाई दिवाखाजा कलम कपी सहित पाठ्यपुस्तक विद्यालय पोशाक जस्ता सुविधा हरु निशुल्क रुपमा प्रदान गरी उमेर समूहका सवै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याइनेछ

**रणनीति**

शिक्षालाई सर्वसुलभ वनाउने

**कार्यनीति**

- विद्यालय छाड्नेदरमा न्यूनता ल्याउन प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिनेछ
- विद्यालय वाहिर रहेका उमेर समूहका किशोर किशोरीहरुलाई विद्यालयमा आधारित बैकल्पिक खुल्ला तथा अनौपचारिक शिक्षा मार्फत निरन्तर शिक्षा कार्यक्रम संचालन गरिनेछ
- आर्थिक रुपमा विपन्न दलित र सिमान्तकृत समुदाय दलित सहिद परिवारका वालवालिका तथा किशोर किशोरीहरुको विद्यालयमा पहुँच वृद्धिको सुनिश्चितता गरिनेछ
- शहीद परिवारका वालवालिकालाई छात्रवृतिको व्यवस्था मिलाइनेछ
- शिक्षामा महिला दलित,आदिवासी जनजाति,अपाङ्ता भएका व्यक्तिको पहुँच सुनिश्चित गरिनेछ

**रणनीति**

शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने

**कार्यनीति**

- तालिम प्राप्त विषयगत एवम दरवन्दी अनुसार शिक्षकहरुको व्यवस्था गरी पठनपाठनलाई नियमित रुपमा संचालन गरी गुणस्तर कायम राखिनेछ।
- शिक्षकहरुलाई तालिम,अन्तरक्रिया एवम अनुभव आदान प्रदानमा सहभागी गराई पेशागत दक्षतामा अभिवृद्धि ल्याउदै शिक्षण पद्धतिलाई प्रभावकारी वनाइनेछ
- मण्टेश्वरी एवम त्यस्तै प्रकारका व्यावहारिक प्रयोगात्मक शिक्षण पद्धतिहरु अवलम्वन गरी शिक्षणलाई बालमैत्री बनाइनेछ।
- बालमैत्री पूर्वाधारहरु निर्माण गरिनेछ ।
- विषयगत,कक्षागत सिकाई उपलव्धी दर बढाउन नतिजामा आधारित मुल्याङ्कन प्रणालीको अवलम्वन गरी शिक्षामा गुणस्तर कायम राख्न पहल गरिनेछ ।
- संभव भएका विद्यालयमा कम्प्यूटर शिक्षा अनिवार्य, इ पुस्तकालय, इन्टरनेको व्यवस्था मिलाई आधुनिक प्रविधी मैत्री बनाइनेछ ।
- शिक्षकहरुलाई आवश्यक तालिमहरु प्रदान गरिनेछ
- महिला पुरुष शिक्षकको अनुपात र शिक्षक विद्यार्थी संख्याको अनुपातलाई एक निश्चित मापदण्ड निर्धारण गरी कक्षागत रुपमा अलग अलग व्यवस्था गरिनेछ
- विद्यालय नक्साङ्कन सम्वन्धी मापदण्ड बनाई सो को आधारमा विद्यालय र शिक्षक समायोजन गरिनेछ
- मुल्याङकन मापदण्ड वनाई उत्कृष्ट शिक्षक र उत्कृष्ट परिणाम ल्याउने तथा प्रभावकारी व्यवस्थापन गर्ने विद्यालयहरुलाइ पुरस्कृत गरी प्रोत्साहित गरिनेछ
- सामुदायिक विद्यालयहरुमा अंग्रेजी भाषामा पठनपाठन गर्ने नीति लागु गरिनेछ

**रणनीति**

शैक्षिक पुर्वधारको व्यवस्था

**कार्यनीति**

- विज्ञान प्रयोगशाला,पुस्तकालय,सन्दर्भ सामाग्री,विषयगत शैक्षिक सामग्री तथा पाठ्यपुस्तकको व्यवस्था गर्दै शिक्षक एवम विद्यार्थीहरुको ज्ञान भण्डारलाई फराकिलो वनाउन सहयोग गरिनेछ
- विद्यालयमा डिजिटल प्रविधिमा आधारित शिक्षण सिकाई विधिलाई प्रवर्द्धन गर्ने विद्यालयहरुमा शिक्षकका लागि इ हाजीरी को व्यवस्था गरिनेछ

- आवश्यक भौतिक पूर्वाधारहरु (बिजुली,खानेपानी,शौचालय,भवन निर्माण तथा मर्मत, फर्निचर, तारवार, पुस्तकालय,खेलमैदान,छात्रवास आदी) निर्माण गर्ने यसरी निर्माण गर्दा सवै संरचनाहरु बालमैत्री महिला मैत्री अपाङ्ग मैत्री वनाइनेछ ।
- विद्यालयको चारैतर्फ सफा सुग्घर र विरुवा रोपण गरी हरियाली बातावरण कायम राख्न जोड दिइनेछ
- विद्यार्थीहरुको स्वास्थ्योपचार तथा स्वास्थ्य शिक्षाका लागि एक विद्यालय एक नर्स व्यवस्था गरिनेछ (माद्यमिक विद्यालयमा )
- विद्यार्थीहरुको शारिरिक मानसिक विकासको लागि खेलकुदमा जोड दिदै खेलकुद सम्वन्धी समाग्रीहरुको व्यवस्था मिलाइनेछ।

**रणनीति**

प्राविधिक जनशक्ति विकास

**कार्यनीति**

- कृषि,स्वास्थ्य पशुपालन लगायतका विषयहरुको अध्यापनका लागि प्राविधिक शिक्षा अद्यापन गराउने प्राविधिक विद्यालय स्थापना गरिनेछ ।
- प्राविधिक विद्यालय स्थापना गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार गरी दक्ष जनशक्ति उत्पादन र तीनिहरुको रोजगारीतामा सहयोग गरिनेछ ।
- प्राविधिक जनशक्ति विकासका लागि प्राविधिक शिक्षा तर्फ महिला, विपन्न, दलितलाई छात्रवृति प्रदान गरिनेछ ।
- उच्च शिक्षा अध्ययनका लागि बाहिर जानु नपर्ने गरी क्याम्पसमा आवश्यक संकायहरु थप गरिनेछ साथै विज्ञ प्राध्यापकहरु व्यवस्था गरिनेछ ।

**रणनीति**

आधारभूत शिक्षा सम्बन्धी नीति तर्जुमा र योजना कार्यान्वयन

**कार्यनीति**

- आधारभूत एवम माद्यमिक शिक्षा क्षेत्र संग सम्वन्धित स्थानीय नीति,कानून तथा मापदण्डको निर्माण,योजना तर्जुमा,कार्यान्वयन,अनुगमन मुल्याङ्कन तथा नियमन गरिनेछ ।
- कानुन निर्माण गरी विद्यालय व्यवस्थापन समितिको संरचनागत सुधार गरिनेछ ।
- रैथाने सीप र व्यवसायमूलक शिक्षा लाई नीतिगत व्यवस्था गरी पाठ्यक्रममा समावेश गरिनेछ

### ५.५.१.५. शिक्षा विकास सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

तालिका ५८ शिक्षा विकास सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| आधारभुत तहको खुद भर्ना दर औसतमा | प्रतिशत | ९६.९ | ९७ | ९८ | ९९ | १०० | प्रतिवेदन | |
| **प्रतिफलहरु** | | | | | | | | |
| १. ३० मिनेटको पैदल दुरीमा आधारभूत तहको विद्यालयमा पहुँच हुने घरधुरी | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका प्रतिवेदन | शिक्षा सम्बन्धी सामाजिक संस्था गैसस लगायत निजी क्षेत्र संग समन्वय र सहकार्य भएको हुनेछ |
| २. विद्यालय वाहिर रहेका ५-१५ वर्ष उमेर समूहका बालबालिका | संख्या | | | | | | | |
| ३. निजी स्कुलमा अध्ययन गर्ने विद्यार्थी | संख्या | ८२६१ | ८२६१ | ८२६१ | ८२६१ | ८२६१ | | |
| ४. आफ्नै घरमा वसेर निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थी | संख्या | ८२६१ | ८२६१ | ८२६१ | ८२६१ | ८२६१ | | |
| ५. सामुदायिक विद्यालयमा अद्ययन गर्ने विद्यार्थी | संख्या | ८६८१ | ८६८१ | ८६८१ | ८६८१ | ८६८१ | | |
| ६. सामुदायिक विद्यालय छात्रछात्रा अनुपात | अनुपात | | | | | | | |
| ७. सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | अनुपात | | | | | | | |
| ८. धार्मिक प्रकृतिका विद्यालयहरुमा अद्ययन गर्ने विद्यार्थी संख्या | संख्या | २५० | २५० | २५० | २५० | २५० | | |
| ९. अपाङ्गता भएका व्यक्तिहरुलाई पढाउने विशेष कक्षा | संख्या | ० | १ | १ | १ | २ | | |

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १०. सामुदायिक तथा निजी क्याम्पस (कक्षा१२ भन्दा माथिको शिक्षा प्रदान गर्ने शिक्षण संस्था ) | संख्या | १ | १ | १ | १ | २ | नगरपालिका प्रतिवेदन | शिक्षा सम्बन्धी सामाजिक संस्था गैसस लगायत निजी क्षेत्र संग समन्वय र सहकार्य भएको हुनेछ |
| ११. पालिकामा सामुदायिक क्याम्पसमा पढ्ने विद्यार्थी | संख्या | ५२९ | ६०० | ७०० | ८०० | ९०० | | |
| १२. सीटीईभीटीबाट सम्बन्धन प्राप्त प्राविधिक विद्यालय | संख्या | ० | ० | १ | १ | १ | | |
| १३. प्राविधिक विषयको अद्यापन गराउने सामुदायिक तथा निजी विद्यालय | संख्या | १ | १ | १ | १ | १ | | |
| १४. प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | १४१ | १५० | १५० | १५० | १५० | | |
| १५. विषयगत तालिम प्राप्त शिक्षक | प्रतिशत | ९८% | ९८% | ९८% | ९८% | ९८% | | |
| १६. महिलाको नेतृत्वमा रहेका (head teacher) विद्यालयहरु (सामुदायिक+ संस्थागत) | संख्या | ९ | १० | १२ | १४ | १५ | | |
| १७. दलितको नेतृत्वमा रहेका (head teacher) विद्यालयहरु | संख्या | १ | ५ | ५ | ६ | ६ | | |
| १८. विव्यास नेतृत्वमा महिला भएका स्कुल | संख्या | १ | १ | १ | ३ | ३ | | |
| १९. विव्यास नेतृत्वमा दलित भएका स्कुल | संख्या | ० | २ | ५ | ८ | १० | | |
| २०. आधारभुत तहमा छात्रवृति पाउने विद्यार्थी | संख्या | | | | | | | |
| २१. आधारभूत तह उर्तीणदर | प्रतिशत | | | | | | | |
| २२. कक्षा १२ को उतीर्ण दर | प्रतिशत | | | | | | | |
| २३. प्राथमिक तहमा (१-५) खुदभर्ना दर | प्रतिशत | ९७ | ९८ | ९९ | १०० | १०० | | |

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| २४. महिलाको साक्षरता दर | प्रतिशत | ७९.६ | ८० | ८२ | ८४ | ८५ | नगरपालिका प्रतिवेदन | शिक्षा सम्बन्धी सामाजिक संस्था गैसस लगायत निजी क्षेत्र संग समन्वय र सहकार्य भएको हुनेछ |
| २५. पुरुषको साक्षरता दर | प्रतिशत | ८९.७ | ९० | ९२ | ९४ | ९५ | | |
| २६. बालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन चर्पी खानेपानी खेलमैदान घेरावार फर्निचर ) विद्यालय | संख्या | ४० | ४४ | ५० | ५५ | ६८ | | |
| २७. अपाङ्ता मैत्री संरचना भएका विद्यालय | संख्या | ६ | १० | १५ | २० | २५ | | |
| २८. सेनीटरी प्याड उपलव्ध गराउने विद्यालय | संख्या | २८ | २८ | २८ | २८ | २८ | | |
| २९. नर्स सेवा उपलव्ध भएका विद्यालयहरु | संख्या | १ | २ | ३ | ३ | ४ | | |
| ३०. बालक्लव गठन भएका विद्यालय | संख्या | ९ | २० | ३५ | ४० | ५० | | |
| ३१. विपद महामारी लगायत विविध कारणवाट भौतिक दुरी कायम राख्दै सूचनाप्रविधिको माध्यमवाट अध्यापन गराउन सक्ने विद्यालयहरु | संख्या | ९ | १५ | २० | २५ | २८ | | |

### ५.५.१.६.शिक्षा सम्वन्धी कार्यक्रमहरु

तालिका ५९ शिक्षा सम्बन्धी कार्यक्रमहरु

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | गृहणी प्रौढ तथा अभिभावक शिक्षा कार्यक्रम संचालन | १५० |
| २ | निश्चिच विद्यालय र कक्षाहरुमा एक विद्यार्थी एक कम्प्युटर कार्यक्रम संचालन गर्ने । | ३५० |
| ३ | प्रारम्भिक बाल विकास तथा शिक्षा संचालन | १२० |
| ४ | डिजिटल वुक निर्माण गर्ने | १२० |
| ५ | सामुदायिक सिकाइ केन्द्र संचालन | १२० |
| ६ | शैक्षिक गुणस्तर सुधार कार्यक्रम | ३०० |
| ७ | विद्यालय भर्ना अभियान,छात्रवृति प्रोत्साहन | १५० |
| ८ | विद्यालयमा सुविधायुक्त भौतिक पूर्वाधारको व्यवस्था विद्यालय भवन समेत | १००० |
| ९ | विषयगत शिक्षक तालीम | २०० |
| १० | कम्तिमा १० वटा विद्यालयमा स्मार्ट कक्षा संचालन | ४५० |
| ११ | प्राविधिक शिक्षालय स्थापना र संचालन | १६० |
| १२ | ५ वटा विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण | ३५० |
| १३ | द्वन्द्व पिडित तथा सहिद परिवारलाई शैक्षिक प्रोत्साहन | १२० |
| | जम्मा | ३५९० |

### ५.५.२.आधारभूत स्वास्थ्य तथा पोषण

### ५.५.२.१. संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धीको पुनरावलकोन एवम नगरपालिकाको भावी मार्गचित्र वारे सहाभागितात्मक छलफलवाट पहिचान भएका संभावना, अवसर, समस्या तथा चुनौतिहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

| तालिका ६० आधारभूत स्वास्थ्यः संभावना अवसर तथा समस्या र चुनौती | |
|---|---|
| संभावना तथा अवसरहरु | चुनौतीहरु |
| ▪ स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न<br>▪ आधारभूत स्वास्थ्य सेवाहरु संचालनमा रहनु | ▪ प्रस्तावित प्रभावित क्षेत्र भन्दा वाहिरवाट पनि अधिक विरामीहरु आउने हुनाले चाप धान्न कठिन<br>▪ दीर्घ प्राणघातक एवम जटील प्रकृतिका रोगहरुमा उपचार सेवा प्रदान गर्न । |

| | |
|---|---|
| ▪ कम तौल पुड्कोपना कुपोषण भएका शिशुहरु नजन्मनु<br>▪ नगरपालिका क्षेत्र भित्र औषधी पसल तथा स्वास्थ्य जाँच क्लिनिकहरु संचालनमा रहनु<br>▪ योग तथा व्यायाम प्रति सर्वसाधारणको आकर्षण वढ्नु ।<br>▪ सार्वजानिक स्थलमा योग अभ्यास सुरु हुनु | ▪ आपतकालिन स्वास्थ्य सेवा प्रदान गर्न<br>▪ अनुभवी तथा दक्ष जनशक्ति (डाक्टर) व्यवस्थापन गर्न<br>▪ भौतिक एवम प्राविधिक रुपमा महामारीहरुको सामाना गर्ने संयन्त्र,उपकरण,पूर्वाधार र जनशक्तिको व्यवस्था गर्नु<br>▪ उपचारका लागि वाह्य जाने विरामीहरुलाई विश्वास जगाउन<br>▪ स्वास्थ उपकरण जडान गर्न । |
| सवल पक्ष | कमजोर पक्ष |
| ▪ तालीम प्राप्त स्वास्थ्यकर्मीबाट उपचार हुनु<br>▪ सवै वालवालिकाले आवश्यक खोप लगाउने गरेको<br>▪ आमा समुह गठन र परिचालन हुनु<br>▪ नियमित स्वास्थ्य शीविर संचालन<br>▪ नियमित रुपमा एम्बुलेन्स सेवा संचालन (सरकारी तथा निजी)<br>▪ स्वास्थ्य चौकी गाउँघर क्लिनिक एवम स्वास्थ्य शिविरहरु संचालनमा रहनु<br>▪ ३५ जना महिला स्वास्थ्य स्वयमसेविकाहरु परिचालित हुन<br>▪ पछिल्लो समय वालवालिकाहरुले सवै खोप लगाउन थालेको | ▪ वडामा प्रसुती सेवा उपलव्ध हुन नसक्नु<br>▪ स्वास्थ्य चौकीको स्तरोन्ती नहुनु<br>▪ स्वास्थ्य तर्फ पर्याप्त जनशक्ति भौतिक संरचना स्वास्थ्य उपकरण विशेषज्ञ सेवा उपलव्ध नहुनु<br>▪ स्वास्थ्य वीमा प्रभावकारी नहुनु<br>▪ स्वास्थ्य चौकीवाट निस्कने फोहोरको व्यावस्थापन नहुनु<br>▪ स्वास्थ्य निकायमा दरवन्दी अनुसारको जनशक्ति परिपुर्ती नहुनु<br>▪ निशुल्क दिइने औषधीको आवश्यक मात्रामा प्राप्त नहुनु<br>▪ बैकल्पिक चिकित्सालय,योग,ध्यान जस्ता उपचार विधिलाई प्रभावकारी वनाउन नसक्नु<br>▪ गर्भवती सेवा जाँच तथा स्वास्थ्य संस्थामा प्रसुती गर्ने अभ्यासलाई प्रभावकारी वनाउन नसक्नु |

**५.५.२.२. उदेश्य**

आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवाको सर्वसुलभ र सहज उपलव्धता तथा पहुँचबाट नागरिकहरुको स्वास्थ्य अवस्था सुधार गर्नु

**५.५.२.३. रणनीतिहरु**

१. स्वास्थ्य सम्वन्धी चेतना अभिवृद्धि तथा रोग न्यूनीकरण गर्ने

२. स्वास्थ्य सेवा विस्तार गर्ने

३. स्वास्थ्य सेवामा गुणस्तरता वृद्धि गर्ने
४. स्वास्थ्य सेवामा पहुँच सुनिश्चित
५. आपतकालिन तथा आकस्मिक स्वास्थ्य सेवा संचालन गर्ने
६. स्वास्थ्य सेवा सम्वन्धी नीति तर्जूमा तथा योजनाको कार्यान्वयन गर्ने

**५.५.२.४. कार्यनीतिहरु**

रणनीति अनुसारका कार्यनीतिहरु

**रणनीति**

स्वास्थ्य सम्वन्धी चेतना अभिवृद्धि तथा रोग न्यूनीकरण गर्ने

**कार्यनीति**

- बालविवाह,दुई सन्तान वीचको जन्मान्तर,परिवार नियोजन,मातृशिशु कल्याणका वारेमा सचेतनामूलक अभियान संचालन गरिनेछ ।
- सरसफाइ तथा पोषणयुक्त खानेकुरामा जनचेतनाको अभिवृद्धि गरी कुपोषणलाई र रोग लाग्ने दरलाई घटाउदै लगिनेछ ।
- स्वास्थ्य स्वयम सेविकाहरुको सेवालाई थप प्रभावकारी वनाउन प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
- प्राणघातक तथा नसर्ने रोगहरु एचआइभी एड्स लागुऔषध दुर्व्यसनी मधुमेह,उच्च रक्तचाप, मुटुरोग,क्यान्सर तथा मोटोपनाका वारेमा जनचेतना अभिबृद्धि गरिनेछ ।
- योग ध्यान प्राकृतिक तथा बैकल्पिक उपचार (आयुर्वेदिक होमोप्याथिक अकुप्रेसर अकु पञ्चर म्यूजिक थेरापी ) का वारेमा प्रचार प्रसार गरी त्यसमा अभ्यस्तताका लागि प्रयास गर्दै शारिरिक र मानसिक स्वास्थ्य अभिबृद्धि गरिनेछ ।
- शरीर एवम् स्वास्थ्यलाई हानी पुर्याउने रसायनिक पदार्थ विषादीयुक्त,मिसावटजन्य एवम जङ्क फुड,सूर्तीजन्य पदार्थ,मदिरा सेवन जस्ता विकृति विरुद्ध अभियान सञ्चालन गरी नागरिकहरुमा चेतना अभिवृद्धि गरिनेछ ।
- रोग प्रतिरोधात्मक क्षमता विकासको लागि पोषण,जनस्वास्थ्य,सरसफाई तथा वातावरण प्रदुषण,निरोधात्मक स्वास्थ्य चेतना बारे जनचेतना अभिबृद्धि गरिनेछ ।यसका लागि स्थानीय नागरिक समाज,सामुदायिक संस्था,शैक्षिक संस्था,स्थानीय क्लवहरु संग सहकार्य गरिनेछ ।
- महिनावारी स्वास्थ्य सम्वन्धी व्यवस्थापन कार्यक्रम र महिनावरी संग सम्वन्धित अन्धविश्वासका विरुद्ध जनचेतना अभिवृद्धि गरिनेछ ।

**रणनीति**

स्वास्थ्य सेवा विस्तार गर्ने

**कार्यनीति**

- निर्माणाधीन १५ सैयाको नगरपालिका स्तरीय अस्पताल समयमा नै सम्पन्न गरी सवै नगारिकलाई भरपर्दो स्वास्थ्य सेवा उपलव्ध गराइनेछ ।
- स्वास्थ्य केन्द्र अन्तरगत स्वास्थ्य सेवाको प्रभावकारिताका लागि आवश्यक औषधी उपकरण र दक्ष जनशक्तिको व्यवस्था मिलाइनेछ
- सवै स्वास्थ्य संस्थाहरुमा वर्थिङ सेवालाई प्रभावकारी ढंगवाट सञ्चालन गर्न आवश्यक सबै प्रकारका उपकरणको व्यवस्था गर्दै मातृ तथा शिशु मृत्यु दरलाई न्यूनीकरण गरिनेछ ।
- स्वास्थ्य चौकीहरुको क्षमता अभिवृद्धिका लागि न्यूनतम सवै प्रकारका औषधी उपकरण जडान र दक्ष जनशक्तिको व्यवस्था गरी स्वास्थ्य सेवा सुविधालाई प्रभावकारी वनाइनेछ।
- स्वास्थ्य सेवालाई विस्तार गर्दै विद्यालयहरुमा स्वास्थ्यकर्मी (नर्स) सहित आवश्यक औषधी उपकरणको व्यवस्था गरी विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँचको व्यवस्था मिलाइनेछ ।
- निर्धारित मापदण्ड पूरा गरेका सामुदायिक अस्पताल,स्वास्थ्य क्लिनिक औषधी पसलहरुलाई आवश्यकताका आधारमा नगरपालिकाको विभिन्न स्थानहरुमा सञ्चालन व्यवस्था मिलाइनेछ
- स्वास्थ्य सम्वन्धी प्राविधिक जनशक्ति विकासका लागि नगरपालिकामा प्राविधिक शिक्षा संञ्चालनमा ल्याइनेछ।
- जेष्ठ नगारिकहरुका लागि घरमै गएर स्वास्थ्य परीक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।
- वार्षिक रुपमा स्वास्थ्य वडा स्तरमा र आवश्यक भए समुदाय स्तरमा स्वास्थ्य शिविर संचालन गरिनेछ ।

**रणनीति**

स्वास्थ्य सेवामा गुणस्तरता वृद्धि गर्ने

**कार्यनीति**

- प्राथमिक स्वास्थ्य केन्द्र लगायत अन्य स्वास्थ्य सेवामा कार्यरत जनशक्ति एवम महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई विभिन्न तालिम,शिविरहरुमा सहाभागीता गराई उनीहरुको दक्षता र क्षमतामा अभिवृद्धि गर्दै स्वास्थ्य सेवालाई भरपर्दो बनाइनेछ।
- दरबन्दी अनुसार स्वास्थ्य कर्मचारी,दक्ष र अनुभवी स्वास्थ्यकर्मीहरुको व्यवस्थाका लागि प्राथमिकता दिइनेछ।

- स्वास्थ्य संस्थाहरुको स्तर र मापदण्ड अनुसार हुनुपर्ने न्यूनतम पूर्वाधारहरुको व्यवस्था गरी सुविधा सम्पन्न वनाउने ।त्यस्ता पूर्वाधारहरुको संरचना अपाङ्ग लैङ्गिक र बालमैत्री  वनाइनेछ स्वास्थ्य प्रयोगशाला व्लड बैक र आपतकालीन सेवा संचालनका लागि आवश्यक पूर्वाधार एवम संयन्त्रको विकास गरी असामयिक मृत्युलाई न्यूनीकरण गरिनेछ ।
- नसर्ने तर प्राणघातक रोगहरुवाट हुने अकाल अल्पायू असामयिक मृत्युलाई नियन्त्रण एवम निरोधात्मक उपायहरु अवलम्वन गर्दै विशेषज्ञ सहितको अस्पतालहरुवाट घुम्ती सेवा सञ्चालन गरी स्वास्थ्य संस्थाहरुमा निःशुल्क स्वास्थ्य जाँचको व्यवस्था  गरिनेछ ।
- बालबालिकाहरुलाई विसिजी, पोलियो र आवश्यक सबै भिटामिनको उचित व्यवस्थापन र पोषण कार्यक्रम संचालन गरी पूर्ण खोप युक्त नगरपालिका वनाइनेछ ।
- प्राकृतिक प्रकोप, विपद तथा आपतकालिन, संक्रमण तथा महामारीको रोकथाम व्यवस्थापन सम्वन्धी पूर्व तयारी तालिम प्रशिक्षण अभिमुखीकरण जनचेतना कार्यक्रमहरु संचालन गरिनेछ।

**रणनीति**

स्वास्थ्य सेवामा पहुँच सुनिश्चित

**कार्यनीति**

- जेष्ठ नागरिक एवम विविध कारणहरु बाट स्वास्थ्य सेवा उपलव्ध हुन नसकेको क्षेत्र,समुदाय र बस्तीहरुमा स्वास्थ्य शिविरहरु सञ्चालन गरी स्वास्थ्य जाँच लगायतका सेवा सुविधाहरु उपलव्ध गराइ स्वास्थ्य सेवालाई विस्तार गरिनेछ।
- निशुल्क र सुरक्षित प्रसुती सेवा विस्तार गरी प्रसुती अघि र पछि स्वास्थ्य सेवा लिन प्रोत्साहन गरिनेछ ।
- स्वास्थ्य संस्था बाट सबै प्रसुति सेवा उपलव्ध गराउने गरी प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ मातृ तथा शिशु स्वास्थ्य सेवाहरु,खोप सेवा,सुरक्षित मातृत्व तथा परिवार नियोजन सेवाहरु विस्तार तथा सेवा सुदृढिकरण गरिनेछ । यसकालागि आवश्यकता अनुसार समुदाय परिचालन गरिनेछ ।
- सरकारबाट निशुल्क उपलव्ध गरिने सवै प्रकारका औषधीहरु नगरपालिकाको आवश्यकता अनुसार वर्गीकरण गरी सवै याममा उपलव्ध हुने वातावरण सृजना गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा दक्ष प्रसुतीकर्मी तथा अन्य जनशक्तिको सुनिश्चितता गरी चौविसै घण्टा सेवा प्राप्त गर्न सकिने वातावरण वनाइनेछ ।

- स्वास्थ्य बीमालाई प्रभावकारी ढंगवाट परिचालन गरी स्वास्थ्य सेवा पहुँचमा सहजता ल्याइनेछ विपन्न तथा पछाडिपरेका वर्ग क्षेत्र र समुदायमा स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न घुम्ती शिविर र सामुदायिक स्वास्थ्य इकाइ र गाउँघर क्लिनिक वृद्धि गरिनेछ ।
- दलित अति विपन्न तथा ७० वर्ष माथिका नागरिकहरु स्वास्थ्य जाँच एवम उपचारका स्वास्थ्य चौकी तथा अस्पतालवाट निशुल्क उपलव्ध गराइनेछ

**रणनीति**

आपतकालिन तथा आकस्मिक स्वास्थ्य सेवा संचालन गर्ने

**कार्यनीति**

- नगरपालिका स्तरीय अस्पताल तथा स्वास्थ्य चौकीहरुको स्तरोन्नति गर्दै आकास्मिक स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- आकास्मिक उपचारका लागि अस्पताल तथा स्वास्थ्य चौकीमा एक अलग्गै यूनिटको व्यवस्था गरिनेछ ।
- आकास्मिक रुपमा अस्पताल जानुपर्ने विरामीहरुका लागि विभिन्न दातृनिकायहरु संग समन्वय गरी एम्वुलेन्स सेवा संचालन गरिनेछ ।
- महामारी तथा सरुवा रोगहरुको उपचारका लागि आवश्यकताका आधारमा प्रभावित क्षेत्रहरुमा सवै प्रकारका सुविधा सहितको आइसोलेनसन सेन्टरहरु स्थापना गरी उपचार व्यवस्था मिलाइनेछ

**रणनीति**

स्वास्थ्य सेवा सम्वन्धी नीति तर्जूमा तथा योजनाको कार्यान्वयन गर्ने

**कार्यनीति**

- आधारभूत स्वास्थ्य तथा पोषण सम्वन्धी स्थानीय नीति,कानुन,मापदण्ड,योजना तर्जुमा,कार्यान्वयन तथा नियमन गरिनेछ ।
- संघ तथा प्रदेश स्तरीय लक्ष र मापदण्ड बमोजिम स्थानीय स्तरको स्वास्थ्य सम्वन्धी नीति लक्ष र गुणस्तर निर्धारण गरिनेछ ।
- स्वास्थ्यसंस्था वाट निस्कने फोहोरमैला प्रदुषण, रोग, महामारी नियन्त्रणका लागि स्वास्थ्य सम्वन्धी नीति, कानुन,मापदण्ड,योजना,अनुगमन र नियमन गरिनेछ ।

### ५.५.२.५.आधारभूत स्वास्थ्य सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

तालिका ६१ आधारभूत स्वास्थ्य सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/०८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| असर | | | | | | | | |
| ३० मिनेटको पैदल दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरीहरु | प्रतिशत | ८० | ८० | ८० | ८० | ८० | गापा प्रतिवेदन | |
| प्रतिफल | | | | | | | | |
| १. विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र,अस्पताल जाने जनसंख्या | प्रतिशत | ८२% | ८५ | ९० | ९५ | ९६ | नगरपालिकाको वार्षिक प्रतिवेदन<br><br>नगरपालिकाको प्रतिवेदन र HMIS<br><br>जनस्वास्थ्य कार्यालय | अन्तर सरकार समन्वय र निजी क्षेत्र संग सहकार्यक भएको हुने |
| २. आधा घणटा भन्दा वढी र एक घण्टा वीचको पैदलदुरीमा स्वास्थ्य सेवा पाउने घरधुरीहरु | प्रतिशत | २० | २० | २० | २० | २० | | |
| ३. दक्षजनशक्तिको सहयोगले वा स्वास्थ्य संस्थामा जन्मेका बच्चाहरुको | प्रतिशत | ९५% | ९६ | ९७ | ९८ | ९८ | | |
| ४. नबजात शिशु मृत्यूदर | प्रतिशत | ०.०८% | ०.०६% | ०.०३% | ०.०२% | ० | | |
| ५. सवै प्रकारका खोप लिएका बालबालिका | प्रतिशत | ९७.१% | ९७.५ | ९७.६ | ९८ | ९८.५ | | |
| ६. आधारभूत स्वास्थ्य सेवाहरु उपलव्ध भएका वडाहरु | संख्या | ११ | ११ | ११ | ११ | ११ | | |
| ७. २५०० ग्राम भन्दा कम जन्मतौल भएका शिशुहरु | प्रतिशत | ४ | ३ | २ | १ | १ | | |
| ८. नियमित रुपले ४ पटक पूर्व प्रसुति सेवा लिएका महिला | संख्या | ९४.९% | ९६ | ९७ | ९८ | ९९ | | |

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/०८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| ९. मातृ मृत्युदर (प्रति हजार जीवित जन्ममा | संख्या | २ | ० | ० | ० | ० | | |
| १०. प्रसुती सेवा उपलव्ध भएका स्वास्थ्य संस्थाहरु | संख्या | २ | २ | २ | २ | २ | | |
| ११. स्वास प्रस्वासको संक्रमणदर प्रति हजारमा | संख्या | ८९ | ७० | ६० | ५० | ४० | | |
| १२. भिटामिन ए प्राप्त गर्ने बालबालिकाहरु | प्रतिशत | ९७.२९ | ९८ | ९९ | ९९ | ९९ | | |
| १३. परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ५६.८६% | ५८ | ६० | ६२ | ७० | नगरपालिकाको वार्षिक प्रतिवेदन नगरपालिकाको प्रतिवेदन र HMIS जनस्वास्थ्य कार्यालय | अन्तर सरकार समन्वय र निजी क्षेत्र संग सहकार्यक भएको हुने |
| १४. कुल प्रजनन दर | प्रति महिला | २.०१ | २.०१ | २.०१ | २.०१ | २.०१ | | |
| १५. उच्च रक्तचाप नियन्त्रणका लागि औषधी सेवन गरेका (१५-४९) वर्ष माथिका महिला जनसंख्या | प्रतिशत | | | | | | | |
| १६. स्वास्थ्य वीमा गर्ने नागरिक | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | | |
| १७. नियमित औषधी सेवन गर्नुपर्ने दीर्घरोगीहरु | संख्या | | | | | | | |
| १८. वर्थिङ वार्ड उपलव्ध भएका स्वास्थ्य संस्था | संख्या | २ | २ | २ | २ | २ | | |
| १९. क्रियाशील महिला स्वास्थ्य स्वयम सेविका | संख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | | |
| २०. महामारी भाइरसको संक्रमण र आपतकालीन उपचारको अभावमा मृत्यूहुने | संख्या | ० | ० | ० | ० | ० | | |
| २१. नागरिक आरोग्य कार्यक्रम सञ्चालन | संख्या | ० | ० | ० | ० | १ | | |
| २२. योग ध्यान तथा वैकल्पिकप्राकृतिक चिकित्सा (आयुर्वेदिक होमीयो प्याथिक युनानी अकुपंचर ) उपचार पद्धती सञ्चालन गर्ने संस्था | संख्या | १ | १ | १ | १ | १ | | |
| २३. योग केन्द्र तथा व्यायामशाला | संख्या | ३ | ३ | ४ | ४ | ४ | | |

### ५.५.२.६. स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु

तालिका ६२ स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | नगरपालिका स्तरीय १५ सैयाको अस्पताल निर्माण तथा स्तरोन्नती | ३०० |
| २ | स्थानीय जनस्वास्थ्य प्रवर्द्धन गुरुयोजना निर्माण | ५० |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी मर्मत संभार | ३५० |
| ४ | वर्थिङ सेन्टर सेवा सुविधा वृद्धि गर्ने आवश्यक ठाउँमा वर्थिङ सेन्टर स्थापना गर्ने । | ३०० |
| ५ | गर्भवती तथा सुत्केरी महिलालाई पोशिलो झोला वितरण कार्यक्रम | २०० |
| ६ | महिला स्वास्थ्य स्वयम सेविकाहरुको क्षमता विकास तथा प्रवर्धन | २५० |
| ७ | जनशक्ति व्यवस्था र क्षमता अभिवृद्धि | २५० |
| ८ | आवश्यक स्वास्थ्य उपकरण खरीद | ५५० |
| ९ | पूर्व अस्पताल सुविधा सहितको एम्वुलेन्स संचालन | २०० |
| १० | मजदुर गर्भवती महिलाहरुको गर्भवीमा कार्यक्रम संचालन | ४०० |
| ११ | स्वास्थ्य बीमा कार्यक्रम (जेष्ठ नगारिकहरुलाइ निशुल्क ) | १८० |
| १२ | गाउँघर क्लिनिक स्वास्थ्य शिविर संचालन तथा जनचेतनामूलक कार्यक्रम | १५० |
| १३ | अतिविपन्न दलित महिला जेष्ठ नागरिक निशुल्क स्वास्थ्योपचार | १८० |
| | जम्मा | ३३६० |

### ५.५.३.खानेपानी तथा सरसफाई

### ५.५.३.१. संभावना तथा अवसर र समस्या चुनौती

नगरपालिकाको बस्तुस्थिति बिश्लेषण,विगतका प्रयास तथा उपलव्धीको पुनरावलोकन एवम् नगरपालिकाको भावी मार्गचित्र बारे सहाभागीतात्मक छलफलवाट पहिचान भएका संभावना,अवसर,समस्या तथा चुनौतीहरु देहाय अनुसार रहेकाछन

तालिका ६३ खानेपानी तथा सरसफाईः संभावना अवसर तथा समस्या र चुनौती

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ खानेपानी उपभोक्ता समितिहरुमार्फत खापा व्यवस्थापन गर्न सकिने ।<br>▪ खुल्ला क्षेत्रमा शौच गर्ने प्रवृती | ▪ श्रोतमा नै फोहोर वर्गीकरण गरी व्यवस्थापन गर्न |

| | |
|---|---|
| ▪ पानीको पहाडी मुहान वाट पनि पानी ल्याएर विस्तार गर्न सकिने ।<br>▪ २/४ स्थान वाहेक सवैतिर कलबाट पीउन योग्य पानी वितरण गर्न सकिने | ▪ परिवार स्तरमा फोहोर वर्गीकरण गरी व्यवस्थापन गर्न |
| सवल पक्ष | कमजोर पक्ष |
| ▪ २९.४२% घरधुरीमा पाइपको धारा पुगेको,६३.५५% घरधुरीमा ट्यूवेल गाडीएको छ वाँकी मध्ये २.६५ प्रतिशत घरधुरीमा सुरक्षित इनार र १.४३ प्रतिशत घरधुरी मुलको पानी खान्छन ।<br>▪ ९८.५% घरधुरीमा शौचालय भएको<br>▪ खानेपानी आयोजना पानीका मुहान संरक्षण कार्यक्रमहरु नियमित रुपमा भएको | ▪ फोहोर मैलाको व्यवस्थापन प्रभावकारी हुन नसक्नु<br>▪ प्लासटिक सिसि आदी फोहोर व्यवस्थापन नहुनु<br>▪ फोहोर संकलन तथा विसर्जनको व्यवस्था नहुनु<br>▪ |

**५.५.३.२. उदेश्य**

सुरक्षित खानेपानीमा नागरिकहरुको सहज पहुँचमा सुनिश्चितता गर्दै फोहोर मैलालाई व्यवस्थित गरि स्वच्छ र सफा वातावरण कायम गर्नु

**५.५.३.३. रणनीतिहरु**

१. स्वच्छ र सुरक्षित खानेपानीमा सवैको पहुँच वृद्धि गर्ने
२. व्यवस्थित सरसफाई र फोहोरमैलाको सुरक्षित विसर्जन
३. खानेपानी तथा सरसफाइ सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन

**५.५.३.४. कार्यनीतिहरु**

रणनीति अनुसारका कार्यनीतिहरु

**रणनीति**

स्वच्छ र सुरक्षित खानेपानीमा सवैको पहुँच वृद्धि गर्ने

**कार्यनीति**

- पानीका मुहानहरु संरक्षण गरी दिगो उपभोगका लागि लाभान्वित समुदायको सहाभागीतामा उपभोक्ता समिति वनाइ मुहान वरिपरि सरसफाइ तथा वृक्षारोपण गरिनेछ ।
- मुहान र खानेपानी संरचनाहरुको नियमित मर्मतसंहार स्तरोन्नती र वितरण प्रणालीलाई व्यावहारिक र व्यवस्थित वनाइनेछ ।

- परम्परागत पानीका श्रोतहरुको संरक्षण र दिगो व्यवस्थापन गर्दै थप सुविधा उपभोगका लागि विशेष जोड दिइनेछ।
- सार्वजनिक स्थल ,विद्यालय,स्वास्थ्य संस्थाहरुमा नियमित खानेपानीको व्यवस्था मिलाइनेछ ।
- स्थानीय गैह्र सरकारी संस्था लगायतका संस्थाहरुको समन्वय सहकार्य एवम जवाफदेहितामा खानेपानी तथा सरसफाइ सम्वन्धी कार्यक्रम प्रभावकारी ढंगवाट कार्यान्वयन गरिनेछ ।

**रणनीति**

व्यवस्थित सरसफाई र फोहोरमैलाको सुरक्षित विसर्जन

**कार्यनीति**

- फोहोरलाई न्यूनीकरण,पुन प्रयोग,प्रशोधन जस्ता विधिवाट श्रोतमै फोहोर व्यवस्थापन गर्दै स्थानीय ससाना बजारहरुलाई प्लास्टिक मुक्त,धुवा मुक्ता क्षेत्र वनाइनेछ
- स्वास्थ्य तथा सरसफाइका लागि प्रभावकारी ढंगवाट कार्यान्वयन गर्न महिला समूहहरु निर्माण गरि परिचालन गरिनेछ
- एकघर एकधारा र एक शौचालयको नीति अवलम्वन गरिनेछ
- अति विपन्न एवम सिमान्तकृत वर्गको श्रम लागत सहाभागीतामा घरघरमा खानेपानी र चर्पी निर्माणलाई व्यवस्थित गर्दै लगिनेछ
- नगरपालिका कार्यालय, बजार क्षेत्र,स्वास्थ्य चौकी तथा विद्यालय क्षेत्र भित्र डस्टवीन राखी फोहोर मैला संकलनलाई व्यवस्थित गरिनेछ
- सार्वजनिक स्थलमा सार्वजनिक शौचालय वनाइनेछ
- विद्यालय तथा स्वास्थ्य संस्थाहरुवाट निस्केको फोहोरलाई निश्चित ठाउँमा विसर्जन गरिनेछ

**रणनीति**

व्यवस्थित सरसफाई र फोहोरमैलाको सुरक्षित विसर्जन

**कार्यनीति**

- खानेपानी तथा सरसफाइ संग सम्वन्धित स्थानीय नीति,कानुन,मापदण्ड तथा योजना कार्यान्वय गरिनेछ र आयोजनाहरुको अनुगमन तथा नियमन गर्न आवश्यक संयन्त्र निर्माण गरिनेछ
- अनुगमन तथा मुल्याङ्कनमा उत्कृष्ट ठहरिएका समूहहरुलाई पुरस्कार तथा प्रोत्साहन दिने, नगरपालिकाका अन्य जिम्मेवारी प्रदानमा पहिलो प्राथमिकतामा राखिनेछ
- मर्मत संभारका विशेष नीति तयार गरिनेछ

### ५.५.३.५. खानेपानी तथा सरसफाई सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

**तालिका ६४ खानेपानी तथा सरसफाइ सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान**

| नतिजा सूचक | इकाई | आधार वर्ष | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | ०७९/८० | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| खानेपानी सेवावाट लभावन्वित जनसंख्या (पाइप) | प्रतिशत | २९.४२% | ३५ | ४० | ४५ | ५० | जनगणना प्रतिवेदन २०७८ | |
| **प्रतिफलहरु** | | | | | | | | |
| १. सुरक्षित खानेपानीमा पहुँच भएका जनसंख्या | प्रतिशत | ९५.६२% | ९६ | ९७ | ९८ | ९९ | नगरपालिकाको वार्षिक प्रगती प्रतीवेदन | अन्तर सरकार समन्वय भएको हुने<br><br>घरधुरी र गैह्र सरकारी संस्था संग सहकार्य भएको हुने |
| २. निजि धारा उपलव्ध भएका घरधुरी | प्रतिशत | २९.४२% | ३५ | ४० | ४५ | ५० | | |
| ३. कलको पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | ६३.५५% | ६४ | ६४ | ६४ | ६४ | | |
| ४. सुरक्षीत इनार तथा मुलकोपानी उपयोग गर्न घरधुरी | प्रतिशत | ४.०७ | ४.०७ | ४.०७ | ४.०७ | ४.०७ | | |
| ५. शौचालय भएका घरधुरी | प्रतिशत | ९८.५ | ९९ | ९९ | ९९ | ९९ | | |
| ६. पक्की शौचालय (वाटरसील चर्पी) भएका घरधुरी | प्रतिशत | ७४.५ | ७७ | ७९ | ८२ | ८४ | | |
| ७. खाल्डे चर्पी भएका घरधुरीहरु | प्रतिशत | २३.८ | २१.३ | १९.३ | १६.३ | १३.३ | | |
| ८. फोहोर खेलाएपछि सावुनपानीले हातधुने जनसंख्या | प्रतिशत | ५२ | ५५ | ६० | ६५ | ७० | | |
| ९. सार्वजनिक शौचालयहरु | संख्या | ३ | ३ | ४ | ४ | ४ | | |
| १०. फोहोर वर्गिकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | २ | ६ | १० | १३ | १५ | | |

### ५.५.३.६. खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रमहरु

**तालिका ६५ खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रमहरु**

| क स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | खानेपानी मुहान तथा श्रोत संरक्षण मर्मत संभार र स्तरोन्नती | ४० |
| २ | खानेपानी योजना संचालन तथा मर्मत | ० |
| | सनिश्चरे वजारमा स्नान गृह सहितको सार्वाजानिक शौचालय निर्माण | १०० |
| | खुदुनावारी अर्जुनधारा खानेपानी  आयोजनाको स्तरोन्नती  तथा विस्तार | २५० |
| | सनिश्चरे खानेपानी आयोजना स्तरोन्नती तथा विस्तार | २५० |
| | वेलटार खानेपानी आयोजना स्तरोन्नती तथा विस्तार | २५० |
| | कैदले  खानेपानी आयोजना स्तरोन्नती तथा विस्तार | २५० |
| | सेतीपानी सालवारी खानेपानी    आयोजना | २५० |
| | बुद्धशान्ति शाना सहरी खानेपानी योजना | २५० |
| | लक्ष्मीपुर खानेपानी आयोजना | २५० |
| ३ | विपन्न परिवार ट्यूवेल वितरण कार्यक्रम | २०० |
| ४ | विपन्न परिवार शौचालय निर्माण कार्यक्रम | २०० |
| ५ | फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र | ३०० |
| ६ | गैसस लगायतका संस्थाहरुसंग समन्वय तथा सहकार्य | ५० |
| ७ | फोहोर व्यवस्थापन गर्ने ठाँउ तयारी | १०० |
| | जम्मा | २७४० |

### ५.५.४.लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

### ५.५.४.१. संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धीको पुनरावलकोन एवम नगरपालिकाको भावी मार्गचित्र वारे सहाभागीतात्मक छलफलवाट पहिचान भएका संभावना,अवसर,समस्या तथा चुनौतिहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

**तालिका ६६ लक्षित वर्ग तथा सामाजिक समावेशीकरणःसंभावना अवसर तथा समस्या र चुनौती**

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ लक्षित विकास कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न सकिने | ▪ गरिवी मापनका सुचकहरु निर्धारण गर्न<br>▪ लैङ्गिक हिंसा छुवाछूतका घटनाहरु नियन्त्रण गर्न |

| | |
|---|---|
| ▪ महिला सञ्जाल,आमा समूहहरु मार्फत रोजगारी तथा क्षमता विकासका कार्यक्रम संचालन गर्न सकिने<br>▪ लक्षित विकास कार्यक्रममा दातृ निकायको सहयोग प्राप्त गर्न सकिने<br>▪ बालक्लव अपाङ्ग क्लवहरु क्रियाशील रहेकोले आवश्यक क्षेत्रमा परिचालन गर्न सकिने<br>▪ वाल मैत्री महिला मैत्री तथा अपाङ्ग मैत्री मोडलहरु संचालन गर्न सकिने<br>▪ युवा कर्मचारीहरुको वाहुल्यता रहेको हुनाले विशेष कार्यक्रम संचालन गर्न सकिने | ▪ लक्षित मैत्री कानुन हरु निर्माण गर्न र कार्यान्वयन गर्न<br>▪ अपाङ्गता भएका हरुको स्वरोजगारिता सृजना गर्न<br>▪ महिला साक्षरता अभिवृद्धि गर्न<br>▪ महिलाहरुको गुणात्मक क्षमता विकास गर्दै निर्णायक तहमा उनीहरुको अर्थपुर्ण सहाभागीता बृद्धि गर्न<br>▪ जेष्ठनगारिकहरुको सम्मानार्थ विशेष कार्यक्रम संचालन गर्न<br>▪ वैदेशिक रोजगारी तथा अध्ययनले गर्दा घरमा एक्लिदै गएका वृद्ध वृद्धाहरुको व्यवस्थापन गर्न |
| सवल पक्ष | कमजोर पक्ष |
| ▪ महिलाहरुका व्यवहारिक तथा रणनैतिक आवश्यकता परिपुर्ती गर्न सीप विकास तालिमहरु संचालन भएको<br>▪ रोजगारी पेशा व्यवसायमा महिला उपस्थिति राम्रो<br>▪ महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको<br>▪ लैङ्गिक हिंसा निवारण कोष स्थापना भएको<br>▪ बालक्लव संचालन तथा वालवलिका सशक्तिकरण लागि क्षमता विकास कार्यक्रम संचालन<br>▪ निर्णायक तहमा महिलाहरुको सहाभागीता रहेको महिला सशक्तिकरण भएको<br>▪ कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागीता ३३ प्रतिशत भन्दा वढी रहेको | ▪ सार्वजनिक भवन एवम पूर्वाधारहरु वृद्ध वाल एमव अपाङ्ग मैत्री हुन नसक्नु<br>▪ लक्षित वर्गका लागि तोकिएको बजेट नयून हुनु<br>▪ जेष्ठ नागरिक हेरचाह केन्द्र सञ्चालन नहुन<br>▪ विपन्न वर्ग दलित हरुको आर्थिक सामाजिक स्तरोन्नती सम्वन्धी स्वरोजगारीमूलक कार्यक्रमहरु कार्यान्वयन नहुनु<br>▪ महिलाहरुमा उद्यमशिलता विकासका लागि क्षमता अभिवृद्धि अनुदान,सहुलियत दरमा ऋण व्यवस्था नहुनु<br>▪ कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागु नभएको ।<br>▪ आधारभूत खण्डीकृत सूचना तथ्याङ्क संकलन तथा अद्यावधिक नभएको |

**५.५.४.२. उदेश्य**

महिला,वालवालिका, जेष्ठ नगारिक, दलित, अपाङ्गता भएका व्यक्ति,सिमान्तकृत एवम अति विपन्न बर्ग समुदायको क्षमता विकास सशक्तिकरण र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितता,बर्गीय तथा जातीय विभेदको अन्त्य गर्दै निर्णय तथा नेतृत्व तहमा पहुँच अभिवृद्धि गरी सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्नु

**५.५.४.३. रणनीति**

१. महिला सशक्तिकरण र समावेशीकरणमा जोड दिन

२. बालबालिकाको संरक्षण र सार्वजनिक तहलाई बाल मैत्री बनाउने

३. जेष्ठ नगारिकहरुको सम्मान र संरक्षण गर्ने

४. अपाङ्गगता भएका नागरिकहरुको संरक्षण र सशक्तिकरण गर्ने

५. दलित समुदायको सशक्तिकरण गर्ने

६. लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**५.५.४.४. कार्यनीतिहरु**

रणनीति अनुसारका कार्यनीतिहरु

**रणनीति**

महिला सशक्तिकरण र समावेशीकरणमा जोड दिन

**कार्यनीति**

- महिला संगठन समूह तथा सञ्जालहरुको विकास विस्तार र सशक्तिकरण गर्दै यस्ता संस्थाहरुको प्रभावकारी प्रतिनिधित्व सवै क्षेत्रमा गराइनेछ
- लैङ्गिक हिंसा बाट पिडित  महिलाहरुको संरक्षणका लागि अल्पकालीन वा दीर्घकालीन सेवा केन्द्रहरु स्थापना गर्दै मनोसामाजिक विमर्श उपचार एवम कानुनी सहयता उपलव्ध गराइनेछ
- कार्यस्थलमा हुने लैङ्गिक तथा यौनिक हिंसा,छुवाछूत एवम विभेदपूर्ण ज्यालादर लगायत सवै प्रकारका अन्याय र हिंसालाई  निरुत्साहित र दण्डित गर्न स्थानीय कानून वनाई कडाईका साथ लागू गरी नगरपालिकालाई महिला हिंसा मुक्त वनाइनेछ
- सीप विकास एवम उद्यमशीलता तालिम वाट रोजगारी,स्वरोजगारी  तथा आयआर्जनका अवसरहरु सृजना गर्दै महिलाहरुलाई आर्थिक रुपमा सक्षम र सवल वनाइनेछ ।
- महिला सहकारी संस्थाको क्षमता विकास सहित विउ पुँजी कोष स्थापना गरिनेछ
- लैङ्गिक उत्तरदायी बजेट र परीक्षण प्रणाली अवलम्वन गरि महिला सशक्तिकरण गरिनेछ

- वार्षिक योजना तर्जुमा गर्दा महिला समावेशीकरण लाई विशेष जोड दिइनेछ

**रणनीति**

बालबालिकाको संरक्षण र सार्वजनिक तहलाई बाल मैत्री बनाउने

**कार्यनीति**

- विद्यालय,संचार क्षेत्र लगायत अन्य सरोकारवालासंग समन्वय गरी वालवालिका तथा किशोर किशोरी माथि हुने दुर्व्यवहार,हिंसा,भेदभाव,बालशोषण,बालश्रम बेचविखनको अन्त्य गरिनेछ
- बाल सहाभागिता,बालविकास,बाल बचाउ,बाल संरक्षणका लागि नगरपालिका लगायतका सवै सार्वजनिक कार्यालयहरुमा नीतिगत व्यवस्था गरी सोही अनुसार बार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दै संस्थागत विकास गरिनेछ
- नगरपालिकाको बार्षिक नीति कार्यक्रम विकासका चरणहरुमा वालवालिकाको सहाभागितालाई अर्थपूर्ण वनाइनेछ ।
- बालक्लव वाल संजालको क्षमता अभिवृद्धि गर्दै विभिन्न समितिहरुमा हुने बाल प्रतिनिधित्वलाई प्रभावकारी वनाइनेछ ।
- कानुनी विवाद परेका बालबालिकाका लागि बाल सुधार गृह सञ्चालन गरी संरक्षण गरिने र अनाथ अति विपन्न बालबालिकाहरुको शिक्षा स्वास्थ्यमा पहुँचको व्यवस्था मिलाइनेछ
- संविधानमा भएका वाल अधिकारको वारेमा अभिमुखीकरण गरी जनचेतना अभिवृद्धि गरिनेछ
- बालवालिकाको शारिरिक र मानसिक विकासका लागि आवश्यक सवै पक्षहरुको व्यवस्था गरी प्रतिभावान सभ्य नागरिक वनाउन सहयोग गरिनेछ ।

**रणनीति**

जेष्ठ नगारिकहरुको सम्मान र संरक्षण गर्ने

**कार्यनीति**

- जेष्ठ नगारिकका ज्ञान,सीप र अनुभवहरु नीति निर्माणमा उपयोगी हुने र भावी पुस्ताहरुका लागि मार्गदर्शन हुनसक्ने भएकोले त्यस्ता ज्ञान अनुभवहरुललाई पुस्तान्तरण गर्ने वातावरण सृजना गरिनेछ
- हिंसा, दुर्व्यवहार,भेदभावमा परेका मानसिक तनावमा परेका,अशक्त,घरवार विहिन विपन्न जेष्ठ नगारिक हरुको संरक्षणका लागि स्थानीय गैह्र सरकारी संस्थाहरु संथको सहकार्यमा वृद्धाश्रम स्थापना र संचालन गरिनेछ ।

- जेष्ठ नागरिकलाई परिवार भित्रै सम्मान पुर्वक रहन सक्ने वनाउन आवश्यक नीति वनाइनेछ
- जेष्ठ नगारिक सम्मान कार्यक्रम निशुल्क स्वास्थ्य बीमा स्वास्थ्य जाँच लागायत संविधान र अन्य कानुनहरुमा भएका प्रावधानहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ
- उपयुक्त स्थान छनौट गरी सुविधा सम्पन्न जेष्ठ नगारिक भवन निर्माण गरी दिवा सेवा कार्यक्रम संचालन गरिनेछ । जेष्ठ नगारिकको स्वास्थ्य जाँच तथा आवश्यक व्यायाम गर्न मिल्लेन गरि व्यवस्था गरिनेछ

**रणनीति**

अपाङ्गता भएका नागरिकहरुको संरक्षण र सशक्तिकरण गर्ने

**कार्यनीति**

- उपयुक्त हुने सीप विकास एवम उद्यमशिलता तालिम प्रदान गरी अपाङ्गता भएका नागरिकहरुको क्षमता अभिवृद्धि गर्दै स्वरोजगार एवम आयआर्जनका अवसरहरु सृजना गर्न सहयोग गरिनेछ आधारभूत शिक्षा,स्वास्थ्य सेवा लगायत ऐन कानुनद्वारा व्यवस्था गरिएको सवै प्रकारका सेवा सुविधाहरु प्रदान गर्दै अपाङ्गता भएका नागरिकको जीवनयापन सहज वनाइनेछ
- अपाङ्गता भएका व्यक्तिहरु विशेष गरी वहिरा र दृष्टिविहिन हरुका लागि विद्यालयहरु संग समन्वय गरी त्यस्तो शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- नगरपालिकाको नीति कार्यक्रम तथा कानुन निर्माणमा अपाङ्गता भएका व्यक्तिको सहाभागिता सुनिश्चित गर्नकालागि समिति गठन गरी प्रतिनिधित्व गराइनेछ ।

**रणनीति**

दलित समुदायको सशक्तिकरण गर्ने

**कार्यनीति**

- सीप विकास एवम उद्यमशीलता तालिम कार्यक्रम हरु संचालन गरी दलित समुदायको क्षमता अभिवृद्धि गर्दै रोजगार एवम आयआर्जनका अवसरहरु सृजना गर्न सहयोग गरिनेछ
- दलितहरुको परम्परागत सीप र दक्षताको उपयोग गरिनेछ ।
- नगरपालिका सरकार संचालनमा दलितको प्रतिनिधित्व सुनिश्चित भएपनि थप सशक्तिकरण गरी मूल प्रवाहमा ल्याइनेछ
- नगरपालिकालाई छुवाछूत मुक्त वनाउन विशेष कार्यक्रमहरु संचालन गरिनेछ
- विपन्न दलित समुदाय भएका स्थानलाई प्राथमिकतामा राखी सडक वत्ती जस्ता पूर्वाधारहरु निर्माण गरिनेछ ।

**रणनीति**

लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**कार्यनीति**

- लक्षित वर्ग तथा सामाजिक समावेशीकरण मूल प्रवाहीकरण गर्दै लक्षित समुदायको सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्वन्धी स्थानीय नीति,कानुन,योजना,कार्यान्वय का क्षेत्रहरुमा नियमन गरिनेछ ।
- आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला,बालबालिका,दलित,अपाङ्गता भएका व्यक्ति, जेष्ठनगारिक,अल्पसंख्यक,सीमान्तकृत, समुदायको अभिलेअ तथा खण्डीकृत तथ्याङ्क राखी सामाजिक र आर्थिक उत्थान कार्यक्रम लागु गरिनेछ
- नगरपालिकाको नीति निर्माण,निर्णयप्रकृया र विकासका सवै गतिविधिहरुमा सवै लक्षित वर्गको अनिवार्य प्रतिनिधित्व र सहाभागिता बृद्धि गरिनेछ

### ५.५.४.५. लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

तालिका ६७ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

| नतिजा सूचक | इकाई | आधार वर्ष | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | ०७९/८० | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| स्थानीय समिति तथा संरचनाहरुको नेतृत्वदायी पदमा महिला तथा अन्य लक्षित वर्गको प्रतिनिधित्व | प्रतिशत | ४२ | ४२ | ४२ | ४२ | ४२ | | |
| **प्रतिफलहरु** | | | | | | | | |
| १. औषत आयू | वर्ष | ६९.७ | ६९.७ | ७० | ७० | ७१ | नगरपालिकाको वार्षिक प्रगती प्रतिवेदन<br>VERSPMIS | तिनै तहको सरकार<br>निजी क्षेत्र सामुदायिक संस्थाहरु<br>गैसस नागारिक समाज संग समन्वय र सहकार्य |
| २.रोजगारी पेशा व्यवसायमा महिलाको उपस्थिति | प्रतिशत | ३०.२% | ३२ | ३५ | ४० | ४० | | |
| ३.रोजगारी पेशा व्यवसायमा दलितको उपस्थिति | प्रतिशत | ४.५% | ७ | १० | १२ | १५ | | |
| ४.निर्वाचित महिला जनप्रतिनिधि | प्रतिशत | ४०.३५% | ४०.३५ | ४०.३५ | ४०.३५ | ४०.३५ | | |
| ५.निर्वाचित दलित जनप्रतिनिधिहरु | प्रतिशत | २१.०५% | २१.०५ | २१.०५ | २१.०५ | २१.०५ | | |
| ६. महिला साक्षरता दर | प्रतिशत | ७९.६ | ८० | ८२ | ८४ | ८५ | | |
| ७. पुरुष साक्षरता दर | प्रतिशत | ८९.७ | ९० | ९२ | ९४ | ९५ | | |
| ८. असहाय असक्त वेवारीसे जेष्ठ नागरिकको संख्या | संख्या | ० | ० | ० | ० | ० | | |
| ९. सरकारवाट सञ्चालित जेष्ठ नागरिक हेरचाह केन्द्र दिवा सेवा केन्द्रवा क्लव वाट लाभान्वित जेष्ठ नागरिक | संख्या | ० | ० | ० | १००० | १००० | | |
| १०. सामाजिक सुरक्षा बाट लाभान्वित जेष्ठ नागरिक (Automatic बढ्ने घट्ने ) | संख्या | ४७७२ | ४७७२ | ४७७२ | ४७७२ | ४७७२ | | |

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| ११. सामाजिक सुरक्षा बाट लाभान्वित एकल महिला | संख्या | ५९१ | ५९१ | ५९१ | ५९१ | ५९१ | | |
| १२. सामाजिक सुरक्षा बाट लाभान्वित दलित नगारिक | संख्या | ३६३ | ३६३ | ३६३ | ३६३ | ३६३ | नगरपालिकाको वार्षिक प्रगती प्रतिवेदन<br>VERSPMIS | तिनै तहको सरकार<br>निजी क्षेत्र सामुदायिक संस्थाहरु<br>गैसस नगारिक समाज संग समन्वय र सहकार्य |
| १३. सामाजिक सुरक्षा बाट लाभान्वित अपाङ्गता भएका | संख्या | ५७२ | ५७२ | ५७२ | ५७२ | ५७२ | | |
| १४. सामाजिक सुरक्षावाट लाभान्वित विद्यवा | संख्या | १००९ | १००९ | १००९ | १००९ | १००९ | | |
| १५. सामाजिक सुरक्षाबाट लाभान्वित दलित वालवालिका | संख्या | ४२३ | ४२३ | ४२३ | ४२३ | ४२३ | | |
| १६. सामाजिक सुरक्षाबाट लाभान्वित लोपोन्मुख जाती | संख्या | ४०७ | ४०७ | ४०७ | ४०७ | ४०७ | | |
| १७. महिलाको नाममा जग्गा हुने घरधुरी | संख्या | २६६५ | २८०० | ३००० | ३००० | ३२०० | | |
| १८. घर व्यवहार तथा कारोवार सम्वन्धी निर्णयमा महिला सहभागी हुनेपरिवार | प्रतिशत | ३५.०६% | ३५.०६ | ३५.०६ | ३५.०६ | ३५.०६ | | |
| १९. महिलाको नाममा घर र जग्गा दुवै हुने परिवार | संख्या | ४२४५ | ४४०० | ४५०० | ४७०० | ५००० | | |
| २०. महिलाको नाममा घर हुने परिवार | संख्या | २६१ | ३०० | ४५० | ५०० | ६०० | | |
| २१. व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | १२४१ | १३०० | १४०० | १६०० | १८०० | | |
| २२. व्यवसायिक सीपमूलक तालिम प्राप्त यौनिक तथा लैङ्गक अल्प संख्यक | संख्या | ० | ० | ० | ० | ० | | |

| नतिजा सूचक | इकाई | आधार वर्ष | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | ०७९/८० | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| २३. व्यवसायिक सीप तथा क्षमता भएका अपाङ्गता | संख्या | ८२ | १० | १५० | २०० | ३०० | | |
| २४. मोवाइल फोन तथा इन्टरनेट सुविधा प्रयोग गर्ने प्रजनन उमेरका (१५देखि ४९ वर्ष) का महिला | संख्या | ९७.५% | ९८ | ९९ | ९९ | ९९.५ | | |
| २५. मोवाइल फोन तथा इन्टरनेट सुविधा प्रयोग गर्ने प्रजनन उमेरका (१५देखि ४९ वर्ष) का पुरुष | प्रतिशत | ९७.५% | ९८ | ९९ | ९९ | ९९.५ | | |
| २६. मोवाइल तथा इन्टरनेट सुविधा प्रयोग गर्ने दलित जनसंख्या | संख्या | ९७.५% | ९८ | ९९ | ९९ | ९९.५ | | |
| २७. लैङ्गिक हिंसा र छुवाछुत सम्वन्धी घटना (वार्षिक ) | संख्या | ० | ० | ० | ० | ० | | |
| २८. हिंसा प्रभावित हरुलाई दिइने क्षतिपुर्ती प्राप्त गर्ने महिला | संख्या | ० | ० | ० | ० | ० | नगरपालिकाको वार्षिक प्रगती प्रतिवेदन<br>VERSPMIS | तिनै तहको सरकार<br>निजी क्षेत्र सामुदायिक संस्थाहरु |
| २९. बहु विवाह दर | प्रतिशत | ० | ० | ० | ० | ० | | |
| ३०. हिंसा पीडित महिलाको मनोसामाजिक परामर्श उद्धार राहत र कानूनी उपचारका लागि कानूनी उपचार केन्द्र | संख्या | ० | ० | ० | १ | १ | | |
| ३१. बाल विवाह (कुल विवाहित संख्या को ) | प्रतिशत | २२.९८% | २२ | २१ | २० | १९ | | |
| ३२. बालबालिका विरुद्ध हुने हिंसा बेच विखन दुर्व्यवहार घरेलु हिंसाआदि घटना | संख्या | ० | ० | ० | ० | ० | | |

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| ३३. वालश्रम तथा शोषण रहेका बालबालिका | संख्या | ० | ० | ० | ० | ० | | गैसस नगारिक समाज संग समन्वय र सहकार्य |
| ३४. असहाय बेसहारा तथा आश्रय विहीन बालबालिका | संख्या | ० | ० | ० | ० | ० | | |
| ३५. ह्वील चेयर प्रयोग गर्नु पर्ने अपाङ्गता (पूर्ण अपाङ्गता भएका) | संख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | | |
| ३६. अपाङ्ग Help desk को व्यवस्था भएका कार्यालयहरु | संख्या | ० | १ | १ | २ | ५ | | |
| ३७. वेचविखनमा परेका वालिका तथा किशोरीहरु | संख्या | ० | ० | ० | ० | ० | | |
| ३८. विवाह नभई वच्चा जन्माएका कुमारी आमाहरु | संख्या | ० | ० | ० | ० | ० | | |
| ३९. सुरक्षित महिनावारीको साधन प्रयोग गर्ने किशोरीहरु | प्रतिशत | ८२% | ८५ | ८८ | ९० | ९२ | | |
| ४०. वोक्सीको आरोपमा पिडित महिला | संख्या | ० | ० | ० | ० | ० | | |
| ४१. दाइजो नल्याएका कारण यातना पिडित महिला | संख्या | ० | ० | ० | ० | ० | | |
| ४२. सम्वन्ध विच्छेद भएका घटना | संख्या | ० | ० | ० | ० | ० | | |
| ४३. लैगीक तथा जातीय हिसाका कारण आत्महत्या गर्ने संख्या | संख्या | ० | ० | ० | ० | ० | | |

### ५.५.४.६. लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्वन्धि कार्यक्रमहरु

**तालिका ६८ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्वन्धी कार्यक्रमहरु**

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | लक्षित वर्गको सामाजिक¸आर्थिक¸राजनीतिक क्षेत्रका विविध विषयमा क्षमता विकास कार्यक्रम गर्ने | १८० |
| २ | सामाजिक क्षेत्रका सवै पक्षहरुका वारेमा जनचेतना अभिमुखीकरण गर्ने | १३५ |
| ३ | लक्षित वर्ग कानुनी परामर्श तथा सहायता केन्द्र स्थापना | १२० |
| ४ | सीप विकास तथा उद्यमशीलता तालिम, बजार व्यवस्थापन र अनुदान व्यवस्था | १५० |
| ५ | सेनिटरी प्याड प्रवर्द्धन तथा वितरण कार्यक्रम | ९० |
| ६ | पुनर्सथापना केन्द्र महिला तथा जेष्ठ नगारिक सामुदायिक भवन निर्माण | ९८ |
| ७ | हिंसापिडित महिला सहयोग कार्यक्रम । अल्पकालीन र दीर्घकालीन सेवाकेन्द्र स्थापना । | १५० |
| ८ | हिंसापिडित महिलाहरुकालागि मनोसामाजिक विमर्श उपचार एवम कानूनी सहयाता | १०० |
| ९ | कानूनी विवादमा परेका तथा दुर्व्यसनीमा फसेका वालवालिकाको लागि वाल सुधार गृह संचालन गर्ने । | १२० |
| १० | महिला सहकारी संचालनका लागि तालिम तथा बीउपुँजी कोष स्थापना | १५० |
| ११ | लक्षित वर्गकालागि सीप विकास तथा क्षमता विकास कार्यक्रम | १५० |
| १२ | जेष्ठनागरिकहरुका लागि निशुल्क स्वास्थ्य परीक्षण तथा औषधी वितरण | १५० |
| १० | महिला स्वास्थ्य स्वयम सेविकाहरुको लागि क्षमता विकास तथा प्रोत्साहन | ९० |
| ११ | महिलाको पाठेघर खस्ने समस्याका लागि सचेतना तथा सहयोग | ६० |
| १२ | बालमैत्री अपाङ्गमैत्री शौचालय¸मनोरञ्जन केन्द्र उद्यान¸खेलकुदमैदान ¸अध्ययन केन्द्र निर्माण | ६० |
| १३ | लक्षित वर्गको स्वास्थ्य सुधार पोषण स्वास्थ्य बीमा एवम सामाजिक सुरक्षा कार्यक्रम लक्षित वर्ग सम्बन्धी नीति रणनीति र सेवा सुविधाको मापदण्ड निधारण | ५३ |
| १४ | कानुनी विवादमा परेका तथा दुर्व्यसनीमा फसेका बालवालिकाहरुक लागि सुधार गृह संचालन | १८० |
| १५ | सुविधा सम्पन्न जेष्ठ नागरिक भवन निर्माण (पार्क सहित) | २२५ |

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १६ | लोपोन्मुख सिमान्तकृत जातीहरु (मेचे वृजा किसान लेप्चा सन्थाल मुण्डा)को जातीय रीतिरिवाज संरक्षण कार्यक्रम | ३०० |
| १७ | बहु सांस्कृतिक संग्रहालय निर्माण | ३०० |
| १८ | दुर्व्यसनीमा फसेका युवाहरुको लागि पुनर्स्थापना केन्द्र निर्माण | २२५ |
| | जम्मा | ३०८६ |

### ५.५.५.कला भाषा साहित्य र संपदा

सम्पदा भन्नाले मुख्य रुपमा दुई वटा पक्षहरुको विश्लेषण गरिन्छ अर्थात मुख्य रुपमा दुइ प्रकारका सम्पदा हुने गर्दछन । प्राकृतिक सम्पदा र साँस्कृतिक सम्पदा । प्राकृतिक र साँस्कृतिक दुवै हिसावले अर्जुनधारा नगरपालिका समृद्ध रहेकोछ ।

#### ५.५.५.१. संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धीको पुनरावलकोन एवम नगरपालिकाको भावी मार्गचित्र वारे सहाभागितात्मक छलफलवाट पहिचान भएका संभावना, अवसर,समस्या तथा चुनौतिहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

**तालिका ६९ भाषाकला साहित्य संपदा संरक्षण संभावना अवसर तथा समस्या र चुनौती**

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ यो नगरपालिकामा बाम्हण क्षेत्री मगर तामाङ लिम्वु लगायत विभिन्न मधेशी जातजातीहरुको वसोवास रहेकोछ छ । त्यसले गर्दा यहाँ वहुजातीय संस्कृतीलाई प्रवर्द्धन गर्न सकिन्छ ।<br>▪ धार्मिक पर्यटनकालागि यो नगरपालिका अग्र स्थानमा रहेकोछ<br>▪ प्राकृतिक रुपमा तराइको झर्ना हेर्न यो नगरपालिकामा आउनु पर्ने भएकोले यसको प्रवर्द्धन गर्न सकिने ।<br>▪ | ▪ शहरीया तथा पश्चिमा शैलिको आगमन संगै परम्परागत नेपाली पन लाई टिकाइ राख्न<br>▪ परम्पारगात रुपमा पुस्तक लेख्ने लेखकहरु ओझेलमा पर्दै जानु ।<br>▪ टिकटक फेसवुक युटुव जस्ता सामाजिक सञ्जाल चलाउन नसक्ने /नजान्ने पुराना प्रतिभाहरुलाई मूल धारमा ल्याउन ।<br>▪ अल्प संख्यक धेरै जातजातीहरु भएको यो नगरपालिकामा वहुजातीय एकता कायम राख्न |
| सवल पक्ष | कमजोर पक्ष |

| | |
|---|---|
| ▪ यो नगरपालिकामा मगर  तथा नेपाली भाषा बोल्ने गरेता पनि सवैको सहअस्तित्व स्वीकार गरिएकोछ ।<br>▪ सवै जातीले सवैको सम्मान गर्ने गरेको पाइन्छ<br>▪ नेपाली परम्परागत पोसाक र प्रचलनमा रहेका पछिल्ला लुगाहरु  लगाइन्छ<br>▪ सवै चाड पर्वहरु धुमधामका साथ मनाइन्छ<br>▪ अधिकांश जनसंख्या हिन्दु धर्मावलम्वी रहेको हुनाले धार्मिक एकता रहेको | ▪ परमपरागत सनातन धार्मिक गतिविधिहरुमा विस्तारै पश्चिमा शैलि देखिनु<br>▪ पुस्तक पढ्ने वानीको विकास हट्दै जाँनु<br>▪ पछिल्लो समय सामाजिक संजालमा वढी लाग्नु<br>▪ कला भाषा साहित्यको खोजी कम हुनु ।<br>▪ प्रविधि मैत्री हुन नसक्दा कैयौ लेखक तथा साहित्यकारहरु छायाँमा पर्दै जानु । |

**५.५.५.२. उदेश्य**

स्थानीय परम्परागत भाषा, कला, मठ मन्दिर, चाडपर्वहरुको संरक्षण र प्रवर्द्धन गर्ने ।

**५.५.५.३. रणनीतिहरु**

१. मठ मन्दिर तथा चाडपर्वहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने

२. यो नगरपालिकामा वोलिने भाषा हरुको संरक्षण गर्ने

३. यो नगरपालिका भित्रका प्राकृतिक सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गर्ने

**५.५.५.४. कार्यनीति**

**रणनीति**

मठ मन्दिर तथा चाडपर्वहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने

**कार्यनीति**

- स्थानीय सवै प्रकारका मठ मन्दिरहरुमा आवश्यकीय भौतिक संरचनाहरु तयार गर्ने
- आवश्यकता अनुसार सडक निर्माण तथा पदयात्राका लागि बाटोहरु निर्माण गर्ने
- मन्दिर तथा अन्य स्थानमा रहेका शिलालेखहरुको संरक्षण गर्ने
- पुरातत्व विभाग संग समन्वय गरी  आवशयक उत्खननका कामहरु गर्ने
- आवश्यक नीति नियम हरु वनाउने ।

**रणनीति**

यो नगरपालिकामा वोलिने भाषा हरुको संरक्षण गर्ने

**कार्यनीति**

- यो नगरपालिकामा वोलिने सवै भाषाहरुको खोजी गरिनेछ
- भाषाभाषी हरुको संरक्षणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ

**रणनीति**

नगरपालिका भित्रका प्राकृतिक सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गर्ने

**कार्यनीति**

- यो नगरपालिकामा प्राकृतिक सम्पदाहरु को सुची तयार गरिनेछ ।
- सहकाले झर्ना कैदले हचुमासा नमूना वन जस्ता पर्यटकीय प्राकृतिक सम्पदाहरुको संरक्षण गरिनेछ ।

### ५.५.५.५. तर्कसंगत खाका

भाषा कला साहित्य र संपदा संरक्षणमा हालको अवस्था केहि नभेटिएको हुनाले समावेश गरिएको छैन

### ५.५.५.६. भाषा कला साहित्य र संपदा संरक्षण संग सम्वन्धि कार्यक्रमहरु

**तालिका ७० भाषा कला साहित्य र संपदा संरक्षण संग सम्वन्धी कार्यक्रमहरु**

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | नगरपालिका स्तरीय धार्मिक सम्पदा हरुको पहिचान र विश्लेषणका लागि समिति वनाएर अनुसन्धान गर्ने । | ८० |
| २ | भाषा कला साहित्य संरक्षण संग सम्वन्धित कृयाकलापहरु संचालन गर्ने | ६० |
| ३ | यो नगरपालिका का राष्ट्रिय व्यक्तित्व साहित्यकारहरुको वारेमा जीवनी प्रकाशन गर्ने | ३० |
| ४ | सहकाले झर्ना जाने पदमार्ग तथा झोलुङ्गेपुल निर्माण गर्ने | २५० |
| ५ | सामुदायिक वन क्षेत्र भित्र आवश्यक पदमार्ग तथा विश्रामस्थल निर्माण | १०० |
| | जम्मा | ५२० |

## ५.५.६.युवा तथा खेलकुद

### ५.५.६.१.संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धीको पुनरावलकोन एवम् नगरपालिकाको भावी मार्गचित्र वारे सहाभागितात्मक छलफलवाट पहिचान भएका संभावना, अवसर, समस्या तथा चुनौतीहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

**तालिका ७१ युवा तथा खेलकुद संभावना अवसर तथा समस्या र चुनौती**

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ नगरपालिकाको जनप्रतिनिधि तथा कर्मचरीहरुमा युवाको वाहुल्यता उच्च रहेको छ । | ▪ युवाहरुको आर्थिक सामाजिक क्षेत्रमा अर्थपुर्ण उपस्थिति अभिवृद्धि गर्न |

| | |
|---|---|
| ▪ खेलकुद तर्फ युवाको वढ्दो आकर्षण छ<br>▪ युवा स्वरोजगार जस्ता कार्यक्रम हरु संचालन हुनु<br>▪ राष्ट्रिय स्तरमा पनि खेलाडीहरु खेलवाट जीवन निर्वाह गर्न सक्ने अवस्था सृजना भएकोछ | ▪ शिक्षित वेरोजगार युवाहरुको व्यवस्थापन गर्न<br>▪ युवाहरुको विदेश पलायन लाई रोक्न<br>▪ लागु औषध दुर्व्यसनी घटाउन<br>▪ खेल तथा खेलाडीहरुलाई व्यवसायिक वनाउन |
| सवल पक्ष | कमजोर पक्ष |
| ▪ युवा क्लवहरु क्रियाशिल रहेका<br>▪ राष्ट्रिय तथा प्रदेशस्तरीय खेलाडीहरु प्रसस्त रहेको<br>▪ स्वरोजगार मूलक कृयाकालापमा युवाहरु लाग्नु<br>▪ खेलकुद का लागि केही मैदानको व्यवस्था भएको | ▪ बेरोजगार युवाहरुलाई अनुदान तथा सस्तो दरमा ऋण सुविधा उपलव्ध गराई रोजगारीमूलक कार्यक्रम संचालन हुन नसक्नु<br>▪ बैदेशिक रोजगारी वाट फर्केका युवाहरु स्वरोजगारीमा आवद्ध हुन नसक्नु<br>▪ सुविधा युक्त खेलमैदान तथा कवड हल नहुनु |

**५.५.६.२.उदेश्य**

युवाहरुमा उद्यमशीलता,व्यावसियकताको विकास तथा स्वरोजगारका अवसरहरु सृजना गर्दै आर्थिक क्रियाकलापमा मूलप्रवाहीकरण गर्दै खेलकुदको विकास गर्ने

**५.५.६.३.रणनीतिहरु**

१. युवाहरुको क्षमता अभिवृद्धि तथा उद्यमशीलता विकास गर्ने
२. विकास निर्माणमा युवाहरुको सहाभागिता अभिवृद्धि गर्ने
३. खेलकुद विकासका लागि पूर्वाधार निर्माण र संस्थागत विकास गर्ने

**५.५.६.४.कार्यनीतिहरु**

**रणनीति**

युवाहरुको क्षमता अभिवृद्धि तथा उद्यमशीलता विकास गर्ने

**कार्यनीतिहरु**

- क्षमता अभिवृद्धि कार्यक्रम मार्फत युवा उद्यमशिलता तथा स्वरोजगारीमा अभिवृद्धि गरिनेछ ।
- युवाका लागि सीप,प्रविधि,कर्जा, व्यवसाय परामर्श,बजार सुविधा सहित उद्यम विकास सम्वन्धी एकीकृत कार्यक्रम संचालन गरिनेछ
- बैदेशिक रोजगारीवाट हासिल गरेका दक्षता,सीप,अनुभव एवम पुँजीलाई सदुपयोगका लागि उपयुक्त वातावरण सृजना गर्दै औधोगिक व्यवसायिक क्षेत्रमा लगानी गर्न युवाहरुलाई प्रोत्साहित गरिनेछ

**रणनीति**

विकास निर्माणमा युवाहरुको सहाभागिता अभिवृद्धि गर्ने

**कार्यनीतिहरु**

- स्थानीय योजना तर्जुमा,कार्यान्वयन तथा नतिजा मापन प्रकृयामा युवाहरुको संलग्नता वृद्धि गर्न क्षमता अभिवृद्धि गरिनेछ ।
- युवा समूह,क्लव संजालको विकास, विस्तार, सुदृढिकरण क्षमता अभिवृद्धि गर्दै स्थानीय सरकार संचालनको विभिन्न क्षेत्रमा अर्थपूर्ण प्रतिनिधित्व एवम सहाभागीता गरिनेछ ।
- लागु औषध प्रयोग गर्ने युवाहरुको पुनर्स्थापना गर्न परामर्श तथा पुनर्स्थापना केन्द्रहरु संचालन गरिनेछ

**रणनीति**

खेलकुद विकासका लागि पूर्वाधार निर्माण र संस्थागत विकास गर्ने

**कार्यनीतिहरु**

- युवाहरुको शारिरीक र मानसिक विकासका लागि सानो उमेर देखि नै अभ्यस्त गराउदै खेल सस्कृतिको विकास गरिनेछ
- खेलकुद विकासका लागि आवश्यक पूर्वाधारहरु विद्यालय,वस्ती,वडाहरुमा संगै नगरपालिका स्तरीय खेलमैदान निर्माण गरिनेछ
- खेलकुदमा महिला सहाभागिता वढाउन महिला खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ
- स्थानीय स्तरका खेलकुद प्रशासन तथा संघ संस्था संग समन्वय गरी आवश्यक नीति नियम कार्यविधिहरु निर्माण गरिनेछ ।

### ५.५.६.५. यूवा तथा खेलकुद सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

**तालिका ७२ युवा तथा खेलकुद सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान**

| नतिजा सूचक | इकाई | आधार वर्ष | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | ०७९/८० | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| उद्योग व्यापार व्यवसाय तथा खेलकुदमा युवाहरुको आवद्धता | प्रतिशत | ३२% | ४० | ४३ | ४५ | ५० | | |
| **प्रतिफलहरु** | | | | | | | | |
| १.आयमूलक व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हासील गरेका युवा | संख्या | ४४० | १५०० | १६०० | १७०० | १८०० | नगरपालिकाको वार्षिक प्रगती प्रतिवेदन<br>युवा तथा खेलकुद मन्त्रालयका वुलेटिन<br>VERSPMIS<br>श्रम मन्त्रालयको प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने<br>प्रधानमन्त्री रोजगार कार्यक्रम नियमित संचालन हुने |
| २.आयमूलक व्यवसायिक सीप विकास तालिमबाट रोजगार तथा स्वरोजगार यूवा | संख्या | ४४० | १५०० | १६०० | १७०० | १८०० | | |
| ३.युवा स्वरोजगार कोष अन्तरगत स्वरोजगार कर्जा कार्यक्रमवाट लाभान्वित युवाहरु | संख्या | ० | ० | ५०० | १००० | १५०० | | |
| ४.नगरपालिकाको संरचनामा युवाहरुको संलग्नत | प्रतिशत | ६३ | ६३ | ६३ | ६३ | ६३ | | |
| ५.प्राविधक,व्यवसायिक क्षेत्रमा तालिम प्राप्त युवा | प्रतिशत | २.८२ | ३ | ४ | ५ | ६ | | |
| ६.जिल्ला तथ प्रदेश स्तरीय खेलाडी | संख्या | २० | ४० | ६० | ८० | १०० | | |
| ७.युवा क्लव संजाल तथा संस्था | संख्या | ५ | १० | १४ | १६ | २० | | |
| ८.युवा खेलकुद अभ्यास प्रशिक्षण केन्द्र | संख्या | ३ | ३ | ४ | ४ | ५ | | |
| ९. खेलकुद मैदान /कभर्ड हल | संख्या | ३/० | ३/० | ३/१ | ४/१ | ४/१ | | |

### ५.५.६.६.युवा तथा खेलकुद संग  सम्वन्धि कार्यक्रमहरु

तालिका ७३ युवा तथा खेलकुद संग  सम्वन्धी कार्यक्रमहरु

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | युवा स्वरोजगार क्षमता विकास कार्यक्रम | २५० |
| २ | युवा समूह,क्लव संजालको सशक्तीकरण | २०० |
| ३ | युवा खेलमैदान कवर्ड हल र रंगशाला निर्माण तथा खेलकुद प्रतियोगित | २५० |
| ४ | युवाहरुको समग्र विकास सम्बन्धी दीर्घकालीन नीति योजना निर्माण | ५० |
| ५ | वेरोजगार युवा सहयोग कार्यक्रम | ३०० |
| ६ | राष्ट्रिय तथा प्रादेशिक खेलाडीहरु विकास गर्ने | १५० |
|  | जम्मा | १२०० |

# परिच्छेद ६
# पूर्वाधार विकास

## ६.१.पृष्ठभूमि

स्थानीय सरकार संचालन ऐन २०७४ ले नगरपालिका तथा नगरपालिकालाई स्थानीय सडक,ग्रामिण सडक, कृषि सडक,सिंचाई सम्वन्धी नीति, कानुन,मापदण्ड निर्माण गर्ने,योजना तर्जुमा गर्ने, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार दिएको छ । यातायात सुरक्षाको व्यवस्थापन,झोलुङ्गे पुल पुलेसा, तटवन्धन सम्वन्धी गुरुयोजना,स्थानीय सिंचाई प्रणाली निर्माण,मर्मत संभार,स्तरोन्नती अनुगमन र नियमन गर्ने अधिकार पनि स्थानीय तहमा छ । नेपालको संविधान २०७२ मा स्थानीय सडक,ग्रामिण तथा कृषि सडक र सिंचाईलाई एकल अधिकारको सूचीमा सुचिकृत छ ।यसैगरी अव्यवस्थित वसोवासलाई व्यवस्थित गर्ने,योजनावद्ध रुपमा वस्ती विकास गर्ने,नागरिकहरुलाई सरल सजह र समान पहुँच सुनिश्चित गर्ने र यातायात सुरक्षा उपलव्ध गराउने गुणस्तरीय तथा दिगो भौतिक पूर्वाधारको विकास गर्ने नीति राज्यले अंगिकार गरेकोछ ।

सर्वसुलभ र आधुनिक पूर्वाधारलाई देशको १५ औ योजनामा उच्च स्थानमा राखेकोछ । दिगो शहरी विकास तथा बस्ती विकासलाई राष्ट्रको दीर्घकालीन रणनीतिमा समेटेको छ भने रुपान्तरणका प्रमुख संवाहकमा गुणस्तरीय एकीकृत यातायात प्रणाली,सुचना प्रविधि तथा संचार पूर्वाधार वृहत सञ्जालीकरण,आधुनिक,दिगो तथा व्यवस्थित शहरीकरण,आवास र वस्ती विकासलाई लिइएकोछ । यसैगरी दिगो विकास लक्षमा पूर्वाधार विकासलाई महत्वका साथ उल्लेख गरिएकोछ । दिगो र आधुनिक उर्जामा सबैको पहुँच अभिवृद्धि गर्ने,गुणस्तरीय,भरपर्दो,दिगो र उत्थानशील पूर्वाधार निर्माण गर्ने,सडक सुरक्षामा सुधार ल्याउदै संकटग्रस्त व्यक्ति महिला अपाङ्गता र प्रौढ मैत्री बनाउदै दिगो यातायात प्रणालीको विकास शहरीकरण र मानव वस्तालई दिगो र व्यवस्थित गर्नै पक्षलाई दिगो विकास लक्षमा समावेश गरिएकोछ ।

अर्जुनधारा नगरपालिकाले उपरोक्त पक्षको सुनश्चितताका लागि संघ र प्रदेश सरकारको कानुन,नीति,योजना र लक्षलाई समेत मनन गरी समग्र पूर्वाधार विकास क्षेत्रको आवधिक योजनाको खाका तयार पारेको छ । यसका लागि पूर्वाधार विकास क्षेत्र अन्तरगतका प्रमुख क्षेत्रहरु सडक,यातायात पुल निर्माण,आवास,भवन तथा वस्ती विकास,विद्युत तथा बैकल्पिक उर्जा र सूचना,संचार र प्रविधि जस्ता क्षेत्रहरुको विद्यमान अवस्था,समस्या तथा चुनौतीहरुको विश्लेषण भएको छ र आगामी ५ वर्षका लागि उदेश्य निर्धारण भएको छ । लक्ष सूचक एवम लक्ष परिमाण तय भएको छ र सोको प्रासिको लागि अवलम्वन गर्नुपर्ने रणनीति तथा कार्यनीति निर्धारण भइ प्रस्तुत कार्यक्रमहरु तर्जुमा भएको छ ।

## ६.२.बर्तमान अवस्था

भौतिक पूर्वाधारहरुमा खासगरी सडक निर्माणले तिव्रता पाएको छ ।नगरपालिका भित्र ११ वटै वडा भित्र कालोपत्रे तथा नाला निर्माणका कार्यहरु भइरहेकोछ ।हाल यो नगरपालिकामा करीव १०० किमि जति कालोपत्रे सडक रहेको छ भने करीव ४०० किमि जति कच्ची सडक रहेकोछ ।तराइको नगरपालिका भएको हुनाले मोटरसाइकल तथा साइकल नजाने त प्राय ठाउँ छैन तथापी वर्षायाममा कतिपय क्षेत्रमा डुवान हुने हुनाले यातायात असहज हुने गर्दछ । यो नगरपालिकामा विरिङ, टाङटिङ, नेते, सुखानी, गोयङ जस्ता चर्चित खोलाहरु भएको हुनाले वर्षायाममा यातायातलाई अवरोध गर्ने गरेकाछन ।आवश्यक सवै क्षेत्रमा पुलहरु निर्माण हुन सकेका छैनन । विद्युतको हिसावले यो नगरपालिका करीव करिव पूर्ण रुपमा उज्यालो नगरपालिका हो । ९८ प्रतिशत भन्दा वढी घरधुरीमा विद्युत पुगेको छ तथापी कतिपय स्थानमा आवश्यक मात्रा भोल्टेज नपुग्ने उद्योग व्यवसाय संचालन गर्न कठिन हुने अवस्था चाहि छ ।सुचना संचार क्षेत्रम पनि कतै कतै नेटवर्कले काम नगर्ने, फोन स्पस्ट नवुझिने समस्या रहेकोछ । आधाभन्दा वढी जनसंख्या इन्टरनेट संग जोडिएकोछ ।सिंचाइका लागि १/२ वटा पैनी वाहेक बोरिङ वाट वढी सिंचाइ हुने गरेको छ । विद्युतको उपलव्धताका कारण वोरिङका लागि पनि खास समय्या देखिदैन । अर्जुनधारा नगरपालिकाको सदरमुकाम सनिश्चरे वजारमा ढल तथा वजार व्यवस्थापन हुन सकेको छैन । झापा जिल्लाकै पुरानो बजार भएको हुनाले यसको ऐतिहासिकता र सौदर्यतालाई जोगाइ राख्नु प्रमुख आवश्यकता हो । सार्वजानिक निर्माण तथा संरचनाहरु वाल अपाङ्ग तथा महिलामैत्री वनाउने प्रयास गरिएकोछ तथापी यी सवै पक्षहरु पूर्ण छैनन त्यसलाई समयानुकुल अद्यावधिक गरेर काम गर्न जरुरी छ ।

## ६.३.पूर्वाधार विकास क्षेत्रको उदेश्य

पूर्वाधार विकास क्षेत्रको लागि "वातावरण मैत्री, दिगो, भरपर्दो, व्यवस्थित तथा गुणस्तरीय पूर्वाधारहरुको विकास विस्तारबाट सवै नागरिकहरुको जनजीवनमा सहजता ल्याउनु

## ६.४.पूर्वाधार विकास क्षेत्रको प्रमुख रणनीतिहरु

क. गुणस्तरीय यातायात,विद्युत,सिंचाई लगायतका पूर्वाधारहरुको विकास गर्ने

ख. सृजित पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत संभार तथा स्तरोन्नती गर्ने

## ६.५.विषयगत उपक्षेत्रहरु

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन

क. सडक पुल तथा यातायात

ख. आवास वस्ती विकास सार्वजनिक निर्माण तथा बजार व्यवस्थापन

ग. सिंचाई

घ. विद्युत तथा वैकल्पिक उर्जा

ङ. सूचना तथा संचार प्रविधि

### ६.५.१.सडक पुल तथा यातायात

### ६.५.१.१.संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धीको पुनरावलकोन एवम नगरपालिकाको भावी मार्गचित्र वारे सहाभागितात्मक छलफलवाट पहिचान भएका संभावना, अवसर, समस्या तथा चुनौतिहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

**तालिका ७४ सडक पुल तथा यातायातः संभावना अवसर तथा समस्या र चुनौती**

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ प्रमुख सडकहरुलाई कालोपत्रे गर्ने सकिने<br>▪ विर्तामोडको वजार विस्तार उत्तर तर्फ केन्द्रित भएकोले सडक यातायात संग जोडेर वजारको दीर्घकालीन पूर्वाधार निर्माण गर्न सकिने<br>▪ सडक प्रयोगकर्ता संग निश्चित शुल्क लिएर मर्मत संभारका कामहरु गर्न सकिने | ▪ सडकको नियमित मर्मत संभार र दीर्घकालीन उपयोग<br>▪ ठेक्काका कामहरु नियमित रुपमा संचालन गर्न<br>▪ सडकको नाली तथा ढलको व्यवस्थापन गर्न<br>▪ वजार भित्रका सडकहरु व्यवस्थापन गर्न ।<br>▪ साँगुरा सडकलाई चौडा वनाउन । |
| सवल पक्ष | कमजोर पक्ष |
| ▪ कम्तिमा ४ स्थानमा पुर्वपश्चिम राजमार्ग संग जोडिएको<br>▪ सवै वडा वस्ती सम्म सडक पुगेको<br>▪ प्रमुख खोलाहरुमा पुल निर्माण भएको<br>▪ पुल वन्न नसकेको स्थानमा पनी कज वे निर्माण भएको<br>▪ आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण भएको | ▪ सडकको मापदण्ड भन्दा कम जग्गा छोडेर घरहरु निर्माण हुनु<br>▪ सडकको नियमित रुपमा मर्मत संभार नहुनु ।नालीमा फोहोर व्यवस्थापन नहुनु<br>▪ यो नगरपालिकामा नदीजन्य सामाग्रीहरु प्रसस्त निकालिने र ठूला ठूला गाडीहरु जुनसुकै वाटो वाट पनि हिड्ने भएको ले वाटोको भारवहन क्षमता भन्दा वढी लोडकाकारण र वालुवा वोक्दा पानी झरेर सडक भत्कने |

### ६.५.१.२. उदेश्य

सवै वडाहरुमा व्यवस्थित  सडक संजाल पुग्ने तथा खोला किनारामा कोरिडोर निर्माण गरी ठुला भारवाहक गाडीहरु हिड्न छुट्टै सडकको व्यवस्था गर्ने ।

### ६.५.१.३. रणनीतिहरु

१. यातायात पहुँचमा सुधार एवम सडक कालोपत्रे गर्ने
२. स्थानीय यातायात सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

### ६.५.१.४.कार्यनीतिहरु

**रणनीति**

यातायात पहुँचमा सुधार एवम सडक कालोपत्रे गर्ने

**कार्यनीतिहरु**

- सडक मापदण्ड २०७१ लाई आधार मानी सडक निर्माणमा गुणस्तर कायम राखिनेछ
- सडक निर्माण,स्तरोन्नती लाई प्राथमिकतामा राखिनेछ ।यो नगरपालिकाको करीव ४०० किमि सडक कालोपत्रे गर्ने ।
- अर्जनुधारा नगरपालिकाको वाह्य चक्रपथ निर्माण कार्यलाई अगाडी वढाउने ।
- सवै सडकहरुको लगत संकलन र नियमित मर्मत संभारका कार्यक्रमहरु उपभोक्ता समिति मार्फत गर्ने
- हाल संचालनमा रहेका सडकलाई स्तरोन्नती गरी ढल व्यवस्थापन गर्ने ।

**रणनीति**

यातायात सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**कार्यनीतिहरु**

- सडक यातायात तथा संचालन सम्वन्धी नीति,कानुन,मापदण्ड वनाइ कार्यान्वयन र नियमन गर्ने
- स्थानीय सडक, झोलुङ्गे पुल पुलेसा सम्वन्धी गुरु योजनाको तर्जुमा कार्यान्वयन,मर्मत संभार र नियमन गरिनेछ ।

### ६.५.१.५.सडक पुल तथा यातायात सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

तालिका ७५ सडक पुल तथा यातायात सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

| नतिजा सूचक | इकाई | आधार वर्ष | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | ०७९/८० | २०७१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| वाह्रै महिना संचालित हुने सडकवाट लाभान्वित जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | |
| **प्रतिफलहरु** | | | | | | | | |
| १. कुल सडकको लम्वाई | किमि | ५०० | ५५० | ६०० | ६५० | ६५० | नगरपालिका तथा प्रदेश सरकारको प्रतिवेदन हरु | संघ प्रदेश र अन्तर सरकार तथा अन्तर पालिका विच समन्वय भएको हुनेछ |
| २. ३० मिनेटको दूरीमा यातायातको पहुँच भएको घरधुरी | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | |
| ३. कालोपत्रे सडक | किमि | १०० | १५० | २०० | २५० | ३०० | | |
| ४. ग्राभेल सडकको लम्वाई | किमि | १०० | २०० | ३०० | ३०० | ३०० | | |
| ५. धुले सडकको लम्वाई | किमि | ३०० | २०० | १०० | ५० | ५० | | |
| ६. नजिकको पिच वाटोमा पुग्न लाग्ने औषत समय (पैदल) | मिनेट | २० | १५ | १२ | १० | १० | | |
| ७. नगरपालिकाको केन्द्र वाट वडा सम्म जोडिएका सडक | संख्या | ११ | ११ | ११ | ११ | ११ | | |
| ८. सडक नाली भएको सडक लम्वाई | किमि | ५० | १०० | १२० | १५० | २०० | | |
| ९. झोलुङ्गे पुल संख्या | संख्या | ७ | ९ | ११ | १२ | १२ | | |
| १०.स्थानीय स्तरमा संचालित ४ पाङ्गे यातायात | संख्या | ३०० | ३२० | ३३० | ३५० | ३६० | | |

### ६.५.१.६.सडक यातायात सम्वन्धी कृयाकलापहरु

तालिका ७६ सडक यातायात सम्वन्धी कृयाकलापहरु

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | सनिश्चरे ट्याक्सी स्टेण्ड निर्माण तथा व्यवस्थापन | २०० |
| २ | विर्तामोड-शनिस्चरे -बुधवारे सडक स्तरोन्नती | ५०० |
| ३ | सनिशस्चरे-खुदुनावारी सडक स्तरोन्ती | ५०० |
| ४ | लक्ष्मीपुर-कैलाशघाट -अर्जुनधारा सडक स्तरोन्नती | ६०० |
| ५ | सनिस्चरे-मिलडाँडा दहिचोक सडक स्तरोन्नती | ४०० |
| ६ | सनिश्चरे-कतुवाली-बाघेडाँगी-सुरुङ्गा सडक स्तरोन्नती | ६०० |
| ७ | लक्ष्मीपुर-रातेखाल-साधुटार सडक स्तरोन्नती | ५०० |
| ८ | पानीकल-भानुमावि-ॐचोक-मुसीचोक स्तरोन्नती | ५०० |
| ९ | मधुमाता-पाण्डवपुर -सडक स्तरोन्नती | ३०० |
| १० | दुर्गापुर-दहिझोडा-दानावारी सडक स्तरोन्नती | ४०० |
| ११ | गरुवा -कैदले-जुकेखाडी सडक स्तरोन्नती | ५०० |
| १२ | गरुवा-वेलटार-साठीमुरे-लाप्चेटार सडक स्तरोन्नती | ५०० |
| १३ | मदन भण्डारी मार्ग स्तरोन्नती | ४०० |
| १४ | चारपाने -नारायण चोक-जयपुर सडक स्तरोन्नती | ५०० |
| १५ | शनिस्चरे- कालिस्थान-सहरेडाँगी सडक स्तरोन्नती | ५०० |
| १६ | मातामन्दिर-सहिदपार्क सालवाडी-कटरडाँडा -बुधवारे सडक स्तरोन्नती | ५०० |
| १७ | बुट्टावारी-स्टाफचोक-देउनीया वस्ती-श्रमिकटोल-लाहुरेटोल सडक स्तरोन्नती | ४०० |
| १८ | हिलेखोला-मिलडाँडा-चुथाई-धौराली चोक-गोपालडाँडा सडक स्तरोन्नती | ५०० |
| १९ | सनिस्चरे -सुखानी पार्क-मिलडाँडा-चाराली सडक स्तरोन्नती | ४०० |
| २० | गिरिवन्धु टि स्टेट-सिवालय मन्दिर-लक्ष्मीधाप-सुखानी पार्क सडक स्तरोन्नती | ३०० |
| २१ | कप्तानवारी –पुष्पलालचोक-लक्ष्मीपुर सडक | ३०० |
| २२ | अर्जुनरधारा चक्रपथ निर्माण | १००० |
| २३ | प्रणामी मन्दिर- मातामन्दिर सडक स्तरोन्नती | २०० |
| २४ | बागेडाँगी-सुरुङ्गा सडकको टाङटिङ खोलामा पक्िपुल | ४०० |
| २५ | सहिद राजन गिरि मार्ग अन्तरगत कज वै भएको ठाउँमा पक्की पुल | ३०० |
| २६ | ठुलो नेते खोलामा पक्कीपूल | ३०० |

| क स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| २७ | कैदले र साहासी वस्ती जोड्ने टाङटिङ खोलामा पक्कि पुल | ३०० |
| २८ | सनिश्चरे -खुदुनावारी सडकको विरिङखोलामा पक्कि पुल | ४०० |
| २९ | वडा भित्रका वस्ती जोड्ने सडकहरु निर्माण तथा स्तरोन्नती | २००० |
| | जम्मा | १४२०० |

### ६.५.२.आवास वस्ती विकास तथा सार्वजनिक निर्माण

#### ६.५.२.१.संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धीको पुनरावलकोन एवम नगरपालिकाको भावी मार्गचित्र वारे सहाभागितात्मक छलफलवाट पहिचान भएका संभावना, अवसर, समस्या तथा चुनौतिहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

**तालिका ७७ आवास बस्ती विकास र सार्वजनिक निर्माणः संभावना अवसर तथा समस्या र चुनौती**

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुलाई वसोबासको व्यवस्थापन गर्न सकिने<br>▪ एकीकृत जग्गा विकास कार्यक्रम संचालन गर्न सकिने<br>▪ निर्माणाधीन तथा अव निर्माण हुने भौतिक संरचना हरु भूकम्प प्रतिरोधी वनाउन सकिने | ▪ बजार क्षेत्रका अव्यवस्थित संरचनाहरु हटाउन तथा सडक विस्तार गर्न<br>▪ जोखीम क्षेत्र तथा खोला किनारका वस्तीहरुको स्थान्तरण गर्न<br>▪ एकीकृत वस्ती विकास तथा शहरीकरण गर्न<br>▪ सडक को किनारमा नाली तथा वृक्षारोपण गरी हराभरा वनाउन |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ▪ भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार सार्वजनिक भवन तथा संरचना निर्माणको को क्रमामा रहेका<br>▪ वडा कार्यलयहरु निर्माण भइसकेको<br>▪ भूकम्प प्रतिरोधी भवन निर्माण गर्न सरोकारवाला पक्षहरु पनि सचेत रहेको<br>▪ इस्टिमेट गर्दा नै भूकम्प प्रतिरोधी इस्टिमेट सुरु भएको । | ▪ भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम प्राप्त दक्ष जनशक्ति उत्पादन नहुनु<br>▪ सार्वजनिक संरचनाहरु महिला अपाङ्गता तथा बालबालिका मैत्री नहुनु<br>▪ व्यवस्थित हाटवजारको व्यवस्था नहुनु<br>▪ वनाएको वजार संचालनमा नआउनु व्यापारी तथा खरिद कर्ता दुवै पक्ष सातपत्रे क्षेत्रको वजारमा नजाने |

#### ६.५.२.२. उदेश्य

सुरक्षित एवम सवैको सहज पहुँचयुक्त सार्वजनिक संरचना निर्माण गर्दै व्यवस्थित तथ तथा प्रवर्द्धित आवास तथा वस्ती विकास गर्नु

### ६.५.२.३. रणनीतिहरु

१. आवास वस्ती विकास तथा सार्वजनिक निर्माण सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

२. सुरक्षित र व्यवस्थित आवास तथा वस्ती विकास गर्ने

३. सुरक्षित तथा वहुदेश्यीय सार्वजनिक संरचना निर्माण गर्ने

### ६.५.२.४.कार्यनीतिहरु

**रणनीति**

आवास वस्ती विकास तथा सार्वजनिक निर्माण सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**कार्यनीतिहरु**

- संघीय र प्रादेशिक कानुनको अधिनमा रही सार्वजनिक निर्माण,सुरक्षित बस्ती तथा बजार विकास सम्बन्धी स्थानीय नीति, कानुन,मापदण्ड वनाई अनुगमन तथा नियमन गरिनेछ ।
- भू उपयोग नीति वनाइ सो अनुसार योजनाहरु कार्यान्वयन गर्दै व्यवस्थित तथा नमूना नगरपालिका वनाइनेछ ।
- भवन निर्माण संहिता तथा न्यूनतम  मापदण्ड लागू गरी प्रकोपवाट हुन सक्ने संभावित क्षतिहरुवाट जनधन सुरक्षित राखिनेछ ।
- नगरपालिका भित्र निर्माण गर्ने निजी भवनको समेत मापण्ड निर्धारण गरी नक्सापास गरेर मात्र भवन निर्माण इजाजत दिइनेछ ।
- आवास वस्ती विकास र सार्वजनिक निर्माणको विकास र विस्तार योजना तर्जुमा तथा कार्यक्रम संचालन गर्दा विपन्न दलित र महिलालाई प्राथमिकता दिइनेछ ।

**रणनीति**

सुरक्षित र व्यवस्थित आवास तथा वस्ती विकास गर्ने

**कार्यनीतिहरु**

- कृषि क्षेत्र तथा आवास क्षेत्र को नीति कडाइका साथ लागु गरिनेछ ।
- नगरपालिकाका वजारक्षेत्रहरुमा पूर्वाधारको निर्माण तथा व्यवस्थापन गरी सुविधा सम्पन्न वनाउदै लगिनेछ ।
- संभाव्यता अध्ययन गरी साविकका ३ वटा गाविसहरु (सनिस्चरे, खुदुनावारी तथा अर्जुनधारा)मा वस्ती विकास को कार्यक्रम संचालन गरिनेछ ।
- आधारभुत  प्रकोप तथा जोखीमयुक्त संवेदनशील क्षेत्रमा बस्तीहरुलाई एकीकृत वस्तीमा स्थान्तरण गरिनेछ

**रणनीति**

सुरक्षित तथा वहुदेश्यीय सार्वजनिक संरचना निर्माण गर्ने

**कार्यनीतिहरु**

- सुरक्षित आश्रय स्थल,जेष्ठ नागरिक,युवा तथा बालक्लव,पुस्तकालय समेत हुने गरि सामुदायिक भवन निर्माण गरिनेछ
- नगरपालिकाको उपयुक्त स्थानमा सभाहल निर्माण गरी सभा सम्मेलन जस्ता कार्यक्रम संचालनमा सहजता ल्याइनेछ
- वडाको उपयुक्त स्थानमा खुल्ला क्षेत्र खेल मैदान सहित सुविधा सम्पन्न संरचनाहरु निर्माण गर्ने
- सार्वाजनिक भौतिक संरचनाहरु बालमैत्री, अपाङ्ग मैत्री महिला तथा जेष्ठ नागरिक मैत्री बनाइनेछ

### ६.५.२.५.आवास वस्ती विकास तथा सार्वजानिक निर्माण सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

तालिका ७८ आवास वस्ती विकास तथा सार्वजानिक निर्माण सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्तीहरु | संख्या | ३० | ३५ | ४० | ४५ | ५५ | | |
| **प्रतिफलहरु** | | | | | | | | |
| १.आधारभूत पूर्वाधार सहित ब्यवस्थित वजार | संख्या | ० | २ | ३ | ३ | ५ | | |
| २.सुविधायुक्त उद्यान सहितको पार्क खुल्ला क्षेत्र | संख्या | ३ | ३ | ४ | ४ | ५ | | |
| ३.बजार क्षेत्रमा वसोवास गर्ने जनसंख्या | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० | | |
| ४.सुविधा सम्पन्न सामुदायिक भवन | संख्या | १ | २ | ३ | ३ | ३ | | |
| ५.महिलामैत्री, बालमैत्री, अपाङ्गमैत्री सार्वजनकि संरचना | संख्या | ४ | ५ | १० | १५ | २० | | |
| ६.जोखीमयुक्त वस्तीहरु (खोला किनार) | संख्या | ४ | ४ | ३ | २ | २ | | |
| ७.भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | ० | ० | ० | १० | २० | | |
| ८.भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी दक्ष जनशक्ति | संख्या | २० | ५० | १०० | २०० | ३०० | | |

### ६.५.२.६.आवास वस्ती विकास तथा सार्वजनिक निर्माण सम्वन्धी कृयाकलापहरु

तालिका ७९ आवास वस्ती विकास तथा सार्वजनिक निर्माण सम्वन्धी कृयाकलापहरु

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | नगरपालिका प्रशासकीय भवन तथा वडा कार्यालयहरु अपाङ्ग महिला तथा वालमैत्री वनाउने तथा मर्मत संभार गर्ने | २०० |
| २ | भवन निर्माण संहिता तथा न्यूनतम मापदण्ड कार्यान्वयन तथा अनुगमन | ६० |
| ३ | जीर्ण भवनहरुको मर्मत संभार एवम अत्यावस्यक सेवा सुविधा उपलव्ध गराउने | १०० |
| ४ | जोखीमयुक्त वर्ग सहयोग कार्यक्रम | २५० |
| ५ | एकीकृत बस्ती विकास तथा शहरीकरण कार्यक्रम | ३०० |
| ६ | भू उपयोग नीति तर्जूमा | १२० |
| ७ | वहुपयोगी सामुदायिक भवन निर्माण | ३०० |
| ८ | पार्क उद्यान तथा खेलमैदान निर्माण | ४०० |
| | जम्मा | १४७० |

### ६.५.३. सिंचाई

### ६.५.३.१.संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धीको पुनरावलकोन एवम नगरपालिकाको भावी मार्गचित्र वारे सहाभागीतात्मक छलफलवाट पहिचान भएका संभावना, अवसर, समस्या तथा चुनौतिहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

तालिका ८० सिंचाईः संभावना अवसर तथा समस्या र चुनौती

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ यो नगरपालिकाको खेतीयोग्य जग्गा बाह्रै महिना सिंचित हुनेगरी विस्तार गर्न सकिने<br>▪ कुलो सिंचाइ तथा वोरिङ सिचाइ लाइ विस्तार गर्न सकिने<br>▪ नगरपालिकाको ६० प्रतिशत भन्दा वढी क्षेत्रमा सहजै भूमिगत पानी निकाल्न सकिने | ▪ व्यवस्थित तटवन्ध वनाएर सिंचाइको मूहान स्थायीरुपमा व्यवस्थापन गर्न<br>▪ वडा नं १,२,३ मा भूमिगत पानी निकाल्न<br>▪ खेती योग्य जमीनमा वोरिङवाट निकालेको पानी कूलो मार्फत फिजाउन<br>▪ भएका कुलो तथा पोखरीको नियमित मर्मत संभार गर्न<br>▪ डीप वोरीङका लागि स्थानीय तहवाट मात्र वजेट व्यवस्था गर्न |

| सवल पक्ष | कमजोर पक्ष |
| --- | --- |
| ▪ व्यक्तिगत रुपमा पनि मोटरवाट तरकारी तथा अन्य सिंचाइको व्यवस्था भएको ।<br>▪ खोलाहरु आवश्यक मात्रामा भएको<br>▪ साना ठूला दुवैखाले सिंचाइ व्यवस्थापन गर्न सकिने । | ▪ सानो तिनो समस्याका लागि पनि सरकारको मुख ताक्ने प्रवृति<br>▪ सतह सिंचाईको व्यवस्थापन कम भएको ।<br>▪ परम्परागत सिंचाई प्रणाली लाइ व्यवस्थापन गर्न<br>▪ |

**६.५.३.२. उदेश्य**

उपलव्ध पानीका श्रोतहरुको समुचित एवम दिगो उपयोग गर्दै सिंचाईका आधुनिक तथा बैकल्पिक प्रविधिहरुको अवलम्वनवाट कृषियोग्य भूमिहरुमा नियमित सिंचाई उपलव्ध गर्नु

**६.५.३.३. रणनीतिहरु**

१.सिंचाइ आयोजनाहरुको मर्मत संभार र स्तरोन्नती गर्ने

२.सिंचाई सेवा सुविधा विकास र विस्तार गर्ने

३.सिंचाई सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**६.५.३.४.कार्यनीतिहरु**

**रणनीति**

सिंचाइ आयजनाहरुको मर्मत संभार र स्तरोन्नती गर्ने

**कार्यनीति**

- चालु अवस्थाका सिंचाई आयोजनाहरुको मर्मत संभार गर्दै नियमितरुपमा सिंचाइ सुविधा उपलव्ध गराई कृषि उत्पादनमा वृद्धि ल्याइनेछ
- चालु अवस्थाका सिंचाई प्रणालीकको स्तरोन्नती गरी थप नयाँ क्षेत्र र आंशिक रुपमा सिंचाई हुदै आएका क्षेत्रमा नियमित रुपमा सिंचाई सुविधा उपलव्ध गराइनेछ

**रणनीति**

सिंचाई सेवा सुविधा विकास र विस्तार गर्ने

**कार्यनीति**

- पानीका स्थायी श्रोत तथा मुहानहरुको पहिचान गरी संभाव्यताका आधारमा श्रोतहरुको सदुपयोग गर्दै खेतीयोग्य क्षेत्रहरुमा सिचाई सुविधा उपलव्ध गराइनेछ ।

**रणनीति**

सिंचाई सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**कार्यनीति**

- सिंचाई सम्वन्धी दीर्घकालिन नीति,कानुन,मापदण्ड तर्जुमा गरी गुरुयोजना,त्यसको कार्यान्वयन र नियमन गरिनेछ
- उपभोक्ताहरुको लागत सहाभागितामा सिंचाई आयोजनाहरु संचालन गर्दै आयोजना माथि स्थानीयहरुको अपनत्व सृजना गर्ने नियमित रुपमा तिनीहरुको मर्मत संभार गर्ने वातावरण विकास गरिनेछ ।
- सिंचाई योजना निर्माण गर्दा क्षेत्रगत लैङ्गिक जातीय समानुपातिक प्रतिनिधित्वसहितको उपभोक्ता समिति गठन गरी लक्षित बर्गलाई प्राथमिकता दिने र उक्त समितिको आवश्यकता अनुरुप क्षमता अभिबृद्धि गरिनेछ ।

### ६.५.३.५. सिंचाई सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

**तालिका ८१ सिंचाई सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान**

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| बर्षभरी नियमित रुपमा सिंचाई भएको खेतीयोग्य भूमि (सतह सिंचाइ) | प्रतिशत | १८% | ३५% | ४०% | ४५% | ५०% | | |
| **प्रतिफलहरु** | | | | | | | | |
| खेतीयोग्य भुमि मध्ये सिचित भूमि मौसमी समेत | प्रतिशत | १००% | १०० | १०० | १०० | १०० | नगरपालिका वार्षिक प्रतिवेदन हरु | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| पुर्ण रुपमा वर्षाको आकासे पानीमा निर्भर सिचाई भुमि | हेक्टर | ४५६ | ४०० | ३५० | ३०० | २०० | | |
| परम्परागत कुलो सिंचाइ (कुलोको संख्या) | संख्या | ३ | ५ | ७ | १० | १२ | | |

### ६.५.३.६. सिंचाई सम्वन्धी कृयाकलापहरु

**तालिका ८२ सिंचाई सम्वन्धी कृयाकलापहरु**

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | संचालित आयोजनाको मर्मत संभार तथा स्तरोन्नती | २५० |
| २ | वैकल्पित तथा आधुनिक सिंचाई प्रविधिमा सहयोग | ६५ |
| ३ | सिंचाई सम्वन्धी दीर्घकालीन नीति तथा गुरुयोजना निर्माण | ५० |
| ४ | ११ वटै वडामा आवश्यक डीप बोरिङ तथा कुलो निर्माण | १००० |
| | जम्मा | १५५१ |

### ६.५.४. विद्युत तथा वैकल्पिक उर्जा

### ६.५.४.१.संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धिको पुनरावलोकन एवम नगरपालिकाको भावी मार्गचित्र वारे सहाभागितात्मक छलफलवाट पहिचान भएका संभावना,अवसर,समस्या तथा चुनौतिहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

**तालिका ८३ विद्युत तथा बैकल्पिक उर्जाः संभावना अवसर तथा समस्या र चुनौती**

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ विद्युतीय उपकरणहरु वढाएर विद्युत खपत वृद्धि गरी व्यवसायिक क्षेत्रमा प्रयोग गर्न सकिने ।<br>▪ मुख्य बजार क्षेत्रमा विद्युतलाइन भूमिगत वनाउन सकिने<br>▪ गोवर ग्याँसलाई मुख्य खाना पकाउने इन्धनको श्वोत वनाउन सकिने | ▪ व्यवसायिक क्षेत्रमा विद्युत खपत वढाउन<br>▪ वैकल्पिक उर्जा का लागि प्राविधक जनशक्ति टिकाइराख्न<br>▪ सबै घरधुरीहरु धुवामुक्त वनाउन<br>▪ अनियमित रुपमा तलमाथि भइरहने विद्युत प्रवाहलाई रोक्न र नियन्त्रण गर्न |
| सवल पक्ष | कमजोर पक्ष |
| ▪ पूर्ण रुपमा (९८%) विद्युतीकरण भएको<br>▪ वैकल्पिक वत्तीको रुपमा अधिकांश घरधुरीमा सोलार सिस्टम  समेत जडान गरिएको<br>▪ ७१३ घरधुरीलमा वायो ग्याँस प्लान्ट भएको<br>▪ १५२९९ घरधुरीले LP ग्याँस प्रयोग गर्ने गरेको | ▪ प्रयोगमा रहेका वायोग्याँस प्लान्टहरु नियमित रुपमा मर्मत संभार गर्न ।तथा प्राविधिक पाउन कठिन<br>▪ पूर्ण रुपमा परनिर्भर हुनेगरि एल पि ग्याँस प्रयोग दिन प्रतिदिन वढ्दै गएको<br>▪ विधुतीय चुल्हो प्रयोगमा खासै चासो नदेखिनु<br>▪ विद्यूत प्रवाह तलमाथि भइरहेन peak hour मा आवश्यक भोल्टेज नहुदा समस्या |

### ६.५.४.२. उदेश्य

बैकल्पिक तथा सुधारिएको उर्जा समेतको प्रवर्द्धन गर्दै सार्वजनिक स्थल लगायत सबै घर उद्योग व्यवसाय कल कारखाना एवम् कार्यालयहरुमा बाह्रै महिना भरपर्दो विद्युत सेवा नियमित उपलव्ध गराउने ।

### ६.५.४.३. रणनीतिहरु

१. उर्जा विकास सम्बन्धी स्थानीय नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने
२. बैकल्पिक उर्जको  प्रवर्द्धन गर्ने

### ६.५.४.४.कार्यनीतिहरु

**रणनीति**

उर्जा विकास सम्बन्धी स्थानीय नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**कार्यनीतिहरु**

- उर्जा विकास सम्बन्धी स्थानीय नीति,कानुन मापदण्ड,योजना,कार्यान्वयन,अनुगमन तथा नियमन गरिनेछ
- सौर्य तथा वातावरणीय बैकल्पिक उर्जाका माध्यमवाट स्थानीय नागरिकको आर्थिक तथा सामाजिक अवस्थामा सुधार तथा वातावरणीय दिगोपनमा सहयोग पुग्ने खालका एकीकृत कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

**रणनीति**

उर्जालाई भरपर्दो र सुलभ वनाउने

**कार्यनीतिहरु**

- विद्युत नपुगेका केहि घरधुरीहरुमा तत्काल विद्युत जडानको व्यवस्था गरिनेछ
- टाढा र थोरै  घर भएर केन्द्रीय विद्युत पुर्याउन खर्चिलो हुने अवस्थामा सौर्य उर्जा जडान गरिनेछ
- वैकल्पिक उर्जा वायो ग्याँस को प्लान्ट निर्माण गरिनेछ ।

**रणनीति**

बैकल्पिक उर्जको  प्रवर्द्धन गर्ने

**कार्यनीतिहरु**

- अर्जुनधारा नगरपालिकाको मुख्य सडकहरुमा सौर्य सडक वत्ती व्यवस्थापन गरिनेछ ।
- सुधारिएको चुल्हो तथा वायो ग्यास प्लान्टहरु संचालन गरेर दाउरा प्रयोगलाई कम गर्दै लगिनेछ ।

### ६.५.४.५. विद्युत तथा बैकल्पिक उर्जा सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

तालिका ८४ विद्युत तथा बैकल्पिक उर्जा सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| विद्युत सेवा वाट लाभान्वित जनसंख्या (केन्द्रीय | प्रतिशत | ९८.९५ | ९९ | १०० | १०० | १०० | जनगणना २०७८ | |
| **प्रतिफलहरु** | | | | | | | | |
| केन्द्रीय विद्युत लाइन प्रसारणवाट लाभान्वित घरधुरी | संख्या | २०७१६ | २०७२५ | २०९३५ | २०९३५ | २०९३५ | नगरपालिका वार्षिक प्रतिवेदन हरु | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| सौर्य उर्जा जडान गरेका घरधुरी हरु | संख्या | १४२ | १५० | २०० | ३०० | ५०० | | |
| विद्युतीय उर्जा प्रयोग भएका उद्यम व्यवसायहरु | संख्या | १८३ | २५० | ३०० | ४०० | ५०० | | |
| सौर्य तथा जलविद्युत कुनै उर्जा पनि प्रयोग नगर्ने घरधुरी । | संख्या | ७७ | २० | ० | ० | ० | | |
| खाना पकाउन सुधारिएको उर्जा प्रयोग गर्ने घरधुरी । | संख्या | ७१३ | ८०० | ९०० | १००० | १५०० | | |
| खाना पकाउन विद्युतीय चुल्हो प्रयोग गर्ने घरधुरीहरु | संख्या | ८२ | २०० | ५०० | १५०० | ४००० | | |

### ६.५.४.६. विद्युत तथा बैकल्पिक उर्जा सम्वन्धी कृयाकलापहरु

तालिका ८५ विद्युत तथा बैकल्पिक उर्जा सम्वन्धी कृयाकलापहरु

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | केन्द्रीय प्रसारण लाइन विस्तार तथा व्यवस्थापन | १५०० |
| २ | ट्रान्सफर्मर व्यवस्थापन (आवश्यक सवै स्थानमा) | १००० |
| ३ | विद्युतीय चुल्हो अनुदान कार्यक्रम संचालन | १२०० |
| ४ | वायो ग्याँस प्लान्ट निर्माण तथा व्यवस्थापन | ६०० |
| ५ | सडक छेउ तथा सार्वजानकि स्थलमा सौर्य उर्जा | ५०० |
| | जम्मा | २३०० |

### ६.५.५. सुचना तथा संचार प्रविधि

### ६.५.५.१.संभावना तथा अवसरहरु र समस्या चुनौतीहरु

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धिको पुनरावलकोन एवम नगरपालिकाको भावी मार्गचित्र वारे सहाभागीतात्मक छलफलवाट पहिचान भएका संभावना, अवसर, समस्या तथा चुनौतीहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

| तालिका ८६ सुचना तथा संचार प्रविधिः संभावना अवसर तथा समस्या र चुनौती | |
|---|---|
| संभावना तथा अवसरहरु | चुनौतीहरु |
| ▪ सामाजिक सञ्जाल मार्फत सचेतनाका कार्यक्रम हरु संचालन गर्न सकिने<br>▪ स्थानीय एफ एम रेडियो मार्फत विभिन्न कार्यक्रमहरु संचालन गर्न सकिने<br>▪ नगरपालिकालाई कागज रहित वनाउन सकिने<br>▪ घरबाटै पानी विजुली लगायतका विलहरु तिर्न सकिने<br>▪ अनलाइन कक्षाहरु संचालन गर्न सकिने | ▪ व्यवसायिक इन्टरनेट सुविधा प्रदान गर्न<br>▪ मोवाइल फोन तथा इन्टरनेटको दुरुपयोग रोक्न एवम वालवालिकाको गलत लत हटाउन ।<br>▪ परम्परागत शिक्षा वाट आएका शिक्षक र पछिल्लो समय संचारमा भएको क्रान्तिकारी छलाङ विच हुर्किएका विद्यार्थी विचको तालमेल मिलाउन<br>▪ सवै पठनीय सामाग्रीहरुलाई विद्युतीय वनाउन एवम सवै विद्यार्थीहरुको पहुँच स्थापित गर्न ।<br>▪ वैकल्पिक उर्जाका प्राविधिकहरुलाई टिकाई राख्न |
| सवल पक्ष | कमजोर पक्ष |
| ▪ ८६.२ प्रतिशत घरधुरीमा स्मार्ट फोन प्रयोग भइरहेकोछ भने समग्रमा ९८.५ | ▪ इन्टरनेट प्रभावकारी रुपमा नचल्दा अनलाइन सेवाहरु प्रभावित भएको |

| | |
|---|---|
| प्रतिशत घरधुरीले मोवाइल फोन प्रयोग गरिरहेकाछन ।<br>▪ १५.८ प्रतिशत घरधुरीमा कम्प्यूटर छ भने ६४.३ प्रतिशत घरधुरीमा वाइफाइ वाटै इन्टरनेट सुविधा रहेकोछ ।<br>▪ | ▪ अध्ययन भन्दा वढी खेल तथा मनोरञ्जनमा विद्यार्थीहरुले इन्टरनेट प्रयोग गरेको ।<br>▪ नेता कर्मचारी लगायत जो कसैलाइ पनि गलत ढंगले प्रस्तुत गरेर सामाजिक संजालमा पोष्ट गर्ने<br>▪ गलत र अपशव्द प्रयोग गरेर गाली गर्ने कमेन्ट गर्ने प्रवृती वढेको । |

**६.५.५.२. उदेश्य**

भरपर्दो विश्वसनीय एवम गुणस्तरीय सूचना तथा संचार सेवाको विकास र विस्तार भइ नागरिकहरुको सहज पहँच र उपयोगमा वृद्धि गर्नु ।

**६.५.५.३. रणनीतिहरु**

१. सूचना प्रविधि तथा संचार क्षेत्र सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन
२. सुचना संचार प्रविधि सेवालाइ सरल र सुलभ वनाउने
३. प्रभावकारी व्यवस्थापनका लागि आइसिटि प्रयोग गर्ने
४. सुचना पहुँचमा अभिवृद्धि गर्ने

**६.५.५.४.कार्यनीतिहरु**

**रणनीति**

सूचना प्रविधि तथा संचार क्षेत्र सम्वन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन

**कार्यनीतिहरु**

- संघीय तथा प्रदेश कानुनको अधिनमा रही सुचना प्रविधि तथा संचार क्षेत्र संग संवन्धित संचालन र प्रसारणको अनुमति,नविकरण,नीयमन तथा खारेजी गरिनेछ
- सवै संचार माद्यम तथा प्रसारणका भाषा लैङ्गिक मैत्री वनाउने नीति अवलम्वन गरिनेछ

**रणनीति**

सुचना संचार प्रविधि सेवालाइ सरल र सुलभ वनाउने

**कार्यनीतिहरु**

- भरपर्दो टेलिफोन नेटवर्क व्यवस्था गर्दै दुरसंचार सेवामा आम नागरकिहरुको पहुँचमा सहजता ल्याइनेछ
- दूर संचार सेवा विस्तार र भरपर्दो वनाउन निजी क्षेत्र संग सहकार्य गरिनेछ । रेडियो तथा सामाजिक सञ्जाललाई नियमन गरिनेछ

### ६.५.५.५.सूचना तथा संचार प्रविधि सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

तालिका ८७ सूचना तथा संचार प्रविधि सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

| नतिजा सूचक | इकाई | आधार वर्ष | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | ०७९/८० | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| इन्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ६४.३ | ७० | ७५ | ८० | ९० | | |
| **प्रतिफलहरु** | | | | | | | | |
| १.मोवाइल फोन प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९८.५ | ९९ | ९९ | ९९ | ९९ | नगरपालिका वार्षिक प्रतिवेदन हरु दुरसंचार प्राधिकरण हुलाक कार्यालय | निजी इन्टरनेट सेवा प्रदायक संग सहकार्य भएको हुने दुरसंसार कम्पनी संग समन्वय र सहकार्य भएको हुनेछ |
| २.संचार सेवा वाट वञ्चिच घरधुरी | प्रतिशत | १.५ | १ | १ | १ | १ | | |
| ३.स्थानीय स्तरमा केवुल नेटवर्क सेवा प्रदायक संस्था | संख्या | ५ | ५ | ५ | ५ | ५ | | |
| ४.स्थानीय पत्रपत्रिका प्रकाशन गर्ने संस्था | संख्या | ५ | ५ | ५ | ५ | ५ | | |
| ५.निशुल्क इन्टरनेट सेवा उपलव्ध भएका क्षेत्रहरु | संख्या | १ | १ | २ | २ | २ | | |
| ६.इन्टरनेटको सुविधा पुगेका टोल संख्या | संख्या | ५५ | ५५ | ५५ | ५५ | ५५ | | |
| ७.क्रियाशिल पत्रकारहरु | संख्या | ३० | ४० | ५० | ५० | ५० | | |
| ८.स्थानीय स्तरमा संचालित एफ एम रेडियो | संख्या | ० | १ | १ | १ | १ | | |
| ९.कार्यलयहरुमा जडित सिसि क्यामेरा | संख्या | ० | १ | १ | १ | २ | | |

### ६.५.५.६. सुचना तथा संचार प्रविधि सम्वन्धी कृयाकलापहरु

| क स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | संचार सेवा विस्तार तथा पूर्वाधार विकास कार्यक्रम | ३०० |
| २ | विद्यालय लागायत सार्वजनिक कार्यालयहरुमा आइसिटी व्यवस्था तथा सेवा प्रवाह कार्यक्रम | ३०० |
| ३ | फ्रि इन्टरनेट क्षेत्र प्रवर्द्धन कार्यक्रम | १५० |
| ४ | सार्वजनिक कार्यालय हरुमा सि सि टिभि जडान | १३० |
| ५ | नगरपालिकाको अनलाइन सेवा प्रदान | २०० |
| | जम्मा | १०८० |

# परिच्छेद ७
# वन वातावरण तथा विपद व्यवस्थापन

## ७.१.पृष्ठभूमि

स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई नेपालको संविधान २०७१ ले मौलिक हकमा राखेको छ । नेपालको संविधानले प्राकृतिक साधन श्रोतको संरक्षण, संवर्द्धन र उपयोगलाई राज्यको नीतिमा अंगीकार गरेको छ । प्राकृति प्रकोपवाट हुने जोखीम न्यूनीकरण गर्ने, पर्यावरणीय दिगो विकास गर्ने, प्रकृति, वातावरण वा जैविक विविधतामा नकारात्मक प्रभाव पार्ने पक्षहरुको न्यूनीकरण गर्ने,वातावरणीय सन्तुलन कायम राख्ने,जलउत्पन्न प्रकोप नियन्त्रण तथा नदीको व्यवस्थापन गर्दै वन, वन्य जन्तु, पंक्षी,वनस्पती तथा जैविक विविधताको संरक्षण,संवर्द्धन तथा दिगो उपयोग गर्ने पक्षलाई राष्ट्रिय नीतिमा राखिएकोछ । वातावरण संरक्षण र जैविक विविधता ,विपद व्यवस्थापन,जलाधार तथा बन्यजन्तु संरक्षण जस्ता पक्षहरु स्थानीय तहको एकल अधिकारमा सूचिकृत छ । विपद व्यवस्थापनका समग्र चक्रहरु विपद पुर्व गरिने जोखिम न्यूनीकरण,सो पश्चातको उद्धार ,राहत सहितको प्रकावकारी प्रातिकार्य, दिगो विकासमूलक पुनर्स्थापना र पुननिर्माणका साथै चेतनामूलक क्रियाकलापहरुलाई व्यवस्थित र निर्देशन गर्ने हेतुले विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ कार्यान्वयनमा छ । यसलाई तीनवटै तहमा प्रभावकारी कार्यान्वयन मार्फत प्रभावाकारी व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विषद उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच तर्जुमा भएको छ । त्यसै गरी स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थनीय स्तरमा वातावरण जोखीम न्यूनीकरण,सरसफाई तथा फोहोरमैला व्यवस्थापन,न्यून कार्वनमुखी तथा वातावरण मैत्री नीति अवलम्वन,हरित क्षेत्रको संरक्षण,वातावरण संरक्षण क्षेत्र निर्धारण तथा व्यवस्थापन गर्ने सम्वन्धी स्थानीय नीति,कानुन,मापदण्ड निर्माण,योजना तर्जुमा तथा त्यसको कार्यान्वयन,अनुगमन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ ।

नेपालको १५औ योजनामा प्राकृतिक श्रोतको संरक्षण र परिचालन तथा उत्थानशील विकासलाई राष्ट्रिय रणनीतिमा समावेश गरिएकोछ । दिगो विकास लक्ष सूचकमा जलवायू परिवर्तन तथा प्राकृतिक प्रकोय न्यूनीकरण तथा अनुकुलन गर्ने पक्षलाई विशेष महत्वका साथ उल्लेख गरिएकोछ । यसकालागि क्षमता सुदृढ गर्ने,राष्ट्रियनीति,रणनीति र योजनामा एकीकृत गर्न पूर्व सावधानी शिक्षा,सचेतना,मानवीय तथा संस्थागत क्षमतामा सुधार गर्न नेपाल सरकारले आफ्नो प्रतिवद्धता अन्तराष्ट्रिय स्तरमा जाहेर गरेकोछ । भू परिधि स्तरीय पारिस्थीतिकीय प्रणालीको दिगो उपयोग रक्षा र पुनर्स्थापना गर्ने,वनको दिगो व्यवस्थापन गर्ने,जमीनको क्षयीकरण रोक्ने र जैविक विविधताको क्षतिलाइ रोक्ने विषयहरु दिगो विकास लक्षमा उल्लेख छ ।

उपरोक्त पक्षको सुनिश्चिताका लागि अर्जुनधारा नगरपालिकाले संघ र प्रदेश सरकारको कानुन,नीति,योजना र लक्षलाई समेत मनन गरी समग्र वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको आवधिक योजनाको खाका तयार पारेकोछ ।यसका लागि यस क्षेत्र अन्तरगतका प्रमुख क्षेत्रहरु वन तथा जैविक विविधता,वातावरण तथा स्वच्छता,भू तथा जलाधार संरक्षण विवद व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन जस्ता क्षेत्रहरुको विद्यमान अवस्था समस्या तथा चुनौतीहरुको विश्लेषण भएको छ र आगामी ५ वर्षको लागि उदेश्य निर्धारण भएको छ । लक्ष सूचक एवम लक्ष परिणाम तय भएको छ र सो को प्राप्तिका लागि अवलम्वन गर्नुपर्ने रणनीति तथा कार्यनीति निर्धारण भई प्रमुख कार्यक्रम तर्जुमा भएकोछ ।

**७.२. बर्तमान अवस्था**

अर्जुनधारा नगरपालिकाले वन संरक्षण तथा वन सम्पदाहरुको समुचित एवम दिगो विकासका लागि ६ वटा सामुदायिक वन उपभोक्ता समूह गठन गरेर हस्तान्तरण गरिएकोछ ।वन क्षेत्र वाट दैनिक उपभोगाका लागि आवश्यक पर्ने बस्तु तथा काठ उत्पादन भइरहेकोछ । वन क्षेत्र आयआर्जन को दिगो श्रोत समेत हुन सकिरहेको छैन सामान्यरुपमा सालका पातहरु झाडु तथा घाँसहरु निकाल्ने विक्रि गर्ने भइरहेकोछ । जैविक विविधता युक्त वन क्षेत्रमा पर्यटन विकासको प्रसस्त संभावना रहेकोछ तर सामान्य वनभोज का लागि जाने वाहेक खासै व्यवसायिक रुपमा पर्यटन विकास हुन सकेको छैन । यो वनमा स्थायी वासस्थान नभएपनि भारतवाट आउने जंगली हात्तीले वाली हानी नोक्सानी पुर्याउनुका साथै मानिसहरुलाई समेत दुख दिने ज्यान लिने गरेको छ यसको नियन्त्रणकालागि प्रभावकारी पहल हुन सकिरहेको छैन,हात्ती र मानिस एकअर्काका पुरक हुनपर्नेमा एक अर्काका प्रतिस्पर्धी भएका कारण जटील वन्दै गएकोछ । यसैगरी जलवायु परिवर्तन अनुकुलनता र विपद जोखिम न्यूनीकरणका लागि स्थानीय स्तरमा विविध प्रयासहरु हुदै आएका छन । यसै सन्दर्भमा विभिन्न संघ संस्थाद्वारा तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धि कार्यक्रमहरु पनि संचालन हुदै आएका छन ।

**७.३. वन वातावरण र विपद व्यवस्थापनको उदेश्य**

आवधिक योजना अन्तरगत वन वातावरण तथा विपद व्यवस्थापनक क्षेत्रको लागि "विपद एवम् जलवायु परिवर्तन अनुकुलन तथा न्यूनिकरणका उपायहरु अवलम्वन गरी भूमि,जल,वन तथा जैविक विविधताको संरक्षण एवम वातावरणीय सन्तुलन कायम राख्दै प्राकृतिक श्रोतहरुको दिगो उपयोग वाट जीविकोपार्जनमा सहजता ल्याउनु" प्रमुख उदेश्य निर्धारण गरिएकोछ ।

**७.४. वन वातावरण र विपद व्यवस्थापनको प्रमुख रणनीतिहरु**

क. विपद संवेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने

ख. प्राकृतिक सम्पदाको दिगो उपयोग एवम वातावरण संरक्षण गर्ने

### ७.५. बिषयगत उपक्षेत्रहरु

यस विषयगत क्षेत्रभित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएकोछ

क. वन तथा जैविक विविधता

ख. भू तथा जलाधार व्यवस्थापन

ग. वातावरण तथा फोहर मैला व्यवस्थापन

घ. विपद व्यवस्थापन र जलवायु उत्थानशीलता

### ७.५.१. वन तथा जैविक विविधता

#### ७.५.१.१. संभावना तथा अवसरहरु र समस्या चुनौती

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धीको पुनरावलकोन एवम नगरपालिकाको भावी मार्गचित्र वारे सहाभागितात्मक छलफलवाट पहिचान भएका संभावना, अवसर, समस्या तथा चुनौतीहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

**तालिका ८८ वन तथा जैविक विविधताः संभावना अवसर तथा समस्या र चुनौती**

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ गैह्रकाष्ठ वन पैदावारको व्यवसायिक रुपमा प्रवर्द्धन गर्न सकिने ।<br>▪ जलाधार तथा सिमसार क्षेत्र विकास गर्न सकिने<br>▪ नमूना सामुदायिक वन निर्माण गर्न सकिने<br>▪ आवश्यक मात्रामापर्यटक भित्र्याउन सकिने । | ▪ वन तथा जैविक विविधताको संरक्षण गर्न<br>▪ मिचाहा प्रजातीका वनस्पतीका कारण रैथाने प्रजातीहरुको संरक्षण गर्न<br>▪ आगलागी फडानी तथा चोरी नियन्त्रण गर्न<br>▪ प्राकृतिक श्रोतहरुको संरक्षण र जीविकोपार्जन वीच अन्तर सम्वन्ध स्थापित गर्न । |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ▪ ६ वटा सावउस गठन भएको ।<br>▪ उपभोक्ता जागरुक भएको वन संरक्षण सम्वर्द्धन र उपयोग प्रभावकारी रुपमा कार्यान्यिवन भएको<br>▪ आवश्यक क्षेत्रमा वृक्षारोपण तथा घेरवाराका कामहरु समेत हुने गरेको ।<br>▪ काम बाँडफाँड गरेर वन संरक्षण पालो प्रणालीवाट समेत हुने गरेको | ▪ गैह्रकाष्ठ वन पैदावारको उत्पादन तथा उपयोगको काम नहुनु ।<br>▪ वन्यजन्तुवाट हुने वालीनाली को क्षती नियन्त्रण गर्न नसक्नु<br>▪ चरण क्षेत्र को प्रभावकारी व्यवस्थापन नहुनु<br>▪ वन्यजन्तुको आक्रमण नियन्त्रण हुन नसक्नु<br>▪ |

#### ७.५.१.२. उदेश्य

वन श्रोत तथा जैविक विविधताको संरक्षण,प्रवर्द्धन एवम वैज्ञानिक व्यवस्थापन गर्दै वन सम्पदाहरुको दिगो सदुपयोग गर्नु

**७.५.१.३. रणनीतिहरु**

क. वन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

ख. जैविक विविधता संरक्षण र प्रवर्द्धन गर्ने

ग. वन पैदावारको दिगो उपयोग गर्न

**७.५.१.४.कार्यनीतिहरु**

**रणनीति**

वन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**कार्यनीतिहरु**

- संघीय तथा प्रदेश कानुनको अधिनमा रही  वन तथा जैविक विविधता संवन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाइ अनुगमन तथा नियमन गरिनेछ
- वन तथा जैविक विविधता संरक्षण तथा प्रवर्द्धनका लागि विस्तृत अध्ययन,अभिलेख अद्यावधिक एवम गुरुयोजना वनाई कार्यान्वयन गरिनेछ
- सहाभागितामूलक,समावेशी र अधिकारमूखी पद्धतीमा आधारित अवधारणा बमोजिम नगरपालिका स्तरीय वन तथा जैविक विविधता कार्यक्रम संचालन गरिनेछ

**रणनीति**

जैविक विविधता संरक्षण र प्रवर्द्धन गर्ने

**कार्यनीतिहरु**

- जैविक विविधताको संरक्षण गर्न समुदाय स्तरमा चेतना अभिवृद्धि,वन व्यवस्थापन समितिको क्षमता विकास कार्यक्रम संचालन  गरिनेछ
- वन समूह मार्फत मिचाहा प्रजातिको बोट विरुवालई नियन्त्रण, नर्सरी विस्तार, वृक्षारोपण, अग्नी रेखा,झाडी सफाइ जस्ता क्रियाकलापहरु मार्फत जैविक सम्पदाको संरक्षण गरिनेछ
- वन्यजन्तुको चोरी शिकारी विरुद्धको कानुनलाई कडाइका साथ कार्यान्वयन गरिनेछ
- लोपउन्मुख चारचुरुङ्गी को संरक्षण गरिनेछ ।चराको वारेमा झापामा धेरै अद्ययन भएको छ जसको प्रवर्द्धन गरिनेछ ।
- जैविक विधितालाई पर्यटन संग जोडेर आयमूलक वनाउदै लगिनेछ

**रणनीति**

वन पैदावारको दिगो उपयोग गर्न

**कार्यनीतिहरु**

- सहकारी मार्फत जडिबुटीहरुको व्यवसायिक खेती तथा उद्यमशीलता विकास गर्दै सहकारी सदस्यरुको क्षमता विकास गरिनेछ
- वन उपभोक्ता समुह तथा तथा सहकारी मार्फत गैह्रकाष्ठ वन पैदावर संकलन प्रशोधन तथा बिक्रिवितरण गरी रोजगारी एवम आयआर्जनका अवसरहरु सृजना गरिनेछ
- सामुदायिक वनको विकासमा विपन्न महिला दलितको सहाभागीता वढाउदै लगिनेछ ।

### ७.५.१.५. वन तथा जैविक विविधता सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

तालिका ८९ वन तथा जैविक विविधता सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

| नतिजा सूचक | इकाई | आधार वर्ष | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | ०७९/८० | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८३ | | |
| **असर** | | | | | | | | |
| संरक्षित तथा व्यवस्थित वन | हेक्टर | ३१६६ | ३१६६ | ३१६६ | ३१६६ | ३१६६ | | |
| **प्रतिफलहरु** | | | | | | | | |
| जैविक विविधता संरक्षण क्षेत्रफल | वर्ग किमि | | | | | | नगरपलिका वार्षिक प्रतिवेदन हरु प्रदेश सरकारका प्रतिवेदनहरु | तीनै तहका सरकार विच सहकार्य र समन्य हुने |
| समुदायवाट व्यवस्थापन भएको वन | हेक्टर | २९६६ | २९६६ | २९६६ | २९६६ | २९६६ | | |
| चरण क्षेत्र | वर्ग किमि | | | | | | | |
| छत्र घनत्वले ढाकेको वनको क्षेत्रफल | हेक्टर | ५५३.२७ | ५५३.२७ | ५५३.२७ | ५५३.२७ | ५५३.२७ | | |
| वन जन्य उद्योग व्यवसाय | संख्या | ४४ | ५० | ६० | ७० | ८० | | |
| आयमूलक कार्यमा संचालित वन क्षेत्र | हेक्टर | ० | ० | २० | ४० | ५० | | |

#### ७.५.१.६. वन तथा जैविक विविधता सम्वन्धी कृयाकलापहरु

तालिका ९० बन तथा जैविक विविधता सम्वन्धी कृयाकलापहरु

| क स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | सामुदायिक वन उपभोक्ता समूहको क्षमता तथा उद्यमशिलता विकास कार्यक्रम संचालन गर्ने | २५० |
| २ | वन्यजन्तुलाई मानिसको वालीमा प्रवेश गर्न नदिन जंगल क्षेत्रमा फलफुलका विरुवाहरु रोप्ने | २०० |
| ३ | वृक्षारोपण गर्ने /उपभोक्ता समुहमा आयआर्जन कृयाकलाप संचालन गर्ने । | ४०० |
| ४ | वन पैदावार संकलन तथा प्रशोधन केन्द्र निर्माण गर्ने | ३१० |
| ५ | जैविक विविधता संरक्षण गुरुयोजना विकास तथा संरक्षण | ३४० |
| ६ | लोपोन्मुख प्रजाती,बन्यजन्तु,चराचुरुङ्गीहरुको वास्थानको संरक्षण | २६० |
| ७ | चरिचरण क्षेत्र विकास | २०० |
| | जम्मा | १९६० |

### ७.५.२. वातावरण तथा फोहोरमैला व्यवस्थापन

#### ७.५.२.१. संभावना तथा अवसरहरु र समस्या चुनौती

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धीको पुनरावलकोन एवम नगरपालिका को भावी मार्गचित्र वारे सहाभागितात्मक छलफलवाट पहिचान भएका संभावना, अवसर, समस्या तथा चुनौतिहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

तालिका ९१ वातावरण तथा फोहोरमैला व्यवस्थापनः संभावना अवसर तथा समस्या र चुनौती

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ तराइक्षेत्रको स्वच्छ हावापानी भएकोले व्यवसायिक कार्यक्रमहरु गर्न सकिने<br>▪ वनजन्य उद्यम संचालन गर्न सकिने<br>▪ फोहोर मैला व्यवस्थापन गर्न सकिने | ▪ फोहोर प्रशोधनको व्यवस्था गर्न<br>▪ फोहोर र वातावरण बीच सन्तुलन कायम राख्न<br>▪ दाउराको प्रयोग कम गर्न |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ▪ ९८.५ प्रतिशत भन्दा वढी घरधुरीमा शौचालय भएको | ▪ प्लास्टिक प्याकेटका खानाहरु अधिक प्रयोग भएको |

| | |
|---|---|
| ▪ वायो ग्यास तथा एल पी ग्यास ७६.४९% घरधुरीले प्रयोग गरेको ।<br>▪ धुवावाट हुने रोगहरु घट्दै गएको | ▪ प्लास्टिक प्रयोग गरेपछि जतासुकै फालिएको<br>▪ वजार क्षेत्रहरुमा फोहोर संकलन गर्ने तथा विसर्जन गर्ने परिपाटी भएपनि प्रभावकारी कार्यान्वयन नभएको |

**७.५.२.२. उदेश्य**

फोहोर मैला तथा सवै प्रकारका प्रदुषणहरुको व्यवस्थापन गरी हरित क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गर्दै वातातरण स्वच्छता कायम राखु

**७.५.२.३. रणनीतिहरु**

क. वातावरण तथा जलवायु अनुकुलन सम्वन्धी स्थानीय नीति,योजना कार्यान्वयन गर्ने

ख. वातावरण तथा फोहोरमैला व्यवस्थापन गर्ने

**७.५.२.४.कार्यनीतिहरु**

**रणनीति**

वातावरण तथा जलवायु अनुकुलन सम्वन्धी स्थानीय नीति,योजना कार्यान्वयन गर्ने

**कार्यनीतिहरु**

- वातावरण संरक्षण तथा जलवायु अनुकुलन सम्वन्धी स्थानीय नीति,कानुन,मापदण्ड वनाइ कार्यान्वयन अनुगमन तथा नियम गरिनेछ
- वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापन सम्वन्धी दीर्घकालीन योजना वनाइ कार्यान्वयन गरिनेछ ।

**रणनीति**

वातावरण तथा फोहोरमैला व्यवस्थापन गर्ने

**कार्यनीतिहरु**

- ध्वनी तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीयवासीहरुलाई अभिमुखीकरण कार्यक्रमहरु संचालन गरी सचेतना गरिनेछ ।
- वातावरण सरसफाइ समूह परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छता कायम राखिनेछ ।
- सामुदायिक संस्थाहरु सग सहकार्य गरी फोहोर न्यूनीकरण प्रशोधन तथा प्रयोग जस्ता विधिहरु अवलम्वन गरी फोहोर मैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकण गरिनेछ ।
- वजार क्षेत्रहरुमा ढल निर्माण र गाउँवस्तीका घर आगन वाट निस्कने फोहोर पानीलाई नजिकको खेतवारीमा सुरक्षित निकास र करेसावारी प्रवर्द्धन गरिनेछ ।

- दलित अति विपन्न समुदायको चर्पी व्यवस्थापन तथा प्रयोगको वारेमा अनुगमन गरी खुल्ला क्षेत्रमा गर्ने शौचलाई निराकरण गरिनेछ ।
- गोवर ग्याँस प्लान्टमा सहयोग उपलव्ध गराउदै घरवाट निस्कने धुवाँ कम गरिनेछ ।
- स्थानीय समुदाय संगको सहकार्यमा सडक, विद्यालय,सार्वजानिक क्षेत्र एवम खुल्ला क्षेत्रहरुमा फलफुल तथा वृक्षारोपण गर्दै पानी पोखरी हरियाली पार्क क्षेत्रहरु निर्माण गरिनेछ ।

### ७.५.२.५. वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

**तालिका ९२ वातावरण तथा फोहोर मैला व्यवस्थापन सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान**

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| घर कार्यालय एवम अस्पतालको नकुहिने नगल्ने नसड्ने प्लास्टिक जन्य पोहोरलाई सुरक्षित विसर्जन गरेको | प्रतिशत | ३६ | ४२ | ५० | ६० | ७० | स्थानीय छलफल | |
| **प्रतिफलहरु** | | | | | | | | |
| घरवाट निस्केको नसड्ने फोहोर जलाउने र व्यवस्थापन गर्ने घर परिवार | प्रतिशत | २६ | ३३ | ४० | ४८ | ६५ | नगरपालिको वार्षिक प्रतिवेदन हरु<br><br>स्थानीय उपभोक्ता हरु संगको छलफल | तीनै तहका सरकार विच सहकार्य र समन्य हुने |
| नगरपालिका भरको निस्कासित फोहोरको अनुमानित परिमाण (दैनिक) | मे टन | १० | १० | १० | १० | १० | | |
| नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ६६ | ७० | ७५ | ८२ | ९० | | |
| घर आँगनको कुहिन फोहोरलाई व्यस्थित गर्ने घरधुरी | प्रतिशत | ७० | ७५ | ८० | ८६ | ९० | | |
| परम्परागत उर्जा दाउरा प्रयोग गर्ने घरधुरी | प्रतिशत | २२.९९ | २० | १८ | १५ | १२ | | |
| मनोरन्जन स्थल पार्क र हरित क्षेत्र | संख्या | ४ | ५ | ६ | ६ | ७ | | |

#### ७.५.२.६.वातावरण तथा फोहोर मैला व्यवस्थापन सम्वन्धी कृयाकलापहरु

**तालिका ९३ वातावरण तथा फोहोर मैला व्यवस्थापन सम्वन्धी कृयाकलापहरु**

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | फोहोर मैला न्यूनीकरण तथा संकलन व्यवस्थापन | १५० |
| २ | वातावरण संरक्षण प्रवर्द्धनात्मक कार्यक्रम | २२५ |
| ३ | करेसावारी ढल तथा शौचालय निर्माण | २५० |
| ४ | जिवाणु मल तथा फोहोर प्रशोधन केन्द्र | ५०० |
| ५ | बायो ग्याँस तथा सुधारिएको चुल्हो निर्माण | ३०० |
| | जम्मा | १४२५ |

### ७.५.३. भू तथा जलाधार व्यवस्थापन

#### ७.५.३.१. संभावना तथा अवसरहरु र समस्या चुनौती

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम नगरपालिका को भावी मार्गचित्र वारे सहाभागितात्मक छलफलवाट पहिचान भएका संभावना, अवसर, समस्या तथा चुनौतीहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

| तालिका ९४ भू तथा जलाधार व्यवस्थापनः संभावना अवसर तथा समस्या र चुनौती | |
|---|---|
| संभावना तथा अवसरहरु | चुनौतीहरु |
| ▪ तटवन्ध गरी खोलालाई निश्चित वाटोमा वगाउन सकिने<br>▪ वगरखेती प्रवर्द्धन गर्न सकिने<br>▪ तटवन्धका लागि सरकारी तथा गैह्रसरकारी निकायको ध्यान आकर्षित गर्न सकिने | ▪ खोला किनारामा वसोवास गर्ने नागरिकहरुलाई व्यवस्थापन गर्न<br>▪ संवेदनशील क्षेत्रमा रहेका नागरिकलाई सुरक्षित ठाउँमा स्थानतरण गर्न<br>▪ जलाधार क्षेत्रको दिगो व्यवस्थापन गर्न |
| सवल पक्ष | कमजोर पक्ष |
| ▪ जगल क्षेत्र प्रसस्त हुनु<br>▪ खोलावाट EIA गरेर मात्र खनीज वस्तु निकाल्ने | ▪ भू क्षय नियन्त्रणका लागि खास नीति तथा कार्यक्रम नहुनु<br>▪ EIA निर्धारण गरे भन्दा वढी नदीजन्य सामाग्रीहरु निकाल्नु वा एकै ठाउँवाट निकाल्नु र यसको प्रभावकारी अनुगमन नहुनु |

#### ७.५.३.२. उदेश्य

नदी तथा भूक्षय नियन्त्रण गर्दै पानीका मुहान, तालतलैया, पोखरी लगायत सीमसार लगायत भू तथा जलाधार क्षेत्रको संरक्षण गर्नु

### ७.५.३.३. रणनीतिहरु

क. भू संरक्षण तथा जलाधार व्यवस्थापन सम्वन्धी स्थानीय नीति योजना कार्यान्वयन गर्ने

ख. भू क्षय नियन्त्रण गर्ने

ग. जलाधार क्षेत्रको संरक्षण एवम् उपयोग गर्ने

### ७.५.३.४.कार्यनीतिहरु

**रणनीति**

भू संरक्षण तथा जलाधार व्यवस्थापन सम्वन्धी स्थानीय नीति योजना कार्यान्वयन गर्ने

**कार्यनीतिहरु**

- भू संरक्षण तथा जलाधार व्यवस्थापन सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगनम तथा नियमन गरिनेछ
- विगतमा वनेका कानुन तथा कार्यविधिहरु पुनरावलोकन गरी आवश्यक संसोधन र परिमार्जन गरी समयानुकुल वनाउने ।

**रणनीति**

भू क्षय नियन्त्रण गर्ने

**कार्यनीतिहरु**

- भू क्षय तथा वाढी प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरुमा मानव वसोवासका लागि बन्देज लगाइनेछ
- जोखीम क्षेत्रका वस्तीहरुलाई स्थानतरण गर्दै, वाँस वावीयो अम्रिसो जस्ता वोट विरुवाहरुको वृक्षारोपण गरी भूक्षयलाई नियन्त्रण गरिनेछ ।

**रणनीति**

जलाधार क्षेत्रको संरक्षण एवम उपयोग गर्ने

**कार्यनीतिहरु**

- लाभान्वित समुदायहरु संगको सहकार्यमा पानी मुहान,सीमसार,पोखरी तालतलैया संरक्षण गर्दै जलश्रोतको उपयोग गरिनेछ
- नदी तथा खोला किनार हरुमा तटवन्ध निर्माण गरी जलाधार क्षेत्रको संरक्षण गरिनेछ
- नगरपालिकामा हुने विकास पूर्वाधारका योजनाहरुलाई वातावरण मैत्री हुने गरी निर्माण गर्न मापदण्ड निर्धारण लगायत त्यसको परिपालन समेत गर्न नगरपालिका अग्रसर रहनेछ

### ७.५.३.५. भू तथा जलाधार व्यवस्थापन सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

तालिका ९५ भू तथा जलाधार व्यवस्थापन सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| संरक्षित भू क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | ० | १ | २ | २ | ४ | स्थानीय छलफल | |
| **प्रतिफलहरु** | | | | | | | | |
| हिउँद वर्षा नै वग्ने खोलाहरु | संख्या | ६ | ६ | ६ | ६ | ६ | नगरपलिका वार्षिक प्रतिवेदन हरु<br>स्थानीय उपभोक्ता हरु संगको छलफल | तीनै तहका सरकार विच सहकार्य र समन्य हुने |
| संरक्षित खेतीयोग्य जमीन क्षेत्रफल | प्रतिशत | ७८ | ७८ | ७८ | ७८ | ७८ | | |
| वायो इन्जिनियरीङ प्रविधि प्रयोग तटवन्ध | किमि | ५ | १० | १५ | २० | ५० | | |
| जल उत्पन्न प्रकोपवाट प्रभावित घरधुरी | संख्या | १२०० | १००० | ८०० | ५०० | २०० | | |
| संरक्षित र व्यवस्थित जलाधार क्षेत्र | संख्या | ३ | ५ | ५ | ५ | ५ | | |

### ७.५.३.६. भू तथा जलाधार व्यवस्थापन सम्वन्धी कृयाकलापहरु

तालिका ९६ भू तथा जलाधार व्यवस्थापन सम्वन्धी कृयाकलापहरु

| क स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | भू क्षय तथा जोखीम क्षेत्र नक्साङ्कन कार्यक्रम | ५० |
| २ | जलाधार जलश्रोत तथा सीमसार संरक्षण | २०० |
| ३ | जोखीमयुक्त वस्ती स्थानतरण गर्ने | ५०० |
| ४ | सहकाले एरिया पहिरो नियन्त्रण तथा वायो इन्जिनियरिङ | ८० |
| ५ | वातावरण मैत्री पूर्वाधार निर्माण | १२५ |
| | जम्मा | ९५५ |

### ७.५.४. विपद व्यवस्थापन तथा जलवायु उत्थानशिलता

#### ७.५.४.१. संभावना तथा अवसरहरु र समस्या चुनौती

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धीको पुनरावलकोन एवम नगरपालिकाको भावी मार्गचित्र वारे सहाभागितात्मक छलफलवाट पहिचान भएका संभावना, अवसर, समस्या तथा चुनौतीहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

**तालिका ९७ विपद व्यवस्थापन तथा जलवायु उत्थानशिलताः संभावना अवसर तथा समस्या र चुनौती**

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ विपद व्यवस्थापनका लागि रेडक्रस लागायत स्थानीय युवाक्लवहरु परिचालन गर्न सकिने<br>▪ एम्वुलेन्स दमकल जस्ता विपदमा प्रयोगहुने साधनहरुमा पँहुच भएको । | ▪ जोखीमयुक्त वस्तीमा वसोवास गर्दै आएका वासिन्दाहरुलाई स्थानतरण गर्नु<br>▪ परिवर्तित जलवायुमा अनुकुलनका योजनाहरु संचालन गर्न । |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ▪ पक्कीघरहरुको संख्या अधिकभएको हुनाले आगलागी जस्तो डरलाग्दो विपद आउने संभावना कम भएको<br>▪ विपद व्यवस्थापनका लागि नगरपालिकाले स्थानीय कोष खडा गरिएको<br>▪ जलवायु परिवर्तन अनुकुलन सम्वन्धी जनचेतना अभिवृद्धि हुदै आएको | ▪ आपतकालिन उद्धारका लागि तालिम प्राप्त स्वयम सेवक तथा राहत समाग्रीको व्यवस्था नहुनु<br>▪ विपद पुर्व सुचना प्रणालिको व्यवस्था नहुनु<br>▪ विपद पिडितहरुको राहतका लागि सुरक्षित र संरक्षित क्षेत्र नहुनु |

#### ७.५.४.२. उदेश्य

विपद वाट हुन सक्ने क्षति न्यूनीकरण एवम उद्धार व्यवस्थापनलाई प्रभावकारी वनाउदै जलवायु परिवर्तन अनुकुलनता वृद्धि गर्नु

#### ७.५.४.३. रणनीतिहरु

क. विपद व्यवस्थापन सम्वन्धी नीति योजन कार्यान्वयन गर्ने

ख. विपद व्यवस्थापन पुर्वतयारी सुदृढीकरण गर्ने

ग. प्राकृतिक तथा जलवायु परिवर्तीय जोखीमवाट क्षती न्यूनिकरण गर्ने

#### ७.५.४.४.कार्यनीतिहरु

**रणनीति**

विपद व्यवस्थापन सम्वन्धी नीति योजना कार्यान्वयन गर्ने

**कार्यनीतिहरु**

- विपद् व्यव्थापन तथा जलवायु अनुकुलन सम्वन्धी स्थानीय नीति,कानुन,मापदण्ड वनाइ कार्यान्वयन अनुगमन तथा नियमन गरिनेछ
- विपद् व्यव्थापन तथा जलवायु अनुकुलन सम्वन्धी दीर्घकालीन योजना वनाइ कार्यान्वयन गरिनेछ

**रणनीति**

विपद व्यवस्थापन पुर्वतयारी सुदृढीकरण गर्ने

**कार्यनीतिहरु**

- विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र पूर्व सुचना प्रणालीको व्यवस्था गरी संभावित जीउ धनको क्षतिवाट जोगिन सर्वसाधारणलाई पूर्वतयारी अवस्थामा राखिनेछ
- जोखिमयुक्त क्षेत्रको जोखिम संवेदनशिल भू नक्सा तयार पार्दै जनचेतना अभिवृद्धि गरिनेछ
- विपद व्यवस्थापन सम्वन्धी चेतनामूलक कार्यक्रम संचालन गरी जनमानसमा विपद पूर्वतयारी, उद्धार,पुनस्थापन,युवा स्वयम सेवा तथा उद्धार टोली व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ।
- भूकम्प तथा विपद प्रतिरोधात्मक भौतिक संरचना निर्माण गर्न प्रोत्साहन गरिनेछ
- आपतकालनी व्यवस्थापनका लागि प्रत्येक वस्तीहरुमा एक निश्चित खुल्ला क्षेत्रको व्यवस्था गरिनेछ जसमा अत्यावस्यक पूर्वाधारको निर्माण गरिनेछ
- विपद व्यवस्थापन कोष स्थापना गरी संघ प्रदेश तथा अन्य सरोकारवालाहरुवाट प्राप्त रकम समेत कोषमा राखी एकद्वार प्रणालीवाट विपद व्यवस्थापन गरिनेछ
- सवै सरोकारवालाहरु रहेको विपद व्यवस्थापन समिति नगरपालिका स्तरमा गठन गरिनेछ ।

**रणनीति**

प्राकृतिक तथा जलवायु परिवर्तनीय जोखीमवाट क्षती न्यूनिकरण गर्ने

**कार्यनीतिहरु**

- एकीकृत वस्ती विकासको अवधारणा अनुसार जोखीमयुक्त क्षेत्रवाट वस्ती स्थानान्तरण गर्दै आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरुको व्यवस्था गरी सुरक्षित वस्ती विकास गरिनेछ ।
- भवन निर्माण संहिता कडाइका साथ पालना गरिनेछ
- नजिकको अस्पताल तथा स्थानीय स्वास्थ्य चौकीहरुमा औषधी एवम उपकरणहरुको व्यवस्था गरी प्राथमिक तहको औषधोपचारलाई सहज वनाइनेछ
- विकास पूर्वाधार वाट हुनसक्ने जोखिमको न्यूनीकरण गर्न जलवायु परिवर्तन वाट सृजना हुने सवै प्रकारका जोखिम घटाउने जलवायु परिवर्तन अनुकुलन गर्ने र यस संग सम्वन्धित नीति,कार्यक्रमहरु संचालन गरिनेछ ।

## ७.५.४.५.विपद व्यवस्थापन तथा जलवायु उत्थानशिलता सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

तालिका ९८ विपद व्यवस्थापन तथा जलवायु उत्थानशिलता सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | ० | ० | ५ | १० | १५ | नगर प्रतिवेदन | |
| **प्रतिफलहरु** | | | | | | | | |
| आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयम सेवक (प्रहरी तथा रेडक्रस) | संख्या | १०० | १० | १५ | २५ | ४० | नगर वार्षिक प्रतिवेदन हरु<br>स्थानीय उपभोक्ता हरु संगको छलफल | तीनै तहका सरकार विच सहकार्य र समन्य हुने |
| विपद व्यवस्थापानमा स्थानीय कोषमा भएको रकम | रु लाख | | ३० | ५० | ८० | १०० | | |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ संस्था | संख्या | १ | १ | २ | २ | २ | | |
| विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु | संख्या | ० | ६ | ११ | ११ | ११ | | |
| विपद प्रतिकार्यकालागि भएको आपतकालीन अभ्यास | संख्या | ० | २ | ३ | ५ | ६ | | |
| जलवायु परिवर्तन अनुकुलन तथा न्यूनिकरण सम्वन्धी सचेतना लगायतका कार्यक्रम संचालन | संख्या | ० | २ | ३ | ५ | ६ | | |
| जलवायु परिवर्तन अनुकुलन सम्वन्धी तालिम प्राप्त जनशक्ती | संख्या | ० | १०० | २०० | ३०० | ४५० | | |

### ७.५.४.६.विपद व्यवस्थापन तथा जलवायु उत्थानशीलता सम्वन्धी कृयाकलापहरु

तालिका ९९ विपद व्यवस्थापन तथा जलवायु उत्थानशिलता सम्वन्धी कृयाकलापहरु

| क स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | विपद व्यवस्थापन जनचेतामूलक कार्यक्रम | १०० |
| २ | विपद जोखीम क्षेत्र नक्साङंकन र विपद पूर्वसूचना उपकरण जडान | २०० |
| ३ | आपतकालीन उद्धारका साधन सामाग्री व्यस्थापन तथा उद्धारकर्मी क्षमताविकास कार्यक्रम | १५० |
| ४ | राहतका समाग्रीहरुको भण्डारण | १२० |
| ५ | स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि | २०० |
| ६ | विपद व्यवस्थापन कोष स्थापना | ३०० |
|  | जम्मा | १०७० |

# परिच्छेद ८
# सुशासन तथा संस्थागत विकास

## ८.१.पृष्ठभूमि

नेपालको संविधान २०७२ मा सार्वजानिक प्रशासनलाई स्वच्छ समक्ष र निश्पक्ष पारदर्शी भ्रस्टाचार मुक्त जनउत्तरदायी र सहभागितामूलक वनाउदै राज्यवाट प्राप्त हुने सेवा सुविधानमा जनताको समान र सहज पहुँच सुनिश्चित गरि सुशासन को प्रत्याभूती गर्ने उल्लेख छ । उपरोक्त पक्षलाई नेपालको संविधान २०७२ ले राज्यका नीतिमा ग्रहण गरेको छ । जनसहाभागीता उत्तरदायी पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने कुरा स्थानीय सरकार संचालन ऐन २०७४ को प्रस्तावनामा उल्लेख छ । सेवा प्रवाहलाई प्रभावकारी व्यवस्थापन गर्न सूचना तथा संचार प्रविधि उपयोग प्रवर्द्धन र नियमन गर्ने तथा स्थानीय सेवा प्रवाह सम्वन्धी नीति,नियम मापदण्ड निर्माण गर्ने सेवा शर्त तोक्ने योजना तर्जुमा गर्ने कार्यान्वयन र नियमन गर्ने अधिकार पनि स्थानीय सरकार संचालन ऐनमा नगरपालिकालाई प्रदान गरेको छ ।

दिगो विकास लक्षमा सवै प्रकार तथा स्वरुपमा भ्रस्टाचार घटाउने,सवै तहमा प्रभावकारीता,जवाफदेहिता, पारदर्शिता र सहाभागीतामूलक प्रतिनिधित्व तथा निर्णय निर्माणलाई विशेष महत्वका साथ उल्लेख गरेको छ र यसमा नेपाल सरकारले आफ्नो प्रतिवद्धता जाहेर गरिसकेकोछ । यसैगरी सुशासनलाई राष्ट्रिय लक्षमा राख्दै सार्वजानिक सेवालाई सुदृढीकरण गर्ने रणनीति १५औं योजनामा उल्लेख गरिएको छ भने शासकीय सुधार र सुशासन अभिवृद्धिलाई रुपान्तरणको प्रमुख सम्वाहकमा लिइएको छ ।

उपरोक्त पक्षको सुनिश्चितताका लागि अर्जुनधारा नगरपालिकाले संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्षलाई समेत मनन गरी समग्र सुशासन तथा संस्थागत विकास क्षेत्रको आवधिक योजनाको खाका तयार पारेको छ । यसका लागि सुशासन तथा संस्थागत विकास अन्तरगत प्रमुख क्षेत्रहरु सुशासन ,ऐन कानुन तथा जवाफदेहिता,वित्तीय श्रोत परिचालन,मानव संसाधन तथा संस्थागत विकास र योजना व्यवस्थापनका जस्ता क्षेत्रहरुको विद्यमान अवस्था समस्या तथा चुनौतीहरुको विश्लेषण भएको छ र आगामी ५ वर्षका लागि उदेश्य निर्धारण भएको छ । लक्ष सूचक एवम् लक्ष परिमाण तय भएको छ सो को प्राप्तिका लागि अवलम्वन गर्नुपर्ने रणनीति तथा कार्यनीति निर्धारण भई प्रमुख कार्यक्रम तर्जुमा भएको छ ।

## ८.२.वर्तमान अवस्था

नगरपालिकामा संस्थागत तथा संरचनागत विकास प्रयासको सुरुवात भएकोछ । कार्य प्रणालीलाई सूचना प्रविधि संग जोड्दै जनशक्तिलाई सूचना प्रविधिमा अभ्यस्त वनाउने प्रयास भएको छ । परिवर्तित सन्दर्भमा नगरपालिकाको संगठन संरचना तथा आवश्यक जनशक्तिको खाका निर्माण दक्ष जनशक्तिको

व्यवस्थापन,आन्तरिक श्रोतको पहिचान तथा परिचालनमा अझै पर्याप्त समस्याहरु छन । अधिकांश आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन हुदै आएको छ। लक्षित वर्गका लागि बजेट विनियोजन भई सोही अनुसार खर्च गर्ने अभ्यासमा कमी छ । लैङ्गिक क्षेत्रको सशक्तिकरणका लागि विविध कार्यक्रम संचालन भएपनि लैङ्गिक उत्तरदायी बजेटका लागि रकम विनियोजन वारे यकिन छैन । सेवा प्रवाहको केन्द्रको रुपमा रहेको वडा कार्यालयहरुको भौतिक संरचनाहरुमा भवन लगायत दक्ष जनशक्तिको व्यवस्था एवम् आधुनिक प्रवधिको उपयोगमा प्रभावकारिता र सशक्तताको आवश्यकता छ

### ८.३.सुशासन तथा संस्थागत क्षेत्र विकासको उदेश्य

सुशासन तथा संस्थागत विकास क्षेत्रको लागि "स्थानीय तहमा प्रभावकारी तथा गुणस्तरीय सार्वजानिक सेवा प्रवाह गर्न दक्ष प्रविधि मैत्री मानव संसाधन व्यवस्थापन कर्मचारी तथा जनप्रतिनिधि र गैसस एवम नागरिकको क्षमता विकास गरी प्रभावकारी एवम गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्दै सुशासनको प्रवर्द्धन गर्नु" प्रमुख उदेश्य निर्धारण गरिएकोछ ।

### ८.४.सुशासन तथा संस्थागत क्षेत्र विकासको प्रमुख रणनीति

क. सार्वजानिक सेवा प्रवाहलाई नगारिक मैत्री वनाउने

ख. सार्वजानिक सम्पत्तीहरुको दिगो संरक्षण व्यवस्थापन गर्ने

### ८.५. विषयगत उपक्षेत्रहरु

यो विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएकोछ

क. सुशासन तथा संस्थागत विकास

ख. वित्तीय स्रोत परिचालन तथा योजना व्यवस्थापन

### ८.५.१. सुशासन तथा संस्थागत विकास

### ७.५.१.१. संभावना तथा अवसरहरु र समस्या चुनौती

नगरपालिकाको वस्तुस्थिति विश्लेषण विगतको प्रयास तथा उपलब्धीको पुनरावलोकन एवम नगरपालिकाको भावी मार्गचित्र वारे सहाभागितात्मक छलफलवाट पहिचान भएका संभावना, अवसर, समस्या तथा चुनौतीहरु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

**तालिका १०० सुशासन तथा संस्थागत विकासः संभावना अवसर तथा समस्या र चुनौती**

| संभावना तथा अवसरहरु | चुनौतीहरु |
|---|---|
| ▪ स्थानीय सरोकारवालाहरु संघ संस्थाहरु वाट रचनात्मक सहयोग प्राप्त गर्न सकिने | ▪ आयोजनाहरुको गुणस्तरीयता कायम र निर्धारित समयमा सम्पन्न गर्नु |

| | |
|---|---|
| ▪ संघ र प्रदेश सरकार वाट विभिन्न अनुदान प्राप्त भएको र कार्यसम्पादनका आधारमा यसलाई वढाउन सकिने ।<br>▪ निर्वाचित यूवा जनप्रतिनिधिहरुको सक्रियता वढ्दा थप कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्न सकिने ।<br>▪ उपभोक्ता समिति मार्फत योजनाहरु कार्यान्वयन गर्न सकिने<br>▪ योजना तर्जुमामा सवै सरोकारवाला पक्षको सहाभागीता वढाउन सकिने<br>▪ | ▪ संघीयताको भावना र मर्म अनुसार संस्थागत संरचना निर्माण गर्न<br>▪ संगठन तथा विकास सर्भेका आधारमा जनशक्ति व्यवस्थापन गर्नु<br>▪ वाह्य श्रोतमा अधिक परनिर्भरता घटाउन<br>▪ पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न<br>▪ समावेशीकरणलाई व्यवहारमा लागु गर्न<br>▪ उपलव्धीमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्न<br>▪ असारे विकासको अन्त्य गर्न |
| सवल पक्ष | कमजोर पक्ष |
| ▪ आवश्यकता अनुसारका कानुन कार्यविधिहरु वनाई कार्यान्वयनमा रहेको<br>▪ हरेक आयोजनाको सार्वजानिक परीक्षण हुने गरेको<br>▪ वार्षिक नीति तथा कार्यक्रम सार्वजानिक हुने गरेको<br>▪ नियमित रुपमा लेखा परीक्षण र बेरुजु फछ्र्यौट हुदै आएको<br>▪ विषयगत समिति तथा उपसमितिहरु गठन क्रियाशिल र प्रशासनिक शाखा उपशाखाहरु संचालन<br>▪ वार्षिक नीति तथा कार्यक्रम कार्यान्वनयन हुदै आएको | ▪ आयोजनाहरु संचालनमा अन्तर पालिका समन्वय र सहकार्य नभएको<br>▪ कार्य सम्पादन मुल्याकङन,दण्ड पुरस्कार, प्रोत्साहनको व्यवस्था नहुनु<br>▪ प्राविधक एवम सीपयुक्त जनशक्तिको अभाव र दरवन्दी अनुसार कर्मचारी नहुनु<br>▪ आन्तरिक श्रोत ज्यादै न्यून हुनु<br>▪ पूर्णकालिन प्रमुख प्रशासकीय अधिकृत नहुनु विच विचमा फेरिनु<br>▪ |

### ८.५.१.२. उदेश्य

स्थानीय तहमा प्रभावकारी तथा गुणस्तरीय सार्वजानिक सेवा प्रवाह गर्न दक्ष प्रविधिमैत्री मानव संसाधन व्यवस्थापन कर्मचारी तथा जनप्रतिनिधि र गैसस एवम नागरिकको क्षमता विकास गरी प्रभावकारी एवम गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्दै सुशासनको प्रवर्द्धन गर्नु

### ८.५.१.३. रणनीतिहरु

क. सार्वजानिक सेवा प्रवाहलाई नगारिक मैत्री वनाउने

ख. सार्वजानिक सम्पत्तीहरुको दिगो संरक्षण व्यवस्थापन गर्ने

**८.५.१.४.कार्यनीतिहरु**

**रणनीति**

सार्वजानिक सेवा प्रवाहलाई नगारिक मैत्री वनाउने

**कार्यनीतिहरु**

- सुशासन तथा जवाफदेहिता सम्वन्धी स्थानीय नीति,कानु,मापदण्ड,योजना कार्यान्वयन अनुगमन तथा नियमन गरिनेछ।
- नगरपालिकाको नीति,कार्यक्रम,निर्णय तथा प्रगती समीक्षाका वारेमा सर्वसाधारणलाई वेभसाइड तथा अन्य प्रकाशनहरु मार्फत जानकारी गराइनेछ
- जवाफदेहिता एवम पारदर्शिता अभिवृद्धिका लागि क्षतिपूर्ति सहितको नागरिक वडापत्र लगायत सामाजिक जवाफदेहिताका औजारहरु अवलम्वन गरिनेछ
- सूचना अधिकृत एवम गुनासो सुनुवाइ संयन्त्रको विकास गरिनेछ
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रवाहिकरण गरिनेछ ।
- स्थानीय राजस्व परामर्श समितिको क्षमता अभिवृद्धि गरी राजस्व सुधार कार्ययोजना लागु गरिनेछ
- उपभोक्ताहरु संग लागत साझेदारीमा आयोजनाहरु संचालन गरी नगरपालिकाको लागत भारलाई कम गरिनेछ ।
- लेखा प्रणालीलाई आइसिटीमा आवद्ध गर्दै आन्तरिक लेखा परीक्षण तथा वित्तीय प्रशासनलाई सक्षम र प्रभावकारी वनाइनेछ ।
- विषयगत समिति एवम न्यायिक समितिको क्षमता विकास गरी कार्यसम्पादन स्तरमा अभिवृद्धि ल्याइनेछ ।
- सवै खाले योजना तर्जुमा गर्दा तथा कार्यक्रम संचालन गर्दा वस्ती स्तरवाटै सहाभागितामूलक समावेशी योजना तर्जुमाका निर्दिष्ट चरण र प्रकृया अवलवम्वन गरिनेछ
- आयोजनाको प्रभावकारी अनुगमन तथा मुल्याङ्कनका लागि लैङ्गिक तथा समावेशी संयन्त्र र विषय क्षेत्रगत सूचक निर्धारण र विकास गरी सूचकका आधारमा नियमित अनुगमन गरिनेछ ।

**रणनीति**

सार्वजानिक सम्पत्तीहरुको दिगो संरक्षण व्यवस्थापन गर्ने

**कार्यनीतिहरु**

- निश्चित अवधि (मासिक चौमासिक)मा भएको आर्थिक कारोवारहरुलाई वेभसाइट तथा प्रकाशान हरु मार्फत आम नागरिकहरुलाई जानकारी हुने गरी सार्वजनिक गरिनेछ ।
- निजी क्षेत्र संग सहकार्य र समन्वय गरी आयोजनाहरु कार्यान्वयनमा ल्याइनेछ यसका लागि सार्वाजानिक निजी साझेदारी नीति ल्याइनेछ ।
- नगरपालिकाको चल अचल सम्पत्तीहरु परिचालन गरी सेवा शुल्क संकलन गरिनेछ
- वार्षिक खरिद योजना वनाउदै सार्वजानिक खरिदलाई पारदर्शिता इ विडिङ तथा प्रकृयागत ढंगवाट खरिद गर्ने व्यवस्था मिलाइनेछ ।
- नगरपालिका अन्तरगत विद्यालय विषयगत कार्यालय एवम सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई कार्यसंपादन संझौता गरिनेछ र नियमित मुल्याङ्कनका मापदण्ड निर्धारण गरी उत्कृष्टलाई पुरस्कृत गर्ने अभ्यासको थालनी गरिनेछ ।
- नगरपालिका अन्तरगत सहकारी गैह्र सरकारी संस्था नगारिक समाज सामुदायिक संस्था निजी क्षेत्रमा कार्यरत कर्मचारीहरलाई तालीम अभिमूखीकरण मार्फत क्षमता अभिवृद्धि गरी दक्ष सवल सक्षम जनशक्ति विकास गरिनेछ
- स्थानीय सरोकारवालाहरुको सहाभागीतामा आवधिक नगर विकास योजना तर्जुमा गरी निश्चिच अवधि भित्र कार्यान्वयन हुने योजनाहरको खाका तयार पारिनेछ ।
- नगरपालिकाका आयोजनाहरुको लागत अनुमान स्वीकृती र संभाव्यता अनुमान सहित आयोजना वैंकमा समावेश गर्दै बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।
- सेवा प्रवाह संग सम्वन्धित विषयगत शाखाहरुको आवश्यकता अनुसार पुनरसंरचना गरिनेछ ।

## ८.५.१.५. सुशासन तथा संस्थागत विकास सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान

**तालिका १०१ सुशासन तथा संस्थागत विकास सम्वन्धी परिमाणात्मक लक्ष तथा पूर्वानुमान**

| नतिजा सूचक | इकाई | आधार वर्ष ०७९/८० | लक्ष परिमाण | | | | सूचनाको श्रोत | पुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| **असर** | | | | | | | | |
| नगरपालिकाको सेवा प्रवाह वाट सन्तुष्ट अनुभूती गर्ने सेवाग्राही | प्रतिशत | ६४ | ७० | ७५ | ८० | ८५ | सेवाग्राही संगको छलफल | |
| **प्रतिफलहरु** | | | | | | | | |
| अभ्यास गरिएका सामाजिक जवाफदेहिता का औजारहरु | संख्या | २ | ३ | ४ | ५ | ५ | नगरपालिका वार्षिक प्रतिवेदन हरु<br><br>स्थानीय उपभोक्ता हरु संगको छलफल | तीनै तहका सरकार विच सहकार्य र समन्य हुने |
| हेल्प डेक्स वाट लाभान्वित सेवाग्राही | संख्या | ० | ५०० | १००० | १५०० | ६००० | | |
| लैङ्गिक उत्तरदायी बजेट विनियोजन कुल बजेटको | प्रतिशत | ५ | १० | १५ | १५ | १५ | | |
| आयोजना कार्यान्वयनमा उपभोक्ता समूहको योगदानको हिस्सा | प्रतिशत | २५ | ३० | ३० | ४० | ४० | | |
| नगरपालिकामा कार्यरत मानव संसाधन | संख्या | १२० | १२० | १२० | १२० | १२० | | |
| | | | | | | | | |
| | | | | | | | | |

### ८.५.१.६. सशासन तथा संस्थागत विकासि सम्वन्धी कृयाकलापहरु

तालिका १०२ सशासन तथा संस्थागत विकासि सम्वन्धी कृयाकलापहरु

| क्र स | कृयाकलाप तथा कार्यक्रम | आवश्यक बजेट रु लाखमा |
|---|---|---|
| १ | सामाजिक जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन कार्यक्रम | ५० |
| २ | ऐन नियम मापदण्डहरु प्रकाशन | ६ |
| ३ | विस्तृत राजस्व सुधार कार्ययोजना तर्जूमा कार्यक्रम | ८० |
| ४ | कर सम्वन्धी जनचेतनामूलक अभियान | १०० |
| ५ | मद्यकालिन खर्च संरचना तयारी | ४० |
| ६ | वित्तीय जोखिम न्यूनिकरण कार्ययोजना तर्जूमा कार्यक्रम | ३० |
| ७ | साधन सम्पन्न वडा कार्यालय निर्माण | ६० |
| ८ | न्यायिक समिति लगायत विषयगत समितिहरुको क्षमता विकास कार्यक्रम | ७० |
| ९ | मानव संसाधन विकास कार्यक्रम | १०० |
| १० | प्राविधिक जनशक्ति व्यवस्थापन | १०० |
| ११ | डिपिआर एवम आयोजना वैक तयारी | १०० |
| १२ | विषयगत क्षेत्रको गुरु योजना निर्माण | ७५ |
| १३ | आवधिक योजना तथा मद्यकालीन खर्च संरचना तयारी | १२० |
| १४ | अनुगमन र मुल्याङन प्रणाली स्थापना | ५० |
| १५ | समीक्षा र प्रतिवेदन | ५० |
| | जम्मा | १०३१ |

# परिच्छेद ९
# कार्यान्वयन व्यवस्था

## ९.१.पृष्ठभूमि

अर्जुनधारा नगरपालिकाको आवधिक योजनालई प्रभावकारी ढंगवाट सफलतापूर्वक कार्यान्वयन गर्नका लागि एक पक्षीय जोडवलले मात्र हुदैन । आर्थिक श्रोत पर्याप्त भएर मात्र पनि यो योजना सफलतापूर्वक सम्पादन गर्न सकिदैन । यसका लागि समग्र नगरपालिकाको संयुक्त प्रयास हुन जरुरी छ । निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरु, राजनैतिक दलहरु, नागरिक समाजका अगुवाहरु ,उद्योगी व्यापारी लगायत सम्पूर्ण अर्जुनधारा बासी सर्वसाधारण सबैको प्रयत्नवाट मात्र यो लक्ष हासील गर्न सकिन्छ ।

योजना तर्जुमा र योजना कार्यान्वयन एक अर्का संग अन्तर सम्वन्धित विषय मानिन्छन ।संघीय शासन प्रणालीलाइ व्यवहारत कार्यान्वयनको अत्यन्तै महत्वपूर्ण पक्ष भनेको योजनाको प्रभावकारी कार्यान्वयन हो भने आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रतिफल,असर र प्रभाव तह संग आवद्ध गरी क्रियाकलाप तथा कार्यक्रमहरुलाई बृहत र क्षेत्रगत उदेश्य संग र क्षेत्रगत र विषयगत उदेश्य समष्टिगत लक्ष संग आवद्ध गर्ने अर्को महत्वपूर्ण पक्ष मानिन्छ ।स्थानीय शासनको प्रभावकारी संचालन, परिणाममुखी विकास तथा प्रभावकारी सेंवा प्रवाहको लागि योजना तथा कार्यक्रमहरुको प्रभावकारी र नतिजामुखी कार्यान्वयनको आवश्यकता पर्दछ । आवधिक योजनाको सन्दर्भमा पनि नगरपालिकाको निर्वाचित नेतृत्व,क्रियाशील राजनीतिक दल,अन्य सरोकारवालाहरु समेतको सक्रिय सहाभागितामा विभिन्न चरण पार गरी तय भएको दीर्घकालीन सोच,आवधिक लक्ष,वृहत उदेश्य र क्षेत्र विषयगत कार्यक्रमहरु र क्षेत्रगत र विषयगत लक्ष परिमाणलाई नगरपालिकाको वार्षिक योजना तर्जुमा र प्राथमिकताको आधारमा श्रोत विनियोजनको समग्र चक्र नै योजना कार्यान्वयनको खाका मानिन्छ ।

## ९.२. संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

अर्जुनधारा नगरपालिकाको आवधिक योजना कार्यान्वयनका लागि हालको विद्यमान संरचना,प्रशासनिक व्यवस्था,उपलव्ध जनशक्ति (जन प्रतिनिधि तथा कर्मचारीहरु ) को प्रभावकारी संगठन संरचना निर्माण तथा संस्थागत क्षमता विकास र मानव संसाधनकको कार्यदक्षता अभिवृद्धिबाट गुणस्तरीय सेवा प्रवाह मार्फत अगाडी वढ्नु पर्ने देखिन्छ ।यसका लागि मुख्य रुपमा तपशिल अनुसारका रणनीतिहरु अवलम्वन गरिनेछ

- **क.** **<u>मानव संसाधन विकास सम्वन्धी स्थानीय नीति निर्माण गर्ने</u>**: मानव संसाधन विकास सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन अनुगमन तथा नियमन गर्ने ।
- **ख.** **<u>सस्थागत संरचना चुस्त वनाउने:</u>** यस अन्तगरगत नगरपालिका भित्र रहेका विभिन्न विषयगत समिति तथा न्यायिक समिति को क्षमता विकास गरी कार्यसम्पादन स्तरमा अभिवृद्धि गर्ने, संगठन

तथा व्यवस्थापन अध्ययन (O&M) गरी नगरपालिकाको वडास्तर सम्म आवश्यकता अनुसारको नयाँ संगठन संरचना तयार गरी लागु गर्ने र नगरपालिकामा लैङ्गिकमैत्री एवम समावेशीताका आधारमा कर्मचारी दरबन्दी निर्धारण गर्ने,कार्यबोझ विश्लेषणका आधारमा जनशक्ति व्यवस्थापन गरी कार्यसम्पादन स्तरलाई चुस्त दुरुस्त वनाउने,कार्य सम्पादन करार प्रणाली लागू गरी कार्य उपलव्धीका आधारमा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरिने प्रणाली अवलम्वन गर्ने,सेवा प्रवाहलाई गुणस्तरीय,न्यून समय लागत छिटो सेवा उपलव्ध वनाउन संभव भएका सेवा सुविधाहरु अनलाईन,वडा कार्यालय तथा सेवाकेन्द्रवाट उपलव्ध गराउदै भौतिक स्रोत साधन सुविधायुक्त वनाउने र सेवा प्रवाह संग सम्वन्धित शाखाहरुको आवश्यकताअनुसार वडास्तर सम्म पुनः संरचना गर्ने ।

ग. **मानव संसाधन विकास गर्ने:** मानव संसाधन विकास अन्तरगत तालीम तथा अभिमुखीकरणबाट नगरपालिकाका जनप्रतिनिधि एवम कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी निर्णय प्रकृया र सेवा प्रवाहलाई प्रभावकारी वनाउने,नगर कार्यपालिका तथा सभाका सवै समितिलाई क्रियाशील बनाई उत्तरदायित्व र जिम्मेवार संस्थाका रुपमा विकास गर्दै स्थानीय लोकतन्त्रलाई सुदृढ गर्ने,नगरपालिका अन्तरगत विद्यालय,विषयगत कार्यालय एवम सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारी संग कार्यसम्पादन संझौता गरी नियमित मूल्याङ्कनका मापदण्ड निर्धारण गरी मापदण्डका आधरमा उत्कृष्टलाई पुरस्कृत गर्ने अभ्यास थालनी गर्ने,नगरपालिका अन्तरगत सहकारी, गैसस, नगारिक समाज, सामुदायिक संसथा, निजी क्षेत्रमा कार्यरत कर्मचारी हरुलाई तालीम अभिमुखीकरण मार्फत क्षमता अभिवृद्धि गरी दक्ष सवल सक्षम जनशक्ति विकास गर्ने, महिला तथा दलित वडा सदस्यको क्षमता विकासमा विशेष जोड दिने र नगरपालिका तथा सभामा लक्षित समूहको समूचित प्रतिनिधित्व गराई समावेशी गराउनका साथै जुनसुकै क्षमता विकास कार्यक्रममा सहभागी छनौट गर्दा महिला दलित जनजाती र अपाङ्ता भएका व्यक्तिलाई प्राथमिकता दिने ।

### ९.३. विषय क्षेत्र अनुसार अनुमानित बजेट

अर्जुनधारा नगरपालिकाको आवधिक योजना तर्जुमामा मुख्य रुपमा आर्थिक विकास, सामजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासन क्षेत्र का उदेश्य रणनीति कार्यनीति  परिमाणात्मक लक्ष सवै विश्लेषण गरिसकेपछि विभिन विभिन्न २२ वटा उपक्षेत्र अन्तरगत रहेर विश्लेषण गरिएको छ । यसरी समग्रतामा हेर्दा ५ अर्व ४३ करोड ३७ लाख रुपैयाका क्रियाकलापहरु निर्धारण गरिएकोछ । यसरी विषयगत रुपमा हेर्दा यो नगरपालिकाको सवै भन्दा धेरै (३७.९१ प्रतिशत) प्रक्षेपित बजेट पूर्वाधार विकासमा रहेकोछ । त्यसपछि सामाजिक

विकासमा २६.६८ प्रतिशत रहेकोछ भने सबैभन्दा कम संस्थागत विकास तथा सुशासनमा १.९८ प्रतिशत रहेकोछ ।

यो नगरपालिकाको दीर्घकालीन सोचमा उल्लेख गरे अनुसार नै योजना प्राथमिकतामा परेको देखिन्छ । सुगम जिल्ला र सुगम नगरपालिका भएर पनि भौतिक पूर्वाधार पहिलो प्राथमिकतामा पर्न जरुरी पनि छ किनकि पछिल्लो समयमा विकसित भएको प्रविधि संग अनुकुनल हुनका लागि भौतिक पूर्वाधार आवश्यक छ । खानेपानी, सिंचाई, सडक, विजुली जस्ता अति महत्वपूर्ण पूर्वाधार हरुको उपलव्धता विना विकास संभव छैन,त्यसैले यो योजना कार्यान्वयनमा सहजता आउने देखिन्छ ।यो नगरपालिकाको मुख्य क्षेत्र र उपक्षेत्र अन्तरगतको अनुमानित वजेट विवरण तल प्रस्तुत गरिएकोछ ।

**तालिका १०३ विषय क्षेत्र अनुसार अनुमानित बजेट विवरण**

| क्र स | विषय क्षेत्र | रकम रु लाखमा | प्रतिशत |
|---|---|---|---|
| **क** | **आर्थिक विकास** | **१२७९९** | **२३.५५%** |
| १ | कृषि विकास सम्वन्धी कार्यक्रमहरु | ४७५५ | ८.७५% |
| २ | पशुपंक्षी विकास सम्वन्धी कार्यक्रमहरु | ३५२५ | ६.४९% |
| ३ | पर्यटन विकास सम्वन्धी कार्यक्रमहरु | १८४९ | ३.४०% |
| ४ | उद्योग व्यापार व्यवसाय सम्वन्धि कार्यक्रमहरु | १८७५ | ३.४५% |
| ५ | बैक वित्तीय संस्था तथा सहकारी विकास सम्वन्धि कार्यक्रमहरु | ५०० | ०.९२% |
| ६ | श्रम रोजगारी र सामाजिक सुरक्षा सम्वन्धि कार्यक्रमहरु | २९५ | ०.५४% |
| **ख** | **सामाजिक विकास** | **१४४९६** | **२६.६८%** |
| १ | शिक्षा सम्वन्धी कार्यक्रमहरु | ३५९० | ६.६१% |
| २ | स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु | ३३६० | ६.१८% |
| ३ | खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रमहरु | २७४० | ५.०४% |
| ४ | लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्वन्धि कार्यक्रमहरु | ३०८६ | ५.६८% |
| ५ | भाषा कला साहित्य र संपदा संरक्षण संग सम्वन्धि कार्यक्रमहरु | ५२० | ०.९६% |
| ६ | युवा तथा खेलकुदसंग सम्वन्धित कार्यक्रमहरु | १२०० | २.२१% |
| **ग** | **पूर्वाधार विकास** | **२०६०१** | **३७.९१%** |
| १ | सडक यातायात सम्वन्धी कृयाकलापहरु | १४२०० | २६.१३% |

| क्र स | विषय क्षेत्र | रकम रु लाखमा | प्रतिशत |
|---|---|---|---|
| २ | आवास वस्ती विकास तथा सार्वजनिक निर्माण सम्वन्धी कृयाकलापहरु | १४७० | २.७१% |
| ३ | सिंचाई सम्वन्धी कृयाकलापहरु | १५५१ | २.८५% |
| ४ | विद्युत तथा बैकल्पिक उर्जा सम्वन्धी कृयाकलापहरु | २३०० | ४.२३% |
| ५ | सुचना तथा संचार प्रविधि सम्वन्धी कृयाकलापहरु | १०८० | १.९९% |
| **घ** | **वन वातावरण तथा विपद व्यवस्थापन** | **५४१०** | **९.९६%** |
| १ | वन तथा जैविक विविधता सम्वन्धी कृयाकलापहरु | १९६० | ३.६१% |
| २ | वातावरण तथा फोहोर मैला व्यवस्थापन सम्वन्धी कृयाकलापहरु | १४२५ | २.६२% |
| ३ | भू तथा जलाधार व्यवस्थापन सम्वन्धी कृयाकलापहरु | ९५५ | १.७६% |
| ४ | विपद व्यवस्थापन तथा जलवायु उत्थानशिलता सम्वन्धी कृयाकलापहरु | १०७० | १.९७% |
| **ङ** | **संस्थागत विकास तथा सुशासन** | **१०३१** | **१.९०%** |
| १ | सुशासन तथा संस्थागत विकास सम्वन्धी कृयाकलापहरु | १०३१ | १.९०% |
| | जम्मा | **५४३३७** | **१००%** |

श्रोतः फिल्ड सर्भेक्षण, विषयगत बैठक र सामुहिक छलफल

## ९.४. श्रोत अनुमान तथा प्रक्षेपण

अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष ०७९/८० लाई आधार वर्ष मानेर आगामी ५ वर्षका लागि आय अनुमान प्रक्षेण गरिएकोछ । आय अनुमान प्रक्षेपण गर्दा आन्तरिक र वाह्य श्रोत प्रक्षेपण गर्नु पर्ने हुन्छ सोही अनुसार गरिएकोछ

### आन्तरिक श्रोत प्रक्षेपण

अर्जुनधारा नगरपालिकाको आन्तरिक आय प्रक्षेपण गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरेका स्थानीय कर तथा सेवा सुल्कवाट संकलन हुने राजस्वलाई आधार मानिएको छ । यस अन्तरगत सम्पत्ती कर वा घरजग्गा कर,भूमिकर, घरजग्गा वाहाल कर व्यवसाय कर, सहित विभिन्न २० प्रकारका आन्तरिक आयका श्रोतहरु समावेश गरिएकोछ । आव ०७९/८० को आन्तरिक आयको विवरण निम्नानुसार तल प्रस्तुत गरिएकोछ ।

### तालिका १०४  आव ०७९/८० को यथार्थ आन्तरिक आय

| क्रस | आयशिर्षक | संकलित राजस्व रकम | कैफियत |
|---|---|---|---|
| १ | सम्पत्ती कर | १३०१२५१ | |
| २ | भूमि/ मालपोत | ११०८५५७०. | |
| ३ | घरवहाल कर | ४६६९०४८ | |
| ४ | वहाल विटौरी कर | २५३८९७६ | |
| ५ | सरसफाइ सुल्क | १०३०० | |
| ६ | अन्य कर | ५०३६५० | |
| ७ | सरकारी सम्पत्तीको बहालवाट प्राप्त आय | १६०५०६० | |
| ८ | विद्युत सेवा शुल्क | १९५० | |
| ९ | अन्य सेवा शुल्क तथा वित्रि(ढुंगा गिट्टि वालुवा) | ६१७१७३ | |
| १० | न्यायिक दस्तुर | १३३५५० | |
| ११ | परीक्षा शुल्क | १५३१०० | |
| १२ | अन्य प्रशासनिक सेवा शुल्क (व्यवसाय प्रमाणपत्र जारी वोलपत्र फारम विक्री | २६६७७ | |
| १३ | नक्सापास दस्तुर | ७१९०१३९ | |
| १४ | सिफारिस दस्तुर | ९७८३९४४ | |
| १५ | व्यक्तिगत घटना दर्ता दस्तुर | ८१६८५० | |
| १६ | नाता प्रमाणित दस्तुर | ११४८४०० | |
| १७ | अन्य दस्तुर | १३०३०११ | |
| १८ | प्रशासनिक दण्ड जरिवाना जफत | ७३२०५६ | |
| १९ | अन्य राजस्व | ५५३७५४ | |
| २० | व्यवसाय कर | २९१६८६३ | |
| | जम्मा | ४७०९१३२२ | |

श्रोतः राजस्व साखा अर्जुनधारा नगरपालिका

माथि उल्लेखित यथार्थ आयका आधारमा अर्जुनधारा नगरपालिकाले आगामी ५ वर्षको अवधिमा आन्तरिक आय वाट  ४७ करोड ४९ लाख ९२ हजार रुपैया राजस्व संकलन गर्न सक्ने अनुमान गरिएकोछ । यो राजस्व आव ०७९/०८० को यथार्थ आम्दानी र ८०/८१ को प्रक्षेपणको आधारमा अनुमान गरिएकोछ भने यो हरेक वर्ष कम्तिमा २० प्रतिशतका दरले वढ्न सक्ने अनुमानका प्रक्षेपण गरिएकोछ ।यसरी आधार वर्षमा जम्मा ४ करोड ७० लाख ९१ हजार ३२२ रुपैया आन्तरिक आय रहेको छ आगामी ०८०/८१ का लागि ५ करोड ७५ लाख प्रक्षेपित गरिएको छ । त्यसैका आधारमा पाँच वर्षमा जम्मा ४७ करोड ४९ लाख ९२ हजार पुग्ने अनुमान गरिएको छ

**<u>वाह्य श्रोत प्रक्षेपण</u>**

अर्जुनधारा नगरपालिकाको बजेट श्रोतमा वाह्य श्रोतले महत्वपूर्ण एवम उल्लेखनीय भूमिका खेल्ने गरेकोछ । कुल बजेटको ९८.७१ प्रतिशत योगदान यीनै वाह्य श्रोतको रहेकोछ ।यस अर्थमा अर्जुनधारा नगरपालिका पूर्णत  बाह्य श्रोतमा आश्रित छ । बाह्य श्रोतहरुमा वित्तीय समानीकरण,ससर्त अनुदान,समपूरक अनुदान,विशेष अनुदान र राजस्व वाँडफाँट साथै विभिन्न विकास साझेदारहरुवाट प्राप्त हुने श्रोतहरु  रहेका छन ।

आगामी ५ वर्षको अवधिमा बाह्य श्रोतबाट कुल ४ अर्व ८ करोड ७३ लाख प्राप्त हुने अनुमान गरिएकोछ भने विभिन्न विकास साझेदारहरु वाट २२ करोड ३२ लाख ४८ हजार रुपैया प्राप्त हुने अनुमान गरिएकोछ आधार वर्ष ०७९/८० मा रु ४१ करोड १६ लाख ११ हजार  वाह्य श्रोत प्राप्त भएकोछ । यसर्थ अन्य वर्षहरुमा आधार वर्ष ०७९/८० को अनुमानमा वाह्य श्रोतहरु तथा विकास साझेदार वाट प्राप्त हुने श्रोत २० प्रतिशतका दरले बृद्धि हुने अनुमान गरिएकोछ ।वाह्य आयको स्रोत प्रक्षेपण निम्नानुसार रहेकोछ

**तालिका १०५ बजेट वाह्य श्रोत प्रक्षेपण**

| कजेट श्रोत | आधार वर्ष | अनुमान प्रक्षेपण (रु लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जम्मा |
| वित्तीय समानीकरण संघ | १९११ | १६५१ | १९८१ | २३७७ | २८५३ | ३४२४ | १२२८६ |
| वित्तीय समानीकरण प्रदेश | १०७ | १०७ | १२८ | १५४ | १८५ | २२२ | ७९६ |
| ससर्त अनुदान संघ | २७४१ | २८३० | ३३९६ | ४०७५ | ४८९० | ५८६८ | २१०६० |
| ससर्त अनुदान प्रदेश | १ | २४९ | २९९ | ३५८ | ४३० | ५१६ | १८५१ |
| समपुरक अनुदान संघ | ८० | ९० | १०८ | १३० | १५६ | १८७ | ६७० |
| समपुरक अनुदान प्रदेश | १०० | १३० | १५६ | १८७ | २२५ | २७० | ९६७ |

| कजेट श्रोत | आधार वर्ष | अनुमान प्रक्षेपण (रु लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जम्मा |
| विशेष अनुदान संघ | २१० | १४५ | १७४ | २०९ | २५१ | ३०१ | १०७९ |
| मालपोत रजिस्ट्रेसन वाँडफाड | ० | ३५० | ४२० | ५०४ | ६०५ | ७२६ | २६०५ |
| राजस्व वाँडफाँट संघ | १२४५ | १२२० | १४६४ | १७५७ | २१०८ | २५३० | ९०७९ |
| राजस्व वाँडफाँट प्रदेश | ४८७ | १६० | १९२ | २३० | २७६ | ३३२ | ११९१ |
| जम्मा | ६८८३ | ६९३२ | ८३१८ | ९९८२ | ११९७८ | १४३७४ | ५१५८४ |

श्रोतः विगतका प्रतिवेदन तथा सामुहिक छलफल

**<u>कुल स्रोत प्रक्षेपण</u>**

अर्जुनधारा नगरपालिकालाई ५ वर्षको अवधिमा आन्तरिक आय बाट रु ४७ करोड ५० लाख,वाह्य स्रोतवाट रु ५ अर्व ८४ करोड ६७ लाख बरावरको स्रोत परिचालन हुने अनुमान प्रक्षेपण गरिएकोछ भने संघीय तथा प्रादेशिक योजनावाट वाट ३ अर्व ६२ करोड रुपैया परिचालन हुने अनुमान गरिएकोछ यसरी आगामी पाँच वर्षमा कुल ९ अर्व ९४ करोड १६ लाख ९० हजार रुपैया खर्च हुने अनुमान गरिएकोछ ।प्रतिशतमा आन्तरिक आय ४.७९ प्रतिशत, वाह्य आय ५८.८१ प्रतिशत र संघीय तथा प्रदेश योजनाबाट ३६.४१ प्रतिशत हुन आउछ । यसरी प्राप्त हुने स्रोतहरु वार्षिक औसतमा करिब १९.९९ प्रतिशतले वृद्धि हुन सक्ने अनुमान गरिएकोछ ।

**तालिका १०६ कुल प्रक्षेपित अनुमानित आय**

| बजेट श्रोत | आधार वर्ष | अनुमान प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जम्मा |
| कुल आन्तिक आय | ४७१ | ५७५ | ६९० | ८२८ | ९९४ | ११९२ | ४७५० |
| कुल वाह्य आय | ६८८३ | ६९३२ | ८३१८ | ९९८२ | ११९७८ | १४३७४ | ५८४६७ |
| संघीय तथा प्रदेश योजना | ४२०० | ५००० | ६००० | ६५०० | ७००० | ७५०० | ३६२०० |
| जम्मा आय | ११५५४. | १२५०७. | १५००८. | १७३१०. | १९९७१.६ | २३०६६.३ | ९९४१६.९ |

श्रोतःआधार वर्षको लागि लेखा परीक्षण प्रतिवेदन

उल्लेखित आय मध्ये पुंजीगत र चालु खर्च छुट्याएर वास्तविक विकास खर्च निम्नानुसार छुट्याइएको छ ।जस अनुसार कुल ९ अर्व ९४ करोड १६ लाख ९० हजार आय मध्ये ४ अर्व ८७ करोड १४

लाख विकास खर्च र बाँकी ५ अर्व ७ करोड ३ लाख रुपैया चालु तथा प्रशासनिक खर्च हुने अनुमान गरिएको छ । जसको विवरण तल प्रस्तुत गरिएकोछ

**तालिका १०७ कुल आयमा वास्तविका विकास खर्च**

| बजेट श्रोत | आधार वर्ष | अनुमान प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जम्मा |
| जम्मा आय | ११५५४ | १२५०७ | १५००८ | १७३१० | १९९७२ | २३०६६ | ९९४१६.९ |
| कुल आय मध्ये कुल विकास खर्च | ५६६१ | ६१२८ | ७३५४ | ८४८२ | ९७८६ | ११३०२ | ४८७१४ |
| चालु तथा प्रशासनिक खर्च | ५८९३ | ६३७९ | ७६५४ | ८८२८ | १०१८६ | ११७६४ | ५०७०३ |

श्रोतः लेखा परीक्षण प्रतिवेदन वार्षिक प्रगती प्रतिवेदन

माथि उल्लेखित विवरण अनुसार अर्जुनधारा नगरपालिकाको लागि खर्च हुने अनुमान गरिएको कुल विकास बजेट रु ५ अर्व ४३ करोड ३७ लाख रुपैया मध्ये ४ अर्व ८७ करोड १४ लाख रुपैया मात्र हाम्रो आन्तरिक तथा वाह्य श्रोतवाट प्राप्त हुने अनुमान गरिएको छ । यसका आधारमा ५६ करोड २३ लाख रुपैया नपुग देखिएको छ । उल्लेखित नपुग रकम पुरा गर्नका लागि प्रदेश र संघीय योजनाहरुमा यो नगरपालिकाका योजनाहरु समावेश गर्ने, अन्य दातृ निकायहरु संग समन्वय गरी थप वजेट ल्याउन कार्यदल वनाएर कार्यान्वयन गर्ने, जस सहभागीतामा कार्य गर्दा निश्चित प्रतिशत हिस्सेदारी उपभोक्तालाई जिम्मा दिने तथा ठेक्का लगाउँदा घटाघट वाट आएको निश्चिति बजेट वाट व्यहोर्ने गरी आगमी पाँच वर्ष भित्र उल्लेखित सवै कामहरु सम्पन्न गरिनेछ ।

**९.५. स्रोत परिचालन रणनीति**

अर्जुनधारा नगरपालिकाको वर्तमान अवस्थामा आर्थिक तथा सामाजिक स्थितिका सूचकहरु कमजोर रहेकोले आगामी वर्षहरुमा वित्तीय श्रोतहरु परिचालन गर्न चुनौतीपूर्ण हुने देखिन्छ । बढ्दो जनअपेक्षाको तुलनामा नगरपालिकाको न्यून स्रोतवाट सार्वजानिक खर्च र सेवाको बीचमा तादम्यता कायम गर्न निकै कठिन हुने देखिन्छ । नगरपालिकाको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याई जनताको आधारभूत सेवा र सुविधालाई प्रभावकारी रुपले सहज पहुँच पुर्याउनका लागि आवश्यक पर्ने पुजीगत लगानी लगायतको कार्यक्रम खर्च र सामाजिक सुरक्षा तथा चालु खर्च गरी कुल व्ययको व्यवस्थापन गर्नुपर्ने हुन आउछ । यसैगरी उपलव्ध श्रोत साधनको ठुलो अंश उपभोगमा (चालु) खर्च गर्नुपर्ने बाद्यताले बिकास कार्यका लागि थोरै मात्र खर्च गर्न सकिने अवस्था विद्यमान रहेकोछ ।संघीयता

कार्यान्वयनको क्रममा स्थानीय सरकार संचालन ऐन र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले नगरपालिकालाई आन्तरिक राजस्व र संघ तथा प्रदेशवाट प्राप्त हुने गरी थप श्रोत तथा साधनहरु जुटाउन सक्ने, कानुनी अवसरहरु प्राप्त भएको छ । यसैगरी स्थानीय स्तरमा निजी,सहकारी र गैह्र सरकारी क्षेत्र र नागरिक समाजको सहकार्यमा पूरक वित्तीय स्रोतहरु जुटाउन सक्ने थप अवसरहरु समेत विद्यामान रहेकाछन । वित्तीय स्रोत परिचालनका लागि निम्नानुसार रणनीति अवलम्वन गर्न सकिन्छ

क. कर तथा गैरकर राजस्वको विद्यमान संरचनाको पुनरावलोकन गरी राजस्वको नयाँ संभावनाहरुको पहिचान गर्दै दायरा वृद्धि सहित राजस्वका आधारहरु विस्तार गर्ने
ख. राजस्व प्रशासनलाई प्रक्रियागत सरलीकरण गरी करदाताहरुलाई सहज हुने गरी नगरपालिकाको कर प्रशासनलाई प्रविधि उन्मुख एवम करदाता मैत्री बनाउने
ग. चुस्त राजस्व प्रशासन,प्रभावकारी संस्थागत संयन्त्र,दक्ष सीपयुक्त जनशक्ति,प्रविधिको अधिकतम उपयोग गर्ने ।
घ. वास्तविक समस्याका आधारमा योजनाहरु छनौट गरेर उपभोक्ताहरुको निश्चित प्रतिशत सहभागिता गराई वित्तीय भारलाई कम गर्ने
ङ. आवश्यक योनजाहरु संकलन गर्ने र डिजाइन इस्टिमेट समेत तयार गरी राष्ट्रिय अन्तराष्ट्रिय दातृ निकायहरु संग परियोजना वनाइ पेश गर्ने र संचालन गर्ने ।

## ९.६. कार्यान्वयन योजना

### ९.६.१. पृष्ठभूमि

योजना तर्जुमा र योजना कार्यान्वयन एक अर्का संग अन्तर सम्वन्धित विषय मानिन्छन ।संघीय शासन प्रणालीलाई व्यवहारत कार्यान्वयनको अत्यन्तै महत्वपूर्ण पक्ष भनेको योजनाको प्रभावकारी कार्यान्वयन हो भने आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रतिफल,असर र प्रभाव तहसंग आवद्ध गरी क्रियाकलाप तथा कार्यक्रमहरुलाई बृहत र क्षेत्रगत उदेश्यसंग र क्षेत्रगत र विषयगत उदेश्य समष्टिगत लक्षसंग आवद्ध गर्ने अर्को महत्वपूर्ण पक्ष मानिन्छ ।स्थानीय शासनको प्रभावकारी संचालन, परिणाममुखी विकासतथा प्रभावकारी सेंवा प्रवाहको लागि योजना तथा कार्यक्रमहरुको प्रभावकारी र नतिजामुखी कार्यान्वयनको आवश्यकता पर्दछ । आवधिक योजनाको सन्दर्भमा पनि नगरपालिकाको निर्वाचित नेतृत्व,क्रियाशील राजनीतिक दल,अन्य सरोकारवालाहरु समेतको सक्रिय सहाभागितामा विभिन्न चरण पार गरी तय भएको दीर्घकालीन सोच,आवधिक लक्ष,वृहत उदेश्य र क्षेत्र विषयगत कार्यक्रमहरु र क्षेत्रगत र विषयगत लक्ष परिमाणलाई नगरपालिकाको वार्षिक योजना तर्जुमा र प्राथमिकताको आधारमा श्रोत विनियोजनको समग्र चक्र नै योजना कार्यान्वयनको खाका मानिन्छ ।

### ९.६.२. बर्तमान अवस्था

योजना कार्यान्वयन र अनुगमन मुल्याङ्कन पद्धतिको सन्दर्भमा नगरपालिका वार्षिक योजना तर्जुमा पद्धतिमा नै सिमित रहेको अवस्थाका कारण क्रियाकलाप वा कार्यक्रम र सो को प्रतिफल तह भन्दा माथिको तह अर्थात उदेश्य (असर ) लक्ष (प्रभाव) तह अर्थात दीर्घकालीन र मद्यकालीन लक्ष वा प्रभाव तह सम्म सोच्न सकेको अवस्था छैन । यसरी श्रोत अनुमान तथा विनियोजनको सन्दर्भमा पनि हाल सम्म आय सीमामा आधारित योजना तर्जूमा पद्धति रहेको र जसले गर्दा नगरपालिकाले निर्धारण गरेको लक्ष उदेश्य र लक्ष परिमाण प्राप्तिको लागि के कति श्रोतको आवश्यकता पर्छ र हालको श्रोत परिचालनको आधारमा के कति श्रोत पुग वा अपुगको अवस्था थाहा पाउने अवस्था देखिदैन ।

हाल नगरपालिका आफूसंग उपलव्ध सिमित जनशक्ति,कमजोर संस्थागत संरचना,सिमित श्रोत साधन उपयोग गरी वार्षिक कार्यक्रमहरु संचालन गर्दै आइरहेको अवस्था छ ।तर प्रस्तावित एकीकृत आवधिक विकास योजनाले आत्मसात गरेको दीर्घकालीन सोच,आवधिक लक्ष विषय क्षेत्रगत उदेश्यहरु,लक्ष सूचक हासील गर्न हालको कार्यशैली र पद्धतिमा व्यापक परिमार्जन गरी अन्तर सरकारी (संघ प्रदेश वा अन्तर स्थानीय तह) वीच समन्वय र सहकार्यको वृहत अवधारणा अनुसार क्षेत्रीय रणनीतिक साझेदारी,तुलनात्मक लाभका क्षेत्रको पहिचान साझा हित र उदेश्यमा सहलगानी, सहकार्य, उत्पादन रोजगारी सृजना, व्यवसायीकरण,औधोगिकिकरण, पर्यटन लगायतका आर्थिक तथा सामाजिक पूर्वाधारहरुमा निजी क्षेत्र,सहकारी क्षेत्र,गैह्र सरकारी संघ संस्था,विकास साझेदारहरु एवम दातृ नीकायहरु लगायत सैवा प्रदायकहरु समेतको एकीकृत प्रयास वा सहाभागिता अभिवृद्धिका लागि पनि कार्ययोजना तर्जुमा हुनु आवश्यकछ ।

### ९.६.३. कार्यान्वयन कार्ययोजना

नगरसभा वाट आवधिक विकास योजना स्वीकृत भएपछि यसका आधारमा नगरपालिकाले सवै विषय क्षेत्र शाखा र वडा कार्यालयहरुलाई मार्गदर्शनसहित बार्षिक योजना तर्जुमाका लागि बजेट पूर्वानुमान पठाउने गरिन्छ र उक्त पूर्वानुमान र मार्गदर्शनका आधारमा सहाभागितात्मक प्रक्रिया अवलम्वन गरी बार्षिक योजना तर्जुमा गरिन्छ ।

### ९.६.४. मार्गदर्शन तयारी

योजना वा कार्यक्रम संचालन हुनु पूर्व स्वीकृत योजनाको विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन तयार गर्नु पर्ने देखिन्छ । उक्त मार्ग दर्शनका साथ साथ खर्च गर्ने अख्तियारी पठाउनुपर्ने भए सो समेत संलग्न गरी पठाउनु पर्दछ ।

### ९.६.५. कार्यान्वयन विधिको छनौट

योजना कार्यान्वयन गर्नुपूर्व आवश्यकता अनुसार सार्वजनिक खरिद ऐनको परिधि भित्र रही ठेक्कापट्टा,उपभोक्ता समिति करार वा,अमानत,गैह्र सरकारी संस्था संगको साझेदारी मध्ये कुन प्रकृया अवलम्वन गरिने हो सो समेत खुलाई नगरपालिकामा पठाउनु पर्ने हुन्छ र नगरसभावाट स्वीकृत भएपछि सोही वमोजिम कार्यान्वयन गर्नुपर्ने हुन्छ । नगरपालिकाले कार्यान्वयन कार्यायोजना निर्माण गर्दा उपलव्धी सूचक समेत उल्लेख गर्ने गरिन्छ ।नगरपालिकाले सम्वन्धित कार्यान्वयन इकाई वाट चौमासिक रुपमा सोही सूचक वमोजिम प्रगती प्रतिवेदन लिने प्रणाली अपनाउने गरिन्छ ।नगरपालिकाले सवै विषयगत क्षेत्र समेटी समस्टिगत कार्यान्वयन कार्ययोजना समेत वनाउनु पर्ने हुन्छ ।कार्यान्वयन गर्ने सवै निकाय वाट अनुसूची वमोजिमको कार्यान्वयन योजना प्राप्त भएपछि नगरपालिकाले एकीकृत गरी विषय क्षेत्रगत प्रमुख कार्यक्रम र लगानी देखिने गरी समष्टिगत विवरण तयार गर्नु पर्दछ ।यसै वमोजिम योजना कार्यान्वयन सम्वद्ध निकाय र व्यक्तिलाई कार्य जिम्मेवारी र क्रियाकलाप प्रति जिम्मेवार वनाउनु पर्दछ ।

### ९.६.६. अख्तियारी

वार्षिक कार्यक्रम र बजेट नगरसभा वाट पारित भएपछि अध्यक्षले स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई सात दिन भित्र अख्तियारी दिनु पर्दछ ।प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडा कार्यालयहरुलाई चौमासिक विभाजन सहितको कार्यक्रम माग गर्नुपर्नेछ ।उक्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार आवश्यक परिमार्जन सहित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शन सहित अध्यक्ष वाट अख्तियारी प्राप्त भएको १५ दिन भित्र सम्वन्धित विषयक्षेत्रगत शाखा र वडा कार्यालय वा जिम्मेवार निकायवाट तोकिएको निर्दिष्ट ढाँचामा चौमासिक विभाजन सहितको कार्यान्वयन योजना माग गरी स्वीकृत गर्नुपर्ने छ र उक्त कार्यान्वयन योजनामा जिम्मेवारी किटान समेत गरिनु पर्नेछ ।यसका साथै कार्यान्वयनको तरिका समेत निर्धारण गरिसक्नुपर्नेछ ।

### ९.६.७. अनुमगन प्रतिवेदन र समीक्षा

उक्त फारममा उल्लेखित क्रियाकलापहरुको आधारमा अनुगमन योजना वनाई उपाध्यक्षको संयोजकत्वमा गठन भएको समितिवाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ ।यसरी अनुगमन गर्दा अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ। उपप्रमुखको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्यपालिकाको नियमित वैठकमा छलफल गर्नुपर्दछ । यसैगरी योजनाको अनुगमन तथा कार्यालयको समष्टिगत भौतिक र वित्तीय प्रगति

एवम समस्याहरुको बारेमा चौमासिक र बार्षिक समीक्षा तथा स्थानीय तह विकास समस्या समाधान समितिको बैठकमा पेश गरि प्राप्त निर्देशन बमोजिम कार्यान्वयन गर्नु पर्नेछ

### ९.६.८. वार्षिक कार्यान्वयन योजना

आवधिक योजनाले आत्मसात गरेको दीर्घकालीन सोच,आवधिक लक्ष,विषय क्षेत्रगत उदेश्य रणनीति तथा प्राथमिकताको आधारमा वार्षिक नीति,कार्यक्रम र बजेट सहित बार्षिक कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

## ९.७.अनुगमन तथा मूल्याङ्कन योजना

### ९.७.१. अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

स्थानीय तहको विकासको मेरुदण्डको रुपमा रहेका विकास नीति योजना तथा कार्यक्रमहरुको सफल कार्यानवयका लागि अनुगमन तथा मुल्याङकनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयनमा सशक्त स्व अनुगमन तथा मुल्याङ्कन प्रणालीको स्थापना गरी आफुले निर्धारण गरेको लक्ष तथा उदेश्य हासिल गर्ने दिशा तर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नु पर्ने हुन्छ । कार्यान्वयन चरणको समयमा नै आयोजनाहरुमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन कार्यतालिका अनुसार क्रियाकलापहरु सुचारु भएका छन वा छैनन साथै व्यवस्थापकीय कमजोरीहरु केके छन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । कार्यान्वयन चरणको समयमा नै आयोजनाहरुमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन कार्यतालिका अनुसार क्रियाकलापहरु सुचारु भएका छन वा छैनन साथै व्यवस्थापकीय कमजोरीहरु के के छन भन्ने जानकारी प्राप्त गर्नु पर्ने हुन्छ । त्यसैले नगरपालिकाले आवधिक योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ ।वार्षिक योजना कार्यान्वयनका लागि कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा वजेट सहितका अनुगमनका कार्यहरुहरु समेत निर्दिष्ट गरी तदनुसार अनुगमन गर्ने कार्य प्रणाली स्थापित गरिनु पर्दछ ।

#### ९.७.१.१. वर्तमान अवस्था

नगरपालिकाले वार्षिक योजनाका कार्यान्वयन तालिका वनाएर कार्यान्वयनका चरणमा अनुगमनलाई प्राथमिकता सहित प्रभावकारी वनाएको देखिदैन । अनुगमनलाइ सामान्य प्राविधिक निरीक्षणको विषयको रुपमा ग्रहण गर्ने गरेको पाइन्छ ।विकास साझेदारहरुको सहयोगमा संचालित कार्यक्रमहरुको हकमा सघन अनुगमन प्रणाली पनि पाइन्छ । यसै गरी चौमासिक तथा वार्षिक समीक्षमा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ ।निरीक्षण सुपरिबेक्षण र अनुगमनमा खासै भिन्नता छ भन्ने महसुस हुन सकेको देखिदैन अनुगमन गर्दा पूर्व निर्धारित सूचकहरुको आधारमा हुने अभ्यास पनि भएको देखिदैन

। अनुगमनलाई योजना चक्रको हिस्साको रुपमा बजेट विनियोजन समेत हुने गरेको छैन । अनुगननको परम्परागत प्रणाली समस्या समाधानका दृष्टिकोणले त्यती प्रभावकारी हुन सकेको देखिदैन ।

### ९.७.१.२. अवसर तथा चुनौती

योजनावद्ध विकासको प्रयासमा अनुगमनलाइ योजना चक्रको अभिन्न हिस्सा र प्रगती सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ ले उपाध्यक्ष वा उपप्रमुखको र वडाध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नु पर्ने कानुनी व्यवस्था गरेको छ । त्यस्तै उपाध्यक्षको अध्यक्षतामा अनुमगन समितिको समेत प्रवन्ध भएको देखिन्छ । जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानूनी व्यवस्था भएको छ ।त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मुल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेकोछ ।स्थानीय सरकार संचालन ऐनले गाँउँपालिकालाई आफ्नो कार्यक्षेत्र भित्र गर्ने विकास योजनाको अनुमगन सम्वन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रुपमा लिनुपर्ने हुन्छ ।

स्थानीय तहहरुको संस्थागत विकास भइसकेको वर्तमान अवस्थामा उपरोक्त कानुनी व्यवस्थाको कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेकोछ । योजना सम्वद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भइरहेको अवस्था छ । अनुगमन सम्वन्धी संयन्त्रहरु क्रियाशील हुन सकिरहेका छैनन,अनुगमनका लागि भिन्नै बजेटको बिनियोजन समेत हुन सकेको देखिदैन । यसैगरी स्थानीय सरकारका रुपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरु प्राप्त भए तापनि ती कार्य जिम्मेवारी अनुसारका अनुगमनका सूचकहरु निर्धारण हुन नसक्नु तत् तत् विषयगत शाखाबाट आआफ्नो कार्यक्रम अनुसारका क्रियाकलापगत,परिमाणात्मक,नतिजागत,असर वा प्रतिफलगत तह सम्मका सूचकहरु प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौतीपूर्ण कार्यको रुपमा रहेकोछ । प्रतिनिधिहरुलाई अनुगमनको महत्वबोध गराउन नसकिदा अनुगनमले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिदैन ।

कार्यक्रम अनुसारका चरणगत अनुगमन गरी पूर्व निर्धारित समय,गुणस्तर लागतमा कार्य भए नभएको एकिन गर्न कार्यान्वयन चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना हुन आवश्यक रहेकोछ ।

### ९.७.१.३. उदेश्य

आवधिक योजना र यस बमोजिम तर्जुमा हुने वार्षिक योजनाहरुको नतिजामुखी अनुमगन तथा मुल्याङ्कन पद्धति स्थापित भई संस्थागत भएको हुनेछ

### ९.७.१.४. रणनीति

- स्थानीय सरकार संचालन ऐन बमोजिमको अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराइनेछ
- आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष उदेश्य हासिल भए नभएको उपलव्धी र नतिजा सूचकहरुको विकास गरी मद्यावधि मूल्याङ्कन गर्ने
- आवधिक योजनाको आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्षहरु प्रासि उन्मुख भए नभएको अनुगमन गर्ने ।
- विषयगत कार्यक्रमहरुको कार्यक्रमगत सूचकहरुको निर्मा गरी तदनुसार अनुगमन गर्ने
- अनुगमनको कार्यतालिका वनाइ अनुगमन गर्ने प्रणालीको विकास गरी तदनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गर्ने
- अनुगमन पश्चात अनुगमनकर्ता वाट  लिखित रुपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखाएका वाद्या अड्चन फुकाउने
- प्राप्त अनुगमन प्रतिवेदन  अनुगमन समितिमा र चौमासिक र वार्षिक प्रतिवेदनको चौमासिक र वार्षिक समीक्षा नियमित रुपमा नगरपालिकामा सवै सरोकारवालाहरुको संलग्नतामा गराइनेछ र तत्काल समस्याको समाधान गरी योजना समयमा नै सम्पन्न गर्न तदारुकता लिने।
- चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगनम प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणाली स्थापना गर्ने
- योजनाको आर्थिक तथा भौतिक प्रगतिको प्रतिवेदन सम्वन्धित तह, निकायमा तोकिएको समयमा पठाउने । यसका लागि संघ र प्रदेश संग समन्वय गरी कम्प्यूटरमा आधारित एकीकृत सूचना प्रणालीका फर्मयाटहरु विकास गरि आवद्ध गर्ने ।
- आवधिक विकास योजनाको मद्यावधी मुल्याङ्कन तेश्रो वर्षमा र अन्तिम मूल्याङ्कन आवधिक योजनाक समासि पछि गर्ने ।
- अनुगमन र मुल्याङ्कन प्रतिवेदन नगरपालिकाको वेभसाइटमा राखिनुका साथै सार्वजनिक समेत गर्ने

### ९.७.१.५.कार्यक्रम

- स्थागत संयन्त्रको स्थापना र क्षमता विकास
- अनुगमन प्रणाली र तहगत सूचहहरुको निर्माण र कार्यान्वयन
- अनुगमन कार्यान्वयन कार्यक्रम
- समीक्षा तथा स्थानीय समस्या समाधान समितिको बैठक

### ९.७.२. अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार निकाय

आवधिक योजनाको प्रभाव र असर प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुमगन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ ।आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि निम्नानुसार हुनेछ

- नगर कार्यपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा उपशाखा परियोजना संघ संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्नका साधन तथा विधि देहाय अनुसार रहनेछ

- स्थलगत अनुगमन
- कार्ययोजना र प्रगती बीच तुलना
- नगारिक अनुगमन
- सहाभागीतामूलक मध्यावधी समीक्षा
- सहाभागीतामूलक अन्तिम समीक्षा (तेश्रो पक्ष वाट मूल्याङ्कन)

### ९.७.३. आवधिक योजनाको अनुगमन तथा मूल्याङक्न प्रकिया

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया देहाय अनुसार हुनेछ


| तालिका १०८ आवधिक योजनाको अनुगमन तथा मुल्याङ्कन प्रक्रिया | | | |
|---|---|---|---|
| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सूपरीवेक्षण तथा अनुगमन समिति वडा समिति सरकारी र गैसस परियोजना | पटके, मासिक चौमासिक र वार्षिक | स्थलगत अनुमगन गर्ने चौमासिक कार्ययोजनाको लक्ष र प्रगती विवरणको तुलना गर्ने |
| प्रतिफल अनुगमन | नगरकार्यपालिका सुपरीवेक्षण तथा अनुगमन समिति | चौमासिक अर्धवार्षिक बार्षिक र मद्यावधी | स्थलगत अनुगमन गर्ने वार्षिक कार्ययोजनाको लक्ष र प्रगती विवरणको तुलना गर्ने |

| तालिका १०८ आवधिक योजनाको अनुगमन तथा मुल्याङ्कन प्रक्रिया | | | |
|---|---|---|---|
| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
| | | | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>नमूना सर्भेक्षण गर्ने |
| असर तह अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | वार्षिक मद्यावधी र अन्तिम वर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>सहाभागीतामूलक छलफल गर्ने<br>अध्ययन तथा सर्भेक्षण गर्ने |
| प्रभाव तह अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मद्यावधी र अन्तिम वर्ष | |


# अनुसुचीहरु

## १.अर्जुनधारा नगरपालिकाका नक्साहरु


# साविक सनिश्चरे भूमि क्षमता नक्शा



# साविक सनिश्चरे भूमि उपयोग नक्शा




# साविक सनिश्चरे भूमि उपयोग zooming नक्शा




# साविक सनिश्चरे


# Cadastral Superimpose Landuse Map




# साविक  सनिश्चरे  slope नक्शा




# साविक सनिश्चरे
## Cadastral Superimposed on Landuse Zone




# साविक अर्जुनधारा cadastral superimpose
# भूमि उपयोग नक्शा




# साविक अर्जुनधारा
# Cadastrol superimposed on landuse zone




# साविक अर्जुनधारा भूमिक्षमता नक्शा




# साविक अर्जुनधारा भूमि उपयोग नक्शा




# साविक अर्जुनधारा भूमि उपयोग Zone नक्शा



# साविक अर्जुनधारा
# Cadastral superimpose Land Use Map




# साविक अर्जुनधारा
## Cadastral Superimposed On Landise Zone




# साविक अर्जुनधारा

## Cadastral Superimposed On Landise Zone




# साविक खुदनावारी Slope Map




# साविक खुदनावारी
# Cadastral Superimpose on Landuse Zoming Map



# साविक खुदनावारी Location Map




# साविक खुदनावारी
# Digital Elevation Model




# साविक खुदुनावारी
# वर्तमान भूमि उपयोग नक्शा




# साविक खुदनावारी
## Geology Map




# साविक खुदनावारी नाइट्रोजनको अवस्था




# साविक खुदनावारी
# फोस्पोसरको अवस्था




# साविक खुदनावारी
## पोटासीयमको अवस्था



# साविक खुदनावारी
# अर्गानिक Matter को अवस्था



# साविक खुदनावारी
# Texture को अवस्था



# साविक खुदनावारी
# भूमि प्रणाली नक्शा

